**DIRECTORATE OF DISTANCE EDUCATION**

**UNIVERSITY OF NORTH BENGAL**

**MASTER OF ARTS – NEPALI**

**SEMESTER-IV**

# कृति र कृतिकार विशेष अध्ययन

**NEP(DE)-PG-C-404**

# BLOCK-1

**UNIVERSITY OF NORTH BENGAL**

Postal Address:

The Registrar,

University of North Bengal,

Raja Rammohunpur,

P.O.-N.B.U., Dist-Darjeeling,

West Bengal, Pin-734013,

India.

Phone: (O) +91 0353-2776331/2699008

Fax: (0353) 2776313, 2699001

Email: regnbu@sancharnet.in ; regnbu@nbu.ac.in

Wesbsite: www.nbu.ac.in

First Published in 2019

All rights reserved. No Part of this book may be reproduced or transmitted, in any form or by any means, without permission in writing from University of North Bengal. Any person who does any unauthorised act in relation to this book may be liable to criminal prosecution and civil claims for damages.

This book is meant for educational and learning purpose. The authors of the book has/have taken all reasonable care to ensure that the contents of the book do not violate any existing copyright or other intellectual property rights of any person in any manner whatsoever. In the even the Authors has/ have been unable to track any source and if any copyright has been inadvertently infringed, please notify the publisher in writing for corrective action.

# FOREWORD

The Self Learning Material (SLM) is written with the aim of providing simple and organized study content to all the learners. The SLMs are prepared on the framework of being mutually cohesive, internally consistent and structured as per the university's syllabi. It is a humble attempt to give glimpses of the various approaches and dimensions to the topic of study and to kindle the learner's interest to the subject

We have tried to put together information from various sources into this book that has been written in an engaging style with interesting and relevant examples. It introduces you to the insights of subject concepts and theories and presents them in a way that is easy to understand and comprehend.

We always believe in continuous improvement and would periodically update the content in the very interest of the learners. It may be added that despite enormous efforts and coordination, there is every possibility for some omission or inadequacy in few areas or topics, which would definitely be rectified in future.

We hope you enjoy learning from this book and the experience truly enrich your learning and help you to advance in your career and future endeavours.

# कृति र कृतिकार विशेष अध्ययन

## BLOCK-1

एकाइ **-1** नेपाली साहित्यका अमर साहित्यकार **(**मूल रूपमा लेखनाथ पौड्याल**,** बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटा**)** .................................................................. **6**

एकाई **-2** साहित्यकार लेखनाथ पौड्यालका कृतिहरूबारे विशेष अध्ययन................ **25**

एकाइ **3.**साहित्यकार बालकृष्ण समको कृतिहरूबारे विशेष अध्ययन ...................... **55**

एकाइ **4.**साहित्यकार लक्ष्मीप्रसाद देवकोटाको कृतिहरूको विशेष अध्ययन ............ **80**

एकाई **5.** लेखनाथ पौड्यालको जीवन र दर्शन ................................................ **106**

एकाइ **6.** लक्ष्मीप्रसाद देवकोटाको जीवन र दर्शन ........................................... **134**

एकाइ **7.** बालकृष्ण समको जीवन र दर्शन..................................................... **163**

## BLOCK-2

**एकाई -8,** साहित्यकार लेखनाथ पौड्यालका कृतिहरूमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य तथा सार्वजनीनता ।

**एकाई – 9,** साहित्यकार बालकृष्ण समका कृतिहरूमा निहित सामाजिक , सांस्कृतिक , मानवीय मूल्य तथा सार्वजनीनता ।

**एकाई – 10,** महाकवि लक्ष्मीप्रसाद देवकोटाका कृतिहरूमा निहित सामाजिक ,सांस्कृतिक ,मानवीय मूल्य तथा सार्वजनीनता ।

**एकाई – 11,** साहित्यकार लेखनाथ पौड्यालको विशेष -विशेष योगदान

**एकाई – 12,** साहित्यकार बालकृष्ण समको विशेष -विशेष योगदान

**एकाई – 13,** साहित्यकार लक्ष्मीप्रसाद देवकोटाको विशेष -विशेष योगदान

**एकाई – 14,** लेखनाथ पौड्याल ,बालकृष्ण सम अनि लक्ष्मीप्रसाद देवकोटाको रचनाहरूका संरचना र शैलीमा पाइने विशेषता

# BLOCK-1 कृति र कृतिकार विशेष अध्ययन

यस  कृति र कृतिकार विशेष अध्ययन  अन्तर्गत रहेको यस प्रभाग -१ लाई हामी यसरी अध्ययन गर्न सक्छौँ-

एकाइ -१,नेपाली साहित्यका अमर साहित्यकारहरू (मूलरूपमा लेखनाथ पौड्याल,बालकृष्ण सम,लक्ष्मीप्रसाद देवकोटा )- यस एकाइमा नेपाली साहित्यका अमर साहित्यकाहरूबारे चर्चा गरिएको छ।नेपाली साहित्यको प्रारम्भिक स्तम्भहरूका संक्षिप्त चर्चा गर्दै आधुनिक नेपाली साहित्यका प्रारम्भिक चरणका मूर्धन्य साहित्यकारहरू बालकृष्ण सम,लेखनाथ पौड्याल तथा लक्ष्मीप्रसाद देवकोटाबारे चर्चा गरिएको छ।

एकाइ -२,साहित्यकार लेखनाथ पौड्यालका कृतिहरूबारे विशेष अध्ययन

यस एकाइमा कविशिरोमणि लेखनाथ पौड्यालका कृतिहरूबारे अध्ययन गरिएको छ। लेखनाथ पौड्यालका जीवनी,साहित्यिक यात्रा तथा कृतिहरूबारे अध्ययन तथा विश्लेषण गरिएको छ।

एकाइ – ३, साहित्यकार बालकृष्ण समका कृतिहरूबारे विशेष अध्ययन

यस एकाइमा साहित्यकार बालकृष्ण समका कृतिहरूबारे चर्चा गरिएको छ। समका जीवनी तथा साहित्यिक यात्राको चर्चा सँगै उनका कृतिहरूबारे संक्षिप्त अध्ययन गरिएको छ।

एकाइ  - ४,साहित्यकार लक्ष्मीप्रसाद देवकोटाका कृतिहरूबारे विशेष अध्ययन

यस एकाइमा आशुकवि लक्ष्मीप्रसाद देवकोटा कृतिहरूबारे चर्चा गरिएको छ। देवकोटाका जीवनी तथा साहित्यिक यात्राको चर्चासँगै उनका कृतिहरूबारे संक्षिप्त अध्ययन गरिएको छ।

एकाइ – ५,लेखनाथ पौड्यालको जीवन र दर्शन - यस एकाइमा लेखनाथ पौड्यालको जीवनी तथा तिनका कृतिहरूमा रहेका दार्शनिक पक्षको अध्ययन गरिएको छ। पूर्वीय दर्शनका अनुयायी लेखनाथ पौड्यालका कृतिहरूमा निहित दर्शनबारे संक्षिप्तमा चर्चा गर्ने जमर्को गरिएको छ।

एकाइ -६,लक्ष्मीप्रसाद देवकोटाको जीवन र दर्शन - यस एकाइमा कवि लक्ष्मीप्रसाद देवकोटाको जीवनी तथा कृतिहरूमा रहेका दार्शनिक पक्षको अध्ययन गरिएको छ। देवकोटाका कृतिहरूमा निहित दार्शनिक पक्षको अध्ययन तथा विश्लेषण यसमा गरिएको छ।

एकाइ -७,बालकृष्ण समको जीवन र दर्शन - यस एकाइमा  साहित्यकार बालकृष्ण समका कृतिहरूका विश्लेषण गर्दै त्यसमा निहित दार्शनिक पक्षको अध्ययन गरिएको छ। समका  कृतिहरूलाई चर्चामा राखेर त्यसमा निहित दर्शन पक्षको विश्लेषण गरिएको छ।

# एकाइ –1 नेपाली साहित्यका अमर साहित्यकार (मूल रूपमा लेखनाथ पौड्याल, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटा)

**संरचना**


1.0 उद्देश्य

1.1 परिचय

1.2 नेपाली साहित्यका प्रमुख प्रारम्भिक स्तम्भहरू

1.3 नेपाली साहित्यका आधुनिक कालको प्रारम्भकर्ता त्रिरत्न

1.4 उपसंहार

1.5 सार

1.6 अनुशीलन

1.7 अतिरिक्त अध्ययन

1.8 मूल्यबृद्धिको निम्ति उत्तर


## 1.0 उद्देश्य

यस एकाइको अध्ययनपछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- नेपाली साहित्यका प्रारम्भिक विभूतिहरू
- नेपाली साहित्यको उत्थानमा भानुभक्त आचार्य, ज्ञानदिल दास र मातिराम भट्टको योगदान
- नेपाली साहित्यको त्रिरत्नहरू लेखनाथ पौड्याल, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटाबारे चर्चा

## 1.1 परिचय

साहित्यकारहरू मरेर पनि बाँचिरहन्छन् आफ्ना कृतिहरूको पन्ना-पन्नामा। नेपाली साहित्यलाई वर्तमान स्तरमा पुऱ्याउनका निम्ति धेरै स्रष्टाहरूको योगदान

रहेको छ। भानुभक्त आचार्यलाई नेपाली साहित्यको आदिकवि मानिन्छ, तर यस कुरामा विद्वानहरूको मतैक पाइन्दैन। भानुभक्त आचार्यको समयमा नेपाली साहित्य तोते बोल्ने शिशु झैँ थियो भने मोतिराम भट्टमा आइपुग्दा यसले टुकुटुकु हिड्न थालेको देखिन्छ। नेपाली साहित्यमा नै आधुनिक युगको थालनी गराउने र सम्बर्द्धन गराउने तीन तारा लेखनाथ पौड्याल, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकाटा हुन्। यस खण्डमा यिनै महान् प्रतिभाहरूलाई केन्द्रमा राखेर चर्चा गरिएको छ।

## 1.2 नेपाली साहित्यका प्रमुख प्रारम्भिक स्तम्भहरू

- **भानुभक्त आचार्य**

भानुभक्त आचार्य नेपाली साहित्यका प्राथमिक कालको प्रतिनिधि कवि हुन। उनको जन्म वि१८७१ .सं . मा भएको थियो। वाल्मीकि रामायणको नेपाली अनुवाद गरेर तथा अनेक फुटकर कविताको रचना गरेर उनले नेपाली साहित्यको आदिकविको पद ओगटेका छन्। उनले प्रश्नोत्तर (१९१०.सं.वि), भक्तमाला (१९१०.सं.वि), वधूशिक्षा (१९१९वि सं)जस्ता उल्लेखनीयको रचना गरेका छन्।

- **ज्ञानदिल दास**

नेपाली साहित्यकार तथा आध्यात्मिक व्यक्ति ज्ञानदिल दासको जन्म सन् १८२१ भएको थियो। यिनले भानुभक्त आचार्य भन्दा अगाडि भक्ति गीतहरू र कविताहरू रचना गरेका थिए भन्ने कतिपय समालोचकको भनाइ पाइनेछ। ज्ञानदिलदास नेपाली साहित्यको इतिहासमा भक्तिधाराको निर्गुण भक्ति धाराका केन्द्रीय कवि हुन्। यस धाराका कविहरूले निर्गुण, निराकार ब्रह्मको व्याख्या गरेर आध्यात्मिकता र ईश्वरभक्ति झल्काउँछन्। संसारलाई झूटो मान्ने, संसारिक राग, द्वेष, रोचक, भोगविलासको प्रवृत्तिबाट मुक्ति खोज्नुपर्छ, पारमार्थिक चिन्तन गर्नुपर्छ भन्ने निर्गुण भक्तिधाराको मुख्य विशेषता हो। नेपालमा ज्ञान प्रचार गरेको, विद्रोही कविता रचना गरेको आदि आरोपमा तत्कालिन प्रधानमन्त्री जंगबहादुर राणाले यिनलाई पक्राऊ गरेर ६ महिना जेलमा राखेका थिए। त्यसपछि जोसमनी सन्त परम्पराको प्रचार गर्दै यिनी भारतको दार्जीलिङ, सिक्किम र भुटान सम्म

पुगेका थिए। ज्ञानदिलदासको रचनामा तत्कालिन सामाजिक व्यवस्था, जातीय असमानता, लिंगीय विभेदका विरूद्ध बिद्रोह पाइन्छ

- **मोतिराम भट्ट**

नेपाली साहित्यका प्रथम गजलकार, जीवनीकार, समलोचक तथा माध्यमिक कालका प्रवर्तक मोतिराम भट्टको जन्म वि. सं. १९२३मा भएको थियो। थोरै बाँचेर नेपाली साहित्यमा अत्यन्तै धैरै योगदान पुऱ्याउने उनी नेपाली साहित्यका प्रेरक व्यक्तित्व, कुशल नायक र होनहार प्रतिभा मानिन्छन्। १९४० देखि १९७६ सालसम्मको नेपाली साहित्यमा श्रृङ्गारिक धाराको आरम्भकर्ता मोतिराम भट्ट थिए। मोतिराम भट्ट नेपाली साहित्यामा भानुभक्त आचार्य पछि आउने सशक्त व्यक्तित्व हुन्। उनले नेपाली भाषासाहित्यमा समालोचनाको श्रीगणेश गरे; भट्टले नै वि.सं १९४८ मा कवि भानुभक्त आचार्यको जीवनचरित्रलाई प्रकाशमा ल्याए। कवि भानुभक्त आचार्यको जीवनचरित्रमा मोतिराम भट्टले प्रभाववादी ढङ्बाट व्याख्यात्मक रूपमा भानुभक्तबारे प्रशंसा गरेका छन्। आदिकविलाई प्रतिभासम्पन्न तथा सहज कवि थिए भन्ने प्रमाणित गर्न उनले त्यस जीवनचरित्रमा भानुभक्तले रचेका भनेर जताततै फुटकर सिलोकहरू देखाएका भनिन्छ

# 1.3 नेपाली साहित्यका आधुनिक कालको आरम्भकर्ता त्रिरत्न

नेपाली साहित्यका कवशिरोमणि लेखनाथ पौड्याल, नाटककार बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटा एकै युगका महान् त्रिरत्न हुन्। यी तीनै महान् शक्तिमान् साधकद्वारा नेपाली साहित्यको विशेष गरी कविता र नाटकको क्षेत्र हराभरा भएर मौलाएको छ। यी तीनै महापुरूषलाई ब्रह्म – विष्णु – महेशझैँ पाउनु युगको गौरवपूर्ण अवधि हो। नेपाली साहित्यले यी तीनैको योगदान पाएर आधुनिकतामा प्रवेश गरेको हो।

देवकोटाबाट भावना वा कल्पनाको बृहत आकाश, समबाट चिन्तन वा विचारको अगाध समुद्र र लेखनाथबाट रचना वा शिल्पको उच्च कलात्मक हिमचुली पाएर नेपाली साहित्य विराट भएको छ। लेखनाथले जे दिए त्यो सम र देवकोटाबाट पृथक छ, त्यस्तै देवकोटाले जे दिए त्यो सम र लेखनाथबाट

पृथक छ, त्यस्तै समले जे दिए त्यो लेखनाथ र देवकोटाबाट पनि पृथक छ। यसरी प्रतिभावान, मेधावी र शक्तिवान् यी तीनै साहित्यिक महारथीबाट पृथक-पृथक तर सम्पुरक रुपमा महत्वपूर्ण कुरा अक साथ एकै समयमा पाएर नेपाली साहित्य सम्बृद्ध बन्यो। विचारको दरिद्रता, कल्पनाको शुद्धता र साधनाको संकीर्णता हटेर विश्वसाहित्य सामु सुनौलो स्वरुपमा सिँगारिएर देखा पर्‍यो। अत: नेपाली साहित्यका अमर साहित्यकारहरू क्रमैलो लेखनाथ पौड्याल, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटाबारे यहाँ संक्षिप्तमा चर्चा गरिन्छ-

- **लेखनाथ पौड्याल**

**परिचय**

लेखनाथ पौड्यालको जन्म वि.स. १९४१ मा भएको हो। उनी नेपाली साहित्यका छन्दोबद्ध कवि तथा नेपाली साहित्यको परिष्कारवादी धाराका थालनीकर्ता थिए। उनलाई आधुनिक युगको जन्मदाता, आध्यात्मिक पुनर्जागरण ल्याउने तथा आध्यात्मिक मानवता वादी कविका रुपमा नेपाली साहित्यमा चिनिन्छ । २००८ सालमा पौड्याललाई कविशिरोमणि को उपाधि दिइएको थियो । उनको जन्मस्थल लेखनाथ नगरपालिकाको अर्घौं अर्चलेमा पर्ने भएकोले नेपाल अधिराज्यमा नै साहित्यिक श्रष्टामा नामबाट गठित एउटै मात्र नगरपालिका हो।

**बाल्यकाल**

पाँच वर्षको उमेर पुगेपछि मात्र लेखनाथको अक्षर सिक्ने प्रक्रिया अघि बढ्यो, उनलेघरैमा प्रारम्भिक शिक्षा प्राप्त गरेका थिए । पौडयालले र्सवप्रथम गङ्गागणेशस्तोत्र, अमरकोश, चण्डी पढे। उनले आफू साहित्यलेखनमा लाग्न पितृप्रसादको सहयोग लिन खोज्दा उनीबाट उल्टै हप्काइ खाएका थिए, त्यही ईख र दधिराम मरासिनीको स्नेह, सहयोग र सद्भावनाले उनले काव्य सृजनाको लेखनविन्दूमा उनलाई पुर्‍याएको मानिन्छ ।

दस वर्षको उमेरसम्ममा उनले आफ्नो गाउँमा नै संस्कृतको प्रारम्भिक शिक्षा ग्रहण गरे । १५ वर्षको भए पछि आफ्नो अध्ययन अघि बढाउन उनी काठमाडौं आए, काठमाडौंमा आएपछि केही समय तीनधारास्थित संस्कृत छात्रावासमा बसेर उनले संस्कृतको थप अध्ययन गरे । यहाँ बस्दा नै उनमा कविता सिर्जनाप्रति विशेष चाख जागृत हुँदै गयो । तीन वर्ष पढेर उनी बनारसमा संस्कृत मध्यमाको परीक्षा दिन गए, तर उनी असफल भए ।

Notes

उनको बनारसबाट प्रकाशित 'सूक्तिसूधा' र 'कविताकल्पद्रुम'मा नेपाली र संस्कृत भाषामा कविता छापिए। साथै सुन्दरी, माधवी, चन्द्र, चन्द्रिका साहित्यिक पत्रिकाले लेख छापेर यिनलाई प्रोत्साहन गरे।

पौड्याल पठनपाठनमा नभएकाले बरालिन पनि थाले। त्यही क्रममा उनी आफ्ना बाजे राधाकृष्णलाई पछ्याउँदै तराईको वीरपुर पुगे। त्यहाँ पनि उनले काम नपाएपछि उनी भौतारिदै भारतको आसामतिर लागे। त्यसैबीच उनीसँग राममणि आदीको सम्पर्क भयो। घटराज भट्टराईका अनुसार त्यसैताका "हलन्त बहिष्कार अभियानमा आचार्य र पौडयालको सहमति बन्यो। पछि राममणि राणाका दरबार घुस्रेपछि पौडयाल उनलाई पछ्याउँदै काठमाडौं आए। तर सुरुका दिनमा उनले काठमाडौंमा राम्ररी टेक्ने ठाउँ भेटेनन्। पछिचाहिँ उनले भीमशमशेर जबराका नातिहरू पढाउने जागीर पाए। राणाका सन्तान पढाउन थालेपछि पौड्यालको बिहानबेलुकाको गर्ज पनि राम्ररी टर्न थाल्यो। त्यही समय उनले आफ्नो काव्यात्मक व्यक्तित्वलाई पनि पालिस गर्ने अवसर पाए। उनको कविता पढेर नै भीमशमशेरले उनलाई हजुरिया बनाए। तर जुद्धशमशेर श्री ३ भएपछि पौडयालको शिरमा बल्लबल्ल लागेको घाम पनि अस्तायो।

उनी बनारसबाट नेपाल आएपछि नेपाली भाषामा कविता सिर्जना गर्ने क्रम तीव्र रूपमा अघि बढ्न थाल्यो। यसैबीच १९६१ सालमा उनकी धर्मपत्नीको निधन भयो। उनीमाथि अर्को पीडा थपिन पुग्यो। वि.सं. १९६१ देखि १९७२ सम्म विभिन्न किसिमका विरह, वेदना, छटपटी, अभाव, वैराग्य आदिले उनलाई नराम्ररी गाँजेको थियो। यस अवस्थामा अत्यन्त विरक्त भएर उनी छप्कीवास र मुग्लानसम्म पनि पुगे। यसैबीच १९७२ सालमा उनको भेट स्वर्गद्वारी महाप्रभुसँग हुन गयो। लेखनाथ जोगी बन्ने मनशायले त्यहाँ पुगेका थिए। स्वर्गद्वारी महाप्रभुले उनलाई हरेक तरिकाले सम्झाए। उनको मार्गदर्शनबाट उनले जोगी बन्ने मनशाय चटक्कै छाडिदिए। आफूलाई कर्मशील तुल्याउनुपर्ने आवश्यकता बुझे। उनको जीवनपद्धतिमा ठूलो परिवर्तन देखा पर्न थाल्यो। यसैबीच उनले सत्यदेवीसँग विवाह पनि गरे।

## साहित्यिक यात्रा

कवि शिरोमणि लेखनाथ पौड्यालको कवितायात्राको प्रारम्भ वि.सं. १९६१ सालमा प्रकाशित 'कविता कल्पद्रुम'मा सङ्ग्रहित उनका दुई कविताबाट भएको पाइन्छ।

१९६९मा प्रकाशित 'लालित्य' भित्र सङ्ग्रहित कविताले उनको प्रतिभालाई नेपाली समाजले अझ राम्ररी बुझ्ने र जान्ने मौका प्रदान गऱ्यो। यसपछि १९७०मा प्रकाशित उनको 'शोक प्रवाह' शीर्षकको शोक काव्य, १९७३मा प्रकाशित 'ऋतु विचार' खण्डकाव्य र १९७३मा नै प्रकाशित 'बुद्धि विनोद' शीर्षकको अर्को खण्डकाव्यले नेपाली कविता साहित्यलाई नै युगान्तकारी मोड दिन पुग्यो। नेपाली समाजमा उनको ख्याति दिन प्रतिदिन बढ्दै जान थाल्यो। उनी नेपाली कविता साहित्यको आधुनिक कालका प्रवर्तक मानिन थाले। वि.सं. १९७६ सालमा उनको 'सत्य-कलि संवाद' शीर्षकको अर्को कृति प्रकाशित भयो। यो कृतिले पनि नेपाली कविता साहित्यको क्षेत्रमा व्यापक चर्चा पायो। साहित्य सिर्जनामा नै उनी निमग्न हुन थाले। उनले अनेकौँ फुटकर कविताहरू रचना गरे। पुस्तकहरू लेखे। यसमध्ये 'पिजराको सुगा', 'कालमहिमा', 'सत्य-सन्देश', 'जीवन-चङ्गा', 'गौँथलीको चिरिबिरि' आदि कविता अविस्मरणीय बनेका छन्। त्यस्तै उनको प्रकाशित कृतिमध्ये 'गीताञ्जली' -१९८६), लक्ष्मीपूजा -नाटक-१९९४), 'त्याग र उदयको युगल प्रकाशन' -स्तुतिकाव्य-२००२,) 'अमर ज्योतिको सत्य स्मृति', -शोक काव्य-२००८), तरुण तपसी -नव्य काव्य -२०१०), 'मेरो राम' -खण्डकाव्य-२०११), अभिज्ञान शाकुन्तल-नाटक-२०१५), 'भतर्हरि निर्वेद' -नाटक-२०२०) र 'गङ्गा गौरी' महाकाव्य आदि अमर र अमूल्य कृति मानिन्छन्। राणाकालीन युगमा खुलेर साहित्य लेख्न पाइँदैनथ्यो। राम्रा सृजना पनि आगोमा झोस्नुपर्थ्यो या त स्रष्टाले चिसो खोरमा सुत्न जानुपर्थ्यो। त्यसैले पौड्यालले जति लेखे धेरै लेखे। यसै प्रसङ्गमा उनी आफै भन्थे "मेरो समयमा त म एक्लो जस्तै थिएँ। त्यति बेला लेख्नु त पापै सम्झिन्थ्यो। तर मैले त्यस्तो समयमा पनि लेखेँ नि।"

वि सं २०११ सालमा नेपाली शिक्षा परिषद्को आयोजनामा, पौड्यालकै शुभजन्मोत्सवको उपलक्ष्यमा, उनलाई रथमा राखेर उनको शोभायात्रासहित नागरिक, अभिनन्दन गरिएको थियो। यो काम गर्ने प्रमुख हस्ती थिए गोपाल पाण्डे असीम। साथै यस कार्यमा छाता ओडाउने काम चाहिँ महाकवि लक्ष्मीप्रसाद देवकोटाले गरेका थिए। त्यसै बेला देवकोटा र समले पौडयाललाई रथारोहण गराएका थिए। त्यस दिन पौडयालका हातमा जनअभिनन्दनपत्रका साथमा पाँच हजार रूपियाँको थैली पनि राखिएको थियो। त्यस घटनाको खुशियालीमा पौड्याल रोएका थिए।

Notes

पौडयालका मनपर्ने लेखक कालिदास थिए। उनका मनपर्ने अर्का स्रष्टा मैथीलिशरण गुप्ता थिए। साथै नेपाली भाषासाहित्यमा पौड्यालका मन पर्ने स्रष्टा लक्ष्मीप्रसाद देवकोटा र माधव घिमिरे थिए। लेखनाथलाई सबैभन्दा पहिला कविसम्राट्को उपाधी लेख्ने पनि देवकोटा नै थिए। वास्तवमा पौड्याल आधुनिक नेपाली भाषासाहित्यका कविहरूका पनि कवि थिए।कवि शिरोमणि लेखनाथले त्यसबेलाको गोरखा भाषा प्रकाशिनी समिति र नेपाल साहित्य परिषद् (आहिलेको प्रज्ञा प्रतिष्ठान)को सदस्यको रूपमा पनि आफ्नो सेवा अर्पण गरेका थिए।महाकवि देवकोटाका जोडले पौडयाल नेपाल एकेडेमीको पनि सदस्य भए। एकेडेमीमा पौडयाललाई नपढेको भनेर पढ्दै नपढेका राजा महेन्द्रले ल्याउन खोजेका थिएनन भन्ने भनाई छ; तर देवकोटाले राजालाई सन्देश पठाए "ती ऋषिकल्प प्राज्ञ नभएको ठाउँमा मैले खुट्टा टेक्न मिल्दैन। त्यसपछि पौडयाल पनि सदस्यमा मनोनीत भए। त्यस्तो संबन्ध रहेकोले , देवकोटाको अन्तिम स्थितिमा उनले "बरु कालले मलाई लगेर तिमि लाई छोडेको भए नेपाली साहित्य लाई धेरै सेवा पुग्ने थियो" भनेका थिए।

कवि लेखनाथ पौड्याल नेपाली कविताको माध्यमिक काल र आधुनिक कालको सेतुका रुपमा रहेका छन्। लेखनाथको प्रेरणाबाटै नेपाली साहित्यमा महाकवि लक्ष्मीप्रसाद देवकोटा, युगकवि सिद्धिचरण श्रेष्ठ, नाट्यसम्राट बालकृष्ण सम, जनकवि केशरी धर्मराज थापा, राष्ट्रकवि माधव घिमिरेजस्ता नेपाली साहित्यका स्थापित एवम् चर्चित कवि तथा साहित्यकारहरू अघि बढेको देखिन्छ। साहित्यकार एवम् नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपतिसमेत बनेका लेखनाथ नेपाली साहित्यको कोषे ढुङ्गा हुन्। उनी नेपाली साहित्यलाई आधुनिकतातर्फ लैजाने प्रेरक व्यक्तित्व हुन्। लेखनाथलाई नेपाली साहित्यका अभिभावक मान्न सकिन्छ।  सबैले मानेका प्रेरक कवि भएकै कारण समकालीन साहित्यकारले उनलाई शिरको मणिका रुपमा चित्रण गरेका छन्।' उनलाई समकालीन साहित्यकार एवम् राष्ट्रकै तर्फबाट २००८ सालमा रथारोहण गराइएको हो ।

संस्कृत विद्यापीठका प्राचार्य अम्बिकाप्रसाद भट्टराई अनुसार नेपाली साहित्यमा परिष्कार भित्र्याउने कवि शिरोमणि लेखनाथ पौड्याल नै हुन्। उनले रचेका कविता शिष्ट, परिष्कृत एवम् शास्त्रीयतावादी रहेको पाइन्छ। आध्यात्मिक चेतना राष्ट्रियताको भावनाले ओतप्रोत पौड्यालका कविता अझै पनि उत्तिकै मार्मिक र

हृदयस्पर्शी रहेको पाइन्छ। १४–१५ वर्षको उमेरमा रानीपोखरी संस्कृत पाठशालामा अध्ययन आरम्भ गरेदेखि नै पौड्यालको साहित्यिक जीवनको पनि सुरू भएको थियो। त्यसको निरन्तरता स्वरूप  'शृङ्गार पच्चीसी', 'पिञ्जराको सुगा', 'तरुण तपसी'जस्ता काव्यकृतिको रचना गरेका छन्। उनले आफ्नो साहित्यिक जीवनावधिमा कवितामात्र नभएर 'लक्ष्मीपूजा', 'भतृहरिविनर्वेद' जस्ता नाट्य कृतिहरूसमेत रचना गरेका थिए।

नेपाली भाषा तथा साहित्यमा स्तरीयता ल्याउने लक्ष्य राख्दै हलन्त बहिष्कारवादी आन्दोलन चलाएका लेखनाथले परम्परागत तथा आधुनिक दुवै किसिमका विषयवस्तुको प्रयोग गर्दै विभिन्न काव्यकृतिहरू रचना गरेका छन्। पौड्यालका काव्यकृतिमा आध्यात्मिकता, मानवतावाद, प्रकृति प्रेम, संस्कृतिक चेतना, राष्ट्रियता, सामाजिकता लगायत नैतिक उपदेशजस्ता कुराहरू परिलक्षित हुन्छन्।

नेपाली भाषा र साहित्यमा अमूल्य योगदान पुऱ्याउने लेखनाथ पौड्याल  आधुनिक युगका निर्माता हुन्। साहित्यकार तीर्थ श्रेष्ठले लेखनाथ पौड्याललाई समकालीन साहित्यको शिखर व्यक्तित्व भएको बताएका छन्। लेखनाथ पौड्यालका कविता राष्ट्रवादी भावनाले ओतप्रोत भएको पाइन्छ। कतिपय समालोचकले उनलाई सामन्तीको पक्षधर भनी आरोप लगाएको पनि पाइन्छ ,तर पौड्यालले सधैँ गरिब , निमुखा तथा निम्नवर्गका मानिसहरूलाई नै आफ्ना कविताका विषय बनाएको पाइन्छ।

पौड्यालले लघु, मध्यम र बृहत् कविताहरूको रचना गरेका छन्। फुकटर कवितादेखि लिएर मध्यमरूप खण्डकाव्य र बृहत्रूप महाकाव्यसम्मको रचना गरी पौड्यालले नेपाली साहित्यमा ठूलो भूमिका निर्वाह गरेका छन्।

नेपाली भाषाको समुन्नत विकास गर्ने उद्देश्यले पौड्यालले कैयौँ संस्कृत भाषाका रचनाहरू अनुवादका माध्यमबाट नेपाली भाषामा भित्र्याएका छन् र नेपाली भाषाको स्तरीयता बढाउनका लागि हलन्त बहिष्कारजस्तो आन्दोलनको समर्थन पनि गरे।

कविता विधाका अतिरिक्त लेखनाथ पौड्यालले नाट्य विधाका फाँटमा पनि कलम चलाएर माध्यमिककालीन नेपाली नाटकलाई शृङ्गारिकता र अनुवादको घेराबाट अघि बडाएका छन्। पौड्यालले पूर्वीय संस्कृत नाट्य ढाँचाअन्तर्गत नै

सामाजिक सन्दर्भ तथा शान्त रसका आध्यात्मिक चेततर्फ र मौलिकता एवम् परिष्कृतितर्फ डोऱ्याउने काम गरेका कारण नेपाली साहित्यमा पौड्यालको स्थान अग्रिम पङ्क्तिमा रहेको छ। लेखनाथ पौड्यालका लालित्य कविता सङ्ग्रह प्रथम भाग र द्वितीय भागमा केही फुटकर कविताहरू सङ्ग्रहित छन्यसका साथै , -१९६१उनका कैयौँ फुटकर कविताहरू यत्रतत्र छरिएको पाइन्छ। विसं ६२ मा 'शृङ्गारिपच्चीसी' र 'मानसाकर्षिणी' नामक दुई फुटकर कविताका माध्यमबाट नेपाली साहित्यमा प्रवेश गरेका लेखनाथ फुटकर कविताकै माध्यमबाट चर्चित बनेका थिए । लेखनाथका 'ऋतुविचार', 'बुद्धिविनोद', 'सत्यकली संवाद', 'गीताञ्जलि', 'मेरो राम', 'अमर ज्योतिको सत्यस्मृति' जस्ता विभिन्न खण्डकाव्य रहेका छन् । पौड्यालले महाकाव्यको नै रचना नगरे पनि महाकाव्य समकक्षी 'तरुण तपसी'को रचना गरेका छन्। लेखनको दीर्घसाधनाबाट प्राप्त 'तरुण तपसी' का आधारमा पनि उनलाई महाकाव्यकारका रूपमा समेत चिन्न सकिन्छ। उनले आफ्नो जीवनको उत्तरार्द्धमा महाकाव्य नै भनी गङ्गा गौरीको लेखन कार्य प्रारम्भ गरेका थिए तर त्यो पूरा हुन सकेन। अपूर्ण रूपमा नै रहेको भए तापनि विसं २०६१ मा 'गङ्गागौरी'को प्रकाशन भयो। 'लक्ष्मीपूजा' (१९९४), 'भतृहरिविनर्वेद' जस्ता नाटकको रचना गर्ने लेखनाथ पौड्यालले (२०२०) 'पञ्चतन्त्र' (२००४), सङ्क्षिप्त 'श्रीमद्भागवद्गीतासार' (१९७५), अभिज्ञान 'शाकुन्तल'जस्ता कृतिको अनुवाद पनि गरेका छन्।

- **बालकृष्ण सम**

- **परिचय**

बालकृष्ण समको जन्म वि. सं १९५८ मा भएको हो। बहुमुखी प्रतिभाका धनी बालकृष्ण समले कविता, नाटक, कथा, प्रवन्ध, निवन्ध, जीवनी आदि बिभिन्न क्षेत्रमा कलम चलाएका छन्। समलाई नेपाली साहित्यमा नाट्यसम्राट्को विशिष्ट सम्मान प्राप्त भएको छ। नेपाली साहित्यलाई बौद्धिकताको छाप दिने सम चित्रकार, अभिनेता, वक्ता र दार्शनिक चिन्तक पनि थिए। उनी रेडियो नेपालका निर्देशक र गोरखापत्रका सम्पादक पनि भएका थिए। दश वर्षमा कविता लेखी साहित्यिक यात्रा सुरु गरेका समको वि.सं. १९७७मा लेखिएको ' तानसेनको झरी ' प्रथम नाटक हो भने प्रथम प्रकाशित नाटकचाहिँ 'मुटुको व्यथा' (१९८६) हो। यसरी सुरु भएको उनको नाट्ययात्रा वि.सं. २०३५ सम्म चलिरह्यो। उनले नाटकका अतिरिक्त कविता, कथा, निबन्ध, आत्मसंस्मरण आदिमा पनि सशक्त

कलम चलाएका छन्। कवितालाई बढी रुचाए पनि उनी नाटककै कारण प्रसिद्धिको शिखरमा पुगेका हुन्।

**सम्मान र पुरस्कार**

- १. गोरखा दक्षिणबाहु तेस्रो(१९९९)
- २. गोरखा दक्षिणबाहु दोस्रो(२००९)
- ३. रत्नश्री स्वर्णपदक(२०२३)
- ४. गोरखा दक्षिणबाहु प्रथम(२०२८)
- ५. साझा पुरुस्कार(२०२८)
- ६. त्रिभुवन पुरुस्कार(२०२९)
- ७. त्रिभुवन विश्वबिद्यालयबाट बिशेष उपाधि(२०२९)
- ८. प्रिथिबू प्रज्ञा पुरुस्कार(२०३५)

उनको नाममा 'बालकृष्ण सम फाउन्डेसन' नामक साहित्यिक संस्था पनि स्थापना भएको छ।

सेवा, पेसा, संलग्नता र सम्पादन

- १. सैनिक क्याप्टेन(१९८०)
- २. नेपाली जाँचपास अड्डाका प्रमुख
- ३. दरबार स्कूलमा अध्यापन९८७)
- ४. त्रिचन्द्र कलेजमा प्राध्यापन(१९८७)
- ५. नेपाली भाषा प्रकाशनी समितिको अध्यक्ष(१९९०)
- ५. सैनिक मेजर(१९९५)
- ६. नेपाल रेडियोको निर्देशक(२००८)
- ७. सैनिकमा लेफ्टिनेन्ट कर्णेल(२००९)
- ८. गोरखापत्रको सम्पादक(२०१२)
- ९. रोयल नेपाल एकेडेमीको सदस्य(२०१४)
- १०.नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका उपकुलपति(२०२६)
- ११.नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका आजीवन सदस्य(२०२८)
- १२.राजसभा स्थायी समितिका सदस्य(२०३०)

**साहित्यिक यात्रा**

बालकृष्ण सम परिष्कारवादी धाराका विशिष्ट प्रतिभा हुन्। बौद्धिक विचार र परिष्कृत शब्दको प्रयोग गर्ने कवि समको मुख्य प्रवृत्ति दार्शनिक कविता लेखन हो त्यसैले समका कवितालाई हृदयले होइन मष्तिष्कले पढ्नुपर्ने हुन्छ। साहित्यकार समका प्रमुख प्रवृतिहरु हुन् बौद्धिक चिन्तन, दार्शनिकता, देशप्रेम राष्ट्रियता, मानवतावाद र कलात्मक परिष्कार। बालकृष्ण सम नेपाली नाट्य क्षेत्रमा आधुनिक काल बोलाउने साहित्यकार हुन्। नेपाली साहित्यमा नै आधुनिक युगको थालनी गराउने र सम्बर्दधन गराउने तीनतारा लेखनाथ, सम र देवकोटा मध्ये कवि सम पनि उल्लेखनीय प्रतिभा हुन्। उनले नाटकमा समेत कविताको प्रयोग गरेका छन् सफल नाटककार भएका हुनाले सम कवितामा पनि ठाउँठाउँमा नाटकीय छाप पाइन्छ। बालकृष्ण समको जागिर छोड्नुको मुख्य उद्देश्य नै साहित्यप्रतिको रूचि थियो। बालकृष्ण सम नेपाली भाषामा मौलिकताका प्रेमी थिए। दश वर्षमा कविता लेखी साहित्यिक यात्रा सुरु गरेका समको वि सं १९७७ मा लेखिएको 'तानसेनको झरी' प्रथम नाटक हो भने प्रथम प्रकाशित नाटक चाहिँ 'मुटुको व्यथा' १९८६ हो। यसरी सुरु भएको उनको नाट्य यात्रा विसं २०३५ सम्म चलिरह्यो। उनले नाटकका अतिरिक्त कविता, कथा, निबन्ध, आत्मसंस्मरण आदिमा पनि सशक्त कलम चलाएका छन्। कवितालाई बढी रुचाए पनि उनी नाटकै कारण प्रसिद्धिको शिखरमा पुगेका हुन्। राणाकालीन युगमा पनि यिनले जनता र राष्ट्रका लागि काम गर्ने भएकाले राणाहरुले समलाई मन पराउँदैन थियो। वि. सं. २००० सालभन्दा अघिदेखि नै समले त्रिचन्द्र कलेजमा नेपाली पढाउने गर्थे। उनले गोरखाभाषा प्रकाशिनी समिति लाई कुशल नेतृत्व दिई नेपाली भाषा प्रकाशिनी समितिमा रूपान्तर गराए। राणाहरुले जनतासँग हिँडेको मन नपराउने र जनताले राणाको सन्तान भनेर हेर्ने, त्यो चेपुवामा परेको बेला पनि समले कविता र नाटक निरन्तर कोरिरहे। नेपाली भाषासाहित्यको सेवाको सिलसिलामा समले नेपालका विभिन्न भूभागको भ्रमण गरे। साथै उनले नेपालका तर्फबाट विभिन्न सभा समारोह र सम्मेलनमा भाग लिनका निम्ति भारत, चीन, बर्मा, पाकिस्तान, जापान, जर्मनी, फ्रान्स, इटाली, संयुक्त अधिराज्य, सोभियत रूस र अमेरिकाको भ्रमण गरी उनी एउटा उच्चकोटिका लेखक थिए, सफल चित्रकार थिए र कुशल अभिनेता थिए। सम दार्शनिक थिए. उनले लेखेका कैयौं रचनाहरू दर्शनमा आधारित छन्। उनले आफूले लेखेका नाटकमा अभिनय समेत गरे। डेढ दर्जनभन्दा बढी नाटक प्रकाशन गरेका समका प्रमुख नाटकहरुमा मुटुको व्यथा, मुकुन्द इन्दिरा,

प्रहलाद, अन्धवेग, भक्त भानुभक्त, प्रेमपिण्ड, अमरसिंह, स्वास्नीमान्छे आदि पर्दछन्। यी नाटकमध्ये मुटुको व्यथा, मुकुन्द इन्दिरा, म आदि समाजिक हुन् भने अमरसिंह, भक्त भानुभक्त, भीमसेनको अन्त्य, आदि ऐतिहासिक हुन्। त्यस्तै ध्रुव, प्रहलाद आदि पौराणिक नाटक हुन् भने स्वास्नीमान्छे चाहिँ स्वैरकल्पनात्मक प्रयोगवादी नाटक हो। अन्त्यका हिसाबले हेर्दा ध्रुव, प्रहलाद, मुकुन्द इन्दिरा आदि संयोगान्त तथा मुटुको व्यथा, अन्धवेग, प्रेमपिण्ड आदि दुखान्त भएका छन्। उनका बोक्सी, नालापानीमा, बिरामी र कुरुवा दुर्लभ जस्ता उत्कृष्ट र सबल एकांकीहरु पनि प्रकाशित छन्। संख्यात्मक र गुणात्मक दुवै हिसाबले सम नेपाली नाटकका सर्वोच्च प्रतिभा वा नाट्यसम्राट् हुन्। कवितात्मक र गद्यात्मक संयोगान्त वा दुखान्त एकाङ्गी वा पूर्णाङ्की जुनैमा पनि सम सबल देखिन्छन्।

बालकृष्ण समले आफ्नो जीवनकालमा सैनिक क्याप्टेन, नेपाली जाँचपास अड्डाका प्रमुख, दरबार स्कूलमा अध्यापन, त्रिचन्द्र कलेजमा प्राध्यपक, नेपाली भाषा प्रकाशिनी समितिको अध्यक्ष, सैनिक मेजर, नेपाल रेडियोको निर्देशक, सैनिक लेफ्टिनेन्ट कर्णेल, गोर्खापत्रको सम्पादक, रोयल नेपाल एकेडेमीको सदस्य, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका उपकुलपति, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका आजीवन सदस्य, राजसभा स्थायी समितिका सदस्य आदि पदमा रहेर काम गरे। विसं २०३८ साल साउन ६ गते पशुपती आर्यघाट काठमाडौँमा उनको निधन भयो।

- **लक्ष्मीप्रसाद देवकोटा**

  **परिचय**

लक्ष्मीप्रसाद देवकोटा को जन्म वि. सं. १९६६ कार्तिक २७ गते 'लक्ष्मीपुजा'को दिनमा काठमाडौंको डिल्लीबजारमा भएको हो। उनको जन्म तदनुसार १२ नोभेम्बर सन् १९०९ मा भएको हो भने मृत्यु चाहिँ वि. सं. २०१६ भाद्र २९, तदनुसार १४ सेप्टेम्बर सन् १९५९ मा भएको हो। उनी नेपाली साहित्यका महाकविका रूपमा सुप्रसिद्ध छन्। देवकोटा नेपाली साहित्यका कविता, आख्यान, नाटक र निबन्ध गरी साहित्यका चारवटै विधामा कलम चलाउने बहुमुखी प्रतिभाका धनी थिए। उनले कविता र निबन्धविधामा गरेका योगदानहरू उच्च कोटिको मानिन्छ। उनले मुनामदन, सुलोचना, शाकुन्तल जस्ता अद्वितीय कृतिहरू लेखेका छन्। विशेष गरी मुनामदन कृतिका लागि उनी सबैभन्दा प्रख्यात छन्।

### प्रारम्भिक जीवन

देवकोटा पण्डित तीलमाधव र अमर राज्यलक्ष्मी देवीका तेश्रा छोरा थिए। उनी डिल्लीबजार, धोबीधारा, काठमाडौंमा तिहारको लक्ष्मी पूजाका दिन जन्मिए। विक्रम सम्वत् १९६६ साल कार्तिक २७ गते गाई तिहारको औंशी लक्ष्मीपूजाका दिन जन्मेका हुनाले यिनको नाम लक्ष्मीप्रसाद राखिएको हो, तर उनको न्वारानको नाउँ तीर्थमाधव देवकोटा हो।

देवकोटा जन्मेदेखि नै उनका घरमा अनेक कष्टहरूको प्रवेश भइरह्यो। उनको घरको व्यवस्थापकीय ढाँचा पनि अत्यन्तै दयनीय थियो। साथै उनको घरले गरिबीको रेखालाई नाघ्न पनि सकेको थिएन। त्यसैले उनी सानैमा भन्थे, 'म अङ्ग्रेजी पढ्छु र धेरै पढेपछि ट्युसन गरेर पैसा कमाउँछु। तर उनी चाहिँ जन्मेदेखि नै रोगी थिए। देवकोटाले बाल्यकालमा नै अमरकोश घोकेका थिए र स्तोत्रमाला पढेका थिए। उनी सानैदेखि आफ्ना बुबाको कविता साफी गर्थे। आफ्ना बुबाको कविता सार्दासार्दै उनीभित्र पनि साहित्यको रस बस्न थाल्यो। उनलाई उनका बुबाले पण्डित बनाउन खोजेका थिए।

### साहित्यिक यात्रा

लक्ष्मीप्रसाद देवकोटा नेपालका अझ विश्वका नै महान् प्रतिभा हुन भन्न सकिन्छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्यातिका विभिन्न विद्वान तथा विदुषीले उनीप्रति व्यक्त गरेका विचार र अभिव्यक्तिले यसकुराको पुष्ट्याइँ हुन्छ र उनका अनेकौँ अमरकृतिहरू यसकुराको पुष्टिस्वरुप प्रमाणका रुपमा रहेका छन्। देवकोटा नै नेपाली साहित्यकारहरूमा प्रथम विश्व प्रतिभाका रुपमा जताततै सम्मनित गरिए र विश्वका विभिन्न भाषामा अनुदित भएर बहुचर्चित नेपाली साहित्यकार हुने सौभाग्य उनलाई प्राप्त छ।

देवकोटा जति प्रतिभा सम्पन्न थिए त्यति नै उनमा युगानुकूल दृष्टिकोण पनि थियो त्यसैले युगसुहाउँदो विचार विश्वलाई अँगालेर आफ्ना अग्रज लेखनाथको साहित्यिक परिपाटी र विचार-दर्शनलाई पछाडि छाडेर देवकोटा दुई पाइला अगाडि लम्किन समर्थ भए। लेखनाथ प्राचीन र आधुनिक साहित्यका संगम थिए भने देवकोटा आधुनिक नेपाली साहित्यका स्रोत थिए। राणातन्त्रीय निरंकुशता थिचाइबाट सधैंका लागि फुक्का हुन चाहने नेपाली जनतालाई चेतनशील र प्रवुद्ध

बनाउन देवकोटाको योगदानबारे जति चर्चा गरे पनि थोरै हुन्छ। सात सालको क्रान्तिका कालमा उनका धेरै जसो रचनाले जनताको प्रजातान्त्रिक संघर्षमा प्रशस्त मलजल पुऱ्याउनु र साँचो अर्थमा उनी जनताका सम्मनित लेखक भए। यस रुपमा उनलाई फ्रान्सका भोल्तेयर झैँ स्मरण गर्दा अतियुक्ति हुँदैन।

देवकोटाले कविता यात्राको चालीस  वर्ष पूरा गरे पनि समग्रमा पच्चीस वर्षको काल अवधि साहित्य साधनामा नेपाली साहित्यको धेरै अभाव  पक्षहरु पुरा गरे, महाकाव्यदेखि बाल कवितासम्मको ढिकुटी भरेर नेपाली साहित्यलाई आधुनिक स्तरमा उकाल्न उनले प्राण-प्रणले तपस्या गरेका हुन्।उनकै तपस्याको फलस्वरुप अंग्रेजी साहित्यमा एक सय वर्षमा धेरैको प्रयत्नले पूरा भएको साहित्यभण्डार यहाँ एक्लो देवकोटाबाट पुरा भयो। विश्व साहित्यको इतिहासमा नै यो एउटा आश्चर्य लाग्दो उदाहरण भएको छ। देवकोटालाई लिएर हामी विश्वका सामु सगौरवउभिन सक्छौँ।

देवकोटामा वैचारिक अन्तरविरोध नभएको होइन, कवि सुलभ भावुकता कठोर सामाजिक व्यवस्था र अभावग्रस्त पारिवारिक जीवनले गर्दा पनि उनमा कहिलेकाहीँ फुत्किने- भाग्ने र प्रकृतिसँग लुकामारी खेल्दै आत्मसन्तोष लिने प्रवृत्ति देखिन्छ तापनि उनी निराशाको शरणमैपरेनन्, असन्तोष र असन्तुष्टिको मात्र बिलाप गर्दै काँतर, पामर र पानीमरुवा भएर आफ्नो लेखनी रोकेनन् नत उनी शासक, शोसक र सत्ताधारीको गुणगानमा नै लागे।

देवकोटामा प्रशस्त युगबोध थियो। जातीय लय झ्याउरेलाई उनले प्राण प्रतिष्ठा दिएर ब्यूँझाएका छन्, अमरकृति मुनामदन खणेडकाव्यमा। शास्त्रीय लय र छन्दले वाक्क भएको समयमा नेपाली जनताको जिब्रोमै झुण्डिएको झ्याउरे छन्दमा मुना-मदन खण्डकाव्यको रचना गरेर देवकोटा लोकप्रिय बनेका छन्। यति मात्र नभई उनले नै पहिलो पटक मुना र मदन,  बसन्ती र गोरेका समस्याहरु हाम्रा सामु राखेका हुन्।

नेपाली साहित्यमा मुख्यतः स्वच्छन्दवादका प्रवर्तक कविका रूपमा देवकोटाको अवतरण भए पनि अनुभव र अनुभूति गहिरिदै, विस्तारित हुँदै जाँदा कालक्रममा उनमा यथार्थवादी, जीवनवादी दृष्टिकोण हुर्कँदै गएको तथ्य सहजै पहिल्याउन सकिन्छ। पूर्व र पश्चिमको एकसमान प्रभावले गर्दा उनमा दार्शनिक स्थिरता भने रहेन र उनी एउटा विचार दृष्टिकोणमा कहिल्यै हिडेनन् तापनि सामाजिक

असमानता, ठुलाठालुको सानामाथि रजाइँ र अचाक्ली, ठुलाबडा भनाउदाको अन्याय- अत्याचारका विषयमा सामान्य जनताप्रति सहानुभूतिशील भएर देवकोटाले आफ्नो साहित्य सृजनाको प्रायः सबैजसो विधामा निर्भिकता पूर्वक लेखनी चलाए र अर्को गौरवको कुरा के भने देवकोटाले संसारभरिकै जनताको वैरी सामन्तवाद र साम्राज्यवादका सामुन्ने आफ्नो शिर कहिले झुकाएनन्।

देवकोटाले कवि, कथाकार , निबन्धकार, नाटककार, उपन्यासकार, आलोचक, सम्पादक आदि विभिन्न रूपमा साहित्यको ठूलो सेवा गरे तर कवि सुलभ कोमलता सुक्ष्म सौन्दर्य चेतना तीव्र कल्पनाशीलता प्रचुर संवेदनशीलता भएको हुँदा नै उनको कवि-काव्यकारको भूमिका नै विशेष प्रभावशाली भयो र उनी एक प्रचण्ड प्रतिक्भावान् कविका रूपमा नेपाली साहित्यमा सम्मानित छन्। यसो भन्दा उनको निबन्धकारको भूमिका वा योगदानलाई न्यून छ भन्न सकिँदैन। पश्चिमी साहित्यको निबन्ध परिपाटीलाई नेपालमा प्राण सञ्चारित गर्ने श्रेय देवकोटालाई नै छ। उनका निबन्धहरूलाई उछिन्ने खालका निबन्धहरू अझसम्म देख्न पाइएको छैन र निकट भविष्यमै देख्न पाइएला भन्ने आधार समेत छैन भन्ने मत भवानी घिमिरेको रहेको छ। निसन्देह, विद्वतपूर्ण र निजी अनुभूतिले सबल उच्चकोटिका निबन्ध लेखेर देवकोटा हाम्रा प्रथम आधुनिक निबन्धकारका रूपमा समेत प्रतिष्ठित छन्। उनका कथाहरूले पनि सामाजिक विकृति विसंगतिलाई उदाङ्गो बनाएको छ। उनका कथाहरू संख्यामा थोरै भए पनि मार्मिक र सशक्त छन। 'तरुणतपसी प्रदक्षिणा' एउटै आलोचना लेखबाट देवकोटाले आलोचकमा हुनु पर्ने निष्पक्षता र निर्भीकताको परिचय दिएका छन्।

देवकोटा साँच्ची नै नेपाली साहित्यका आलोक हुन्। उनको प्रतिभा पुञ्जले नेपाली साहित्यका धेरै पक्षहरु आलोकित भएका छन्, उद्भाषित हुँदै उचालिएका छन्।

देवकोटा महान साहित्यकार हुनका साथ साथै नेपाली समाजका गुरु, कार्यकर्ता र नेता पनि हुन्। लेखक, जागिरे, शिक्षक, शिक्षामन्त्री, सल्लाहकार सभाका विपक्षी नेता, राजकीय प्रज्ञाप्रतिष्ठानका सदस्य, त्रिभुवन विश्वविद्यालय कमिशनका सदस्य, काव्य प्रतिष्ठान तथा नेपाल राष्ट्रिय विद्यापीठका उपकुलपति भएर तथा अनेक राष्ट्रिय अन्तर्राष्ट्रिय सभा सम्मेलनमा नेपालरनेपालीको प्रतिनिधित्व गरेर पनि उनले देश र जनताको उल्लेखनीय सेवा गरेका छन्।

देवकोटा सधैँ नेपाली जनताका प्रेरक भएर बाँच्ने छन्। उनी एउटा यस्तो आदर्श हुन् जसलाई सम्झिएर र जसको मार्ग अनुसरण गरेर कोही पनि आफ्नो महान लक्ष्यमा पुग्न सक्नेछ। न्नेपालीहरुले उनी प्रति सधै आभारी भइ रहनु पर्छ। देवकोटाको जीवन पर्यन्तको सपनालाई साकार गर्न प्रत्येक साहित्य स्रष्टाले सकल्पना ग्रहण गर्नु पर्छ। नेपाल र नेपालीलाई प्रतिष्ठित गर्ने सङ्कल्प, नेपाली वाङ्मयको श्रीवृद्धिको संकल्प, नेपालीहरूको समृद्धिको संकल्प, यहाँनिर विशेषत: तरुण साहित्य स्रष्टालाई देवकोटाको एउटा मार्मिक सन्देश तर्फ सङ्केत गरिन्छ- "यस अवस्थामा साहित्य कुनै एउटा वर्गको सोखको विषय बन्न सक्दैन। आज यो शक्तिशाली सामाजिक र राष्ट्रिय हत्या भएको छ।"

## 1.4 उपसंहार

लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम अनि लेखनाथ पौडेलले साहित्य क्षेत्रमा दिएको योगदानका कारण उनीहरुलाई नेपाली साहित्यको अमर साहित्यकारका रूपमा चिनिन्छन्। सिर्जनाको चौथाइ शताब्दीका इतिहासमा देवकोटाले नेपाली साहित्यिक परिवेशमै एउटा कीर्तिमान कायम गरेका छन् र मृत्युपछि अर्को चौथाइ शताब्दी बितिसक्दा पनि मूल्य र गरिमा सेलाएको अनुभव नहुने सृजनावेग छाडेर गएका छन्। स्वच्छन्दवादको प्रवर्तक देवकोटाले साहित्यको प्राय: सबै विधामा कलम चलाएर नेपाली साहित्यलाई उच्चस्थानमा पुराएका छन्। यसैले बालकृष्ण सम पनि उनको जन्म तीन चोटि भएको बताउँछन्, (शकुन्तलामा, मुनामदनमा र पागल कवितामा।) ईश्वर देखि प्रकृति र प्रकृति देखि मान्छेसम्मको अन्तर प्रेरणा र बाह्य स्वरुपको त्रिकोणात्मक सम्बन्ध उनका रचनाहरूमा पाइन्छ। यथार्थवादी स्वर र जीवनको प्रौढतासँग मिसिएको यथार्थवादी चेत विश्वको इतिहासमा बढ्दै गएको यथार्थता र आर्थिक समानाधिकारको आन्दोलनसँग देवकोटाको पर्याप्त संवरण भएको छ। ज्ञानका भण्डार भएका देवकोटाका रचनाहरुमा, प्रस्तुतीकरणमा लयात्मकता, अभिव्यञ्जनामा रागात्मकता, विगतदेखि अनागत सम्मका बिम्ब विधान देवकोटाका प्रबन्ध शिल्प र कविता क्षेत्रका मूलभूत सामग्री हुन्। ती सामग्रीले देवकोटामा निजत्व प्रतिपादन हुन अत्यन्त सहयोग मिलेको छ।

नाटकको क्षेत्रमा नेपाली शेक्सपियरको रुपमा चिनिने बालकृष्ण सम नेपाली साहित्यमा एकजना अमर साहित्यकारका रूपमा चिनिन्छ। साहित्य र कला दुवै

Notes

क्षेत्रमा अविस्मरणीय योगदान दिने सम बहुमुखी प्रतिभाले सम्पन्न थिए। उनले चिन्तनका रुपमा दर्शन, संस्कृति, कला र नाटक तथा रङ्गमञ्चका आदिबारे आफ्ना गम्भीर एवं मौलिक चिन्तन प्रस्तुत गरेका छन् भने स्रष्टाका रूपमा उनले साहित्यतर्फको कविता नाटक कथा र निबन्धका फाँट र कलातर्फ चित्रकला तथा छायाचित्रकारिताका फाँटमा मूल्यवान सेवा अर्पित गरेका छन्। उनले नै नेपाली नाट्य विधामा आधुनिकता भित्राएका हुन् भने नेपाली निबन्धमा वस्तुपरक परम्पराको स्थापना उनले नै गरेका हुन्। बालकृष्ण सम द्वारा लिखित 'नियमित आकस्मिकता' नेपाली साहित्यको नै पहिलो दार्शनिक लेख हो, त्यसैले उनलाई नेपाली साहित्यमा पहिलो दार्शनिक लेखकका रुपमा पनि चिनिन्छन्। नेपाली भाषालाई व्याकरणका अनुशासनमा हिँडाउने आग्रह पनि उनका रचनामा प्रदर्शित भएको छ। शब्दको चयन, अर्थको गम्भिरता, वस्तुको परिष्कार, भाषाको परिमार्जन र दृष्टिकोणको स्थापनाजस्ता विशेषतालाई रचनामा एकैसाथ राख्न चाहने सम नेपाली भाषाका माध्यमबाट कला र भाषाको क्षेत्रमा तपस्वी र साधक हुन् भन्ने कुरा स्पष्ट हुन्छ।

रथयात्राद्वारा सम्मनित लेखनाथ पौड्याल नेपाली राष्ट्रका एक अद्वितीय युग प्रवर्तक हुन्। नेपाली साहित्यको कविता विधामा परिष्कारवादी धारा भित्र्याउने लेखनाथलाई नेपाली साहित्यको क्षेत्रमा अमर साहित्यकारका रूपमा चिनिन्छ।

## 1.5 सार

- नेपाली साहित्यको उत्थान र विकासमा भानुभक्त आचार्य, ज्ञानदिलदास र मोतीराम भट्टको योगदान अविस्मरणीय रहेको छ।
- मोतीराम सम्म आइपुग्दा नेपाली साहित्य टुकुटुकु हिड्न सक्ने शिशुजस्तो भएको थियो भने लेखनाथको प्रवेशले तरुण अवस्थामा पुर्याउन सफल भयो र बालकृष्ण सम र देवकोटाको आगमनले नेपाली साहित्य विश्वका अन्य साहित्यकै लहरमा खडा हुन सक्ने भयो।
- नेपाली साहित्यका त्रिरत्न लेखनाथ, सम र देवकोटा अधुनिक युगको प्रारम्भ कर्ता मात्र नभएर सदाकालको निम्ति नेपाली जनजीवनमा धड्की रहने धड्कन हुन्।
- नेपाली जनमानसको जिब्रोमै झुन्डिएको झ्याउरे छन्द लयमा मुनामदन खण्डकाव्यको रचना गरेर देवकोटा जति लोकप्रिय बनेका छन् त्यति नै

सामाजिक नाटक लेखेर बालकृष्ण सम पनि जनसाधारण को नजिक पुगेका छन्।

## 1.6 अनुशीलन

क) भानुभक्त आचार्यको साहित्यिक योगदानको चर्चा गर्न्होस्।

ख) नेपाली साहित्यको विविध क्षेत्रमा मोतिराम भट्टले पुऱ्याएको योगदानको चर्चा गर्नुहोस्।

ग) लेखनाथ पौड्याल नेपाली साहित्यमा किन लोकप्रिय छन्? स्पष्ट पार्नुहोस्।

घ) बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटाका कृतिमा पाइने मूलभूत वैशिष्ट्य केलाउनु होस्।

## 1.7 अतिरिक्त अध्ययन

१. राजेन्द्र सुवेदी - स्रष्टा–सृष्टि : द्रष्टा-दृष्टि।

२. राजेन्द्र सुवेदी स्रष्टा देवकोटा:द्रष्टा परिवेशमा (सम्पा.)।

३. डा. केशवप्रसाद उपाध्याय नेपाली नाटक र नाटककार।

४. केशवप्रसाद उपाध्याय - विचार र व्याख्या।

५. राममणि रिसाल - नेपाली काव्य र कवि।

६. डा. वासुदेव - त्रिपाठी लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन।

## 1.8 मूल्यबृद्धिको निम्ति उत्तर

तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस्।

1. भानुभक्तकालीन नेपाली साहित्यको चर्चा।

________________________________________________________

________________________________________________________

__________________________________________

(प्रश्न 1 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 1.2 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

Notes

2. नेपाली साहित्यको विकासमा मोतिराम भट्टको योगदोन।

(प्रश्न 2 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 1.2 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

3. आध्यात्मिक चेतनाको दृष्टिले ज्ञानदिल दास।

(प्रश्न 3 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 1.3 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

4. नेपाली साहित्यमा लेखनाथ पौड्यालको योगदानको चर्चा।

(प्रश्न 4 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 1.3 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

5. बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटाको साहित्सिक वैशिष्ट्य।

(प्रश्न 5 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 1.3 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

# एकाई –2 साहित्यकार लेखनाथ पौड्यालका कृतिहरूबारे विशेष अध्ययन

**संरचना**

2.0.उदेश्य

2.1.परिचय

2.2.कविशिरोमणि लेखनाथ पौड्यालको जन्म,जीवनीबारे संक्षिप्त अध्ययन

2.2.1.जन्म र जन्मस्थान

2.2.2.शिक्षा-दीक्षा

2.2.3.मृत्यु

2.3.कविशिरोमणि लेखनाथ पौड्यालको साहित्यिक यात्रा एवम् लेखनबारे चर्चा

2.3.1.प्रारम्भिक चरण (वि०स० १९६१ देखि १९९० सम्म)

2.3.2.दोस्रो चरण (वि०स० १९९१ देखि २००७ सम्म)

2.3.3.तेस्रो चरण (वि० स० २००८ देखि २०२२ सम्म )

2.4.लेखनाथ पौड्यालका कृतिहरूबारे संक्षिप्त चर्चा

2.4.1.`तरुण तपसी´ को अध्ययन तथा विश्लेषण

2.4.2.`ऋतुविचार´ को अध्ययन तथा विश्लेषण

2.4.2.`अमर ज्योति सत्यस्मृति´को अध्ययन तथा विश्लेषण

2.4.2.फुटकर कविताहरूका अध्ययन तथा विश्लेषण

2.5. उपसंहार

2.6.सार

2.7.अनुशीलनी

2.8..अतिरिक्त अध्ययन

2.9 .मूल्यवृद्धिको निम्ति उत्तर

## 2.0. उदेश्य

नेपाली साहित्यका वरिष्ठ साहित्यकार तथा कविशिरोमणि भनेर चिनिने लेखनाथ पौड्यालबारे अध्ययन तथा उनका जीवनी,साहित्यिक यात्रा तथा कृतिहरूबारे

चर्चा गर्नु नै यस एकाइको उदेश्य रहेको छ।नेपाली साहित्यमा माध्यमिककालको अन्त्यपछि आधुनिक कालको सुरुमा देखा परेका कवि शिरोमणि लेखनाथ पौड्याललाई माध्यमिक काल अनि आधुनिक काल माझको साँघुको रूपमा मानिन्छ । माध्यमिक कालमा काव्यलेखनमा अधिक बोलबाला रहेको शृङ्गारिक भावधारा तथा धार्मिक कट्टरपन्थी विचारधारालाई पर सारेर तिनले नवीन चेतना तथा अध्यात्म दर्शन आदिलाई तिनले आत्मसात् गरे। यश एकाइको उदेश्य कविशिरोमणि लेखनाथ पौड्यालको कृतिहरूबारे विशेष अध्ययन गर्नु रहेको छ।

## 2.1.परिचय

नेपाली साहित्यकाशमा कविशिरोमणि लेखनाथ पौड्याल एकजना उज्ज्वल नक्षत्र हुन्। संस्कृतको शास्त्रीय छन्द र शैली आफ्नो काव्य सौन्दर्यको लेखन साधन अप्नाए तापनि युगीन अथवा युग सापेक्ष समसामयिक विषय भाव आफ्ना काव्य गरिमा स्थापना गर्नु कवि लेखनाथ पौड्यालको अद्वितीय नव दृष्टिकोण हो।यही युगानुकूल भाव सापेक्ष मानव सौन्दर्य अथवा मानवताको बोध नै शास्त्रीय छन्दवादी लेखनाथ पौड्यालमा आधुनिक स्वर सन्धानको प्रादुर्भाव हुनु हो। सम्पूर्ण जीवन साहित्य साधनामा होमेका कवि लेखनाथ पौड्यालको रचनाहरूमा अध्यात्म चेतना,सुधारवादी चेत तथा नीतमूलक विषयादिलाई विशेष रूपमा पाइन्छ । विश्वप्रेम र मानवता प्रेमको आध्यात्मिक नव वोध यिनका काव्य उदेश्य बनेका छन्। शृङ्गारकालको उत्तरार्द्धमा देखा परेर आधुनिक कालमा नेपाली साहित्यलाई मोड्ने लेखनाथ पौड्यालले खण्डकाव्य ,कविता आदिका क्षेत्रमा विशेष योगदान दिएका छन्। `कविशिरोमणि´ उपनामले सम्मानित लेखनाथ पौड्याल `त्रिरत्न´ का बालकृष्ण सम,लक्ष्मीप्रसाद देवकोटा अनि उनी एकजना हुन् । लेखनाथ पौड्यालको साहित्य सेवाको कदर गर्दै तिनको सम्मानमा रथयात्रा,हुलाक टिकट तथा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान द्वारा मृत्युपर्यन्त त्रिभुवन पुरस्कारले बिभूषित भए। सानैदेखि गङ्गा गणेश स्तोत्र अमर कोष,सप्तशी आदिको अध्ययन गरेका तिनले आदिकवि भानुभक्त आचार्य, मोतीराम भट्ट आदिका कृतिहरू पनि सानामा नै पढि छिचोलेका थिए। सानो उमेरमा नै अमर कोष,लघु कौमुदी जस्ता संस्कृत कोष,व्याकरणहरूको अध्ययन गरेको थाहा पाइन्छ । उनका रचनाहरूमा बुद्धिविनोद,सत्यकलि संवाद

,मेरो राम,ऋतुविचार,सत्यस्मृति,लालित्य,गंगा गौरी,तरुण तपसी आदि प्रमुख हुन्। तथापि लेखनाथ पौड्यालको `ऋतुविचार´ अनि `तरुण तपसी´ दुई काव्यले नेपाली काव्य विधाको शिखर छोएको मानिन्छ । उनको कवित्व शक्ति ,कल्पना र तपस्याले उपर्युक्त उल्लिखित काव्य कृति सदैव उत्कृष्ट रहिरहनेछ।

## 2.2.कविशिरोमणि लेखनाथ पौड्यालको जन्म, जीवनीबारे संक्षिप्त अध्ययन

### 2.2.1.जन्म एवम् जन्मस्थान

कविशिरोमणि लेखनाथ जन्म पौष २६ गते वि०स० १९४१ मा नेपालको कास्की जिल्लाको अर्घौ अर्चले गाउँमा भएको थियो। पिता दुर्गादत्त पौड्याल अनि माता बसुन्धरा देवीको कोखबाट जन्मिएका लेखनाथ पौड्याल नेपाली साहित्यका एकजना अमर प्रतिभा हुन्।

### 2.2.2.शिक्षा-दीक्षा

पाँच वर्षको उमेरदेखि लेखपढमा लागेका कवि लेखनाथ पौड्यालको पढाइ क्षेत्रमा खुबै रुचि रहेको थियो। पढ्नमा रुचि भएकै कारण सानै उमेरमा गङ्गा गणेश स्तोत्र,अमर कोष,सप्तशी आदिको अध्ययन गरेका थिए। सात वर्षको कलिलो उमेरमा नै परिस्थितिवश गोठालोको काम गर्नुपरेका लेखनाथ पौड्यालले गोठालोको काम गर्दा गर्दै अमर कोष,लघु कौमुदी जस्ता संस्कृत कोष व्याकरणहरूका अध्ययन गरे। कास्कीको अर्घौ अर्चले गाउँ प्राकृतिक रूपले सुन्दर हुनका साथै क्षेत्रका पौड्याल समुदाय पण्डित विद्या तथा शिक्षा क्षेत्रमा सचेत नै थिए। त्यसैले कतिपय विद्वानहरूले अर्घौ लाई `अर्घौ पण्डितपुरी´ पनि भनेका छन्। अर्घौ का पौड्यालहरूका पण्डित्यबाटै कास्कीले विद्या केन्द्रका रुपमा प्रसिद्ध कमाएको पनि कतिपयले मान्छन् । यस दृष्टिकोणबाट हेर्दा लेखनाथ पौड्यालका अग्रज तथा पुर्खाहरू विद्या तथा शिक्षाप्रति सचेत थिए भनेर मानिलिन सकिन्छ । कवि लेखनाथ पौड्यालमा पनि यसको प्रभाव पर्नु र शिक्षाप्रति झुकाव रहनु स्वाभिक यश हिसाबले पनि स्वभाविक मान्न सकिन्छ । कलिलो उमेरमा नै परिस्थितिका कारण गोठालो हुनुपरेका लेखनाथ पौड्यालको

प्रारम्भिक शिक्षा घरबाट नै सुरु भएको थियो । गोठालो काम सँगै तिनको स्वअध्ययनका कारण अझ तिख्रिदै गयो। चौध वर्षको उमेरसम्म आफ्नै गाउँमा रहेर लिन सक्ने पढाइ पूरा गरिसकेपछि अथवा शिक्षा ग्रहण गरिसकेपछि अघिको उच्च शिक्षाको निम्ति काठमाडौ तथा काशीतर्फ लागे। चौध वर्षको उमेरसम्म  गाउँमा नै घरेलु अध्ययनपछि पन्ध्र वर्षको उमेरपछि तिनलाई माता पिताले काठमाडौको रानीपोखरी संस्कृत छात्रवास (त्यतिबेलाको तीन धारा पाठशाला) मा अध्ययनको निम्ति पठाए। उक्त पाठशालामा भर्ना भएपछि तिनले व्याकरणको माध्यमको पाठ्यक्रमको खण्ड -खण्ड अध्ययनमा लागेको साहित्येतिहाकारहरूले जनाएका छन्। यसरी नै अध्ययन र सृजनाका वातावरणमा लेखनाथ पौड्याल वि०स० १९५९ मा बनारस तर्फ लागेका थिए। अध्ययनको निम्ति बनारस लागेका लेखनाथ पौड्यालले भर्ना परीक्षा अनुत्तीर्ण गरेपछि पुन दोस्रोपटक भने परीक्षा दिएनन्।व्याकरण र साहित्यसम्बन्धि आफुमा पोख्त ज्ञान भए तापनि `न्यायमुक्तावली´को दर्शनपत्रको राम्रो अध्ययन नभएको कारण उनी परीक्षामा अनुत्तीर्ण भएका थिए। तिनको पारिवारिक अवस्था राम्रो नभएको कारण तथा बिस्तारै साहित्य सृजनातिर पाइला चालिरहेको कारण तिनले दोस्रोपटक परीक्षा दिएनन्। यसरी वि०स० १९६० सालतिरै विद्यार्थी जीवनबाट टाढिएका लेखनाथ पौड्याल व्यवहारिक जीवनको भुँवरीमा तथा साहित्य सृजनामा लागेको पाइन्छ । तिनले शैक्षिक क्षेत्रमा अौपचारिक भन्दा बढी स्वअध्ययनबाट नै शिक्षा लिएका थिए।

## 2.2.3. मृत्यु

कविशिरोमणि लेखनाथ पौड्यालको मृत्यु ८० वर्षको उमेरमा  वि०स० २०२० फागुन ७ गते चितवनको भरतपुरस्थित  देवघाटमा भएको थियो।

## 2.3. कविशिरोमणि लेखनाथ पौड्यालको साहित्यिक यात्रा र त्यसको चरणगत प्रवृत्तिहरू-

### 2.3.1.प्रारम्भिक चरण (वि०स० १९६१ देखि १९९० सम्म )

कवि लेखनाथ पौड्यालको शिक्षाको आरम्भ घरबाट नै भएको थियो। संस्कृतका श्लोकहरू सिक्दासिक्दै परिस्थितिवश सानै उमेरमा गोठालोको काम गर्नुपरेका लेखनाथ पौड्यालले स्वअध्ययनकै कारण शिक्षा क्षेत्रमा अघि बढे। सानै उमेरदेखि कविताहरू लेख्नु तथा काव्य रचना गर्नुमा रुचि राख्ने लेखनाथ पौड्यालले कविता लेखनतर्फ किशोर अवस्था पुगेपछि लागका थिए। तिनको किशोर जीवनको सबैभन्दा महत्त्वपूर्ण प्रसङ्गको रूपमा पितृप्रसाद घटनालाई मानिन्छ । साइनोले लेखनाथका काका पर्ने पितृप्रसाद धेरथोर कविता लेख्थे।लेखनाथ पौड्यालले उनको लेखन अवधि ध्यान भङ्ग गरिदिएको हुनाले पितृप्रसादले तिनलाई रिसाएर हप्काएका थिए। त्यही हप्काईबाट ईखिएर तिनले कविता सृजनाको संकल्प गरेका थिए। तिनको साहित्यिक यात्राको अर्को महत्त्वपूर्ण मोड हो तिनको काठमाडौ बसाई। काठमाडौको रानीपोखरी संस्कृत छातवासमा बसेर अध्ययन गर्ने क्रममा लेखनाथ पौड्यालको कविता-सृजना अङ्कुराउन लागेको थियो भने सोहीकालदेखि नै संस्कृत र नेपाली भाषामा कविता लेख्न थालेका थिए। त्यही छात्रवासको बसाई अवधि अग्निधर शर्माले गरेको तिरस्कारले पनि लेखनाथ पौड्याललाई कविता सृजना गर्नुमा टेवा पुगेको थियो । ईखालु स्वभावले तिनमा कविता सृजनाको भाव उत्पन्न गर्यो। यसरी नै पण्डित शिवकुमार शर्माबाट प्राप्त उदासीनता मिश्रित पोत्साहनले उनलाई समस्या पूर्तिका रूपमा कविता गर्न घच्घच्यायो। तिनी पाठशालामा पनि कविता लेखिरहन्थे । पाठशालामा अध्ययन अवधि आफ्ना साथी दधिराम मरासिनले कविता लेखनको निम्ति दिएको प्रेरणा र सहयोग को कारणले लेखनाथलाई रचना सृजना गर्नुमा प्रशस्त सहयोग पुगेको थियो । उनको छात्रवास काल (वि०स० १९५६ देखि १९५९ सम्म ) कविता लेखनको बीजारोपण भईसकेको थियो ।

यसैक्रममा अध्ययनको निम्ति वि०स० १९५९ मा तिनी बनारसतर्फ लागे। त्यहाँ सोचेजस्तो तिनको अौपचारिक शिक्षा पूरा नभए तापनि साहित्य सृजनमा भने फल लाग्न थाल्यो । बनारसबाट निस्किने संस्कृत पत्रिका `सुक्तिसुधा´ मा लेखनाथ पौड्यालको `पाठशाला विशाला ´ नामक कविता छापिए। यसरी नै

पण्डित दुर्गाप्रसाद शर्माद्वारा सम्पादित `कविता-कल्पमुद्रम´ सङ्ग्रहमा लेखनाथ पौड्यालका `श्रृङ्गारपच्चीसी´र `मानसाकर्षिणी´ नामक दुईवटा नेपाली कविता छापिए। यी रचनाहरू वि०स० १९६१ सालमा प्रकाशित भए तापनि छात्रबासमा रहँदाकै उपज हुन् भन्न सकिन्छ । जीवन संघर्ष एवम् रोजगारको क्रममा तिनी बनारसबाट नेपाल फर्किएपछि पनि सृजना क्षेत्रमा लागि नै रहे। तिनले नेपाल फर्केर छप्कीमा बसी कविता लेखेका थिए।छप्की वसाई अवधि बनारसबाट सोमनाथ शर्माद्वारा सम्पादित `सुन्दरी ´ नेपाली पत्रिकामा तिनको `गोपिका चित्त लिने´ समस्यापूर्ति छापिएको थियो ।यसबाहेक छप्की मै बसेर तनले `नमानहारी´र नीला भया चन्द्रमा´जस्ता समस्यापूर्ति प्रकाशित गर्नुका साथै `वियोगिनी विलाप´ र`वैराग्यबल्ली´ नामक कविताहरू पनि `सुन्दरी ´ पत्रिकामा छापिएका थिए। राममणि आ.दी.द्वारा सम्पादित पत्रिका`माधवी´ मा लेखनाथ पौड्यालको `माधवी कुसुमाञ्जलि´ नामक कविता छापिएको थियो । वि०स० १९६६ सालमा `माधवी´ पत्रिकामै तिनको `वर्षाविचार´ लघुकाव्य प्रकाशित भएको थियो। यसरी लेखनकै माध्यमबाट राममणि आ.दी. सँग लेखनाथ पौड्यालको घनिष्टता बढेको थियो। तिनको साहित्य लेखनको यात्रा यसरी नै गाँस ,बाँस र कपासको समस्यासँगै अघि बढ्दै गएको देखिन्छ । संघर्षको क्रममा विभिन्न परिस्थितिहरू आइपरे तापनि तिनले साहित्य सृजनालाई माया गरि रहे।

यसरी नै वि० स० १९६९ मा राममणि आ.दी द्वारा सम्पादित तथा चक्रपाणि चालिसेको एकवटा अनि लेखनाथ पौड्यालको पाँच वटा कविताहरूका संग्रह `लालित्य´ प्रकाशित भयो । यसरी नै बाल पाठ्पुस्तकको रुपमा `शिशुबोधिनी´को निर्माणमा पनि तिनले आफ्नो योगदान दिएका छन्। तिनको कविता लेखन अथवा साहित्य सृजनाको प्रथम खुड्किलोमा राममणि आ.दी. ले विशेष सहयोग पुर्याएका थिए। दरबारमा शिक्षक पेशामा लगाउनु साथै तिनका कविताहरू प्रकाशित गरिदिनु,दरबारमा तिनलाई कविका रूपमा चिनाउनु,विभिन्न प्रकारले सहयोग गर्ने राममणि आ.दी.का कारणले तिनलाई साहित्यिक यात्राको प्रथम भर्याङ चढ्न धैरे सजिलो बनेको थियो । यिनै राममणकै निर्देशनमा कवि लेखनाथ पौड्यालले `भतृहरिनिर्वेद´नाटकको रचना गरेका छन्। वि०स० १९७३ मा तिनको `बुद्दिविनोद´ र `ऋतु -विचार´ खण्डकाव्य प्रकाशित भयो । यसरी नै `गोरखा शिक्षा´ का तीन भागका माध्यमबाट पनि कब लेखनाथ पौड्यालका कतिपय महत्त्वपूर्ण कविताहरू प्रकाशित भएका थिए। तिनले लेखेका `फ्रान्सको राज्यक्रान्ति´ अनि ` महाराणा प्रताप`को पाण्डुलिपि मकैपर्व घटना अवधि

च्यातिदिएको थियो। यसरी नै तिनले वि०स० १९७५ मा दरबारको जागिर छोडेर घरमै बसी साहित्य सृजनमा लागिपरेको बेला `सत्यकलि संवाद´ लेखे। तिनले प्रधानमन्त्री चन्द्रशमसेरका सेवामा भक्तिरसमूलक केही कविताहरू तथा `दिगम्बर- विवाह ´अनि `पार्वतीपरिणय´ नामक दुइवटा नाटकहरू लेखेका थिए। वि०स० १९७८ मा `स्तोत्रावली´ मा दुईवटा कविता अनि `गोरखाशिक्षा´ चौथो भाग (वि०स० १९८०) भित्र तिनका केही कविताहरू प्रकाशित भएका छन्। वि०स० १९८६ मा भीमशमसेरको स्तुतिमा `गीताञ्जलि´ काव्य प्रकाशित हुनका साथै तिनले भीमशमसेरकै प्रेरणा र आग्रहमा `लक्ष्मीपूजा´ नाटक लेखेका थिए । यसबाहेक `पञ्चतन्त्र ´ को अनुवाद पनि गरेका थिए। उनको कविता यात्रा श्रृङ्गार धाराबाट सुरु भएको पाइन्छ । लेखनाथ पौड्यालले`सुक्तिसिन्धु´ को प्रकाशनसम्म श्रृङ्गारिक काव्य रचना गरे। त्यसपछि उनका काव्य कृतिहरूमा परिष्कारवादी आयाम देखा पर्छन्।

## 2.3.2.दोस्रो चरण (वि०स० १९९१ देखि २००७ सम्म)

वि०स० १९९१ सालसम्ममा ५० वर्षको उमेर पुगिसकेका कवि लेखनाथ पौड्याल स्वतन्त्र र सक्रिय लेखनतर्फ अग्रसर देखिन्छ । यसै अवधि `शारदा´ पत्रिका काठमाडौंबाट प्रकाशित हुन्छ। यसै पत्रिकाको प्रथम अङ्कमा तिनको कविता `अरुणोदय´छापिएको थियो। लेखनाथले वि०स० १९९१ देखि श्रृङ्गारिक धारालाई त्यागे। उनका दोस्रो चरणका कविता एवम् लेखहरू `शारदा ´ बाहेक `गोर्खा ´,`उद्योग ´आदि पत्रिकाहरूमा प्रकाशित छन्। यश चरणका उनका उल्लेखनीय कृतिहरूमा` त्याग र उदयको युगल गीत´, `सप्त प्रसारक´,`ऋतुविचार´,`गौथलीको चिरिविरि´,`जीवन चंगा´,`पाटीमा ढाक्रेको पसारो´,`लक्ष्मी पूजा ´,नाटक आदि हुन्। उनका यश चरणका प्रायजसो कृतिहरूमा अध्यात्मवाद पाइन्छ । उनी पहिलो चरणमा भन्दा दोस्रो चरणमा आएपछि साहित्यिक प्रतिभा अझ मौलिएको थाहा लाग्छ। यश चरणमा उनी धेर चिन्तनशील देखिन्छ देशमा ।उनको दार्शनिक आध्यात्मिक जीवनद्दष्टि सबल बनेको छ। दोस्रो चरणमा आएपछि उनका कृतिहरूमा सामाजिक स्वर पनि प्रशस्त रूपमा पाइन्छ । यश चरणमा उनको काव्य रचनामा दार्शनिक ,आध्यात्मिक अनि सामाजिक तीनै तत्वहरूको समावेश पाइन्छ । लेखनाथ पौड्यालका यश चरणका कविताहरूमा अनुष्टुप,वसन्ततिलका आदि

छन्दहरूको प्रयोग पाइन्छ भने यमक,श्लेष जस्ता अलङ्कारहरूको प्रयोग पनि पाइन्छ । यिनका फुटकर कविताहरूमध्ये ` पिजराको सुगा´,`कालमहिमा´,`सत्य -सन्देश ´,जीवन चङ्गा´,`गौथलीको चिरिबिरि´ आदि अविस्मरणीय छन्।

### 2.3.3.तेस्रो चरण (वि०स० २००८ देखि २०२२ सम्म)

वि०स० २००७ साल फागुन ७ गते नेपालको निम्ति विशेष दिन रह्यो । जहाँनिया राणा शासनको विरुद्ध अनि प्रजातन्त्रको पक्षमा भएको क्रान्ति सफल भएको दिन थियो । त्यसको प्रभाव नेपाली साहित्यमा पर्नु स्वाभाविक नै थियोे । लेखनाथ पौड्यालमा पनि त्यसको प्रभाव पर्यो। उनका उल्लेखनीय कविता` अमर ज्योतिको सत्य स्मृति ´,`मेरो राम´,`मेरो किशोर´,`कविताको खोज´,`तरुण तपसी´। यीमध्ये पनि `तरुण तपसी´सर्वोत्कृष्ट कृति हो। यसरी नै उनको `गौरीगौरव´ नाटक तथा कविताहरूका सङ्कलन `लालित्य´(प्रथम भाग) प्रकाशित भएको पाइन्छ । उनले अनुवाद गरेको `अभिज्ञान शाकुन्तल´ वि० स० २०१५ मा प्रकाशित भएको थियोे भने परिष्कृत गरि लेखेको नाटक `भातृहरिनिर्वेद´ वि०स० २०२० मा प्रकाशित भयो। उनले वि०स० २०१९ मा ` गङ्गागौरी´ महाकाव्यको रचना आरम्भ गरेका थिए।

लेखनाथ पौड्यालको तेस्रो चरणको रचनाहरूमा सामाजिक प्रेम,राष्ट्रिय चेतना विकसित हुँदै गएको पाइन्छ ।उनमा अध्यात्मिकता को भाव बढी पाइन्छ। अध्यात्म सँगै विश्वबन्धुत्व पनि पाइन्छ ।उनको अध्यात्मवाद कर्ममा आधारित छ। उनी पूर्वीय दर्शनप्रेमी हुन्। उनको दर्शन आस्तिकवादी हो। लेखनाथको काव्य कृतिले तेस्रो चरणमा आइपुग्दा प्रौढता प्राप्त गरिसकेको भान हुन्छ ।

यसरी नै यश चरणका उनका कृतिहरूमा छन्द चेतना,सर्वाङ्गीन ललितता साथै भाषा-शैली परिष्कृत परिमार्जित भएको छ।

## 2.4. लेखनाथ पौड्यालका कृतिहरूबारे विशेष अध्ययन

कविशिरोमणि लेखनाथ पौड्यालले आफ्नो जीवनकालभरि धेरैवटा काव्यहरू रचेका छन्। खण्डकाव्य ,नाटक ,स्तुतिकाव्य,कविता,महाकाव्य ,अनुवाद क्षेत्रमा

कलम चलाएका लेखनाथ पौड्यालको नेपाली साहित्यमा पदार्पण सँगै आधुनिक युगको सुरु भएको मानिन्छ । उनका काव्य कृतिहरू निम्न छन्-

१.ऋतुविचार (खण्डकाव्य,वि०स०-१९७३

२.भातृहरि निर्वेद (नाटक,वि०स०-१९७४)

३.लालित्य (कविता सङ्ग्रह ,भाग१,

४.बुद्धिविनोद(कविताकृति,वि०स० १९७३)

५.सत्यकलि संवाद( कविताकृति,वि०स० १९७६)

६.अमर ज्योतिको सत्य स्मृति (शधक काव्य,वि०स० २००८)

७.अभिज्ञान शकुन्तल(अनुदित नाटक,वि०स० २०१५)

८.लक्ष्मीपूजा (नाटक,वि०स०१९९४)

९.मेरो राम(खण्डकाव्य,वि०स० २०११)

१० गङ्गा गौरी(महाकाव्य )

११.तरुण तपसी (नव्यकाव्य,वि०स० २०१०)

१२.सत्यस्मृति(वि०स० २००८)

१३.पञ्चतन्त्र(नेपाली अनुवाद)

१४.त्याग र उदयको युगल गीत (स्तुतिकाव्य,वि०स० २०२०)

१५.भाग २-२०२५-गीतासार- श्रीमद्भागवत गीताको भावसार

१६.मेरो किशोर (वि०स० २०१०)

१७.कविताको खोज (वि०स० २०१०)

यसबाहेक उनका थुप्रैवटा फुटकर कविता एवम् रचनाहरू प्रकाशित छन्।उनको आएपछि नै नेपाली कविता साहित्यमा परिष्कारवादी धाराको सूत्रपात भएको मानिन्छ । यस अध्यायमा कविशिरोमणि लेखनाथ पौड्यालका कृतिहरूबारे संक्षिप्तमा अध्ययन गरिने छ।

## 2.4.1.`तरुण तपसी´ को अध्ययन तथा विश्लेषण

`तरुण तपसी´ लाई विभिन्न विद्वानहरूले आ-आफ्नै प्रकारले व्याख्या गरेका छन्। `साहित्य प्रदीप ´ का लेखक सोमनाथ सिग्देलले यसलाई खण्डकाव्यका रूपमा मानेका छन्। यसरी नै अर्का विद्वान कुमारबहादुर जोशीले `तरुण तपसी´ लाई खण्डकाव्य भनेका छन्। विद्वान राममणि रिसालले यसलाई आधुनिक प्राकृत महाकाव्य भने वासुदेव त्रिपाठीले नव्यकाव्य भनी मानिलएका छन्। नाट्यसम्राट

बालकृष्ण समले यसलाई नव्यकाव्य भनेका छन् भने लेखक लेखनाथ पौड्याल स्वयंमले पनि यसलाई `नव्यकाव्य´ भनी मानेका छन्।

### क) तरुण तपसीको संरचना आयाम र प्रबन्ध विधान :

लेखनाथ पौड्यालले ` तरुण तपसी´मा व्यञ्जनात्मक ढङ्गमा मानव सभ्यताको विकासबारे चर्चा गरेका छन्। संरचनात्मक दृष्टिकोणले हेर्नु हो भने ` तरुण तपसी´ वर्णनात्मक शैलीमा लेखिएको लेखिएको छ। यसमा १९ सर्ग अनि लगभग ५८५ श्लोकहरू छन्। यसमा १८ श्लोक योगिनी छन्दमा छ भने १९ औँ विश्रामसम्मका श्लोक मालिनी छन्दमा रहेको छ। अन्य सबै नै शिखरिणी छन्दमा राखिएको छ। यसैकारण `तरुण तपसी´ को प्रबन्ध विधान सबल बनेको छ। त्यसर्थ प्रबन्ध विधानको दृष्टिले हेर्दा कवि पात्र तरुण तपसीको रुपमा रहेको पाइन्छ । यसो भए तापनि मूल प्रतिभा यसको आत्मकथा हो। यसैमा ` तरुण तपसी´ ले अभिव्यक्तिको विस्तृत शक्ति प्राप्त गरेको छ। कविशिरोमणि लेखनाथ पौड्यालले यश काव्यमा समाजको प्रत्येक व्यक्ति कर्मयोगी र ज्ञानयोगी बन्नुपर्छ भन्ने विचार पोखेका छन्।

### ख) तरुण तपसीको सामाजिक पक्ष

तरुण तपसीको सामाजिक पक्षबारे अध्ययन गर्दा यसमा पूर्वीय आर्यकालीन समाजको चित्रण वर्णन र अर्को विशौँ शताब्दीको मानव समाजको वर्णन चित्रण पाइन्छ । प्राचीन समयमा समाजको स्तर उच्च थियोे । छलकपटविहीन समाज थियो। प्राचीन जनजीवन अध्यात्ममा बढि लीन भएको तथा साँस्कृतिक मूल्य मान्यतालाई उच्च स्थानमा राखिएको थियो। तर बिस्तारै प्राचीन समयदेखि यहाँसम्म आइपुग्दा मानव जीवन नष्ट भ्रष्ट बनेको स्थितिमा छ। मानवता ,अध्यात्म आदिको कदर छैन। लेखनाथ पौड्यालको `तरुण तपसी´ले पूर्वीय आध्यात्मिक दर्शनलाई आत्मसात् गर्दै सामाजिक पक्षलाई पनि उदाङ्ग पारेका छन्। काव्यमा काव्यकार लेखनाथ पौड्याल द्रष्टा र भोक्ताका रूपमा छन्। उनले संसारलाई जे जस्तो देखे,जस्तो भोगे,ती सम्पूर्ण अनुभव आफ्नो अभिव्यक्तिको रूपमा दिएका छन्। यसैकारण`तरुण तपसी´ लाई मानव सभ्यताको सर्वेक्षण पनि भन्न सकिन्छ ।

- पूर्वीय प्राचीन आर्यकालीन समाजको चित्रण वर्णन- पूर्वीय प्राचीन आर्यकालीन समाजको चित्रण वर्णन गर्दा कवि लेखनाथ पौड्यालको विचारमा आर्यकालीन समाज सरल,सरस अनि सहजतापूर्ण जीवन प्रणालीमा

आधारित थियो। उनीहरुमा विश्वास ,माया,ममता ,स्नेह जस्ता सद्भावना र विश्वप्रेमको भावना प्रबल थियो। विषय वासना र भौतिकताको साटो शान्ति र सौरभको साम्राज्य खडा थियो भन्ने विचार लेखनाथ पौड्यालको `तरुण तपसी´ को १.१६ सर्गमा यसरी देख्न सकिन्छ-

`नयो धावा-पृथ्वीमय भुवनको भास उसमा
न ता वोक्रे मैला विसय सुखको प्यास उसमा
आहा!! त्यो स्वर्गीय स्फटिक रुचिभन्दा शतगुण
थियो कस्तो कस्तो अमृतमय निष्कञ्चनपना ।´

प्राचीन नेपाली आर्य समाजमा दया,मित्रता,श्रद्धा जस्ता सदगुणहरू कायम थियो । सभामा समानताको भाव लिएर आदर्शको राज कायम थियो। भोग विलासलाई त्यागेर तपस्याको माध्यमद्वारा आत्मा शुद्धि गरेर  जगतमा ऐश्वर्य र शान्तिको राज विद्दमान थियो । यसलाई कवि लेखनाथ पौड्यालले `तरुण तपसी´ को १.२७ श्लोकमा यसरी लेखेका छन्-

` दया,मैत्री,श्रद्धा ,प्रणय रसले मित्र रसिलो
तपस्याले बल्दो तर हरघडी शान्त हँसिलो
प्रभा उनको हेर्दा हृदयसब भो गद्गगद् अति
तुरुन्तै श्रद्धाले कविकन लगायो कुतकुति ।´

त्यस समयका समाजमा साना-ठूला,उच्च -नीचको भेदभाव थिएन ।एउटा समानताको रेखा तेर्सिएको थियो। त्यस समयका मानिसहरू स्वारर अहम् रहित थिए। उनीहरूमा मानिस भएर जन्मेपछि परेको बेला एक- अर्कामा दुःख बाट्ने,सहयोग गर्ने विवेक थियो ।यहीँ कारणले उनीहरू असामानता र भेदभाव जस्ता कुराहरूलाई घृणा गर्थे। संसारलाई भोग्नुपर्ने बाध्यता सबैको एउटै भएकोले हिंसा त्यागेर जगतलाई शान्त राख्नु उनीहरू आफ्नो कर्म ठान्दथे। लेखनाथ पौड्यालले तरुण तपसी मा यसप्रकारको भाव २:६,७:९ र १० श्लोकमा प्रष्ट पारेका छन्-

२.६ श्लोकबाट

`ठूला साना प्राणी चतुर विधिका सन्तति सब
सबैको साझा हो प्रकृति गुणको योग्य विभव
सबै हाँसून्, खेलुन् सरल रसिलो जीवन धरी
धारालाई पारी प्रणय रसले देव नगरी।´

Notes

विभिन्न किसिमको सद्भावनाले समाज सुसंस्कृत र सभ्य थियो। आर्यसमाजी मानिसहरूले `मै खाउँ,मै लाउँ,सुख शैलमोज मै गरुँ ´ भन्ने किसिमको स्वार्थी भावना थिएन । क्षणिक जीवनमा सबै मिले प्रेमभावमा बसौँ अनि आफ्नो जगलाई सुन्दर पारौँ भन्ने विचार बोकेका उनीहरूमा आडम्बरीपन थिएन । अध्यात्म ज्ञान अनि चिन्तनले जगलाई सुन्दर बनाउन यश कालका मानिसहरू लागेका थिए। जीवन क्षणिक छ,नश्वर छ भन्ने कुराको वोधले असल काम गरेर परलोकको निम्ति आत्मा शुद्धि गर्थे। अध्यात्मको गहिराइमा डुबेर इश्वरको वन्दनामा लीन भएर,परस्परमा भातृत्व साँचेर  जीवन र जगतलाई नैसर्गिक उत्थानतर्फ डोहोर्याइरहेका थिए। उनीहरूको एउटामात्र लक्ष्य  ब्रह्मत्व प्राप्त गर्नु थियो । यश किसिमको चित्रण ४:२४,श्लोक तथा ५:८,९,६:७,२४ र २९ श्लोकमा पाइन्छ –

४:२४ श्लोकबाट

`लिइ श्रद्ध एकै परहित -महामन्त्र जपको
बनी खम्बा जस्तो कठिनतम त्यो दीर्घ तपको
गरे जस्तो मैले जुन जति कुराको अनुभव
म त्यो जम्बाजम्बी कहन कसरी शक्तछु अब?´

परोपकारी भावनाले प्राचीन कालका मानिसहरू ओतप्रोत थिए। उनीहरूले पर-भावनाको निम्ति आफ्नो जीवन उत्सर्ग गरेर जगतको रक्षा गरेका थिए। निःस्वार्थी भएर पर-मानवको दुःलाई आफ्नै दुःख सम्झेर त्यसको भोग गरिदिने चरित्रको विषयमा लेखनाथ पौड्यालले ११.७ श्लोकमा यसरी लेखेका छन्-

`स्वयं निःस्वार्थी भै विपद अरू कै नीति सहने
तपस्वी चोलाको विधि नियम हो शान्त रहने
यही सम्झी मैले अति कठिन यो पीडन सहे
बुझी देवी लीला सब विलाखमन्दमै परिरहे।´

- वीसौँ शताब्दीको मानव समाजको चित्रण वर्णन : वीशौँ शताब्दीमा पुञ्जीवादी समाजको उदयले आर्थिक विपन्नता र असमानतामा पिल्सिनु परेको मानव समाजका चित्रण कविले गरेका छन्। मानव यात्रामा युग-युगका तपस्वीहरूले आध्यात्मिक क्षमताको ज्योति जगाउन खोज्दा-खोज्दै पनि गुणमय प्रकृति (वाह्य र आन्तरिक दुवै) का प्रवृत्तिको प्रभावबाट उम्किन नसकी विसमताको क्रीडा क्षेत्र बनेको कथा ८:१५ श्लोकमा पाइन्छ –

` कुनै बेला ढाक्रे कृषकहरूकै आदर गरि
लगी गाग्री गाग्रारूबिच मीठो सर्वत भरी

कहन्थे यो खाउ पथ-जनित गर्मी मत्थर होस्

म भन्थे त्यो सुन्दा मनुज मति यस्तै स्थिर होस्।´

`तरुण तपसी´ मा दशौँ र एघारौँ विश्राममा पुञ्जीवादी अर्थतन्त्रको आधारशीला देखाउदै तरुण तपसी त्यही आधारशीलालाई मानव जागरणलाई उप्काउन र तोड्न चहान्छन् ।पुञ्जीवादी समाजको निर्माणसँगै धनी -गरीबको भेद बढेको छ। खटिखाने मानिसहरूको पसिनाको कुनै मूल्य रहँदैन,तर अझ खटिखानेहरूलाइ नै हेपेर कङ्गाल बनाइन्छ । यस्तो अवस्थामा मानिसले खुख शान्ति पाउनु सम्भव छैन। यस्ता अर्थनीतिले ग्रस्त सङ्कटकालीन स्थितिको कथा `तरुण तपसी´ को ९:२७,४:५,१०:२० श्लोक आदिमा पाइन्छ ।

यश युगमा शोषण बढिरहेको छ। आर्थिक ,सामाजिक ,शैक्षिक ,राजनैतिक विषमताको बढ्दो स्थिति ले मानिसहरू मर्कामा परिरहेका छन्। वर्ग संङ्घर्ष विश्वमा चलिरहेको छ।यस्तो वर्ग संघर्षको मात्रा विश्वमा प्रतिदिन बढिरहेकोबारे कवि विह्वल बनेका छन्। कार्ल माक्ले यस वर्ग संघर्षको निरुपणमा साम्यवादको माध्यमद्वारा विश्वमा समानता ल्याउन खोजेका छन्। तर युगको यस्तो जल्दोबल्दो प्रश्नमा चिन्तित बनी उनी लेख्छन्-

`जती  जसले जान्थ्यो गरमा पसिना टिप्र अरुका

उती  उसको देखें वजन अथवा मन गुह्रका

जती जसले थाल्यो गरम पसिना भूमि तलमा

उती उसको देखे वजन हलुका मर्त्य कुलमा।´

वीशौँ शताब्दीको समाजमा धन जम्मा गर्ने मनोवृत्तिबाट क्रय-विक्रयको दूषित प्रथा चल्यो भन्ने विचार कवि लेखनाथ पौड्यालको रहेको छ। धनको निम्ति धर्म र इमान ठग्ने,शोषण गर्ने र यस्तै कुकृत्यले प्रोत्साहन पायो। यसैमा कविको गुनासो यस्तो छ-

`सत्य श्रम र पसिनाको भर परेर

जीवीका उपार्जन गर्नु आदर्श हो

चोर्नु-चुस्नु र शोषण गर्नु अन्याय हो।´

यश आदर्शबाट वर्जित  भएको क्रय-विक्रय र धन सञ्चय गर्नलाई नै निको नमानेर यसमा मानवता मरेको तिनले देखे। समाजप्रति कविको यो हेराईमा बौद्धिकता होइन सामूहिक कल्याण र सामाजिकता छ।`म´ को व्यक्तिगत इच्छा र चाहनाको बढ्दो बौद्धिकता,सामूहिकता हराएर घिनलाग्दो स्वार्थले ढाक्न थाल्यो। यस्तो स्वार्थ ,जुन क्षणिक र नश्वर हुन्छ ।अन्त्यमा एकदिन सबैले मर्नुपर्छ। यसैकारण `म´

Notes

को व्यक्तिगत स्वरुपलाई सामाजिक न्याय निष्ठा र सामुहिक मान्ने कुरा तिनले हामीमा प्रत्यारोपण गर्दै १८:२८ सर्गमा यस्तो लेखेका छन्-

`मै खाउँ,मै लाउँ सुख सयल वा मौज म गरुँ
म बाँचू,मै नाँचू अरु सब मरून् दुर्वलहरू
भनी दाह्रा घस्ने अबुझ शठदेखी छलकपरी
चिता खित्का छोडी अभयसित हास्यो मरिमरि।´

नेपाली समाजमा ठूलाले सानालाई दबाउने प्रवृत्तिको निन्दा पनि कविले यश काव्यमा व्यक्त गरेका छन्। नेपाली समाजमा कुनै परिश्रम गर्न ढाक्रे र कुनै कृषक जस्ता व्यक्ति छन्। कोही कुनै काम नगरीकन पुर्खाले गरेको कामको फल भोगेर चैनले दिन बिताइरहेका छन्। त्यस्ता व्यक्तिले पनि काम गरेको खण्डमा गरीबहरूको शोषण हुने थिएन भन्ने तिनको भनाई छ। ठूलाले सानालाई दबाउने,हेप्ने प्रवृत्ति हराएमा मात्र समाज सुखी हुने कवि लेखनाथ पौड्यालको विचार छ। उनीअनुसार यदि यस्तो हेपाहा प्रवृत्ति नहट्ने हो भने अनि `जसको शक्ति उसको भक्ति´भन्ने भाव लिएर स्वार्थी कर्ममा  लागिरहने हो भने संसारमा सुख शान्तिको वातावरण कहिले बनिने छैन।

चौथो विश्रामबाट मानव यात्रामा धर्म विकृति वा रूढि अन्धविश्वासका  वृद्धिले मानव चैतन्यका पतनमा खेलेको भूमिकाको आभास हुन्छ । पूजाआजाको विषयमा पनि कविको मतमा समाजले गल्ती बाटो पक्रिन खोजेको छ। वास्तवमा उनी हिंसाविरोधी थिए। मानव समाजमा चलिआएको अन्धविश्वास र वलिवेदीमा गरिने हत्याकाण्डका अज्ञानतामा आधारित धर्मकाण्डको भत्सर्ना गर्न चहान्थे। उनी धार्मिक आडम्बरलाई महत्त्व नदिई ज्ञानलाई महत्त्व दिन्थे र निराकारको उपासना नै ज्ञानीले गर्ने सच्चा उपासना हो भन्ने विचार प्रतिपादन गर्नु उनको उदेश्य देखिन्छ। धर्मध्वंशी शोषकहरूका चरित्रलाई तरुण तपसी को १४:२३ श्लोकमा कवि लेखनाथ पौड्याल यसो भन्छन्-

`निचोरी निर्धाका रगत पसिना घूस बटुली
ठूलो पूजा सामासहित लिइ बोकाहरू वलि
कुनै पूजा गर्थे जननी सुखि होऊ भनिकन
म रुन्थे त्यो देखी मनुज मतिको उग्र पतन।´

श्लोक १९:२८ मा कविले वीशौँ शताब्दीका  मानव समाजमा घटिरहेको ठग,चोरी ,डाका,कपट,घृणा आदिको वयान यसरी गरेका छन्-

`ठगी चोरी,डाकाहरू किसिमको झेल बखडा

कुटामारी,गाली ,कपट,कटुता,वैर झगडा
घृणा,ईष्र्या,हत्या  प्रभृति जति छन् दुर्गुण कडा
सबैको मूलैमा अधम सरुवा सञ्चय खडा।´

चौदह विश्रामको अन्त्यमा विज्ञानको उदयले विश्वलाई छुन खोजेको कुरा देखाउदै `तरुण तपसी´ ले खोक्रो धर्म र चट्की विज्ञानवीचको भिडन्तमा युग सङ्क्रमणमा परेको मानव कथालाई सङ्केत दिन्छन् । भौतिकवादले अध्यात्म र।धर्मलाई जितेको तथा संहारकारी विज्ञान फैलिएको तिनी मान्छन्। सुख सयलका मोहमा मानवता र अध्यात्मिक चेतना सुसाइरहेको तिनले अनुभव गर्छन्। यस्तो मानव वर्तमान वा इसाको वीशौँ शताब्दी देखेर तँ-त को मुक्त चैतन्य अठ्ठाहास गर्नपुग्छ। तिनी तरुण तपसीको श्लोक २८:२४ मा यस्तो लेख्छन्-

` ठूला साना प्राणी,मनुज,पशु,पक्षी कृति तक
सबै हाँसे,हाँस्यो समयगति खोलेर पल्क
धमिलो भोगा सुकिला सकलतिर हाँस्यो र सबको
हँसायो चौतर्फी क्षणिक सुख-सौन्दर्य भवनको।´

`तरुण तपसी´ को सामाजिक सन्दर्भमा  विद्वान डा०वासुदेव त्रिपाठी लेख्छन्- "तरुण तपसीको कथाभित्र मानवताको कथा छ।हिंसाको कथा छ। यहाँ पुञ्जीवादी विकासको परिचर्चा छ,धर्मको भत्सर्ना छ यहाँ तथा कति धर्म र अन्धोविज्ञानको द्वन्द्व र युद्ध छ यहाँ।"

## *ग) तरुण तपसीको विषयवस्तु र प्रबन्ध विधान*

`तरुण तपसी´ मा कान्तविरही कवि वृक्ष र तरुण तपसी पात्रहरू छन्। कान्तविरही र तपस्यातिर उन्मुख कवि अनि तरुण भित्र अन्तर्निहित तपसीकै माध्यमबाट यो नव्यकाव्य निर्मित छ। उनीहरूकै अभिव्यक्तमा मानव सभ्यताको इतिहासको सर्वेक्षण भएको छ। पूर्वीय आर्यकालीन मानव सभ्यताको अध्यात्म र दार्शनिक चिन्तन साथै वीशौँ शताब्दीको मानव समाजमा पुञ्जीवादी उदयले वर्ग सङ्घर्षको स्थिति आइपरेको विज्ञानको उग्रतर उन्नतिले धर्मको विनाश भएको,शोषण र अत्याचारको उद्भव हुन गएको घटनालाई श्रृङ्खलाबद्ध गरेर छर्लङ्ग्याएका छन्।

- **तरुण तपसीको शिल्प विधान र भाषा शैली**

लेखनाथ पौड्यालको आफ्नो काव्य यात्राको थालनीदेखि नै शब्द खेलाउन सिपालु छनण। उनका शब्दहरू अनुप्रास र अनुकरणात्मक शब्दको संयोजनले चम्किएको पाइन्छन् । जस्तै १४:५ श्लोकमा –

` म भग्थे वर्षेनी जुन विभवले चोट अरूका
लुछिन्थे,लाछिन्थे,उहीँ सब भयो कारण फुका
छुच्चो लठ्ठा अटल गजधम्मे बनिकन
म लागे एकाकी फगत उहीँ सुख दिन।´

लेखनाथ पौड्यालको भाषाशैलीबारे महाकवि लक्ष्मीप्रसाद देवकोटाको भनाइलाई यहाँ अघि सार्न सकिन्छ -"नेपाली भाषालाई सफा गर्ने,सिंगार्ने र एक अनुपम सुन्दरी बनाउने काम पहिले कसले गरेको थियो यस विषयमा उहाँको ऐतिहासिक स्थान र साहित्यिक मूल्यमा न पहिलेका र पछिको कवि सायद आउन सक्ने छन्।" लेखनाथ पौड्यालले तरुण तपसीमा तत्सम शब्दको प्रयोग १०:१५ मा प्रयोग गरेको पाइन्छ-

`सबै आउन् पाउन कठिन तपको उज्ज्वल फल
नहोस् तेरो मेरो भनी कलह युद्ध खलवल
म भन्थे त्यो सारा पटु पवन म्यानेजर बनी
सबैलाई दिन्थ्यो कहकनाथ विज्ञापन पनि।´

यसबाहेक तरुण तपसीमा साधारण नेपाली बोलीचालीका शब्दहरू तथा आगन्तुक शब्दहरूको प्रयोग पनि प्रशस्त पाइन्छ । यसका भाषा सरस,सरल,सहज र परिष्कृत एवम् परिमार्जित साथै विषयअनुरुप पाइन्छन्। यसमा फ्यातुलो शब्दको प्रयोग छैन।

- **छन्द र लय विधान**

लेखनाथ पौड्याललाई मूलरूपमा रसवादी कविका रुपमा मानिन्छ। रसवादी कवि हुनुका साथै उनी अलङ्कारवादी कवि पनि हुन्।लेखनाथका कृतिहरूमा काव्यलाई सुहाँदिलो अलङ्कारहरू प्रयोग गरेको पाइन्छ । काव्य यात्राको सुरुबाट नै विभिन्न अलङ्कार आदिको विशेष प्रयोग गर्ने लेखनाथको अलङ्कार प्रयोगको कला तरुण तपसीमा स्पष्ट देखिन्छ । तरुण तपसीमा तिनले यमक,श्लेष,उपमा,रूपक,समाशोक्ति,प्रत्पेक्षाजस्ता अलङ्कारहरूको प्रयोग गरेका छन्।

- **तरुण तपसीमा लेखनाथको कवित्वको स्तर**

तरुण तपसी नव्यकाव्यको माध्यमबाट कवि लेखनाथ पौड्यालले जीवन जगतलाइ रमणीय बनाउने अनि परलोक सुधार्ने  आध्यात्मिक भाव दर्शाएका छन्। यसको शिल्प विधानलाइ गहन अध्ययन गर्दा लेखनाथले दर्शन जस्तो विषयलाई कोमल ढङ्गमा सरल तरिकाले प्रस्तुत गरेका छन्।

यस काव्यमा जगत केही होइन ,केवल मिथ्या हो भन्ने भावलाइ विशेष रूपले आत्मसात गरेको छ। भावपक्ष र शैलीपक्ष दुवैको सन्तुलनमा कुनै कसर नराखेका लेखनाथका `तरुण तपसी´ लाई उत्कृष्ट काव्य मान्न सकिन्छ । विश्वमा हराउदै गएको मानवतावाद,अध्यात्मवाद आदिको पक्षमा वकालत गर्ने यश काव्यमा आर्थिक विषमता,शोषण आदिलाई समस्याका रूपमा अघि राखिएको छ। विद्वान ठाकुर पराजुलीले लेखनाथ पौड्यालको लेखनाथ पौड्यालबारे यसो लेखेका छन्- "सहजता र कृत्रिमता बीचको शैली नै लेखनाथको शैली हो। जहाँ परिष्कार र ह्रदयस्पर्शी दुवै गुण छ। संक्षेपमा दार्शनिक,सौन्दर्य,स्वभाविक जीवनका नैतिक रेखाङ्कन र आध्यात्मिक अनुप्रयोगप्रति जागरुक रहनु तिनको सन्देश हो। पूर्वीय चिन्तनको प्रकाशमा विश्व वन्धुत्वको भाव र मानवतावादी विचारको उन्मेष गराउनु कविको उदेश्य हो।" यसरी नै अर्का विद्वान डा० वासुदेव त्रिपाठी यस्तो लेख्छन्-"लेखनाथको तरुण तपसी नव्यकाव्य विचारको प्रकर्ष र शैलीको उत्कर्ष हुँदा हुँदै पनि भावादि उपलब्धि हो।तरुण तपसीको विचार भाव र शैली संश्लिष्ट भएको पाइन्छ ।"

## घ) *तरुण तपसीमा अध्यात्म दर्शन*

तरुण तपसी प्रतीकात्मक नव्य काव्य हो। परोपकारी बृक्षको इतिवृत्तसँग तरुण तपसीको  जीवन इतिहासलाई अभेदारोप गरि प्रतीकात्मक ढङ्गले  यश काव्यको कथावस्तु झ्याङ्गिएको पाइन्छ । लेखनाथको तरुण तपसीको धरातल पूर्वीय आस्तिक दर्शन हो। यसमा योग,साङ्ख्य र वेदान्त दर्शनको त्रिकोणीय सम्बन्ध रहेको पाइन्छ । यश जगतको सबै मिथ्या हो।मानिसको शरीर नश्वर छ।यश पृथ्वीको माया मोहमा लाग्नु भन्दा इश्वरको ध्यानमा लीन हुनु  असल हो भन्ने कुरालाइ मान्दा मान्दै भएपनि लेखनाथले काव्यमा गीताको कर्मवादी दर्शनलाई आत्मसात गरेका गरेका छन्। उनले यश पृथ्वीका मानिसहरूले परम ब्रह्म तत्त्व

प्राप्त गर्ने उदेश्य राख्दै यश पृथ्वीमा आफ्नो कर्तव्य पालन गर्ने आग्रह यसरी गर्छन्-

`यतालाई विश्वप्रेमी बन मतलबी भाव नधर
उतालाई सोझै अमर पदवी हाँसिल गर।´

अध्यात्मदर्शनको नेपाली काव्यमा सहज सृष्टि लेखनाथको तरुण तपसीमा हुन सकेको पाइन्छ । अद्वैतवादी दर्शनको गहिरो छाप र अन्तिम पुरुषार्थ -प्राप्तिको ध्येय बोकेको उनको प्रस्तुत नव्यकाव्य नेपालीका संस्कार र संस्कृतिशीत साक्षात्कार गर्दै बगेका पाइन्छन्। उनको  साठी वर्षभन्दा बढीको काव्यासाधना,ज्ञानको आँखा खोलिदिने अटल निष्ठा अनि जीवनमा प्रवेश गरेर फुटाएको अनुभूतको सबलता नै लेखनाथीय काव्य संसारमा भेटिने दार्शनिक प्राप्ति हुन्। परब्रह्माको अद्वैतता,आनन्दमय चैतन्ययुक्तता र अनिवर्चनीयता लेखनाधीय दर्शनका मूल लक्ष्य हुन्। उनले दर्शनलाई यसरी सहजसित बुझाएका छन्-

`सुधाको त्यो झर्ना,कवि हुन गयो सीकर सरी
थियो त्यो शोभाको जलधि,कविजी मञ्जुलहरी
मिठो त्यो मिश्रीको रस,मधुर मिश्री कवि थिए
आहा!! कस्तो कस्तो अगम छविमा तन्मय भये।´

विद्वान समालोचक राममणि रिसालले "बिना दर्शन उनका कविताको दर्शनै पाइँदैन " भन्ने मत जाहेर गरेका छन्। लेखनाथ पौड्यालको विचारअनुसार आजको विज्ञानको नक्कली रुपमा दैवीगुणको अभाव छ। त्यसर्थ भौतिकवादी विज्ञानको नशा सकिएपछि खुल्ने आत्मज्ञानको पराकाष्ठा र आनन्दमय परमतत्वको प्राप्ति मानवको उदेश्य र अन्तिम पुरुषार्थ हो भन्नेमा अडेको देखिन्छ ।

तरुण तपसीमा विज्ञानको वखान छ। वहिर्मुखी ज्ञानको प्रभाव समाजमा बढेकाले अन्तर्मुखि ज्ञानको ह्रास छ। आजको जडवादी संसारमा अज्ञानता अति नै उर्लिएको छ।काव्यकारले विचार यसरी देखापर्छ-

` कठै!! त्यसले गर्दा कठिन जडवादीपन बढ्यो
कुनाकानी दैवी गुण जति थियो त्यो सब उड्यो
घुम्या मेरो माया,गम अगमतामा बद्लियो
बग्यो आँशु,आँखा  किन किन बिझ्रायो,धमिलियो।´

विज्ञानको रिमीझिमीमा स्थायित्व छैन। यान्त्रिकताभित्र क्षणिकता छ। त्यसैले विज्ञानमा शाश्वतता देखिदैन। यसरी नै अर्कोतिर धर्मको सही अर्थ नबुझी अन्धविश्वासमा लागपरेका मानिसहरूलाई लेखनाथले सम्झाउन चाहेका छन्। आफू मात्रै माथि पुग्ने,सम्पन्न हुने ,आफुमात्र खाने,मोज गर्ने,आफूचिन्ते व्यवहार भएका  मानिसहरूले समाजलाई भाँडिरहेका छन्। चटक अनि देखाउने धर्म र नक्कली विज्ञान दुवैको तिनले भत्सर्ना गरेका छन्।आदर्शमय ससत्यको खोजीमा तिनी लेख्छन्-

`थियो  जस्तो पैले चटकमय त्यो धर्म नकली।
जुट्यो उस्तै आई चटकमय विज्ञान नकली ।।
दुवै  लागे ठाउँ भिडिन सबको शक्ति विधिमा।
म डूबें त्यो देखी अति गहन चिन्ता -जलधिमा।।´

प्रस्तुत काव्यमा कवि लेखनाथ पौड्यालले पूर्वीय आस्तिक दर्शनलाई अँगालेर सामाजिक विसङ्गतिमाथि प्रहार गरेका छन्। तरुण तपसीले लेखनाथलाई नवीन तथा आधुनिक विषयलाइ वहन गर्ने काव्यकारका रुपमा स्थापित गराएका छन्। अध्यात्म ज्ञान,दर्शन आदि,विशेष गरि पूर्वीय दर्शनको सीमावरिपरि रहेर।लेखनाथले तरुण तपसीलाइ सिँगारेका छन्। समालोचक राममणि रिसालले कवि लेखनाथ पौड्यालको काव्यकारिताबारे  टिप्पणी गर्दै यस्तो लेखेका छन्-" लेखनाथ धनी छन् नेपाली काव्य संसारमा,लेखनाथ काव्यमहर्षि छन्-आदर्शमय अध्यात्मवादको सत्यसन्देश दिनमा । त्यस्तै लेखनाथ विशिष्टतम छन्-पदरचनाको मधुरता र रसग्राही कवितात्मकताका सन्दर्भमा ।"      तरुण तपसीमा मानवप्रेम ,अध्यात्मचेतना,तथा पूर्वीय दर्शनको बाहुल्य छ।

## 2.4.2.ऋतुविचारको अध्ययन तथा विश्लेषण

कवि लेखनाथ पौड्यालले  वि०स० १९७३ मा नै लेखी प्रकाशित गरेको `ऋतुविचार´ प्रकृति काव्य हो। यसको संशोधित  र परिष्कृत संस्करण वि०स० १९९१ मा प्रकाशित भएको पाइन्छ । काव्य लेखन यात्राको पहिलो खुड्किलो चढ्दै गर्दा नै प्रकृतिकाव्यका रुपमा लेखी प्रकाशित गरेको `ऋतुविचार´विशेष परिवर्धित र संशोधित रूपमा वि०स० १९९१ मा पाठकसामु आएपछि अध्ययन र चर्चाको निम्ति संशोधित नयाँ संस्करण नै उपर्युक्त रह्यो । नेपाली काव्यजगतलाई अमर काव्य कृतिहरू दिन सक्षम कविशिरोमणि लेखनाथ पौड्यालको

`ऋतुविचार´पहिलो नेपाली प्रकृति काव्य हो। यो काव्य अनुभूत र अभिव्यक्तिका दृष्टिले उत्कृष्ट छ। लेखनमा प्रौढ एवम् साधनासिद्ध कविको कलमबाट जन्मिएको यो काव्य संस्कृतका लेखक कालिदासको `ऋतुसंहार´तथा अन्य ऋतु वर्णनात्मक काव्यबाट प्रेरित भए तापनि निजत्व गुणले परिपूर्ण छ र मौलिकता पनि छ। यश कृतिले कवि लेखनाथ पौड्यालको सशक्त चरणलाई काव्यको धरातलमा दृढतापूर्वक गाडिदिएको मात्र होइन,उनको  काव्यधारामा आएको मोडको चिनारीसमेत गराएको छ। `ऋतुविचार´ ले लेखनाथको कल्पनाशक्ति र सौन्दर्यचेतनालाई प्रकाशमा ल्याएको देखिन्छ । यस कृतिमा भाव,विचार अनि कल्पनाजस्ता तत्व र शैली शिल्प नवीन रूपमा देखा परेको छ।  काव्यमा लेखनाथको पर्याप्त परिपक्व प्रकृति दृष्टि ,नैतिक ,साँस्कृतिक ,सामाजिक ,दार्शनिक धारण ,परिष्कृत अनुभूति ,अत्यन्त विकसित-उदबुद्ध  उद्भभावना-कल्पनाले सबल रुप लिएका छन्। यसमा भाषाको प्राञ्जलता,शैलीमा सरसता,भावमा गहनता,कल्पनाको नौलो छटा र दर्शनको प्रखरता जस्ता ती सबै विशेषताहरू पाइन्छ,जुन लेखनाथले नेपाली कवितालाई प्रदान गरेर यसको स्तरलाई उचालेका छन्। तिनी हलन्त बहिष्कार अभियानमा योगदान दिएको र छन्दलाई सुसंस्कृत र सुहाउँदो पार्ने प्रयासको सङ्केत यसमा पाउन सकिन्छ –

`हेरी नशकनू पारी पर्खाल बडे-बडे।
नेपाली कविले खुट्टा काटुका झैँ लडे।। ´

ऋतुविचार लाई अध्ययन गर्दा अनि यसको विश्लेषण गर्नुपर्दा तीनवटा पक्षमा बाँटेर अथवा तीन पक्षलाई  अघि सारेर सिङ्गोपाङ्गो अध्ययन गर्न सकिन्छ ।

**क)  ऋतुपरिचय भाग**

**ख)  सौन्दर्य पक्ष**

**ग) नैतिक-अध्यात्मिक सन्देश**

**2) ऋतुपरिचय भाग**

कवि लेखनाथ पौड्यालले प्रथममा प्रत्येक ऋतुको मौसम अनुसारको स्थितिको सम्पूर्ण परिचय दिँदै विषयवस्तुलाई उठान गरेका छन् अनि जीवन र जगतमाथि पर्ने त्यसको भौतिक र मानसिक प्रभावको उल्लेख गरेका छन्।सुरुमा बसन्त-वर्णन हेरौँ-

`हिमालमा गयो जाडो लोक आनन्द देखियो
उदायो रसिलो ऋतुराज वसन्त यो।´

वसन्त ऋतुको वर्णन तिनले यसरी गरेका छन्। जाडो अनि गर्मी समान रहने बताउँदै लेखनाथले वसन्त ऋतुको समयमा विभिन्न प्रकारका फुलहरू फुलेर वातावरण नै सुन्दर हुने विषयमा चर्चा गरेका छन्। कोइली अनि विभिन्न थरीका चराचुरुङ्गीहरूको उपस्थितिले धरती स्वर्ग झैँ बन्न पुगेको अवस्थालाई कविले सुन्दर ढङ्गमा प्रस्तुत गरेका छन्। वसन्त ऋतुको मधुमय परिवेशमा पशुपक्षी,लताबृक्षअनि मानवजाति सबैमा आनन्द र प्रेमभाव सञ्चार हुने उनी लेख्छन्। भमरा,पुतलीहरूले फुलको रसमा हक जमाइराखेको अनि हरिण - हरिणी,गौथलीका जोडामा यौनेच्छा प्रकट भएको चर्चा कविले गर्छन्।

यसरी नै ग्रीष्म विचारबारे चर्चा छ। तर ग्रीष्म विचारको चर्चा वसन्त वर्णनभन्दा कम नै छ।ग्रीष्म ऋतुमा लाग्ने चर्को घामसँगै बढेको गरमको कारण वन-उपवनको वसन्ती शोभा मन्द हुँदै जाने कविले लेख्छन्। कडा घामको कारण नदीनाला सुक्छन्,बतास चल्दै चल्दैन,चल्यो भने तातोपनकै मात्रा ज्यादा हुन्छ । गर्मीमा सबै सुकौरो लागिरहेको बेला बनमा डढेलो जाँदा अझ विरक्त स्थिति उत्पन्न हुने तिनले ग्रीष्मविचार मा लेखेका छन।कृषक तथा काम गर्नेहरू पनि गरमको कारण पसिना पुछीपुछी काम गर्नुपर्ने ग्रीष्म ऋतुको अवस्थालाई यहाँ दर्शाइएको छ।

ग्रीष्मको गर्मीभित्र घुमेर चक्कर खाइरहेको कविलेखनी वर्षाको सरसताले रसमय र चैतन्य भएर वर्षा विचारमा प्रवृत्त हुन्छ ।फलत: एकातिर कवि बर्षाती शोभाको विशद वर्णन गर्दछन् र अर्कोतिर सौन्दर्य र नैतिक शिक्षाको उद्भावना पनि विशेष रूपमा गर्दछन्। धरतीमा छाउने हरियालीदेखिलिएर बाढी,हिलो बादल,बिजुली ,वज्र ,जलधारा,इन्द्रधनुष जस्ता यावत् कुराहरूको वर्णन पाइन्छ ।कृषिकर्ममा बर्साको महत्त्वममाथि पनि प्रकाश पारिएको छ।

यसरी नै प्रत्येक ऋतुको विवरणलाई पाठकसामु राख्दै त्यसको भावात्मक प्रभावलाई देखाउँदै जाने परिपाटीमा वस्तुवर्णन वा ऋतुपरिचय लाई ढालिएको छ। यसबाट कविको सूक्ष्म दृष्टिको परिचय र व्यापक अनुभवको परिचय प्राप्त प्राप्त हुन्छ । स्वयम् को अनुभूतबिना केवल अनुकरणको भरमा वस्तुविधानमा यति सूक्ष्मता कसैले पनि ल्याउन सक्दैन

### 3) सौन्दर्य पक्ष

सौन्दर्य पक्ष वा सौन्दर्यानुभूति ` ऋतुविचार´ को दोस्रो पक्ष हो। कवि मस्तिष्कमा रहेका सौन्दर्यचेतना र रसिकपनलाई व्यक्त गरेने क्रममा कवि कहीँ प्रकृतिलाई

मानवीकृत गर्दछन् र वस्तुपरक रूपमा नै सौन्दर्यवोधलाई कल्पनाको सहायताले प्रकट गर्छन् वसन्तविचारमा वसन्तलाई नायक र वसन्तश्री वा वासन्तिक प्रकृतिलाई नायिकम बनाएर रसमय प्रेमभावनाको अभिव्यक्ति यसरी गरिएको छ-

`कलिला पालुवामाथि बिछ्याएर फुलैफुल।
वसन्तश्री बसेकी छन् बनी सौन्दर्यविह्वल।´

यश पदमा वाच्यार्थ स्पष्ट देखिन्छ कि वसन्त याममा प्रकृति नयाँ पालुवा र फुलहरूले सजिएर सुन्दर बनेको छ भन्ने बुझिन्छ ।यसरी नै यसलाइ अलिक भिन्न तरिकाले व्यङ्ग्य को स्तरबाट हेर्दा वसन्त प्रेमी र वसन्तश्री प्रेमिका छन्। अक्ष गहिरिएर हेरेमा कुनै उत्कण्ठिता रमणी आफ्नो सौन्दर्यमा विह्वल भएर कलिला पालुवा र फूलको श्रृङ्गारमा वासकसज्जा नायिकाको रूपमा प्रेमीको प्रतीक्षामा बसिरहेकी छ भन्ने चित्र आँखामा आउँछ ।

वर्षभरिमा आउने विभिन्न छ वटा ऋतुहरू क्रमैले वसन्त ,ग्रीष्म,वर्षा,शरद,हेमन्त अनि शिशिर को वर्णन सँगै तिनको विशेषता,स्थिति,प्राकृतिक प्रभाव,मानव तथा जनजीवनलाई यसको प्रभाव सँगै व्यङ्ग्य ,नीति मूलक कुराहरू,साँस्कृतिक तथा विज्ञानी विषयका कुराहरू लेखनाथले `ऋतुविचार´ मा समावेश गरेका छन्। प्रत्येक ऋतुको वर्णन गर्दै त्यसको सम्पूर्ण पक्षहरूलाइ अघि राखेर वर्णन गर्नुका साथै त्यसमा व्यङ्ग्य ,सांस्कृतिक ,श्रृङ्गारिक आदि विषयहरू समावेश गर्नु लेखनाथको काव्य लेखनको सबल पक्ष हो। `ऋतुविचार´ भित्रका `वसन्तविचार´,ग्रीष्मविचार´,`वर्षाविचार´,`शरदविचार´,
`हेमन्तविचार´,शिशिरविचार´,बारे संक्षिप्त चर्चा यहाँ गरिन्छ -

वसन्तविचारमा भमरोलाई शिक्षक अनि फूलका कोपिलाहरूलाई विद्यार्थीको रुप दिएर लेखनाथले आफ्नो विलक्षण कल्पनाशक्तिको परिचय दिँदै परम्परा भन्दा भिन्न नौलो प्रयोग गर्छन्-

`रसवेतनका लोभी यद्वा भ्रमरशिक्षक।
आफ्नू जीविका गर्छन् पढाइ पुष्पबालक।।´

ग्रीष्म ऋतु सुख्खा मौसम रहने हुनाले बनपाखामा डढेलो लाग्नु स्वभाविक हो। ग्रीष्मविचारमा कराफकाल बनेर डढेलोले बनलाई डढाउदै जाँदा रूखहरू आगलागीमा घेरिएका मान्छे झैँ रुन कराउन र आँसु झार्न थाल्छन्-

`रुन्छन् कतै कुनै वृक्ष ठाडै चींचीं गरी गरी ।
रसरुप सफा आँसु चुहाइकन बर्बरी।।´

वर्षविचारमा कवि आकाशलाई रङ्गशाला,विजुलीलाई नर्तकी र मेघलाई तबल्चीको संज्ञा दिँदै सृष्टिको सौन्दर्यबारे यसरी देखाउँछन्-

`नाट्यशाला छ आकाश नाचने बिजुली नटी।
ताल दिन्छ तबल्चीदभै मेघ धाकिटि धाकिटि ।।´

शरदविचारमा कवि वर्षालाई दासी र शरदलाई मालिक्नीको रुप प्रदान गरि भन्दछन्-

वर्षा जाँगरिली दासी धोई पोती लिपि चली।
शरद मालकिनी जस्तै गर्न थाली ढलीमली ।।´

हेमन्तविचारमा पौराणिक उपमानहरूको सहायता लिँदै कवि रात्रिलाई शूर्पणखा र हिउँलाई रावणको संज्ञा दिन्छन् ।रात्रिरुपी शूर्पणखालाई शीतका रूपमा आँसु खसाइरहेकी देखाएर कवि पातकीले यातना पाउँछ भन्ने नैतिक परितोष दिन र लिन चाहन्छन् –

`फिंजारेकी छ उसले जगल्टा अन्धकारका ।
शीतका रूपमा हर्द खसाल्छे आँसुका ढिका।।´

शिशिरविचारमा शिशिरले पागदझैँ कमलको कोपिलारूपी दाँत देखाएर खिस्स हाँसेको कल्पना कवि गर्दछन्-

` कजाँए जगतैलाई भनी शिशिर पागल।
खिस्स हाँस्यो कि देखाई कुन्दझैँ कुन्दकुड्मल।।´

**4) नैतिक अध्यात्मिक सन्देश**

` ऋतुविचार´ मा  अध्यात्म सन्देश पनि मुख्य हो। ऋतु सम्बन्धि काव्य रचना गरेर लेखनमथले विभिन्न ऋतुहरूको मात्र वर्णन गरेका छैनन् तर अध्यात्म दर्शनलाई पनि लेखेका छन्। काव्यमा उनको प्रकृतिवर्णन अनि प्रकृतिप्रेम सौन्दर्यवोधसम्म मा मात्र सीमित नरही अध्यात्मवोधसम्म रहेको छ। वर्षाविचारमा वर्षा ऋतुबारे चर्चा गर्दा तिनले यसो भनेका छन्-

`संसार यो हिलो सारा पद्म ईश्वरभक्ति हो।
जीव छन् भ्यागुता तुल्य पद्मको रस मुक्ति हो।।´

वर्षाको यस समयलाई वर्णन गर्ने क्रमम कविले हिलोलाई संसारको प्रतीका रुपमा मानेका छन्।कमल इश्वरभक्तिको प्रतीक बन्छ। भ्यागुता प्राणीका प्रतीक हो भने कमलको रस मुक्तिको प्रतीक हो।

यसरी नै जीवन क्षणभङ्गुर छ भन्ने पाठ तिनी वर्षाविचारमा यसरी पढाउँछन्-

` यस्तै छ जीवनज्योति अँध्यारमा भनीकन।
देखायो विधिले यद्वा बिजुलीको निदर्शन।।´

`ब्रह्म सत्यं जगन्मिथ्या´ को दर्शन हेमन्तविचरमा लेखनाथले यसरी पोखेका छन्-

`विचार गर्दा उसको न रेखा छ न रंग छ।
ब्रह्ममा विश्वझैँ खाली भ्रान्तिको त्यो तरंग छ।।´

आपसी फुट र कलहले सर्वनाश हुन्छ भन्ने विषयलाई तिनले बाँसहरू एक अर्कामा सर्षण भएर आगो लागेको उदाहरण दिएका छन्। तिनले जातीय एकताको शिक्षा यसरी दीएका छन्।

`निकाली अग्निको ज्वाला आपसैमा भिडीकन।
कुरुवंशी सरी थाल्यो वंशश्रेणी विनाशिन।।´

यसरी `ऋतुविचार ´मा कवि लेखनाथ पौडले अध्यात्म,दर्शन,नैतिक शिक्षा आदिलाई पनि अघि राखेका छन्।

## 2.4.3.`अमर ज्योति सत्यस्मृति´ को अध्ययन तथा विश्लेषण

`अमर ज्योति सत्यस्मृति´ कवि लेखनाथ पौड्यालले वि०स० २००८ मा रचेको शोककाव्य हो। तत्कालीन नेपालको राजनैतिक परवेश भर्खरमात्रै सात सालको प्रजातान्त्रिक आन्दोलन सकेर चलिरहेको थियो । राणाहरूका जहानिया शासनबाट वि०स० २००७ सालमा नेपाल र नेपाली जनताले छुटकारा पाएको ठीक एक वर्षपछि कवि लेखनाथले लेखेका शोककाव्य `अमर ज्योति सत्यस्मृति´ बारे यसको पृष्ठभूमि हेर्दा तत्कालीन भारत र भारतको राजनैतिक स्थितिसम्म पुग्न सकिन्छ । भारतका भाग्यविधाता राष्ट्रपिता महात्मा गान्धीको सोहीसमयमा जघन्य हत्या हत्या हुन्छ । अहिंसा र सत्यग्रहका पुजारी गान्धीको हत्याले कवि लेखनाथ पौड्यालको मन मस्तिष्कमा गहिरो आघात पुग्छ। कवि लेखनाथले गान्धीको हत्यापछि उनको स्मरणमा लेखेको शोककाव्य हो । यस काव्यबारे विद्वान समालोचक डा० वासुदेव त्रिपाठी यसो भन्छन्_" भारतका भाग्यविधाता महात्मा गान्धीको हत्याजन्य मृत्युका कारणले लेखनाथको कवि_हृदयबाट बगेका आँसुहरूको काव्य हो यो। गान्धीको व्यक्तित्वप्रति श्रद्धाञ्जली र गान्धीका विचारको आकलन यस काव्य े गरेको छ।"

महात्मा गान्धीको मृत्युशोकमा रचिएको लेखनाथको `अमर ज्योति सत्यस्मृति´ शोककाव्यमा दर्शन तथा मानवतावादी अभिव्यक्ति दिएका छन्। `आध्यात्मिक नवोन्मेषको मानवतावादी अभिव्यक्ति´ का रूपमा समालोचक डा० वासुदेव त्रिपाठी मान्छन्। गान्धीका व्यक्तित्व ,विचार ,दर्शन ,कर्मले प्रभावित र प्रेरित लेखनाथले गान्धीको विविध पक्षहरूलाई समावेश गर्दै काव्यमा पूर्वीय सभ्यताको विकसित रूप तथा विशेषतालाई पनि `अमर ज्योति सत्यस्मृति´ मा उतारेका छन्।

पूर्वस्मृति र उत्तरस्मृतिमा विभाजन गरिएको यो काव्यको प्रथम खण्ड अर्थात् पूर्वस्मृति ४० पद अनि दोस्रो खण्ड अर्थात उत्तरस्मृति ४७ पदको रहेको छ। पूर्वस्मृतिमा रहेको ४० पदमा विशेषतः गान्धीको मृत्युशोकको प्रसङ्ग एवम् वर्णन रहेको छ । यसरी  नै उत्तरस्मृतिमा गान्धीको विचार,दर्शन एवम् मर्मलाई व्याख्या गर्नुसँगै कविको बौद्धिकता तथा चैतन्यको पनि उद्घाटित् भएको छ।

भारतको स्वाधीनता संग्रामका एकजना प्रमुख नायक महात्मा गान्धीको हत्यामा विह्वल बनेर गान्धीप्रति आफ्नो श्रद्धा कविले श्लोक १४ मा यसरी जनाउँछन्-

स्वाधीन दिल्ली त्यो राजधानी स्वाधीन हिन्दुस्थान त्यो
स्वाधीनताको त्यो दिव्य ज्योति,स्वाधीनताको सान त्यो
त्यो चक्रचिन्हित झण्डा तिरंगा संपूर्ण हाहाकारमा
चुर्लुम्म डुब्यो नाविक ढलेको नौका सरी मझधारमा´

यसरी नै गान्धीको मृत्यु शोकमा तिनी श्लोक १९ अनि श्लोक २३ मा यसरी लेख्छन्-

`त्यो शोकवश भै मानूँ ढली सन्ध्या कठै वैरागिनी
काँकाँ र कीँ कीँ  आवाज निस्क्यो उड्ने चराहरूको पनि´

यसरी नै २३  श्लोकमा-

`आकाश रोयो,नक्षत्र तारा रोए सबै पिलपिल गरी
रोयिन् धरित्री,रोयो हवा त्यो,रोए दिशा र विभावरी
त्यो रोदनाको छाया अँध्यारो पर्दा कठै यमुना पनि
बग्थिन् रुँदै झन् दिक्दार मानी मानूँ डबल मलिनी बनी´

महात्मा गान्धीको हत्यारा व्यक्ति र उसको सङ्कीर्ण विचारधारको निन्दा गर्दै लेखनाथले `अमर ज्योतिको सत्यस्मृति´को श्लोक ८ मा लेख्छन्-

`आपशोच! त्यस्तो कुन नीचता त्यो, कस्तो विकट दुर्भावना
कत्रो भयंकर धोखा दगा वा कस्तो अधम राक्षसपना

जुन घोर पापी राक्षसपनाले त्यस्तो पुरुषको छातीमा
गोली चलाई धब्बा लगायो संपूर्ण हिन्दु जातिमा´

यस काव्यको उत्तरस्मृतिमा भने गान्धीले लिएको विचार,हिन्दु अध्यात्म दर्शन,तथा कविले गान्धीका र आफ्ना धारणा समीकरण गरेका छन्। उनी हिन्दु समाजलाइ सम्बोधन गर्दै संङ्कीर्णता र भेदभावबाट टाडा रहेर भातृत्वसुखको आस्वादन गर्न हिन्दू समाजलाई आह्वान गर्दछन्। तिनले गान्धीका विचार टिपी हिन्दु समाजलाई युगको परिवर्तनप्रति सचेत हुन र पूर्वीय सभ्यता एवम् मानवतावादतिर अग्रसर रहने आग्रह श्लोक ९ मा यसरी गर्दछन्-

`हे मान्य मानव! बदलिन्न केही भन्ने ढिपी जुन गर्दछ
आपत्तिको खाडलमा हठी त्यो आफै सरासर पर्दछ´

राजनैतिक,साम्प्रदायिक,आर्थिक कारणहरूले मानिसहरूमा द्वेष उत्पन्न भएको पागलपन आएको देखेर गान्धी झैँ खिन्न हुँदै कवि लेखनाथ मान्छेको अध्यात्म चेतना ध्वस्त भएको कुपरिणाम देखे विचलित हुँदै श्लोक २२ मा यसरी बोल्छन्-

`त्यो साम्प्रदायिक त्यो राजनैतिक ,त्यो उग्र आर्थिक दोषले
दूषित गरेको तेरो मगजमा अड्डा जमायो जोशले
त्यसैले तँलाई निस्पट्ट अन्धो पागल बनायो वास्तव ´

यसरी कवि लेखनाथ पौड्यालले गान्धीको मृत्यु शोकमा लेखेका शोककाव्य `अमर ज्योतिको सत्यस्मृति´ मा गान्धीको मृत्युमा शोक व्यक्त गरिनुका साथै गान्धीको विचार,दर्शन तथा पूर्वीय अध्यात्म दर्शन,हिन्दु धर्मको आदर्शलाई पनि समावेश गरिएको छ। दुइवटा खण्ड `पूर्वस्मृति´ र `उत्तरस्मृति´ मा विभाजित यश काव्यले तत्कालीन राजनैतिक परिवेश,गान्धीको विचारधारा साथै कवि लेखनाथको पूर्वीय दर्शन,अध्यात्मप्रतिको विश्वासलाई पनि प्रष्ट्याएको छ।

## 2.4.4.फुटकर कविताहरूका अध्ययन तथा विश्लेषण

नेपाली साहित्यमा आधुनिक कालको सुत्रपात गर्ने कवि लेखनाथ पौड्यालका थुप्रैवटा फुटकर कविता प्रकाशित भएको पाइन्छ । काव्ययात्राको प्रथम प्रहर अर्थात् वि० स० १९६१ देखि १९९० को दशकमा तिनले थुप्रै फुटकर कविताहरू कोरेका छन्। `कविताकल्पमुद्रम्´ अनि `सुन्दरी ´पत्रिकामा सुरुका कविताहरू छापिएपछि नै कवि लेखनाथको काव्य यात्रा अघि बढेको देखिन्छ ।`कविताकल्पमुद्रम्´ संग्रहमा वि०स० १९६१ मा `श्रृङ्गारपच्चीसी´अनि

`मानसाकर्षिणी´नामक दुई नेपाली कविता छापिएपछि कवि लेखनाथको लेखनयात्रा निरन्तर रूपमा अघि बढ्छ। बनारसबाट निस्कने `सुक्तिसुधा´ मा `पाठशाला विशाला´जस्ता समस्यापूर्ति र कविताहरू छापिएको पाइन्छ ।यसरी नै `सुन्दरी´पत्रिकामा `तिनको `वियोगिनी विलाप´ तथा वैराग्यबल्ली´ छापिएको थियो। वि०स० १९६५ मा `माधवी ´पत्रिकामा `माधवी कुसुमाञ्जली´ कविता छापिएको थियो।

वि० स० १९९१ मा `शारदा ´ पत्रिकाको प्रकाशनसँगै त्यस पत्रिकाको प्रथम अङ्कमा लेखनाथको `अरुणोदय´ कविता छापिएपछि तिनको कविता लेखनमा प्रौढता, बौद्धिकता र दार्शनिक पक्षको समावेश सबल रूपमा हुनगयो। उनका फुटकर कविताहरू`शारदा´,`गोरखापत्र ´,उद्योग ´ आदि पत्रिकाहरूमा प्रशस्त छापिएको थियो ।,`गौथलीको चिरीबिरी´,`पाटीमा ढाक्रेको पसारो´ आदि उनका उल्लेखनीय कविताहरू मध्ये हो।

उनका फुटकर कविताहरूमा मानवीय चेतना,अध्यात्म चेतना,जीवन दर्शन तथा विसङ्गिपूर्ण समाजको चित्रण पाइन्छ । समाजमा घटिरहेको विकृतिमूलक घटना,धार्मिक कट्टरपनाले मानिसहरूमा ल्याएको विषमता,अध्यात्म ज्ञानमा ह्रास आउदै गरेको अवस्थाले मानिसहरूले निम्त्याएको आडम्बरीपन आदिलाई उनका कविताहरूले बोकेको पाइन्छ । नैतिक शिक्षा,पूर्वीय दर्शन,अध्यात्मवादको प्रस्फुनै उनका फुटकर कविताहरूको मूलस्वर हो।

## 2.5.उपसंहार

वि०स० १९४१ मा नेपालको कास्की जिल्लाको अर्घौं अर्चले गाउँमा जन्मिएका कविलेखनाथ पौड्यालको कविता तथा साहित्य सृजनाको यात्रा वि० स० १९६१सालबाट सुरु भएर वि०स० २०२० को दशकसम्म नै निरन्तर चलेको देखिन्छ ।उनको आगमनसँगै नेपाली काव्यजगतमा परिष्कारवादी धाराको सुत्रपात भएको हो ।पूर्वीय दर्शन एवम् अध्यात्म चेतले ओतप्रोत उनका काव्य कृतिहरूमा नैतिक शिक्षा एवम् सन्देश सँगै विश्ववन्धुत्व र भातृत्वको आह्वान पनि पाइन्छ । मानवतावादी एवम् आस्तिकवादी कवि लेखनाथ पौड्याल आफ्ना कृतिहरूमा दर्शनजस्तो विषयलाई सरल र सरस भाषामा अभिव्यक्त गर्न सफल बनेका छन् । उनी नेपाली साहित्यमा एकजना प्रतिभासम्पन्न व्यक्तित्व हुन्।

## 2.6 .सार

- नेपाली साहित्यमा कवि लेखनाथ पौड्यालको आगमनपछि नै आधुनिककाल सुरु भएको हो।
- नेपाली साहित्यमा परिष्कारवाद, बुद्धिवाद, शास्त्रीयतावाद, स्वच्छन्दवाद, मानवतावाद, रहस्यवाद आदिको प्रवेश कवि लेखनाथ पौड्यालपछि नै भएको हो।
- कवि लेखनाथ पौड्यालका कृतिहरू एवम् रचनाहरूमा पूर्वीय दर्शन,भातृत्व,मानवतावादी धारणा,अध्यात्म चेत,नैतिक शिक्षा आदिको बाहुल्य रहेको पाइन्छ।
- कवि लेखनाथ पौड्यालको `ऋतुविचार´ लाई पहिलो नेपाली प्रकृतिकाव्य मानिलिन सकिन्छ ।
- काव्यमा भौतिक विज्ञानको उन्नति भन्दा अध्यात्म ज्ञान र दर्शनलाई नै कवि लेखनाथ पौड्यालले आफ्ना रचनाहरूमा आश्रय दिन्छन्।
-

## 2.7. अनुशीलनी

(क) कवि लेखनाथ पौड्यालको साहित्यिक यात्राको चरणगत प्रवृत्तिहरूबारे संक्षिप्त चर्चा गर्नुहोस्।

(ख) कवि लेखनाथ पौड्यालको काव्य कृतिहरूमा पाइने भावपक्ष तथा दार्शनिक पक्षको अध्ययन छलफल गर्नुहोस।

(ग) कवि लेखनाथ पौड्यालको काव्यप्रवृत्तिको चर्चा गर्दै नव्यकाव्य `तरुण तपसी´ को सामाजिक पक्षबारे चर्चा गर्नुहोस्।

(घ)`ऋतुविचार´ मा वर्णित ऋतुहरूको वर्णन गर्दै यसमा पाइने नैतिक - आध्यात्मिक सन्देश बारे चर्चा गर्नुहोस्।

(ङ) शोककाव्यका रूपमा `अमर ज्योति सत्यस्मृति´ को चर्चा गर्दै यसमा पाइने ऐतिहासिक घटनाक्रमको चर्चा गर्नुहोस्।

(च) कवि लेखनाथ पौड्यालका फुटकर कविताहरूबारे संक्षिप्त अध्ययन गर्नुहोस्।

## 2.8.अतिरिक्त अध्ययन

१.वासुदेव त्रिपाठी लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्यांकन

२.केशवप्रसाद उपाध्याय विचार र व्याख्या

३.राममणि रिसाल नेपाली काव्य र कवि

४.केशवप्रसाद उपाध्याय तरुण तपसीको पुनर्मूल्याङ्कन

५.तारानाथ शर्मा नेपाली साहित्यको इतिहास

## 2.9.मूल्यवृध्दिको निम्ति उत्तर

**नोट: तल दिइएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस-**

1.कवि लेखनाथ पौड्यालको साहित्यिक यात्रा

---------------------------------------------------------------------------

---------------------------------------------------------------------------

---------------------------------------------------------------------------

( प्रश्न 1. को निम्ति विद्यार्थीले 2.1. खण्डमा उत्तर खोज्न सक्नेछन् ।)

2.तरुण तपसीमा निहित सामाजिक पक्ष ।

---------------------------------------------------------------------------

---------------------------------------------------------------------------

------------------------------------------------------------

( प्रश्न 2.को निम्ति विद्यार्थीले 2.4.1. खण्डमा उत्तर खोज्न सक्नेछन् ।)

3.तरुण तपसीमा अध्यात्म दर्शन ।

---------------------------------------------------------------------------

---------------------------------------------------------------------------

---------------------------------------------------------------------------

( प्रश्न 3.को निम्ति विद्यार्थीले 2.4.1.खण्डमा उत्तर खोज्न सक्नेछन्)

4.ऋतुविचारमा नैतिक -आध्यात्मिक सन्देश ।

**Notes**

---------------------------------------------------------------------------

---------------------------------------------------------------------------

---------------------------------------------------------------------------

(प्रश्न 4.को निम्ति विद्यार्थीले 2.4.2 खण्डमा उत्तर खोज्न सक्नेछन् )

5.फुटकर कविताहरूका चर्चा ।

---------------------------------------------------------------------------

---------------------------------------------------------------------------

---------------------------------------------------------------------------

(प्रश्न 5.को निम्ति विद्यार्थीले 2.4.4. खण्डमा उत्तर खोज्न सक्नेछन् )

6.`अमर ज्योति सत्यस्मृति´ शोककाव्यको मूलभाव ।

---------------------------------------------------------------------------

---------------------------------------------------------------------------

---------------------------------------------------------------------------

( प्रश्न 6.को निम्ति विद्यार्थीले 2.4.3.खण्डमा उत्तर खोज्न सक्नेछन् )

# एकाइ 3.साहित्यकार बालकृष्ण समको कृतिहरूबारे विशेष अध्ययन

**संरचना**

3.0 उद्देश्य

3.1 परिचय

3.2 बालकृष्ण समको संक्षिप्त परिचय

3.3  बालकृष्ण समका कृतिहरू

3.4 समका प्रमूख कृतिहरूको विश्लेषण

3.4.1 नाटक

3.4.2 कवि सम

3.4.3 कथाकार सम

3.4.4 निबन्धकार सम

3.4.5 जीवनीकार वा आत्मकथाकार सम

3.5 उपसंहार

3.6 सार

3.7 अनुशीलन

3.8 अतिरिक्त अध्ययन

3.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 3.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- साहित्यकार बालकृष्ण समको परिचय
- नेपाली साहित्यमा बालकृष्ण समको स्थान
- बालकृष्ण समका केही प्रमूख कृतिहरूको विश्लेषण

## 3.1 परिचय

Notes

बहुमुखी प्रतिभाले सम्पन्न बालकृष्ण सम साहित्य र कला दुवै क्षेत्रमा अविस्मरणीय व्यक्तित्व हुन्। उनमा चिन्तन र सृजन दुवै प्रकारको क्षमता थियो। चिन्तनका रुपमा उनले संस्कृति, दर्शन. कला र नाटक तथा रङ्गमञ्चआदिबारे आफ्ना गम्भीर एवं मौलिक चिन्तन प्रस्तुत गरेका छन् भने कलातर्फ चित्रकला तथा छायाचित्रकारिताका फाँटमा मूल्यवान सेवा अर्पित गरेका छन्। कविता लेखनबाट आफ्नो साहित्यिक यात्रा आरम्भ गर्ने बालकृष्ण समले कालक्रममा नाटक र अन्यविधाहरुमा पनि कलम चलाएको देखिन्छ। नेपाली साहित्यको प्रायः सबैजसो विधामा कलम चलाए तापनि उनलाई शिखरमा पुऱ्याउने नाटकविधा नै हो। समले जीवनमा तीन दर्जनजति पूर्णाङ्गी नाटक र दुई दर्जनजति एकाङ्गी नाटक लेखेका छन्। समका ध्रुव, प्रहलाद पौराणिक, भक्तभानुभक्त, अमरसिंह, भीमसेनको अन्त्य र मोतिराम ऐतिहासिक र मुटुकोव्यथा, मुकुन्द इन्दिरा, अन्धवेग, म, प्रेमपिण्ड, स्वास्नीमान्छे, तानसेनकोझरी, तलमाथि, ऊ मरेकी छैन सामाजिक नाटक हुन्। यसरी बालकृष्ण समले सामाजिक, ऐतिहासिक र पौराणिक विषयवस्तुलाई टिपेर नाटक लेखेका छन्। उनले गद्यात्मक र पद्यात्मक दुवै किसिमका नाटक लेखेका छन्।

नाटक विधाका साथै अन्य विधामा पनि बालकृष्ण समको कलम उत्तिकै प्रखरताका साथ चलेको देख्नपाइन्छ। बालकृष्ण समले एउटैमात्र 'आगो र पानी' खण्डकाव्य लेखेका छन्। जीवन र जगतको विपुल बौद्धिक ज्ञानलाई समले आगो र पानी खण्डकाव्यमा पोखेका छन्। समग्रमा भन्नुपर्दा बालकृष्ण समले नेपाली साहित्यका नाटक, कथा. कविता, खण्डकाव्य, महाकाव्यजस्ता विविध विधामा कलम चलाएर प्रशस्त ख्याति कमाएका छन्।

## 3.2 बालकृष्ण समको संक्षिप्त परिचय

बालकृष्ण सम जहानिया राणापरिवारमा पिता समरशमशेर र माता कुर्तिराज्यलक्ष्मीका कोखबाट काठमाडौं ज्ञानेश्वरमा वि.सं. १९५९ माघ २४ गते जन्मेका थिए । उनी राणापरिवारमा जन्मे तापनि स्वभाव र आचरणका हिसाबले साधारण मानिस झैँ थिए । समको बाल्यकाल बाजे डम्बरशमशेरको क्रूर व्यवहार र आफ्नी बज्यैको दयालु स्वभावको परिवेशमा हुर्केको थियो। समको कोमल हृदयमा बज्यैको दयालु र उद्धार हृदयको प्रभाव पऱ्यो । फलस्वरूप

उनी हिरण्यकशिपु होइन प्रहलाद बन्न पुगे । त्यसकारण उनी बाल्यकालदेखि नै नम्रता, शिष्टता र भद्रता अँगाल्न लागे ।

औपचारिक रूपमा उनले आईएस्.सीसम्मको मात्र अध्ययन गरे . तापनि आफ्नै स्वअध्ययनबाट उनले पूर्वीय एवं पाश्चात्य कला, साहित्य, धर्म, दर्शन, विज्ञान, इतिहास आदिको गम्भीर विवेचना गरेका छन्।

सम त्रिचन्द्र कलेजमा विज्ञान विषय लिएर पढ्दापढ्दै सैनिक सेवामा कप्तान पनि भएका थिए । मिलनशील, नम्र र भावुक स्वभावका समलाई सैनिक सेवा रुचिकर थिएन । उनको अध्ययन बढाउने चाहना सबल थियो । तर उनलाई परिस्थितिले साथ दिएन । उनी पछि बढुवा भएर लेफ्टिनेन्ट कर्णेलसम्म हुन पुगे । उनी अध्ययनशील भएकाले अध्ययनमा संलग्न रही निजी अध्ययन बढाउँदै जान लागे । उनको साधना, योग्यता र सेवाको कदर गरेर त्रिभुवन विश्वविद्यालयले समलाई साहित्यविद्यावारिधि (डी.लिट.)को विशेष उपाधि प्रदान गऱ्यो ।

बालकृष्ण समले कविता, नाटक, कथा, प्रवन्ध, निवन्ध, जीवनी आदि बिभिन्न क्षेत्रमा कलम चलाएका छन्। समलाई नेपाली साहित्यमा नाट्यसम्राट्को विशिष्ट सम्मान प्राप्त छ। नेपाली साहित्यलाई बौद्धिकताको छाप दिने सम चित्रकार, अभिनेता, वक्ता र दार्शनिक चिन्तक पनि थिए। उनी रेडियो नेपालका निर्देशक तथा गोरखापत्रका सम्पादक पनि भएका थिए। दश वर्षको उमेरमा कविता लेखी साहित्यिक यात्रा सुरु गर्ने बालकृष्ण समको 'तानसेनको झरी' प्रथम नाटक हो। यो नाटक समले वि. सं. १९७७ लेखेका हुन्। उनको प्रथम प्रकाशित नाटकचाहिँ 'मुटुको व्यथा' (वि.सं.१९८६) हो। समले कथा, कविता, निबन्ध, आत्मसंस्मरण आदिमा पनि सशक्त कलम चलाएका छन्। उनको विशेष रुचिको क्षेत्र कविता भए तापनि उनी नाटककै कारण प्रसिद्ध बनेका छन्। बालकृष्ण समले सैनिक सेवामा रहेर पनि नेपालीभाषा र साहित्यलाई अविस्मरणीय योगदान दिएका छन्। वि. सम. १९७० मा खुलेको ‘गोरखाभाषा प्रकाशिनी समिति’लाई गोरखा शब्दबाट सम्पूर्ण नेपाल नबुझिने हुँदा १९९० सालमा ‘नेपालीभाषा प्रकाशिनी समिति’ बनाएर नाम बदल्ने काममा समको नै विशेष योगदान थियो ।

## 3.3 बालकृष्ण समका कृतिहरू

बालकृष्ण समको कृतित्वलाई मोटामोटी रूपमा ५ प्रकारबाट वर्गीकरण गर्न सकिन्छ-

नाटक

कविता र काव्य

कथा,

निबन्ध र प्रबन्ध

जीवनी

**नाटक**

क) मुटुको व्यथा (१९८६)

ख) ध्रुव (१९८६)

ग) मुकुन्द इन्दिरा (१९९४)

घ) प्रह्लाद (१९९५)

घ) अन्धवेग (१९९६)

च) भक्त भानुभक्त (२०००)

छ) म (२००६)

ज) प्रमपिण्ड (२००९)

झ) अमरसिंह (२०१०)

ञ) तलमाथि (२०११)

ट) अमित वासना (२०१६)

ठ) तानसेनको झरी (२०२७)

ड) भीमसेनको अन्त्य (२०३३)

ढ) स्वास्नीमान्छे (२०३४)

ण) ऊ मरेकी छैन (२०३५)

**अप्रकाशित नाटक**

मिलिनद

अमलेख

प्राणदान

कोही दान दिन नसकोस्

चिन्ता

स्वामी

हरित तारा

यी पूर्णाङ्की नाटकहरू हालसम्म प्रकाशित भएको छैन। समकृत अज र अजङ्गबहादुर नाटक चाहिँ अधुरै रहेको थाह लाग्छ। समका यी पूर्णाङ्की नाटकका अतिरिक्त दर्जनौँ एकाङ्कीहरू पन् प्रकाशित अप्रकाशित रूपमा पाइन्छन्।

**कविता र काव्य**

आगो र पानी (खण्डकाव्य:२०११)

चिसो चुल्हो  (महाकाव्य:२०१५)

बालकृष्ण समका कविता (कवितासङ्ग्रह)

लघुकाव्य वा लामा कविता

फुटेको फूलदान (१९९२)

कवि र कविता

कागसित (१९९२)

**लघुकाव्य वा लामा कविता**

फुटेको फूलदान (१९९२)

कवि र कविता (१९९२)

कागसित (१९९२)

बहुलाहाले (१९९३)

र्स्वर्ग र देवता(२००४)

नेपाल आमासित झगडा (२००६)

अवतार्रदर्शन

म पनि द्यौता मान्छु

मृत्युपछिको अभिव्य़ञ्जन

मेरो नुहाउने कोठा

म नयाँ चहान्छ

म नाङ्ग्रै बोल्छु

**कथा**

बालकृष्ण समको कुनै सिङ्गो कथासङ्ग्रह प्रकाशित नभए पनि उनका एक दर्जनभन्दा बढी कथाहरू प्रकाशित छन् । ती कथाहरू हुन्-

पराइघर (१९९२)

देवराली (१९९३)

तलतल (१९९३), खुकुरी (१९९४)

हरिसिद्धि (१९९२), शरण (१९९५), कैकेयी (१९९५)

फुकेको बन्धन (१९९५)

टाङगन घोडा (२००६), रूपको मूल्य (२०१२)

यौवन र सुन्दरता (१९९८)

नौली (२०१९) ।

लगभग १९९२ देखि २०१९ सम्म समले उक्त कथाहरू लेखेका हुन्।

**निबन्ध**

समले आत्मविश्वास, त्यो पानी, बर्दाहामा शिकारजस्ता दर्जनौँ निबन्धहरू लेखेका छन् भने प्रबन्धात्मक निबन्धहरू पनि लेखेका छन् –

नियमित आकस्मिकता (दार्शनिक ग्रन्थ, २००५)

नेपाल ललितकला (२०२२)

दीक्षान्त भाषण (२०१९)

जीवनी वा आत्मकथा

मेरो कविताको आराधना (उपासना- १, २०२३)

मेरो कविताको आराधना (उपासना- २, २०२९)

हाम्रा राष्ट्रिय विभूतिहरू (२०२४)।

## 3.4 समका प्रमूख कृतिहरूको विश्लेषण

### 3.4.1 नाटक

बालकृष्ण सम बहुमुखी प्रतिभा हुन् तापनि उनको मूर्धन्य व्यक्तित्व नाटकक्षेत्रमा आबद्ध भएको छ। उनको सबभन्दा बढी साधना पनि यसै क्षेत्रमा समर्पित थियो। समका नाटकहरू आकारका दृष्टिले पूर्णाङ्की र एकाङ्की, शैलीका दृष्टिले गद्य र पद्य, गद्यपद्य अनि विषयका दृष्टिले पौराणिक, ऐतिहासिक र सामाजिक गरी वर्गीकरण गर्न सकिन्छ। पद्यनाटकमा चाहिँ क्रिस्टोफर मार्लो र विलियम शेक्सपियरको खाली पद्य (ब्ल्याङ्क भर्स) जस्तै गरी अनुष्टुप् छन्दलाई समले अ"गालेका छन्। समका नाटकहरू वियोगान्त पनि छन् र संयोगान्त पनि छन्। प्रेम, राष्ट्रियता, वीरता र दार्शनिकता समका नाटकीय विशेषता हुन्। वियोगान्त नाटकहरूमा अमरसिंह, भक्त भानुभक्त, बोक्सी, मुटुको व्यथा, अन्धवेग, प्रेमपिण्ड आदि छन्। समका नाटकभित्र बालक, युवा, युवती, बूढा, बूढी र उच्च, मध्यम र निम्न सबै वर्गका पात्रहरूले अभिनय गरिरहेछन् । समको रङ्गमञ्च

काठमाडौंमा मात्र सीमित छैन, जुम्ला, पाल्पा, रिडी, इलाम जस्ता ठाउँ र त्यहाँका बासिन्दा पनि पात्रपात्रीका रूपमा अभिनय गर्छन् । समका नाटकमा चित्रित पात्रहरूको चरित्र एकै प्रकारको नभएर छुट्टाछुट्टै अस्तित्वमा आधारित छ । सम सस्तो, अश्लील र शारीरिक प्रेमका मात्र पक्षपाती छैनन् । उनका प्रेमी र प्रेमिका जीवन सोच्छन्, वास्तविकता बुझ्छन्, उनीहरूले प्रेमको नदीमा पौडनुपरिरहे पनि पौडन नजानेर वा नसकेर नदीमा डुब्नुपरोस् । तानसेनको झरीको शोभन र निर्मलीले अँगालो मारेर एकै ठाउँ डढ्नुपरे पनि प्रेमपिण्डका नकुल र सविताले कालीगण्डकीमा अँगाल्दै डुब्नुपरे पनि, अन्धवेगको जयवीर मारिएर पम्फाले आत्महत्या गर्नुपर्ने स्थितिमा पुग्नुपरे पनि, मुटुको व्यथाका माधव कपिलाले बेग्लाबेग्लै ठाउँमा रगत छाद्दै मर्नुपरे पनि उनीहरूले आत्मिक प्रेमलाई प्रकट गर्न पाउँछन् र नाटकलाई व्यथापूर्ण बनाउन यी पात्रपात्रीको प्रभावकारी प्रतिष्ठानमा नाटककार सम सफल देखिन्छन् ।

समका सम्पूर्ण नाटकमा मन पर्ने नाटक कुन हो भनेर प्रश्न गर्दा सम सोझै भनिदिन्छन्- प्रेमपिण्ड । हुन पनि यो नाटक मात्र नभएर संस्कृतको नाटकीय सिद्धान्तअनुसार महानाटक हो । एक सय चार वर्षम्म चलेको राणाशासन नेपालको इतिहासमा अमर प्रसङ्ग हो र यस समयको यथार्थ चित्र देखाउन प्रेमपिण्डमा नाटककारले भरमग्दुर प्रयत्न गरेका छन् । स्वयं नाटककार राणापरिवारकै एक सदस्य भएकाले स्थितिबोध उनका लागि सुगम थियो भने राणाकालमै साधारण जनतासँग भिजेर बस्ने स्वभावले गर्दा निर्भीक र निःसङ्कोच भएर समले आफ्नै परिवारको इतिहास यस महानाटकमा अङ्कित गर्न सके । यसभित्रको कथामा सं. १९०५ देखि १९७५ अर्थात् ५९ वर्षा सबै कुरा अटाउन नसके पनि कलात्मकता अँगाल्दै नाटकीय रूप दिन सकिने जति प्रसङ्गलाई समले अँगालेका छन् । समले नाटकमा प्रविष्ट पात्रपात्री र कथानकमा कतैकतै काल्पनिकता जडिएजस्तो पनि देखाएका छन् । समका अनेक संयोगान्त नाटकहरू छन्, तिनमध्ये मुकुन्द इन्दिरा र म चाहिँ प्रमुख मानिन्छन् । यी दुवै नाटकको उद्देश्य बाटो भुल्न लागेका दुराचारी पतिहरूलाई ब्रिरनबाट बचाएर आफ्नी पतिव्रता पत्नीप्रति आकषिर्त गर्नु हो । नेपाली समाजले परम्परागत रूपमा देखाएको पतिव्रत्यको गुण गाउनु मुकुन्द इन्दिरा र म नाटकको विशेषता हो । मुकुन्द इन्दिराकी इन्दिरा भन्छिन् -देशभक्ति त मर्दैन चुत्थै देश भए पनि पतिभक्ति त मर्दैन पापी पति भए पनि । अनि म नाटकमा मनोहर आफ्नी बहिनी प्रभालाई भन्छन् - स्वामीका चरणको जल कस्तोमाली गाईका दूधको तर जस्तो ।

नाटककार सम पौराणिक नाटकमा पनि पर्याप्त सामाजिकता घुसाउँछन् । सामाजिक समस्या र विवशतालाई पौराणिक आख्यानभित्र पार्छन् । साथै उनले हिटलरको बढ्दो जगजगी र गान्धीको आध्यात्मिक कडी देखेर क्रमशः हिरण्यकशिपु र प्रह्लादको कल्पना गर्दै प्रह्लाद नाटक रचेका थिए । यसरी नै पौराणिक होस्, ऐतिहासिक होस् वा मनोवैज्ञानिक, नेपालीनाटकका फाँटमा मूर्धन्य नाटककारका रूपमा उनको व्यक्तित्व प्रकाशित भएको देखिन्छ ।

- **मुकुन्द इन्दिरा नाटकको विवेचना**

समको ध्रुव (१९८६) र प्रह्लाद (१९९४) पछिको तेस्रो संयोगान्त नाटक मुकुन्द इन्दिरा हो । यो नाटक वि. सं. १९९४ सालमा प्रकाशित भएको हो । यस नाटकमा नेपाली सामाजिक मनोवैज्ञानिकताको सफल प्रयोग पाइन्छ । पाँच अङ्क र अठार दृश्यमा संरचित प्रस्तुत नाटकको पहिलो, दोस्रो र पाँचौं अङ्कमा तीनतीन दृश्य, तेस्रो अङ्कमा पाँच दृश्य र चौथो अङ्कमा चार दृश्य रहेको छ। प्रस्तुत नाटकको कथावस्तु सुखान्त छ । नाटकीय तत्त्वको आधारमा यस नाटकको विश्लेषण निम्न प्रकारले गर्न गरिन्छ -

**कथानक**

यस नाटकको कथावस्तु पाटन सहरका मध्यमवर्गीय साहू रूपनारायण श्रेष्ठको एउटा मात्र छोरो मुकुन्द उच्च शिक्षा ग्रहण गर्न कलकत्ता गएको पृष्ठभूमिबाट थालिएको छ । कलकत्तामा मुकुन्द सहरिया रमझम तथा कुसङ्गत, कुलतमा आकर्षित भई आफ्नो घर-परिवार, राष्ट्र आदि सबै थोक उसले बिर्सेको छ । घर आउन आग्रह गरी बाबुले पत्र पठाउँदा ऊ त्यसको जवाफ फर्काउन समेत छोड्छ । छोराको यस्तो चालाढाला देखे रूपनारायण अति चिन्तित हुन्छन् । उनको यस्तो अवस्था र मुकुन्दकी पत्नी इन्दिराको विरही यौवन देख्न नसकी भवदेव मुकुन्दलाई लिन कलकत्ता जान्छन् । त्यहाँ गएर भवदेव मुकुन्दलाई फर्काउन निकै प्रयास गर्छन् र केही नलागेपछि इन्दिराको सतीत्व परीक्षण गर्ने प्रस्ताव राख्छन् । यस प्रस्तावलाई मुकुन्द मात्र तैयार हुन्छ र उसले इन्दिराको सतीत्व डगाएमा ऊ कलकत्ता फर्कन पाउने तथा नडगाएमा उसले नेपालमैं बस्नु पर्ने बाचा हुन्छ । बाचा स्वीकार गरी मुकुन्द नेपाल आउँछ र धारामा इन्दिरालाई भेटेर आँफू मुकुन्दको घनिष्ठ साथी हो भनेर आफ्नो परिचय दिन्छ । त्यसै बेला मुकुन्दका समाचारहरू बताउने भनेपछि उसलाई भोलिपल्ट बिहान बारीमा भेट्ने भनी इन्दिराले डाक्छे । छद्मवेषी मुकुन्दले इन्दिरालाई बारीमा भेटेर उसको प्रशंसा गर्दै मुकुन्दको दुश्चरित्रबारे चर्चा गर्छ । तर इन्दिरा ऊप्रति वास्ता गर्दिन ।

त्यसपछि अन्य प्रयासहरू गर्दै ऊ इन्दिरासमक्ष विवाहको प्रस्तावसमेत राख्नपुग्छ, तर यस्तो प्रस्ताव सुन्नासाथ इन्दिरा छद्मवेषी मुकुन्दलाई हप्काइदिन्छे । सबै प्रयास असफल भएपछि ऊ खुकुरी भिरेर राती इन्दिरा सुतेको कोठामा पुग्छ र नाङ्गो खुकुरी देखाएर तर्साउने प्रयास गर्छ । इन्दिरा उसलाई कोठाबाट निस्किन आदेश दिन्छे तर ऊ बाहिर नगई उसैलाई समाउन तम्सन्छ । अत: इन्दिरा मौका पारी उसैले बोकेको खुकुरी चलाउन थाल्छे र उसको टाउको एवं हातमा चोटपटक लाग्छ अनि ऊ ढल्छ । त्यत्ति नै बेला भवदेव आएर त्यो ढल्ने व्यक्ति मुकुन्द नै हो भनेर चिनाउँछन् । त्यसपछि इन्दिरा पनि मूर्च्छा पर्छे । त्यसपछि मुकुन्दका बाबुआमा पनि त्यही कोठामा आइपुग्छन् । सामान्य उपचारपछि दुबै जना ब्युँझन्छन् र ती दुबैलाई कोठामैं छाडी सबै जना बाहिरिन्छन् । यसरी कथानकको अन्त्यमा मुकुन्द र इन्दिराको चीरकालपछि मिलन हुन्छ र उनीहरू अब एकअर्कासँग कहिल्यै नछुट्ने बाचा गरेपछि नाटकको अन्त्य हुन्छ ।

**चरित्र र चरित्रचित्रण**

मुकुन्द इन्दिरा नाटकमा धेरै जना पात्रहरू समावेश गरिएको छ। यस नाटकमा मुकुन्द, इन्दिरा, भवदेव, रूपनारायण, धनमती, बूढा, राजामती, विमान, पुनाचा, रमेशदास, युसुफ, अब्दुल, हुसेन, मिस्टर ज्याक्सन, मास्टर, अखतरी ज्यान आदि पात्रहरू रहेका छन् । यसमा हात हेर्ने, नाऊ, रमेशदासको नेपाली नोकर, भरियाभरिनीहरू, छात्रवर्ग, ब्राह्मणहरू, डोलेहरू, कुल्लीहरू आदि अन्य सहायक पात्रहरू समेत रहेका देखिन्छन् । यी पात्रहरूमध्ये मुख्यमुख्य पात्रहरूको चरित्रचित्रण यहाँ गरिन्छ-

**मुकुन्द**

मुकुन्द इन्दिरा नाटकको नायक र प्रमुख पुरुष पात्र मुकुन्द हो । ऊ यहाँ रूपनारायण श्रेष्ठ र धनमती देवीको एक्लो छोरो तथा इन्दिराको पतिका रूपमा प्रस्तुत भएको छ । उसको तेह्र वर्षकै उमेरमा इन्दिरासित विवाह भएको छ र त्यसपछि पढाइका क्रममा ऊ कलकत्ता गएको छ । उसले उच्च शिक्षा लिने क्रममा बी.ए. पास गरिसकेको छ । तर त्यहाँ ऊ रण्डी, रक्सी जस्ता कुलतमा फँसी पाश्चात्य सभ्यताको दुर्गुणमा बरालिएको छ । धर्मकर्म र सामाजिक संस्कारमा उसलाई विश्वास छैन । आफ्नो स्वभावजस्तै संसारका सबैलाई ठान्ने हुनाले नै ऊ आफ्नी पत्नी इन्दिराको सतीत्व परीक्षण गर्न तम्सन्छ । यसरी यस नाटकमा एउटा नकारात्मक पात्रका रूपमा मुकुन्दको चरित्राङ्कन भएको छ । त्यस्तै मुकुन्द मोजमज्जा र भोगविलासमा डुब्न चाहने भौतिकवादी चरित्रका

रूपमा यस नाटकमा देखा परेको छ । ऊ दुर्व्यसन र कुमार्गमा लागी जीवन बिताउने इच्छा राख्दछ र आमाबाबुको हेरविचार, स्वास्नीप्रतिको चासो आदिबाट पन्सिई आफ्नो सामाजिक उत्तरदायित्वमा समेत ऊ ध्यान दिंदैन । इन्दिराको परीक्षा लिई आफू विजयी हुन्छु भन्ने विश्वास उसमा छ, त्यसैले यत्तिका दुर्गुणहरू हुँदाहुँदै पनि ऊ स्वाभिमानी भने छ । यसरी नाटकको सुरुमा नकारात्मक र दुष्ट चरित्र बोकेको मुकुन्द इन्दिराको सतीत्व डगाउन नसक्दा अन्त्यमा एक्कासी सुध्रिएको छ । सुरुमा इन्दिराप्रति विश्वास र वास्ता नगर्ने मुकुन्द अन्त्यमा ऊसँग नछुट्टिने बाचा गरी बसेको छ । यसरी यस नाटकमा ऊ गतिशील चरित्र बोकेको पात्र र मध्यमवर्गीय कुलतमा फँसी बिग्रिएका युवाहरूको प्रतिनिधि चरित्रको पात्रका रूपमा प्रस्तुत भएको छ ।

**इन्दिरा**

मुकुन्द इन्दिरा नाटककी प्रमुख स्त्रीपात्र एवं नायिकाका रूपमा इन्दिराको भूमिका देखापर्दछ । ऊ पाटनका साहू रूपनारायण श्रेष्ठ र धनमतीदेवीकी बुहारी एवं मुकुन्दकी पत्नी हो । ऊ कर्तव्यपरायणा, सुशील र सभ्य स्त्रीको भूमिका निर्वाह गर्दै एउटी आदर्श बुहारी र आदर्श पत्नीका रूपमा यहाँ प्रस्तुत भएकी छ । इन्दिरा पतिलाई परमेश्वर मान्दछे । ऊ मुकुन्दबाहेक अरुलाई पतिका रूपमा देख्न चाहन्न तथा नौ वर्षकै उमेरमा विवाह भएर तरुनी हुन्जेलसम्म लोग्नेबाट तिरस्कृत भएको अवस्थामा समेत लोग्नेको फिक्का तस्वीर हेरेर ऊ चित्त बुझाई बस्दछे । यस नाटकमा उसको सतीत्व डगाउन वेष बदलेर आएको मुकुन्दको आकर्षणमा इन्दिरा फँसेकी छैन र झ्यालबाट उसको कोठामा पसेको छद्मवेषी मुकुन्दको आततायी छविलाई उसले खुकुरी प्रहार गरी उसले घाइते तुल्याउँदै उसले आफ्नो सतीत्वको रक्षा गरेकी छे । त्यसैले इन्दिरा एउटी पतिव्रता आदर्श नारी चरित्र हो । उसमा धर्मकर्मप्रति असीम श्रद्धा, विश्वास र आस्था रहेको छ । ऊ मन्दिर जाने, पूजाआजा गर्ने, बत्ती कात्ने, रामायणका कथा बाच्ने आदि धार्मिक क्रियाकलापमा संलग्न हुन्छे । सासूससुराको उचित स्याहारसम्भार र रेखदेख गर्ने तथा समयोचित मानमनितो गरेर उसले गज्जबले रिझाएकी छे । उसले मध्यरात्री आफ्नो कोठामा परपुरुषको वेषमा आफ्नै पति आउँदा समेत उसलाई हप्काएर बाहिर जान निर्देश गर्दै आफ्नो साहसिकता, बहादुरी र आत्मबलको प्रदर्शन गरेकी छे । त्यसैले यस नाटकको सुरुदेखि अन्त्यसम्म चारित्रिक रूपमा परिवर्तित नभई यहाँ अटल र स्थिर मनोबल भएकी पात्रका रूपमा प्रस्तुत भएकी

छ । उसले मध्यमवर्गीय नारीको प्रतिनिधित्व गर्दै यहाँ आफ्नो पतिव्रताधर्मयुक्त, धैर्य, धर्मपरायण, देशभक्तिपूर्ण र आदर्श चरित्रलाई उतार गरेकी छ ।

**भवदेव**

मुकुन्द इन्दिरा नाटकको सहायक पुरुष पात्रका रूपमा भवदेवको चरित्राङ्कन भएको छ । एउटा आदर्शवादी, विवेकी, परोपकारी, निस्वार्थ र बुद्धिमान् पात्रका रूपमा ऊ लेखकीय मुखपात्र भई यस नाटकमा देखा परेको छ । ऊ यस नाटकको सहयोगी र सत्पात्र हो । उसले रूपनारायणको बिदेसिएको र टाढिएको छोरो खोजेर ल्याइदिएको छ, पतिवियोगमा छटपटिएकी इन्दिरासित लोग्नेको मिलन गराइदिएको छ र त्यसरी नै सतीत्व परीक्षण गरी इन्दिराको चोखोपन जाँच्न खोज्ने मुकुन्दलाई वातावरण मिलाइदिएको छ । नाटकका सबै पात्रहरू भवदेवबाट उपकृत भएका छन् । ऊ यस नाटकमा देशभक्तिको प्रतीकको रूपमा समेत आएको छ । अत्यन्त माया र श्रद्धा प्रकट गर्दै उसले गरिमामय र गौरवशाली यस देशलाई गोरखनाथ, गौतम बुद्ध र राजा जनकको ज्ञानभूमि र विभिन्न जाति र वेषभूषाको सङ्गमस्थलका रूपमा स्वीकारेको छ । नाटकको सुरुदेखि अन्त्यसम्म सहयोगी र देशभक्त चरित्रका रूपमा अङ्कित भवदेव समग्रमा यस रचनामा रूपनारायणको हितैषी मित्र र मुकुन्दको उद्धारक भएर एउटा सत्पात्र, अनुकूल चरित्र र नाटककारको भाव तथा विचार पोख्ने पात्र हुन गई आधुनिकता विरोधी, सङ्कीर्ण र जातीय विभेद स्वीकार्ने कमजोरी हुँदा पनि आदर्श, विचारवान् र महत्त्वाकाङ्क्षायुक्त पात्रका रूपमा स्थापित छ ।

**परिवेश**

मुकुन्द इन्दिरा नाटक मूलतः काठमाण्डौ उपत्यकाको परिवेशमा लेखिएको नाटक हो । यसमा कलकत्ता र कलकत्ता जाँदा बाटामा पर्ने देउरालीको समेत स्थानाङ्कन गरिएको छ । यस नाटकको परिवेश चित्रणले देशभक्तिको भावना ओकलेको छ । मुकुन्दलाई फर्काउन कलकत्ता जाँदै गरेको भवदेवको मुखबाट देउराली पुगेपछि लेखकले आफ्ना असीम राष्ट्रवादी भावनाहरू प्रवाहित गरेका छन् । यस नाटकमा मध्यमवर्गीय नेवारी समाजको सामाजिकता वर्णित छ । धार्मिक, सामाजिक संस्कार (मन्दिरमा पूजा गर्न जाने, बत्ती काल्ने, रामायण बाच्ने आदि), बालविवाह आदि प्रथाहरूको यहाँ उल्लेख गरिएको छ । यसमा सामाजिक अन्धविश्वास, कुसंस्कार आदि समाजमा व्याप्त रहेको र मध्यमवर्गीय युवावर्ग समुचित निर्देशनको अभावमा दुव्र्यसन र कुलतमा फँसेको वृत्तान्त समेत छ । यस नाटकमा सुरुदेखि अन्त्यसम्म करिब छ महिनाको घटना वर्णन गरिएको

छ र ऐतिहासिक साहित्यिक पत्रिका शारदाको र पाटनको ऐतिहासिक मन्दिर कृष्ण देवलको समेत उल्लेख छ । यस आधारमा नाटकको घटनासमय सात सालको क्रान्तिपूर्व प्रतीत हुन्छ । अतः यहाँ कथानक, चरित्र र उद्देश्यअनुकूल समुचित र जीवन्त परिवेश—योजना रहेको मान्न सकिन्छ।

**द्वन्द्व**

नाटकलाई कौतुहलपूर्ण र जीवन्त तुल्याउन यस कृतिमा सशक्त ढंगले द्वन्द्वको आयोजना गरिएको छ । यसको मुख्य द्वन्द्व भनेको सांस्कृतिक द्वन्द्व हो, जसअनुसार नाटकको नायक पूर्वीय सभ्यता र हिन्दू संस्कृति प्रतिकूल र दुव्र्यसन, कुलत एवं पाश्चात्य सभ्यताको भौतिकवादी झिलिमिलीमा पूर्णतः मोहित भई लट्ठिएको देखिन्छ भने यसकी नायिका इन्दिरा पूर्वीय सभ्यता र हिन्दू संस्कृति अनुकूल छे । ऊ मन्दिर जाने, बत्ती काल्ने, रामायण बाच्ने, पतिव्रता धर्ममा अटल र दृढ रहने एवं मान्यजनमा समुचित आदर सत्कार गर्ने आदि धार्मिक र सामाजिक कार्यमा सरिक देखिन्छे । यस द्वन्द्वमा पूर्वीय संस्कृतिकी अनुयायी इन्दिराको विजय र पाश्चात्य संस्कृतिको पक्षधर मुकुन्दको पराजय भएको छ । यो द्वन्द्व नै यस नाटकको मुटु हो।

यस नाटकमा मुकुन्दलाई फर्काउन कलकत्ता गएको भवदेव र मुकुन्दका बीचमा पनि नेपाल फर्कने वा नफर्कने सम्बन्धमा चर्को द्वन्द्व सिर्जना भएको छ । यस द्वन्द्वमा सर्त राखेपछि मात्र भवदेव मुकुन्दलाई नेपाल ल्याउन सफल हुन्छ । यी दुईवटा द्वन्द्वका अतिरिक्त यसमा अन्य सानातिना अन्तद्र्वन्द्वहरूको आयोजना पनि पाइन्छ ।

**भाषाशैली**

भाषा र शैलीका दृष्टिले प्रस्तुत मुकुन्द इन्दिरा नाटक परिष्कृत र उत्कृष्ट देखिन्छ । यसमा गद्य र पद्य मिश्रित भाषाका माध्यमले संवाद रचना भएको छ । अधिकांश संवाद पद्यात्मक नै छ । काव्यात्मक भाषामा विविधतायुक्त संवादद्वारा यसलाई आकर्षक तुल्याइएको छ । नेपाली भाषाका अतिरिक्त अङ्ग्रेजी, हिन्दी भाषाको संवाद पनि यस नाटकमा प्रयोग भएको छ । यसमा नेवारी मातृभाषा हुने पुनाचा पात्रले नेवारी लबजमा उच्चारण गरी नेपाली भाषाको प्रयोग गरेको देखाइएको छ । त्यस्तै यसमा तत्सम शब्दको बाहुल्य भएका लामालामा र बौद्धिकतापूर्ण संवादको संरचनासमेत भएको पाइन्छ, तर यसले नाटकलाई अझ आस्वाद्य तुल्याएको छ । प्रस्तुत नाटकमा भाषागत आलङ्कारिकताको चमत्कार यत्रतत्र पाइन्छ । प्रसङ्गानुकूल यसमा गीतको समेत प्रयोग गरिएको छ ।

मुख्यपात्रले स्तरीय नेपाली कथ्य अँगालेको पाइन्छ भने अन्य पात्रले बोल्ने भाषा विविधतायुक्त छ । मूल कथा वा उद्देश्य पूरा गर्न नाटकको मध्य भागमा अनेकौं टुक्रा र प्रसङ्गहरू जोडिएका छन् । यसमा राष्ट्रवादी स्वर ओजस्वी भाषाका माध्यमले अभिव्यक्त छ । समग्रमा यस नाटकमा संवाद, भाव र भाषाको सुन्दर संयोजन पाइन्छ ।

**शीर्षक**

यस नाटकमा मुकुन्द र इन्दिरा नामक दुईजना मुख्य पात्रको जीवनकथालाई कथानकका रूपमा प्रस्तुत गरिएको छ । सम्पूर्ण नाटक यिनै दुई पात्रको केन्द्रीयतामा रुमल्लिएको पाइन्छ भने यसको शीर्षक पनि यिनै दुई पात्रको नामबाट मुकुन्द इन्दिरा राखिएको छ । यो शीर्षक सामञ्जस्यमूलक छ । शीर्षकमा रहेको मुकुन्द शब्दले नाटकको प्रमुख पुरुषपात्र र नायकलाई एवं इन्दिरा शब्दले यसकी मुख्य स्त्रीपात्र एवं नायिकालाई समेटेको छ । यिनै दुई पात्रहरू यस नाटकका प्रमुख विषय पनि हुन् । यस शीर्षकले पुरुषवर्ग र नारीवर्गको छुट्टाछुट्टै प्रतिनिधित्व बोकेको छ । अतः मुकुन्द इन्दिरा शीर्षक सामञ्जस्यमूलक, उपयुक्त, सार्थक र औचित्यपूर्ण प्रमाणित हुन्छ ।

**सारवस्तु**

मुकुन्द इन्दिरा नाटकको मुख्य उद्देश्य नै देशभक्ति र पतिभक्तिको परिधिमा उच्च आदर्शको स्थापना गर्नु रहेको छ । यसमा लेखकीय मुखपात्रका रूपमा प्रस्तुत भवदेवका माध्यमबाट देशभक्तिसम्बन्धी बहुमूल्य उद्गारहरू प्रवाहित भएका छन् । देशभक्तिका प्रवक्ता पात्र भवदेवका अतिरिक्त रूपनारायण, इन्दिरा, मुकुन्द र अन्य गौण पात्रका मुखबाट पनि राष्ट्रवादी स्वर उरालिएका पाइन्छन् । यसको कथानकमा ठाउँठाउँमा गौतम बुद्ध, जनक, गोरखनाथ, सीता आदिको जन्मभूमि नेपालको सामाजिक, सांस्कृतिक, प्राकृतिक, भौगोलिक विशेषताहरूको महिमा बखानिएको पाइन्छ ।

यस नाटकको अर्को उद्देश्यमा पतिभक्ति आएको छ । हिन्दू संस्कृतिअनुरूप पतिव्रताधर्म र सच्चरित्रता आदर्श नारीका आभूषण हुन् भनी देखाउन यस नाटकमा इन्दिराका माध्यमबाट आदर्श नारीको चित्र उतारिएको छ । बालविवाहको मारमा पिल्सिएर पनि धैर्य र त्यागको आत्मविश्वासमा दृढ रही इन्दिरालाई अन्त्यमा विजयी देखाउनु आदर्श पतिभक्तिको बलियो नमूना हो । यहाँ हिन्दू धर्म र स्वदेशी संस्कृतिप्रतिको हार्दिक श्रद्धाभाव यत्रतत्र उद्‌घाटित भएको छ । आफ्नो परिवार, समाज र राष्ट्रलाई तुच्छ ठान्ने र रक्सी रण्डी र मोजमा

डुबेर विदेशमा बरालिने एउटा शिक्षित युवकलाई सुधार्नु वा कर्तव्यबोध गराउनु यस नाटकको लक्ष्यप्राप्ति हो।

**उपसंहार**

प्रस्तुत मुकुन्द इन्दिरा नाटकका मुख्य विशेषताहरूमा सामाजिक कथानक, मध्यमवर्गीय नेपाली जीवनजगत्को चित्रण, काठमाण्डौंदेखि कलकत्तासम्म फिंजाइएको परिवेश, मौलिक र प्रेमप्रधान कथानक, देशभक्ति र पतिभक्तिको समन्वयात्मक सन्देश, पद्यात्मक र गद्यात्मक संरचना, सुखान्त आदि पर्दछन् ।

## 3.4.2 कवि सम

शैलीका दृष्टिले समका कविताको वर्गीकरण दुई प्रकारले गर्न सकिन्छ-

क) वार्णिक छन्दमा रचित।

ख) गद्यमा रचित।

सम भावनाको बौद्धिक कोमलतालाई कविता मान्दछन् । उनका कविता मानववादका उदात्त आदर्शमा आधारित छन् । व्यवहारमा शिष्टता, कोमलता ल्याउनुको अर्थ विश्वका घृणा, द्वेष र मनोमालिन्य हटाउनु हो भन्ने सन्देश उनका कविताले दिन्छन् । समका कविताको केन्द्रविन्दु प्रेम नै हो। विश्वमा मानवले जतिसुकै प्रगति गरे पनि वैज्ञानिक प्रक्रियाद्वारा उन्नतिको चुचुरोमा पुगे पनि हृदयको क्षेत्रमा प्रगति हुन सकेको देखिँदैन । त्यसै हुनाले अन्याय शोषण, ईर्षया, द्वेषजस्ता आगोमा सद्भावना, समता, स्नेह, न्यायजस्ता कुराको पानी हालेर त्यो राप साम्य पार्नुपर्छ भन्ने सन्देश आगो र पानी (खण्डकाव्य) मा पाइन्छ । सम कवितालाई देवीमन्दिर र कविलाई पुजारी मान्छन् । चिसो चुह्लो उनको यस्तो महाकाव्य हो जसमा परम्पराका विरुद्ध क्रान्ति छ, प्रगतिशीलता छ, मानववादी दृष्टिकोण सलबलाएको छ, गरीबीको मुटु छेड्ने चित्र छ। यस महाकाव्यका नायकनायिका सन्ते र गौरी छन्, जो परम्परागत महाकाव्यमा लायक थिएनन्। सन्ते (दमै) र गौरी(छेत्रिनी)बीच प्रेम हुन्छ । तर उनीहरूको प्रेम शारीरिक सम्पर्कमा पुग्दैन । गाउँले सामान्य प्रेमको विषय, गरीबीको चित्र, पूर्वीय सदनमा भएको कविसम्मेलन, गौतमबुद्धको वर्णनजस्ता कुरा काव्यको कथावस्तुसँग तालमेल खाँदैनन्, समले जबरजस्ती आफ्नो पण्डित्यपप्रदर्शनको लागि राखेका छन् तापनि बृहत्काय भएकाले र ज्ञानको क्षेत्र पनि विस्तृत भएकाले महाकाव्यका रूपमा यसलाई लिइएको छ । समका दृष्टिमा महाकाव्य त्यसलाई भनिन्छ जो संलग्न रूपले लेखिएका धैरै कविताहरूको सङ्ग्रह छ । यस परिभाषालाई

हृदयङ्गम गर्ने हो भने चिसो चुह्लो निर्विवाद महाकाव्य हो । यो महाकाव्य बत्तीस र्सगमा रचिएको छ । चिसो चुह्लो निश्चय नै नेपालीसाहित्यको एक उपलब्धि हो । वियोगान्तमा टुङ्गिने यसको मुख्य भाव र सन्ते र गौरीको प्रेम भएपछि यहाँ मानवताका उपासक, विषमताका विरोधी र विश्ववन्धुत्व रुचाउने समले जातभातको विरोध गर्दै प्रेम भन्ने वस्तु ठूलाबडा सौखिनमा मात्र होइन निम्नवर्गीय साधारण व्यक्तिमा पनि हुन्छ भन्ने आशय स्पष्ट पारेका छन्।

- **आगो र पानी खण्डकाव्यको बिबेचना**

"आगो र पानी" बालकृष्ण समद्वारा लिखित एकमात्र खण्डकाव्य हो। यस खण्डकाव्यलाई दुईभागमा बिभाजित गरिएको छ। यस खण्डकाव्य संसारको सृष्टिदेखि लिएर वर्तमान समयको परिवेशमा आधारित छ। संसारको सृष्टि हुनुभन्दा अगि पृथ्वी एक आगोको गोला थियो। सौरजगतमा वा वायुमंडलमा च्यटांग, गड़ांग-गुडुंग यसरी बिस्तार बिस्तार ताराहरु बनिए ! वायुमंडलमा घामको एक सानो चोइटा निस्केर अलग भयो त्यो आगोको गोला कोटि कोटि समयसम्म आगो नै थियो ! समय बित्दै जादा बिस्तार बिस्तार त्यस गोलामा आगोको मात्रा कम्ति हुदै गयो र पानीको सृजना वा पानीको प्रतिक देख्न थाल्यो। यसरी आगोको अस्तित्व पृथ्वीको जमिनमुनि लुक्न गयो र संसारमा पानीले हरियो ल्यायो। पुष्टिका निम्ति खण्डकाव्यको निम्न पंक्तिलाई हेर्न सकिन्छ -

“अहो ! आगोको धानी धार पाइन चढ़ैको
पखेटा समेटी उछिट्टिई उडेको पानीको लप्को
ज्वालाले चाटेर जिब्रो टल्काउँदै बिलाइदिएको जलको अन्तिम बल र चीत्कार
पानीको बुनौटलो घेरिएको जालभित्र माछाजस्तो फटफटाउँदै मरेको अग्निको आर्तनाद”

पृथ्वीमा आगो र पानीको झगड़ा आजको होइन यसको झगड़ा कयौ बर्षअघि देखि चल्दै आएको हो। आगो र पानीमाझ बाझाबाझ, संघर्षण, लुछाचुँडी, जुद्ध, च्याताच्यात, काटाकाट र मारामार कयौँ कोटि अघि देखि चल्दै आएको हो। अन्तमा आगोको हारभयो र पृथ्वीको मुनि लुक्न पर्यो र पानी पृथ्वीको माथिल्लो स्तरमा बिराजमान भयो। आगोको र पानीको लड़ाईमा जब पानीको बिजय भयो तब पानीको शासन सुरु भयो तब पानीको संसारमा सर्बप्रथम पानी बिरुवा देखा पऱ्यो। पानी बिरुवा पछि थलथले माछा देखा पर्यो यसरी बिस्तार बिस्तार भयंकर भ्यागुता, कुकुरदातिँ साइनोग्यान्याथस, पेलिकोसर्स, कोटिलोसर्स, डाइनोसर्स,

स्टेगोसर्स, बून्टोदसस, त्रिसर्याटप्स, तदन्तर, सम्राट टाईरान्नोसरस देखा पर्यो फेरि लाल्लोसारस ,प्लेसियोसारस र डाइनोसेरसको मृतु पछि फेरि यस संसारमा थार्कियोप्टेरिक्स, हेस्पेरोनिस, पखेटा नभएका पानीहाँस देखा पऱ्यो। यसरी समय बित्दै जादा फेरि राजवंशी बाघ, हात्ति र बनमान्छे देखा पर्नु नै संसारमा परिवर्तनको संकेत थियो। सबैभन्दा पछि मानवको सृष्टि भएको हुदा नै मानवलाई संसारकोसबैभन्दा बिवेकशील प्रणिको दर्जा दियो।

"रातभर आगोले डढेलो लगाएर कालो पारिसकेको
फलफूलका रुख फूलका लताहरुको श्मशानमा
पानीले अनेकानेक बुट्टा पारेर शीतबिन्दु चुहाउदै श्रद्धाञ्जली अर्पण गर्न लाग्यो
फेरि बन हरियो भयो
आगोले जति चोटि यस्तै बिनाश मास्तिर गरे पनि
पानीले बीजलाई जरालाई आफ्नो काखमा झुलाउदै स्तनपान गराउदै राखी हुर्कायो"

आगोले जति जति बिनास पारथ्यो पानीले उति उति भरिपाई गर्थ्यो। आगोले जति घाउ दिन्थो पानीले त्यो घाउँहरुमा मलम पट्टि गर्ने कार्य गर्थ्यो। यसरी बेला-बेला आगो र पानीको युद्ध भइरहन्थयो।

"पानी जहाँ दया भै बस्थ्यो ,त्यही हृदयमा मात्सर्य बनी
आगो घुस्न पुग्थ्यो”

संसारमा मानव प्राणीको अन्तमा सृष्टि भएको हुनाले सबैभन्दा बुद्धि भएको प्राणी त भयो तर मानव जिवनमा आगो र पानीको गुणहरु दुवैले स्थान पायो। आगो भनेको रिस, क्रोध, शासक, शोषन ,बिनासक, अन्य-अत्यचार, दमन,युद्धको भावना,घृणा अनि पानी भनेको सदभावना, शान्त, स्नेह, दया ,प्रेम, सेवाहरुको भावना हो। जहाँ मानवले प्रेम गर्दथ्यो त्यही घृणा पनि गर्दथ्यो। जहाँ मानवको मनमा पानीले बस्दथ्यो त्यही आगोले हस्तक्षेप गरेर आगो पनि घुसर्न आइपुगद्थ्यो।

" लोभ बल्यो संग्रह सल्क्यो ,तृष्णा ज्वाला दन्क्यो
खोसा-खोस भो,बलाबल भयो
तेरो मेरो भो,टोकाटोक भो,प्रेम र घृणाको तानातानीमा
पानी-पानी भो,आगो-आगो भो
हूल-हूल बेग्लाबेग्लै भो,अनि प्रथम-प्रथम युद्ध छेडियो”

लोभ बल्यो भन्नुको तातपर्य मानिसको मनमा ईष्या र लोभको भावनाहरु बढ़ेर गयो। मानिसहरुले जुनै कुरामा पनि मेरो अधिकार हुनु पर्छ भन्ने कुराको भावना लियो। एक अर्कालाई ठगेर होस या त लुटेर जसरी भए पनि आफ्नो स्वार्थको निम्ति त्यो कुरा वा बस्तुहरुमा अधिन जमायो। मानिसहरुको मनमा लोभले सिमा काट्यो। मानिसहरुको मनमा आगो र पानीले स्थान प्राप्त गरेको हुनाले मानिस-मानिसबीच केहि कुरामा खोसाखोस भयो। केहि बस्तु प्राप्त गर्नुको नीम्ति बलाबल भयो मानिसहरुले आफ्नो बलको कारण युद्धगरी केहि हासिल गर्नु थाल्यो। मानिसको मनमा आगोले बास गरेको हुनाले कुनै पनि बस्तुमा तेरोमेरो हुन थाल्यो शक्तिशालीले बलविहिन मानिसहरुलाई हेप्न थाल्यो ,दमन शोसन गर्न थाल्यो। प्रेम र घृणाको तानातान भयो ,टोका टोक भयो यसरी मानिस मानिसबीच युद्ध भयो। पानीको भन्दा आगोको ज्वाला जादा मात्रमा दन्केको हुदा बिश्वमा प्रथम युद्ध देखा पर्‍यो। युद्ध भयो संसारमा आगोले सबैकुरा ध्वांस बनायो।  यसरी आगो र पानी युद्ध भयो।

"त्यसरी आगो सल्केको बेला ,शक्तिको खाँड़ो जाग्यो
दुर्बलले आफ्नो नाडी छामि,शक्तिमान्को पूजा गर्यो
ईश्वर जन्मो
लुटहा बिजेता शासकको प्रसादमा
स्वर्ग जन्मयो
बिजित शासित रोगीको झुप्रामा नरक जन्मयो"

यसरी समाजमा आगोको झिल्काहरु झिल्कन थाल्यो। समाजमा शक्तिशालीहरुले सामाजका निम्न बर्ग वा जतिपनि दुर्वलहरु छन् त्यसमाथि शासन गर्न थाल्यो। समाजमा शक्तिशाली मानिसहरुले दुर्बल असहाय मानिसहरुमाथि अधिन गर्न थाल्यो। सामाजका दुर्बल मानिसहरुले शक्तिशाली मानिसहरु अगि घोड़ा टेक्नु पर्‍यो। यसरी मानिसहरुले मानिसहरुको अगि हातजोड़ि पूजा गर्न थाल्यो। संसारमा र समाजमा उच्चबर्ग वा शक्तिशाली मानिसहरुले निम्नबर्गमाथि नेतित्व गर्न थाल्यो। यसरी ईश्वरको जन्म भयो। समाजका शक्तिशाली मानिसहरु ईश्वरको स्थानमा बिराजमान भयो। यसरी जतिपनि लुटिएको र हारभएको मानिसहरुको रुपमा प्रसाद सम्झि उनिहरुले शासनलाई प्रसादको रुपमा ग्रहण गर्न थाल्यो यसरी स्वर्गको जन्म भएको थियो। यसरी बिजित वा हारेका मानिसहरुको झोपड़ीमा नर्कको जन्म भयो। स्वर्ग

भनेको सुखदायी र नर्क भनेको दु:खदायी जिवन। शक्तिशाली बर्गले निम्न बर्गमाथि जुन प्रकारको अन्य-अत्यचार गरिरहेको थियो चाहे त्यो आर्थिक,सामाजिक,राजनैतिक,संस्कृतिक र धार्मिक होस। निम्नबर्गले त्यहि कार्य गर्नु पर्थ्यो उच्चबर्गले जुन आदेस दिदथ्यो ! यसरी समाजमा उच्चबर्ग र निम्नबर्गको जन्म भयो। समाजमा शासन र शोसित जन्म्यो। यसरी समाजमा सानो र ठूलो भन्ने कुराको जन्म भयो। यसरी समाज र संसारमा आगो र पानीको स्थापना भयो।

"त्यस समयमा एउटा मानिसले ,नेपाल हिमालको फेदीमा
कमलपत्रको तुषारबिन्दुझैँ पवित्र भईकन जन्म लिए
ज्ञानान्मुक्ति बन्धोविपर्ययात् ईश्वरासिद्धे भनी कराउने
कपिलमुनिको कपिलबस्तुमा उनकै दर्शन जीउ हालेझैँ
राजाको धनमा जोगीको मनझै,नैराश्यमा आश्वासनझैँ
मदान्धकार संसारको पाटीमा बिजुलीले अक्षर पंक्ति कोरेझैँ
गौतम बुद्ध फुले"

यसरी चारैतिर आगो नै आगोको भुवरीमा फेरी पानीको मुहान जन्म्यो। त्यस समयमा नेपालमा राज्यदरवारमा गौतम बुद्धको जन्म भयो। नेपाल जस्तो देसमा जस्तो प्रकारको आगोको लप्को बलेको थियो हिमाल्यको वातावारणले नसा-नसाबाट आगोलाई झिकि पानीको कणहरु हिलिदियो। यसरी फेरी एक चोटि मानव जिवनमा पानीले शासन गर्न थाले मानव जिवनमा शान्ति र प्रेमको भावना उतपन्न भयो। बौद्धको बाणीहरुले नेपाल,भारत,भोट,चीन,जापान,बर्मा र लंका देसहरुलाई ढाक्यो। केहि समय पछि फेरी बौद्ध धर्मको मुहान सुकेर फेरी गयो उता फेरी आगोको टुसा जन्मन थाल्यो। पेरिक्लिज संग डेरियस हारे। फेरी संसारमा आगोको राज सुरु भयो।

"फेरि अशोकको पालो आयो ,घरभित्र र बाहिर दुवैतिर उनले
प्रतिदिनको हत्याले भारतको ,रातो मुटु बान्कीको खेतमा
अशोक चक्रले उधिनी-उधिनी,कुलो काट्दै वैतरणी नदी
कलिंगसम्म पुर्याए
अकस्मात् इतिहास दोहोरियो ,आगोमाथि पानी पर्यो
सन्तापश्चात् पश्चात्तापले ,मानवताको मूल फुट्यो
अशोक राजा बौद्ध भए"

फेरि अशोक राजाको पालो आयो चारै तिर रगतको भेल बगिरहेको थियो। भारतबर्षको चारै तिर युद्ध र रगतको भेल बगिरहेको, रगतसंग खेलिरहेको थियो। अशोक राजा कलिंगमा पुगे युद्ध भूमिलाई एक चोटि हेरे उनको मनमा मानवताको भावना जाग्यो। कयौ बिद्वा र अनार्थ साथै टुहुरा-टुहुरी भएको देखेर राजा अशोकको जिवनमा परिवर्तन आयो र फेरि एकपल्ट इतिहास दोहोर्यो फेरि आगो माथि पानीको बर्षात भयो राजा अशोक पूर्ण रुपले बौद्धको शरणमा गए र युद्ध त्यीगि शान्तिको बृक्षमा लिन भए। यसरी आगो र पानीको युद्ध निरन्तर चलि रह्यो। संसारमा केहिबेला आगोले राज्य गर्यो फेरि कोहिबेला पानीले राज गर्यो। संसारमा आगोमाथि पानीको राज फेरि पानी माथि आगोको राज भयो। समय बित्दै गयो पानीले आगोलाई पैतालामुनि दवाएर राखे तर आगो अछिन-पिछिन गरी फेरि निकन्दथ्यो। कोहिबेला पानीलाई आगोले अस्तित्वहिन बनाउथ्यो। यसरी आगो र पानीको बेलना चौकिमा संसार रोटि झै बेलिन्थ्यो। हजारौ मानिसहरुको आहुति र मानिसहरु बेल्ना चौकिमा बेलिन पर्थ्यो। आगो र पानीको झातोमा संसार पिसिन्थ्यो। यस्तै समय प्रभु ख्रिष्टको जन्म भयो उनले शान्ति ल्यायो तर केहिसमयको निम्ति मात्र ख्रिष्टको मृत्यु पछि पानी हरायो र आगोको राज सुरु भयो। यस्तै समय महात्मा गान्धि जन्मे केहि समय शान्ति भयो फेरि आगोले सबै जलाई दिन्थ्यो।

खण्डकाव्यको मूल पात्र जंगली हो र खण्डकाव्यकारले जंगलीलाई काव्यको अन्त अन्तमा ल्याएर जंगलीको माध्यमबाट दार्शनिक कुराहरु बताएका छन्। जंगलीको माध्यमबाट कविले मनको कुरा ब्याक्त दिएका छन्। संसारको सृष्टि अगोबाट भएको हो यसैले गर्दा पछि पानीको देखा परेको हो। संसारमा आगो पनि महत्व छ र पानी पनि उत्तिकै महत्व छ। यसैले एकदिन आगो र पानी एक अर्कामा मिसनु पर्छ।

**निष्कर्ष** :-

आगो र पानी खण्डकाव्य बालकृष्ण समद्वारा लिखित एक बैज्ञानिक ,दार्शनिक र साहित्यिक रचना हो। यस खण्डकाव्यको माध्यमबाट कविले संसारको सृष्टि कसरी भयो आगोको र पानीको कस्तो घनिष्ट सम्बन्ध छ भन्ने कुरा बोध गराएको छ। यस खण्डकाव्यको माध्यमबाट हामीले आगोको परिणाम र पानीको परिणाम कस्तो रहेछ भन्ने कुरा बुझ्छौ। मानवमनमा नौ प्रकारको रस हुन्छ तिरसहरुमा रिस यानि क्रोध र शान्त यानि नम्र र शान्तिको रस हुन्छ। यसैले गर्दा संसारमा

क्रोध पनि छ र शान्ति पनि छ। यसै गरी मानिसको मनमा पनि क्रोध र शान्ति हुन्छ तर हामीले प्राय क्रोधलाई नियन्त्रण गर्नु पर्छ। संसारमा आगो र पानीको एकै महत्व छ यदि आगो नभएको भए संसार चल्नु असम्भाव थियो। यसैले गर्दा समाजमा पनि उच्च र निम्न बर्गहरु छन् तर हामीले शासन र शेसित हुनु हुदैन तर सबैजना एकै सम्मान भएर बस्नु पर्छ। आगो भनेको क्रोध ,बिनासक हो र पानी भनेको शान्त ,प्रेम हो।

## 3.4.3 कथाकार सम

समको कथायात्रा १९९२ देखि २०१९ सम्मको अवधि भए पनि उनका एक दर्जन कथा मात्र नेपाली पाठकले पाएका छन् । उनका कथामा कथात्मकताभन्दा चिन्तनका झल्झिका र निबन्धात्मकता बढी पाइन्छ। गुरुप्रसाद मैनाली, विश्वेश्वरप्रसादकोइराला, पुष्करशमशेरजस्ता वरिष्ठ कथाकारसँगसँगै दार्जीलिङ्गबाट निस्केको कथाकुसुममा उदाएका कथाकारसम नेपालीकथाका चम्किला ताराका रूपमा छन् । उनका प्रकाशित कथाहरूलाई मुख्य रूपले अध्ययन सुविधाका लागि प्रतीकात्मक, मनोविश्लेषणपरक, समाजपरक र समस्यामूलक गरी ४ प्रकारबाट वर्गीकरण गर्न सकिन्छ । हुनत समको प्रत्येक कथामा सामाजिकता छ, समस्या छ र जीवनसापेक्षता छ तर पनि विशेष रूपमा प्रतीकपरक कथामा देवराली, यौवन र सुन्दरता, खुकुरी एवं कैकेयीलाई लिन सक्छौँ भने हरिसिद्धि, टाँगन घोडा, नौला र तलतललाई चाहिँ मनोविश्लेषणपरक कथाका पङ्क्तिमा उभ्याउन सकिन्छ । समको कथा यौवन र सुन्दरतामा पूर्णिमाको यज्ञमा यौवन र सुन्दरताको विवाहको प्रसङ्ग छ । त्यसैले त्यसलाई प्रतीकात्मक रूपले निबन्धात्मक शैलीमा काव्यात्मक अभिव्यक्ति सजाइएको छ । साथै देवराली कथामा हजार तोला वेदान्तभन्दा एक तोला दया बढ्ता हुन्छ भन्ने बेहोरा देखाइएको छ । खुकुरी कथामा पनि मामूली खुकुरीको अंशबन्डाको प्रसङ्गले काटमार चलेर नराम्रो स्थिति आएको देखाएका छन् । त्यसै गरी कैकेयीमा युद्धको प्रयोग शान्तिस्थापनाका लागि आवश्यक हुन्छ भन्ने सन्देश कथाकी नायिका कैकेयीको चरित्रबाट थाहा हुन्छ । टाँगन घोडा र हरिसिद्धि एकै प्रकारका कथा हुन् । काले सयस टा"गन घोडालाई अत्यन्त माया गर्छ भने हरिसिद्धिमा घरका नजीकको मूर्तिप्रति एकसुरे श्रद्धा व्यक्त गरिएको छ । त्यस्तै नौली र तलतल कथालाई पनि तुलनात्मक दृष्टिले हेर्न सकिन्छ, जस्तै नौलीमा एउटी गाउँले युवती शहर पसेपछि अर्की आइमाईप्रति श्रद्धालु बन्छे । तलतलमा

चाहिँ स्यानो ठिटो चुरोट खाने बानीले जिराहा हुन्छ । तर दुवै कथाको अन्तमा उपसंहार भने मिल्दोजुल्दो देखिन्छ- नौली बहुलापन छाडेर सद्दे हुन्छे र गोपाल चुरोट खान छोड्छ ।

नेपाली समाजमा नारी जातिले भोग्नुपर्ने समस्या, विवशता र कठिनाइ शरण, पराइघर र रूपको मूल्यमा अङ्कित छन् । पराइघर र शरण एकै प्रकारका कथा भए पनि रूपको मूल्यको कथानकको संरचना चाहिँ छुट्टै प्रकारको छ । यस कथामा एउटी कुरूपा नारीले पाएको कष्ट प्रभावकारी रूपमा देखाइएको छ । सामाजिक व्यवहार र पुरानो परम्परा मिलेर हाम्रो समाजका नारीहरूलाई रुवाउँछन् र इहलीला पनि समाप्त पारिदिन्छन् भन्ने कुरा पराइघरकी सावित्री र शरणकी सानीको जीवनचरित्रबाट स्पष्ट हुन्छ । यसरी कथाकार सम आफ्ना अभिव्यक्तिका माध्यमबाट नेपाली समाजका अनेक समस्या र स्थितिको विश्लेषण गर्न नाटक र कविताका माध्यमबाट मात्र होइन कथाका आकारमा पनि सफल छन् भन्ने बुझिन्छ ।

## 3.4.4 निबन्धकार सम

समका निबन्धको विभाजन दुई प्रकारबाट गर्न सकिन्छ- १. फुटकर निबन्ध र २. प्रबन्धात्मक निबन्ध । फुटकर निबन्धमा चिन्तनपरक, विवरणपरक र यात्रावर्णनगरी अनेक उपआधारको सिर्जना गर्न सकिन्छ । यस्ता निबन्धमा आत्मविश्वास, बर्दाहामा शिकार जस्ता निबन्ध पर्दछन् । प्रबन्धात्मक निबन्धलाई ग्रन्थात्मक रूप दिइएको छ; जस्तै- नियमित आकस्मिकता (दार्शनिक ग्रन्थ) । यो पनि दार्शनिक चिन्तनहरूकै सँगालो हो। त्यस्तै नेपाल ललितकला -यसमा पनि मूर्तिकला, चित्रकला, इतिहास, साहित्यहरूको चित्र तथा रूपरेखा सङ्कलित छन्। यसरी प्रबन्धात्मक निबन्धमा पनि समको भूमिका छ। समका अरु दर्जनौँ निबन्ध र लेखहरू यत्रतत्र छरिएका छन् । यिनबाट पनि समको चिन्तनशिल्प र विषयज्ञानको राम्रो परिचय पाउन सकिन्छ। २०२९ सालमा समले तयार पारिदिएको दीक्षान्त भाषण अझ महत्त्वपूर्ण प्रतीत हुन्छ। यसरी उनको निबन्धकला उच्च रहेको छ।

## 3.4.5 जीवनीकार वा आत्मकथाकार सम

सम आफ्नो लामो साधनाले नेपालीवाङ्मयका एक प्रतिष्ठित प्रतिभाका रूपमा सम्मानित छन् । उनको लामो जीवनका तीतामीठा घटना र अनुभव नेपाली इतिहास र सामाजिक अध्ययनसँग सम्बद्ध छन् । त्यो जान्ने धोको सबैको दिलमा

हुन्छ, त्यसैले पनि समको जीवनीलेखन महत्त्वपूर्ण छ । समले २०२३ र २०२९ सालमा गरी आफ्नो जीवनी २ भागमा प्रकाशित गरिसकेका छन् । यसको संरचना गद्य र पद्यमय (चम्पू) ढा"चामा भएको छ । पुराना कुरा र समको जीवनदर्शन बुझन यसले निकै सघाउ"छ। जीवनीको तेस्रो भाग पुग्ने सामग्री नाति जीवनशमशेरसँग सुरक्षति छ समयले प्रकाशमा ल्याउनेछ । दोस्रो जीवनीहरूको सङ्ग्रह हो, हाम्रा राष्ट्रिय विभूतिहरू । यसमा जनक, बुद्ध, सीता, अंशुवर्मा, अरनिको, राम शाह, पृथ्वीनारायण, बलभद्र, अमरसिंह, भीमसेन थापा, भानुभक्त, मोतीराम र त्रिभुवन गरी १३ राष्ट्रिय विभूतिहरूको सङ्क्षिप्त परिचय दिइएको छ । आफ्ना राष्ट्रिय विभूतिहरूलाई छोटकरी रूपमै भए पनि चिनाउन समले गरेको प्रयास स्तुत्य छ । नेपालीवाङ्मयका अनवरत उपासक समलाई सुन्दरीका कटाक्षले मोहित बनाएन, मदिराको मादकताले लठयाएर आफुतिर तानेन, सुखसयल र मनोरञ्जनका लहरीहरू छुटेर लहरीमय गराएनन् । सुखसयल जे भने पनि साहित्यसाधनामा उनी तन्मय बने । तर्सथ आज नेपालीवाङ्मयका महान् साधक उनी बन्न पुगे र सम्मानित पनि भए । उनको जीवनचरित्र पढेर राष्ट्र, राष्ट्रियता र साधना सबभन्दा ठूला कुरा हुन् भन्ने बुझिन्छ।

## 3.5 उपसंहार

बालकृष्ण सम नेपाली साहित्यका कहिले नअस्ताउने ध्रुव तारा हुन्। उनका लेखनले केवल नेपाली साहित्यको भण्डार भर्ने काम मात्र गरेको छैन अपितु गुणात्मक हिसाबले पनि उनका कृतिहरू अत्यन्त महत्वको छ। समका कृतिहरू समाजका प्राय सबै वर्गका मानिसहरूका निम्ति उपयोगी रहेको पाइन्छ। पूर्वीय तथा पाश्चात्य दर्शन साथै बौद्धिक विचार पक्ष उनका कृतिमा पाइन्छ भने अर्कोतिर पौराणिक प्रसङ्ग, धार्मिक विश्वासका कुराहरु, समाजका सामान्य घटनालाई लिएर साहित्य रचना गरेको देखिन्छ। जसले गर्दा साधारण पाठक पनि उनको कृतिबाट प्रभावित नभई रहनै सक्दैनन्। समले शास्त्रीय शैलीलाई पनि अँगालेर साहित्य लेखेका छन् भने आधुनिक समयका प्रयोगहरु पनि उनका कृतिहरूमा प्रशस्त पाइन्छ। समग्रमा भन्नुपर्दा बालकृष्ण सम नेपाली साहित्यका अमर नक्षेत्र हुन् त्यसैले त समालोचक रामचन्द्र पोखरे लेख्छन् - " सम नेपाली

नाट्यसाहित्यका कालिदास र शेक्सपियर एकसाथ हुन् भन्दा कुनै अतियुक्ति हुँदैन।

## 3.6 सार

- यस प्रखण्डमा साहित्यकार बालकृष्ण सम र उनका कृतिहरूबारे सामान्य जानकारी प्राप्त भयो। उत्त जानकारीलाई निम्न बुँदाहरूमा यसरी समेटिइएको छ -
- नेपाली साहित्यमा बालकृष्ण समको स्थान अग्रिम पङ्क्तिमा रहेको छ।
- समले प्राय सबै विधामा कलम चलाए तापनि नाटक विधाले नै उनलाई शिखरमा पुऱ्याएको छ ।
- समले विविध विषयलाई लिएर नाटक लेखेका छन् तथा उनको लेखनशैली पनि फराकिलो रहेको पाइन्छ।
- वि. सं १९९४ सालमा प्रकाशित मुकुन्द इन्दिरा नाटक समको तेस्रो सुखान्त नाटक हो । सामाजिक तथा मनोवैज्ञानिक धरातलमा उक्त नाटक सिर्जिएको छ।
- आगो र पानी समको एकमात्र खण्डकाव्य हो। यस खण्डकाव्यमा सम समन्वयवादी रहेका छन्।
- बालकृष्ण सम नेपाली साहित्यमा अमर रहेका छन्। नपाली शेक्सपियर मानिने समलाई नाट्यसम्राट् को उपाधि प्राप्त छ।

## 3.7 अनुशीलन

क) बालकृष्ण समको परिचय दिँदै नेपाली साहित्यको इतिहासमा उनको स्थान निर्धारण गर्नुहोस्।

ख) नेपाली साहित्यको विविध बिदामा बालकृष्ण समले पुऱ्याएको योगदानको चर्चा गर्नुहोस्।

ग) आधुनिक नाटकको विकासमा समको योगदानको चर्चा गर्नुहोस्।

घ) आगो र पानी खण्डकाव्यको दार्शनिक पक्ष।

## 3.8 अतिरिक्त अध्ययन

१. डा. केशवप्रसाद उपाध्याय - समको दुखान्त नाट्य चेतना

२. केशवप्रसाद उपाध्याय - नेपाली नाटक र नाटकार।

३. रामचन्द्र पोखरेल - नेपाली नाटक सिद्धान्त र समीक्षा।

४. डा. ईश्वर बराल - झ्यालबाट (सम्पा)।

५. राजेन्द्र सुवेदी स्रष्टा-सृष्टि:द्रष्टा- दृष्टि।

## 3.9 मूल्यबृद्धिको निम्ति उत्तर

तल दिएको खाली स्थानमा आप्नो उत्तर लेख्नुहोस्।

1. बालकृष्ण समको परिचय।

_______________________________________________

_______________________________________________

___________________________________________

(प्रश्न 1 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 3.2 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

2. नाटककारका रूपमा बालकृष्ण सम।

---------------------------------------------------------------------

---------------------------------------------------------------------

---------------------------------------------------------------------

(प्रश्न 2 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 3.4.1 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

3. सुखान्त नाटकको रुपमा मुकुन्द इन्दिरा नाटकको चर्चा।

---------------------------------------------------------------------

---------------------------------------------------------------------

---------------------------------------------------------------------

(प्रश्न 3 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 3.4.1 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

4. मुकुन्द इन्दिरा नाटकको केन्द्रीय स्वर।

---------------------------------------------------------------------

---------------------------------------------------------------------

---------------------------------------------------------------------

Notes

(प्रश्न 4 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 3.4.1 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

5.आगो र पानी खण्डकाव्यको मूल स्वर।

________________________________________________________________

________________________________________________________________

____________________________________________________________

(प्रश्न 5  को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 3.4.2 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

6.आगो र पानी खण्डकाव्यमा पौराणिक प्रसङ्ग।

------------------------------------------------------------------------

------------------------------------------------------------------------

------------------------------------------------------------------------

(प्रश्न 6 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 3.4.2 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

7. कथाकारका रूपमा बालकृष्ण सम।

________________________________________________________________

________________________________________________________________

____________________________________________________________

(प्रश्न 7  को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 3.4.3 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

8. निबन्धकार तथा जीवनीकारको रुपमा बालकृष्ण सम।

________________________________________________________________

________________________________________________________________

____________________________________________________________

(प्रश्न  8 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 3.4.4 र 3.4.5 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

# एकाइ 4.साहित्यकार लक्ष्मीप्रसाद देवकोटाको कृतिहरूको विशेष अध्ययन

**संरचना**

4.0 उद्देश्य

4.1 परिचय

4.2 लक्ष्मीप्रसाद देवकोटाको परिचय

4.3 देवकोटाका प्रसिद्ध प्रकाशित कृतिहरू

4.4 देवकोटाका कृतिहरूको अध्ययन

4.5 उपसंहार

4.6 सार

4.7 अनुशीलन

4.8 अतिरिक्त अध्ययन

4.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 4.0 उद्देश्य

प्रस्तुत एकाइको पछि तपाई निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ

• देवकोटाको परिचय

• देवकोटाका कृतिहरूबारे जानकारी

• देवकोटाका महाकाव्यहरूका विशेषता

• देवकोटाका खण्डकाव्यहरूका विशेषता

• देवकोटाका कथा र कविताहरूका विशेषता

• देवकोटाका भाषाशैली

• देवकोटाका काव्य प्रवृत्ति

• देवकोटाका कृतिहरूका मूल स्वर

## 4.1 परिचय

लक्ष्मीप्रसाद देवकोटा जीवन र जगतको विपुल घटनाहरूलाई चमत्कारी भाषाद्वारा पाठक  सामु राख्ने लेखक हुन्। देवकोटाले नेपाली साहित्यका महाकव्य, खण्डकाव्य , नाटक, कविता, कथा, उपन्यास, निबन्ध आदि विधाहरूमा कलम चलाएका छन्। उनको कुतिहरू बौद्धिक चेतनालाई हल्लाउने खाल्को नभएर मानव मनलाई स्पर्श गर्ने प्रकारको हुन्छ। पाठकले उनको कृति भाषिक प्रयोग तथा भाषिक लालित्य कै निम्ति मात्र भएपनि पढ्दछन्। भाषाका शब्दहरूले प्रस्तुत गर्न नसक्ने भाव प्रस्तुत गर्न परेमा देवकोटा आफै शब्द निर्माण पनि गरेका छन्। उनको भाषिक गुननै पाठका सर्वपरी रहेको छ। नेपाली साहित्य जगत देवकोटाले पहिलो मौलिक महाकाव्य रचना गरि नेपाली साहित्याकाशमा रहेको अभाव पूर्ति पनि गरेका छन्। यसका साथै ' मुनामदन', 'लुनी', 'म्हेन्दु' जस्ता जातीय छन्द तथा लोकलयमा भिजेका जन जिब्रो नजिकका लयमा रचना गरि नेपाली साहित्यलाई विश्वसाहित्यको लहरमा माथिल्लो तहमा पुऱ्याएका छन्।

## 4.2 लक्ष्मीप्रसाद देवकोटाको परिचय

लक्ष्मीप्रसाद देवकोटाको जन्म नेपालको राजधानी डिल्लीबजार धोवीधारामा वि.सं. १९६६  कार्तिक अमावस्या लक्ष्मीपूजाको दिन भएको थियो उनको न्वारानको नाउँ तीर्थमाधव देवकोटा राखिएको थियो । पिता पं. तिलमाधव देवकोटा संस्कृतज्ञ,संगीतप्रेमी तथा जेठा दाजु लेखनाथले अङ्ग्रेजीको अध्ययन गरेका हुनाले देवकोटाले सानाछँदा देखि नै  संस्कृत अनि अङ्ग्रेजीको  ज्ञान घरमा नै प्राप्त गरेका थिए। बी.ए. बी.एल.(पटना विश्वविद्यालय ) सम्मको उच्चशिक्षाको हासिल गरेका देवकोटा अङ्ग्रेजी धारा प्रवाह बोल्नसक्थे भने अन्यविभिन्न भाषाको ज्ञानले उनको साहित्यिक कृतिहरू उत्कृष्ट भन्न गएको छ।दाजुभाइहरूमा सांहिला देवकोटा कलिला उमेरदेखि नै विलक्षण बुद्धिमान थिए। सानै उमेरमा 'घनघोर दुःख सगर ' जस्ता कविता लेख्नसक्ने देवकोटा जीवनमा कहिले नेपाली भाषानुवाद परिषद्का जागिरे लेखक, कहिले त्रिचन्द्र कलेजको प्राध्यापक, पत्रपत्रिकादिको सम्पादक भई साहित्यको सेवा गरेका छन्।

सं. २०१४ सालमा स्थापित नेपाल एकादमीका सदस्य भए र मरणोपरान्त २०२३ सालमा सोही एकादमीबाट त्रिभुवन पुरस्कारले सम्मानित पनि भए। सं. २०१४ सालमा तिनी नेपालको शिक्षामन्त्री पनि भएका थिए। बिहानदेखि बेलुकीसम्म परिश्रम गर्दा पनि देवकोटालाई दाल,भात,ढुकुकै समस्याले जीवनभर सताइरयो। दश वर्षको उमेरमा घनघोर दुःख सागर कविता लेख्ने कविको जीवन दुःखकै सागरमा डुबिरयो। वि.सं. २०१६ साल भद्रा २९ गते क्यान्सर जस्तो डरलाग्दो रोगको कारण देवकोटाले अन्तिम स्वास लिए।

## 4.3 देवकोटाका प्रसिद्ध प्रकाशित कृतिहरू

**महाकाव्य** :

शाकुन्तल ; वि.सं. २००२।

सुलोचना ; वि.सं. २००३।

महाराणा प्रताप ; वि.सं. २०२४।

वनकुसुम ; वि.सं. २०२५

प्रमिथस ; वि.सं. २०२८

पृथ्वीराज चौहान ; वि.सं. २०४९।

**खण्डकाव्य :**

मुनामदन ; वि.सं. १९९२।

कुञ्जिनी ; वि.सं. २००२ ।

म्हेन्दु ; वि.सं. २०१५।

आँशु ; वि.सं.?

बासन्ती ; वि.सं. ?

लूनी ; वि.सं. २०२३

रावण जटायु युद्ध ; वि.सं. २०१५

दुष्यन्तः शकुन्तला भेट ; वि.सं. २०२५

सीताहरण ; वि.सं. २०२४।

नेपाली मेघदूत ; वि.सं. ?

मायाविनी सर्सी ; वि.सं. २०२४।

मैना ; वि.सं.२०३९

**नाटक:**

सावित्री सत्यावन ; वि.सं. १९९७।

कृषिवाला ; वि.सं. २०२१।

**कविता सङ्ग्रह :**

सुनको बिहान ; २०१०।

चिल्ला पातहरू ; वि.सं. २०२१।

मनोरञ्जन ; वि.सं. ?

छहरा ; वि.सं. २०१६।

भावनागांगेय; वि.सं. २०२४।

पुतली ; वि.सं. २००९।

गाइने गीत ; वि.सं. २०२४।

भिखारी ; २०१०।

**कथा सङ्ग्रह :**

लक्ष्मी कथा सङ्ग्रह ; वि.सं.?

**निबन्ध सङ्ग्रह :**

लक्ष्मी निबन्धसङ्ग्रह ; २०२०

दाडिमको रूखनेर ; वि.स. २०३९।

प्रसिद्ध प्रबन्ध सङ्ग्रह ; वि.सं. ?

**उपन्यास :**

चम्पा ; वि.सं. २०२४ (साझा प्रकाशन)

यी बाहेक पनि अन्य विभिन्न पत्र पत्रिकादिमा देवकोटाका कविता, समालोचना, निबन्ध र कथाहरू प्रकाशित भएका पाइन्छ।

## 4.4 लक्ष्मीप्रसाद देवकोटाका कृतिहरूको अध्ययन

**महाकाव्यहरूको अध्ययन**

लक्ष्मीप्रसाद देवकोटा मूलतः फुटकर कविताहरूकै कारणले प्रसिद्ध भएका हुन्। फुटकर कविताहरूकै कारण देवकोटाको साहित्यिक व्यक्तित्व चम्किलो भएको कुरामा समीक्षकहरू एकमत रहेका पाइन्छ। उनको काव्य रचना गर्ने कौशलकै कारण उनको महाकाव्यहरूलाई पाठकले रुचाएका हुन्। देवकोटाले कतै कल्पनाको उच्चउडानमा शब्दहरू थुपारेका हुनाले कृति दुर्बोद्य पनि हुन गएको छ। तथापि देवकोटा साँचो अर्थमा महाकाव्यभित्र छर्लङ्गिन सकेका छन्। सर्वप्रथम सं. २००२ सालमा शाकुन्तल महाकाव्य तीन महीनामा लेखिसिधाएर अनि सं. २००३ सालमा दशै दिनमा सुलोचना महाकाव्य लेखेर देवकोटाले असाधारण कवित्वशक्तिको उदाहरण प्रस्तुत गरेका पाइन्छ। देवकोटाका प्रकाशित काव्य कृतिहरू विभिन्न उच्च प्रतिभाबाट अलङ्कृत बनेका छन्। साहित्यका प्रायः सबै विधामा उत्कृष्ट कलम चलाउन सफल देवकोटा काव्य र कविता सहजै सृजना गरिदिन सक्ने सम्राट सास्वत प्रतिभाले सम्पन्न थिए। साहित्य सर्जकमा हुनपर्ने सबै गुण देवकोटामा पाइन्छ यसउसले महाकाव्यका लागि आवश्यक प्रतिभा उनमा चाहेजस्तो र खोजेजस्तो पाइन्छ। महाकाव्यमा स्वतन्त्र उडान भर्ने देवकोटाले जुनसुकै काव्य रचनामा पनि नविनता र मौलिकताका छाप छोडन सफल भएका छन्। धाराप्रवाह कविता गर्न सक्ने प्रतिभाले सम्पन्न देवकोटाका रचनामा प्रतिभाको प्रवाह र सामाजिक दायित्वको निर्वाह असल ढंगले भएको पाइन्छ। उनको सशक्त कल्पनाशील प्रतिभा आकाश र धरातलको समवर्ती केन्द्रविन्दुमा चम्कने विद्युतशक्ति झैँ पूर्ण चपल, सुन्दर सवल छ भन्ने समालोचक राममणि रिसालको मन्तव्य रहेको पाइन्छ। भावको मौलिकता, कल्पनाको सशक्तता विचारको आधुनिकता छन्दको अनेकता र

श्लोकको स्वच्छन्दता अनि भावुकताको र सिर्जनाको उन्मुकता महाकाव्यकार देवकोटाका प्रमुख विशेषता रहेका पाइन्छन्।

महाकाव्य 'प्रमिथस' देवकोटाको वि.सं.२०२८ मा प्रकाशित महाकाव्य हो । ग्रीसेली नाटकार एस्किलसको 'प्रमिथियस बाउण्ड' नाटकबाट कथावस्तु लिएका यस महाकाव्य देवकोटाले वि.सं. २००७ देखि वि.सं.२००८ मा लेखिसिद्धाएका हुन्।नेपालीमा गद्य महाकाव्य लेखन् परम्परा बालकृष्ण समको 'चिसो चुल्हो ' बाट सूरु भएको मानिने भएतापनि अपितु लेखनका द्दष्टिले भने देवकोटाका महाकाव्य प्रथम गद्य महाकाव्य मानिन्छ। एघार सर्गमा रहेका यस महाकाव्यका सबै सर्गका सबै पंक्ति एक समान छैन।यसमा लगभग चार सय पाँच पंक्तिहरू छन् भने कतै तीन हरफको पंक्ति छन् भने कतै अड्तीस हरफका पनि छन्।प्रथम सर्गका एकदेखि चार पंक्तिसम्म मङ्गलाचरण प्रस्तुत गरिएको छ। यो पनि महाकाव्यको प्रमुख लक्षणहरू मध्ये एक हो।यस महाकाव्यका कतिपय पंक्तिहरू हराएका छन् वा अप्रप्य रहेको कुरा डा. कुमार बहादुर जोसीले गरेका छन्।यस महाकाव्यको प्रथम सर्गमा महाकवि देवकोटाले प्रथिमसले स्वर्गको आगो लिएर पृथ्वीका मानिसहरूको मानवताको रक्षा गरेको वीरताको गाथा गाएका छन्। यसरी प्रमिथसले मानवता र सेवाको भावना सञ्चार गर्न नेपालीहरूका निम्ति अमृत ल्याइदिएको चर्चा गरेका छन्। ग्रीसेली नाटक 'प्रमिथयस बाउण्ड' बाट कथावस्तु लिएको भएतापनि देवकोटाले परोक्ष रूपमा दीनहीन नेपाली जनमानसमा क्रूर शासकका विरूद्ध क्रान्ति गर्ने आवहान गरो देखिन्छ। नेपालको सातसाले क्रान्तिको बिज यस महाकाव्यमा थिए भन्ने कुरात यसको पहिलो सर्गको यी पंक्तिहरूबाटै नै प्रस्टिन्छ।

'ओ! एक घुट्को , घुटको घटघट,

कनकघटमा तिम्रो करूणाको

देउ जननी ! पिलाऊ हेलिकनको

प्रत्यषा – प्रमन्त्रित मदिरा झलमल

यस प्रजातन्त्रको अग्निभू प्रभातमा ।'

अझ शोषकको विरूद्द जागरूक हुन जरुरी भएको भन्दै उनी क्रूर शासनप्रति नेपाली जनता सचेत हुन पर्छ भन्ने भाव व्यक्त गर्दै देवकोटा यस महाकाव्यको प्रथम सर्गमै लेख्दछन् –

'प्रभात एक आवश्यकता हो अहार्य,

सर्व जातिको जागरण अनिवार्य।'

महाकाव्यको थालनी मूलरूपमा दोस्रो सर्गबाट भएको छ। यस सर्गमा यूनानीहरूले स्वर्गका देवताहरूका पूर्वपुरूष यूरानसले जीयालाई हेला गरेको , उनका गर्भबाट पन्ध्र शरी र सय हात भएको ब्रायरिओस, गाइज र केटोस नामक वीर छोराहरू जन्मेको अनि फेरि अन्य छोराहरू जन्मेको साथै तिनीहरूले बाबुको कुरा नमान्ने उडन्ड स्वभावको भए पछि बाबु युरानसले यी सबै छोराहरूलाई कैद गरेर अँध्यारो कोठामा थुनेर राखेको घटना प्रस्तुत छ।फेरि जीयाका गर्भबाट यूरानसका ६ छोरा र त्यतिनै छोरीको जन्म हुन्छ, ती मध्ये कान्छा छोरा क्रोनोस वीर छ। क्रोनोसलाई आमाले आफ्नो छोराछोरीलाई कैद गरी मार्ने क्रुर पिताको विरोधमा युद्ध गर्न लगाउछन्। यसरी पिता यूरानसलाई मारे पछि क्रोनोस राजगद्दीमा बस्दछन् अनि यति नै बेला 'तँलाई मार्ने जन्मनेछ एक पुत्र विचित्र ' भन्ने आकाशवानी हुँदछ। यसरी नै तेस्रो सर्गमा मानवको जन्म भएको कथा छ। देव असुर सङ्ग्रामकै परिनाम संसारमा मानव जातिको जन्म भएको अनि ती मानव जाति सुरुसुरुमा पहाड पर्वतका गुफाहरूमा बस्थे भने उनीहरू साह्रै दरिद्र, असाय, कमजोर अनि लाचार बनेर जीवन व्यतीत गर्ने गरेको कथा प्रस्तुत छ। प्रमिथस पृथ्वीतिर आएको अनि सुरु सुरुमा प्रमिथसलाई देखेर मानव जाति आश्चर्य चकित भएको अनि विस्तारै उनीहरू प्रमिथसको नजिक हुँदै गएको र प्रमिथस पनि एउटा घर बनाइ बस्न थालेको प्रसङ्ग छ- चौथाई सर्गमा। पाचौं सर्गमा प्रमिथस मानवहरू माझ जीवन व्यतीत गर्दै मानवहरूको निम्ति अत्याचारी देवताहरूको बिरूद्ध लडन प्रेरित गरेको कथा वर्णन छ। यसरी नै छैठौँ सर्गमा प्रमिथसले मानवहरूमाझ अग्नि स्फुलिङ्ग प्रदर्शन गरेको अनि सो देखेर मानवहरू चकित भएको साथै प्रमिथसले आगोको मूल्य र महत्त्व ज्ञात गराएको घटना प्रस्तुत छ। सातौँ सर्गमा हेफिस्टर र क्राटोसले प्रमिथसलाई जंजीरले बाँधेको, पाता कसेको छात्तीमा फलामको किला ठोकेको घटना छ तर पनि प्रमिथस देवताको रूप भएकाले मरेका छैनन् ।अन्याय र अत्याचारको विरूद्धमा युद्ध गर्ने योद्धाको रूपमा प्रमिथसलाई देखाएको छ।

आठौँ सर्गमा रात्रीको वर्णन साथै अन्य अन्य विभिन्न घटनाहरूको पनि वर्णन छ। नौँ सर्गमा प्रमिथसले जलपरीहरूबाट सहानुभूति पाएको वर्णन छ। दसौँ सर्गमा सुन्दरताकी देवीले हेलेन र सीता जस्ती विश्व सुन्दरीहरूको वर्णन गरेका प्रसङ्ग प्रस्तुत छ। एघारौं तथा प्रस्तुत महाकाव्यको अन्तिम सर्गमा प्रथिमसले मानवहरूका निम्ति गरेको सङ्घर्ष अनि आफूलाई आत्मविजयी बोध गरेको वर्णन छ।

**'शाकुन्तल' महाकाव्यको अध्ययन**

**लय, संरचना र आयाम -**

लक्ष्मीप्रसाद देवकोटा 'नेपाली भाषानुवाद परिषद'मा जागिरे हुँदा वि.सं. २००२ सालमा रचना गरेको साथै सोही साल 'नेपाली भाषा प्रकाशिनी समिति' बाट प्रकाशित भएको ' शाकुन्तल देवकोटाको पहिलो पूर्ण महाकाव्य हो। यो मौलिकताका दृष्टिले पहिलो नेपाली महाकाव्य हो। देवकोटाले यस महाकाव्यको भूमिकामा तथा आफ्नो वक्तव्य मा " नेपाली महाकाव्य आइसल्यान्डको सर्पजस्तो थियो। मलाई अभाव पूरा गर्ने इच्छा पल्हाएर आएकोले लेखे" भनेको कुराबाटै स्पष्ट हुन्छ। यस महाकाव्यमा जम्मा चौबीस सर्ग र लगभग दुई हजार श्लोकहरू अनि दस हजार पङक्तिहरूमा सजिएका छन्। साथै यस महाकाव्य तीन महिना भित्र लखि सकेको भन्ने पनि यसै महाकाव्यको भूमिकामै देवकोटा लेख्दछन् - " लेखेँ तीनै महीनामा राती राती बसेर फुर्सदमा ।

प्रस्तुत महाकाव्यमा शिखरिणी, भुजङ्गप्रयात, पृथ्वी, वसन्ततिलका, गीतिका, स्रग्धरा, मन्दाकान्त, मालिनी, द्रुतविलम्बित, वियोगिनी, अपरान्तिका, तूणक, पञ्चचामार, उपजाति, स्वागत, रथोद्धता, स्रग्विणी, तोटक, शालिनी, दोधक, प्रहर्षिणी, सुन्दरी, प्रमाणिका, बृहती, माणवका, हरिणप्लुता, चन्द्रवर्त्म तथा अनुष्टुपजस्ता विभिन्न लगभग अढाई दर्जन शास्त्रीय वर्णमात्रिक छन्दहरूका प्रयोग र वर्णनदृष्टि प्रस्तुत गरेका छन्।

**कथावस्तु –**

'शाकुन्तल महाकाव्यको कथावस्तुको विषयमा देवकोटा स्वयंले यसै महाकाव्यको पहिलो सर्गमा नै लेखेका छन् –

दाढीबाट सफेद व्यास ऋषिको गङ्गा बनेकी कथा

ओर्ली सल्बल कल्कलाउन चली पूर्वीय मैदानमा।

कालीदासकला बनेर रसिला कल्लोलकौतूहला

' पुग्छिन् सागर' भन्नु सत्य छ भने नाघ्लिन् बलौटो यही।।

- शाकुन्तल, सर्ग १ : श्लोक १९।

यस भनाइबाट नै व्यासद्वारा रचित महाभारतमाको दुष्यन्त र शाकुन्तलाको कथालाई लिएर संस्कृतका महाकवि कालिदासले ' अभिज्ञानशाकुन्तल' नाटक लेखे त्यसैमा नै ' शाकुन्तल' महाकाव्यको कथावस्तु आधारित छ। यस महाकाव्यको कथावस्तुको स्रोत कालिदासको नाटक ' अभिज्ञानशाकुन्तल' हुँदाहुँदै पनि देवकोटाले यस भित्र विभिन्न आफ्नो काल्पनिक, मौलिक विषयहरू समावेश गराइ यस नेपालीपन दिने तथा नेपाली सामाजिक परिप्रेक्ष्यमा ढाल्ने प्रयास गरेका छन् र सफल पनि भएका छन्।

**पात्रविधान –**

यस महाकाव्यको पहिलो सर्गमा मङ्गलाचरण र भूमिका रहेको छ। त्यसपछि दोस्रोदेखि पाँचौ सर्गसम्मको भागमा नायक नायिका विश्वमित्र र मेनका रहे तापनि समग्रमा 'शाकुन्तल' महाकाव्यको नायक नायिका दुषयन्त र शकुन्तला हुन् भने मध्यमस्तरीय भूमिकामा रहेका पात्रहरू शकुन्तलका साथीहरू अनसूया, प्रियंवदा र चारू, र अन्यहरूमा कण्व ऋषि र उनकी धर्मपत्नी गौतमी तथा दुई शिष्य, अनि दुर्वासा ऋषि, किसान, विदुषक र भरत तथा कश्यप ऋषि ।

यसरी नै गौण पात्रमा कण्वाश्रममा दुष्यन्तलाई शुत्रबाट हमला हुन लागेको सुचना दिने दूत, किसानकी छोरी श्यामा, मिट्ठु (पाठो) , पुड्के (द्वारपाल) मालति, इन्द्र, कश्यपाश्रमकी शकुन्तलकी सखी देखिन्छन्। यसका साथै साङ्केतिक पात्रमा चाहिँ वनमा सिकार खेल्न जाँदाका दुष्यन्तका सारथि र लावालस्कर, दुष्यन्तको दरबार जाने नगर प्रवेशद्वारका पहरेदार सिपाहीहरू, चारै दिशामा शकुन्तलालाई खोज्न खटाइएका मानिसहरू, देवासुर – सङ्ग्रामका योद्ध देव र असुरहरू, सुरयुवतीहरू, दुष्यन्त इन्द्रसँग स्वर्ग डुल्न जाँदा देखिएका तपस्यारत ऋषिहरू तथा नाना देवदेवीहरू, स्वर्गमा आयोजित नाटकका पात्रपात्राहरू र कश्यपाश्रमका मानिसहरू छन्।

**परिवेशचित्रण**

'शाकुन्तल' महाकाव्यमा देश, काल र परिस्थितिको सुन्दर चित्रण पाइन्छ। तथापि विशेषतः स्थानगत प्राकृतिक परिवेश र कालगतमा पनि सन्ध्या, सूर्योदय आदि प्राकृतिक परिवेशकै चित्रणमा देवकोटाको शील्पकारीता उम्दा देखिन्छ। परिवेश चित्रणका सन्दर्भमा देवकोटाले मुख्य रूपमा प्राकृतिक परिवेश वा प्रकृतिलाई आत्मसात गर्दै प्रकृति आमा हो, शिक्षाको केन्द्र हो, रोग, शोक तथा दुःखको उपचार हो भन्दै प्रकृति प्रतिको आफ्नो  गहिरो चिन्तन प्रस्तुत गरेका छन्।

**भाषाशैली र शिल्प**

शाकुन्तल महाकाव्यको भाषाशैली मूलतः बौद्धिकाव्यञ्जना भन्दा आत्माभिव्यञ्जना तर्फ धरै झुकेको छ। शब्दार्थशक्तिका दृष्टिले कथावस्तुका कथनका सन्दर्भमा अभिदा र लक्षणाको अलिक बढी प्रयोग पाइए तापनि अन्यत्र चाहिँ व्यञ्जनाकै बढी प्रयोग भएको पाइन्छ। यस महाकाव्यमा ठाउँ ठाउँमा अङ्ग्रेजी, हिन्दी, नेवारी  जस्ता आगन्तुक शब्दहरूको पनि फाट्टफुट्ट रूपमा प्रयोग भएको पाइन्छ । तथापि तद्भवभन्दा तत्सम वा संस्कृत शब्दहरूकै अधिक प्रयोग पाइन्छ।

**देवकोटाको कथाहरूको अध्ययन**

वि.सं. १९९६ मा शारदा पत्रिकामा  प्रकाशित 'उनको मने' कथा देवकोटाको पहिलो कथा हो। उनको अर्को कथा  'तारा' पनि यसै पत्रिमा वि.सं. २०००  सालमा प्रकाशित भएको थियो। बालमनोविज्ञानको प्रयोग गरी लेखिएको यी दुवै कथा रोचक र पठनीय छ। कथा लेखन् उनको विशेष क्षेत्र नभएकाले कथा रचना गर्न उनले साह्रै रुचाएनन् । उनले धेरै कथा लेखेनन् अझ लेखेजति प्रकाशित पनि भएन। देवकोटा काशीमा छदा 'युगवाणी' पत्रिमा प्रकाशित भएका कथाहरूले नेपालको क्रान्तिका निम्ति राम्रै खुराक दिएका छन्। ती सामाजिक र राजनैतिक व्यङ्ग्य भएका कथाहरू हुन् - ' डायमन कुकुर', 'झिङ्गुको  झोपडी', ' राजा कसरी गर्छन् राज?', अनि ' नुपुंसक प्रजा' । यसै पत्रिमा प्रकाशित '  हत्यारो डाहा ' मानिसको यौवनमनोविज्ञान सँग सम्बन्धित कथा हो। तिनका अन्य विभिन्न पत्र पत्रिकाहरूमा प्रकाशित कथाहरू हुन् – 'पंडितजीको घरेलु परूषार्थ'(परोपकार, २०११), ' घरेलु धर्म' ( परोपकार, २०११)' बंगाली बाबू' (प्रगति, २०११), र ' मन र तन ' ( नेपाली पाठसङ्ग्रह, दार्जिलिङ, २०१२)। द्वकोटाको 'तीज' नामक कथा

डा. ईश्वर बरालका सम्पादनमा रहेको ' झ्यालबाट' मा पनि प्रकाशित भएका छन्।

कथा बारे देवकोटाको यो भनाइ सर्व प्रसिद्ध छ " छोटो कथा एउटा सानो झ्याल हो । जहाँबाट एउटा सानो संसारमा चिहाइन्छ। ठूलो भन्दा सानो झन ठूलो छ , अनन्त पनि सङ्केत र मूर्तिमा प्रतिबिम्बित हुन्छ।.....यो पनि एउटा संसार हो र महान् संसार हो।" यति मात्र होइन देवकोटाले (यो) छोटो होस् (तर).....क्लिष्ट नहोस्; सजिलो होस् तर गाहारो नहोओस्; बुझिने होओस् तर कठिन नहोओस। जति बुझ्यो उति बुझ्न योग्य; जति पढयो उति मजा लाग्ने.....। छोटो कथा लेख्न पहिला गन्नुपर्छ, बुन्नपर्छ, उन्नपर्छ अनि छान्नुपर्छ, टिप्नुपर्छ र रंगाउनुपर्छ।" भनेर तिनले कथाको उत्कृष्ट परिभाषा दिएका छन्। देवकोटाका प्रवासी जीवनमा लेखिएका कथाहरू सामाजिक कुरीति, कुसंस्कार, अन्धविश्वास तथा सामाजिक रूढि परम्परा आदिको विरोधमा सशक्त आवाज उठाएका छन्। यसरी त्यसताका नेपालका सत्तामा विराजमान् भएका सामन्ती राणाहरूका शोषणका विरूद्धमा बिद्रोह चेतनाले भरिका कथाहरू छन्। यसरी नै ' उनको मने' र 'तारा' मा बालमनोविज्ञानलाई कथावस्तु बनाइ बालबालिकाको सरल स्वभाव र बाल चरित्रका चित्रण छ। यसका साथै देवकोटाको मौलिक चमत्कारी भाषाको प्रयोग प्रायः सबै कथाहरूमा पाइन्छ । नेपाली समाज धार्मिक अन्धविश्वासका कारण खस्किदैँ गईरहेको छ भन्ने उदाहरण ' नपुंसक प्रजा' शीर्षक कथाको यस गद्यांसबाट स्पष्ट हुन्छ।

" राजाले धर्म सम्झयो प्रजालाई नपुंसक बनाएर शासनद्वारा राज गर्नु, नपुंसक प्रजा धर्म त्यो मान्यो जहाँ ठूला गुरू बँदेल पाल्दछन्, कुखुरासुरूवा केटीलाई ख्वाउँछन्, बँदेलको बाथ खुवाएर भोटेनीको गाला सुम्सुम्याउँछन्, राम्रा प्रजाका छोरीबेटी मोटरमा हाल्दछन्, जहाँ भट्टर पण्डित मगर्नी राख्तछन्, जहाँ प्रजालाई भाण्टा नखाने धर्म सिकाएर दरबारमा माछा तारिन्छ।"

देवकोटाका धेरैजसो कथा नेपालका सामन्ती सत्ता परिवर्तनको निम्ति नै थियो। देवकोटाले आफ्नाकथाहरूमा सामाजिक, राजनैतिक र पारम्परिक कुरीति, कुसंस्कार, अन्याय र अत्याचारको बिरूद्धमा उठेका तिव्र विद्रोहध्वज नै थियो। यसरी हेर्दा देवकोटाका कथाहरू चमत्कारी भाषाको प्रयोग, भाषाको मधुर्ताले गर्दा पढदा मनललित बोध भएतापनि विषयवस्तुका द्दष्टिकोणमा भने कथा लेख्ने ध्येय कम र बिद्रोह चेतनाको प्रस्तुति धेर पाइन्छ। ' पण्डितजीको घरेलु पुरुषार्थ '

अनि ' घरेलू धर्म' शीर्षक कथाबाट देवकोटाको पारिवारिक तथा घरेलु जीवन कति खज्मजिएको थियो भन्ने कुरा स्पष्ट हुन्छ। देवकोटाको 'तीज' कथा नाटकीय प्रणालीको भएतापनि यसको अन्त दुखान्तमा गरिदिएका हुनाले कथा करूणससिक्त अ ौ चित्तबुज्दो भएको छ। देवकोटाको कथा साधारण घटना भएको साथै चरित्रहरू पनि छर्लङ्ग चिनिने खालका छन्। देवकोटाको कथा सर्वप्रसिद्ध भएनन् तथापि तिनले कथामा चाहिने जति सबै संरचना भने एउटा शिल्पकारले झै कुदेका छन्।

## देवकोटाका खण्डकाव्यहरूको अध्ययन

नेपाली साहित्यमा देवकोटाका खण्डकाव्यहरू प्रायः सबै पाठकहरूले रूचाएका छन्। उनका खण्डकाव्यहरू मध्ये सर्व उत्कृष्ट चाहिँ ' मुनामदन', ' लुनी', म्हेन्दु' आदि रहेका छन्। यिनै खण्डकाव्यहरूकै अध्ययनबाट पनि देवकोटाका खण्डकाव्यहरूको मूल स्वर बोध गर्न सकिन्छ। देवकोटाका सबै भन्दा प्रिय र पाठकले रूचाएको खण्डकाव्य 'मुनामदन' नेपाली लोक छन्द झ्याउरेमा रचिएको छ। 'मुनामदन' खण्डकाव्यको शीर्षक यस खण्डकाव्यकी नायिका 'मुना' र नायक 'मदन'को नाममा राखिएको छ। यसरी पितृसत्तात्मक मानसिकताले ग्रसित त्यसताका नेपाली पाठक कहाँ यस खण्डकाव्यको शीर्षकबाटै सामाजिक रुढीको क्रमलाई भङ्ग गर्ने बिद्रोह चेत देवकोटाले प्रस्तुत गरेका छन् । शास्त्रीय साहित्य लेखनको आडम्बरले नेपाली पाठकलाई वाक्कदिक्क पारिसकेको कालमा देवकोटाले नेपाली लोकमानसको जिब्रोमा झुन्डिएको झ्याउरे छन्दको प्रयोग गरी लेखिएको यस खण्डकाव्यको विषय पनि नेपाली ग्रामीण र निम्न श्रमजीवी वर्गको जीवनशैलीलाई प्रस्तुत गरेका छन्। सलल पढ्दा 'मुनामदन' को कथावस्तु नेपालीको ग्रामीण मुना र मदनको प्रेम प्रणयका कुराहरू सँगै घरमा बुढी आमा भएको मदनले पाएको दुःख र आर्थिक विपत्तिका कथाका साथै ल्हासा गई धन कमाउने घरमा भएकी स्वास्नी मुनालाई सुनको गहना हालिदिने बुढी आमालाई दुध भात ख्वाउने, धारा पाटी बनाइदिने सपना लिएर ल्हासा हानिएका मदनका घरमा आर्थिक विपत्तिका कारण आमाको मृत्यु भएको खलपात्रहरूका विभिन्न षड्यन्त्र र प्रपञ्चहरूका कारण मुनाको पनि मृत्यु भएको जस्ता भावुक कथाहरू छन्। तथापि यतिमात्र यस खण्डकाव्यको विशेषता होइन परोक्ष रूपमा यस भित्र बिद्रोह चेतनाको अग्नी चिङ्गार मात्र होइन अग्नी ज्वाला नै छ। सुसुप्त रूपमा 'मुनामदन' खण्डकाव्य भित्र त्यसताका

राणाकालीन सामन्ती सत्ताको बिरूद्ध बिद्रोह चेतना रहेको छ। किन्तु ' मुनामदन' खण्डकाव्यको अध्ययन गर्दा यस भित्र समाहित क्रान्तिकारी चेतलाई मात्र नहेरी यस भित्र रहेको काव्यिक सौन्दर्यलाई पनि गहन अध्ययन गर्न आवश्यकता रहेको हुन्छ। यसर्थ यस खण्डकाव्यको शीर्षकविधानका बारेमा माथिको वाक्य - वाक्यांश तरि नै धेरथोर चर्चा गरिएको छ। यस खण्डकाव्य भित्र देवकोटाले कथावस्तुको समायोजन पनि एउटा कुशल शील्पिलेझै सुगठित पारी सजाएका छन्। कथावस्तुका आदि, मध्य र अन्त्य पनि तारतम्यले मिलेको छ। कथावस्तुको आदिभागमा खण्डकाव्यको नायक मदनले विभिन्न आर्थिक अभावहरू झल्ने परेकाले भोट धन कमाउन जाने सोच राख्दछन्। मध्यभागमा मदन धन कमाउन भोट जान्छन् अनि अन्त्यभागमा मदनलाई बाटामा हैजा लाग्छ। यस मूल कथावस्तु सँगसँगै विभिन्न उपकथाहरू पछि यस खण्डकाव्य भित्र छन्। यस खण्डकाव्य भित्र पात्रविधानलाई केलाउँदा पनि कथावस्तु सँग सुहाउँदो पात्र तथा चरित्रहरू गरिएको पाइन्छ। यस खण्डकाव्यका मुख्य पात्र (नायक, नायिका) ,सहायक पात्र, खल पात्र र गौण पात्र सबै खण्डकाव्यले उठाएको कथा अनुसारकै रहेका छन्। परिवेशविधानका दृष्टिले पनि प्रस्तुत 'मुनामदन' खण्डकाव्य भित्र प्राकृतिक, सामाजिक, सांस्कृतिक परिवेश सबैको आकर्षक तारतम्य अनि चित्रण पाइन्छ। यस खण्डकाव्य भित्र आकर्षक प्रकृतिको चित्रण यत्रतत्र भएको पाइन्छ जसको उदाहरण निम्न पद्यांशबाट लिन सकिन्छ –

" त्यो नौलो गाउँ त्यो नौलो ठाउँ, त्यो नौलो सडकमा

ल्हासाको सहर क्या लाग्दो रहर सुनको झलकमा (मुनामदन)

यसरी नै अर्को उदाहरण पनि लिनसकिन्छ –

डाँडा र काँडा, उकाला ठाडा जङ्गर हजार

भोटको बाटो ढुङ्गा र माटो नङ्गा र उजार

कुइरो डम्म, हिउँले टम्म त्यो विष फुलेको

सिम्सिमे पानी बतास चिसो बरफझैँ डुलेको। (मुनामदन)

यस खण्डकाव्य मुख्यरूपले प्रेममा आधारित रहेको छ। यसमा लोग्ने स्वास्नीको प्रेम, आमा छोराको प्रेम, सासु बुहारीको प्रेम, मान्छे मान्छे माझको प्रेम, चेलि माइतीको प्रेमलाई विषयका रूपमा राखिएको छ। यस खण्डकाव्य भित्र आत्मिक

र भौतिक वस्तुको अभाव र त्यसको पूर्तिका निम्ति गरिने दीनहीन कथा रहेको छ। तथापि यसको केन्द्रीय कथ्य 'खान र लाउन मात्र जीवन होइन, जीवन त साग र सिस्नु खाएरै पनि आत्मिक सुख सम्पन्न हुनु नै जीवन हो" भन्ने रहेको छ भन्दा अतियुक्त नहोला।

**लूनी खण्डकाव्यको अध्ययन –**

लक्ष्मीप्रसाद देवकोटाले 'लूनी' खण्डकाव्यको वि.सं. २००१ तिर रचना गरेको यसका 'प्रकाशकीय' मा 'कमल दीक्षितको भनाइ रहेको छ। वि.सं. २००१ सालमै लेखिसकेका भएतापनि यसको प्रकाशन भने वि.सं. २०२३ सालमा मात्र भयो। यस खण्डकाव्य देवकोटाको लोकलय प्रति आकर्षित भई गरिएको सृजनाकै परिणाम हो। यस खण्डकाव्यको विषयवस्तुको स्रोत दन्त्यकथा तथा लोकमा रहेका गाथाहरू सँग सम्बन्धित रहेको हुनसक्ने सम्भावना देखिन्छ । यसको सङ्केत यस खण्डकाव्यको अन्त्यमा "सुन्नेलाई सुनको माला; भन्नेलाई फूलको माला, प्रेमको कथा झल्की ज्वाला, सम्झिँदैमा आइजाला" भन्ने उद्गारबाटै प्रकट हुन्छ। यति मात्र होइन देवकोटाले यस खण्डकाव्यको विषयवस्तुको स्रोत हेलम्बूतिरको हुन सक्ने सुचिन्ह निम्न उद्गारबाट दिएका छन्-

"'हेलम्बुकी रानी' नामको उखान छ

हामी जस्ताबाट गरीब बखान छ।"

'लूनी' खण्डकाव्यको पनि 'मुनामदन' जस्तै पात्रको नाममा शीर्षक राखिएको छ। लूनी यस खण्डकाव्यकी नायिका हो र उनैको नाममा यस खण्डकाव्यको शीर्षक राखिएको छ। संरचनागत आधारमा हेर्दा यस खण्डकाव्यको कथावस्तुको आदिभागमा हेलम्बू भन्ने राज्यमा आयोजित उत्सवमा प्रतिस्पर्धामा राङ्जालाई हराई विजयी बन्ने बीसवर्षे सेर्पा ठिटो चाङनाप्रति राजा साम्बा सोङ्गोकी छोरी राजकुमारी लूनी आकर्षित हुन्छिन् । बिस्तारै विभिन्न घटना सँगै लूनी र चाङ्नाको मिलन हुन्छ। मध्यभागमा लूनीका पिताले चाङ्ना र उनको मिलनका विषयमा थाहा पाएर चाङ्नालाई सजाय दिन्छन्। साथै लूनीको विवाह ल्हानोसँग हुन्छ अनि तिनलाई ल्हासा पुऱ्याउछन् तर त्यहाँ तिनको हालत खराब हुँदै जान्छ। यसका साथै अन्य विविध घटनाहरू समाविष्ट छन्। अन्त्यभागमा कथावस्तु चरम उत्कर्षमा पुगी बिस्तारै साम्यहुदै जादँछ। यस भागमा लूनीको हालतदेखि पति ल्हानो र पिता सोङ्गोले उनलाई केलिन्दी तीरमा रहेको लामाको गुम्बामा लान्छ

जहाँ लुनी र चाङ्नाको भेट हुन्छ। लूनी र चाङ्नाको प्रेमको रहस्य बुझेर लामाले तिनीहरू दुवैको मउलन गराइदिन्छ। यसरी खण्डकाव्यको कथावस्तुको संरचनागत समायोजन आदि, मध्य र अन्त्यको उपर्युक्त मूला कथानक सँगै अन्य थुप्रै सासना कथानक तथा घटनाहरू प्रस्तुत छ।

पात्रविधानका दृष्टिले पनि यस खण्डकाव्य उत्कृष्ट नै छ। नेपालको राजधानी काठमाडौँदेखि उत्तरतिर पर्ने सेर्पा जाति बसोबास गर्ने पहाडी क्षेत्र हेलम्बो र चीन तथा तिब्बत प्रान्तको परिवेशमा यस खण्डकाव्यको कथावस्तु केन्द्रित छ। सोही अनुसार पात्रहरूका रहन सहन्, संवाद, चरित्र चित्रण पनि सबै नै ठ्याक्कै सुहाउँदो छ। लूनी यस खण्डकाव्यकी प्रमुख नारी पात्र (नायिका ) हो । मूलतः उनकै वरिपरि यस खण्डकाव्यका कथावस्तु रिङ्गीएको छ। चाङ्ना यस खण्डकाव्यको प्रमुख पुरूष पात्र (नायक) हो। उ आर्थिक दृष्टिले विपन्न भएतापनि सुगठित, जोसिला, फुर्तिला छन्। उनै चाङ्ना र लूनीको प्रम – बिछोड – मिलनका कथा नै यसको मुख्य विषय केन्द्र हो। सेर्पा साम्बा सोङ्गो यस खण्डकाव्यको खलपात्र (खलनायक) हो। हेलम्बूको राजा अनि नायिका लूनीको पिता हो। उ एउटा सामन्त राजाका प्रतिकका रूपमा काव्य उभिएका छन्। यस खण्डकाव्यका सहायक पात्रहरूमा जिन्जी, आन्जा आदि सत्पात्र हुन् भने ताशी, ल्हामा र ल्हानो असत खल पात्रका रूपमा देखिएका छन्। यसका अतिरिक्त अन्य विभिन्न गौणपात्रहरू देखापरेका छन्। जो सहायक तथा गौण हुदाहुदै पनि काव्यको कथावस्तुलाई गतिदिनमा सहायक छन्।

परिवेशविधानका दृष्टिकोणमा यस खण्डकाव्यको स्थान (देश) नेपालको हेलम्बू, केलिन्दी तीर, भोटको बाटो र ल्हासाजस्ता स्थानहरू अनि त्यहाँ बसोबास गर्ने सेर्पा र भोटेजातिका समाजको चित्रण रहेको छ। यस खण्डकाव्यले हेलम्बू र ल्हासा जस्ता स्थानहरूका सामन्ती समाजव्यवस्थाबारे चित्रण गरिएको छ। यस खण्डकाव्यको स्थान तथा समाज पहाडी नेपालका भूभाग रहेको कारण परिवेशको चित्रणको क्रममा देवकोटाको प्रकृति प्रेमि स्वभाव 'मुनामदन' खण्डकाव्यमाझै छर्लङ्ग देखिएको छ। प्रकृतिको वर्णन गर्ने क्रममा देवकोटा लूनी र प्रकृति माझ समानता उजागर गर्न लेख्छन्-

" हरिन हलुका पयर

हरा वनको माझ

फूल – थुङ्गो शरीर

सिर्जनाकी ताज।"

भोटेसेलोको लोकलयात्म ढाँचामा रचिएको यस खण्डकाव्यमा अन्तरनिहित प्रतिक र  विम्बविधान, अलङ्कारको प्रयोग खुबै आकर्षक ढङ्गमा समायोजन गरिएको छ। एउटा खण्डकाव्यमा हनपर्ने आयामको पनि उचित नै छ। भाषाशैली, प्रकृति चित्रण, विषयवस्तुको प्रस्तुतिकरण सबैको शील्पकारीता उत्कृष्ट नै रहेको छ। समग्रमा भन्नु पर्दा प्रस्तुत खण्डकाव्य, खण्डकाव्येय गुणले परिपूर्ण नै छ।

**म्हेन्दु खण्डकाव्यको अध्ययन;**

'म्हेन्दु' खण्डकाव्यको रचनाकाल बारे लक्ष्मीप्रसाद देवकोटा स्वयंले यो वि.सं. २००३ सालतिर गोसाइँकुण्डतिर कविता गर्न जाँदाको यात्राको फल हो, यसै सालको कुनै एकदिन यसको रचनागरि सिध्याएका थिए भन्ने भनाइ छ। यस खण्डकाव्यको काव्यगत अभिव्यक्तिलाई हेर्दा यसको 'लूनी', ' कुञ्जिनी' कै हाराहारीमा नै रचिएको भन्न सकिन्छ । वि.सं. २००३ मै रचनागरि सिध्याएका भए पनि देवकोटाका अरू कृतिहरू जस्तै ' नेपाली भाषाप्रकाशिनी - समिती' बाट वि.सं. २०१५ सालमा यसको प्रथम प्रकाशन भयो।

मूलतः यस खण्डकाव्यको विषयवस्तु नेपाल अधिराज्य भित्रकै तमाङ अनि सेर्पा जातिको समाज सांस्कृतिक लोकपरम्पराबाटै नै लिइएको छ। तमाङ सेर्पासमाजको संस्कारबाट प्रभावित भई देवकोटाले स्वयं भनेका छन् - " मलाई तामाङ सेर्पाहरूको बोली र नाच, तिनको विचित्र शब्दोच्चारणको दोसाँधे मोहनी, तिनको सरलता र सरसताको टुना गहिरोसँग लागेको थियो ।" यसका साथै फेरि उनले नै भनेका छन् - "भोटे लयमा एक राम्रो भावपूर्ण खण्डकाव्य खडा गरूँ भन्ने मेरो भावना थियो।" – यिनै भनाइहरूबाट पनि देवकोटा तामाङ – भोटे सेलोका लयमा मोहित थिए भन्ने कुरा स्पष्ट हुन्छ। साथै यस्ता लोकलयमा प्रचलित खण्डकाव्यहरूको सृजना गर्नका पछि कस्ता प्रभाव तथा प्रेरणा थियो भन्ने – यहाँ प्रस्टिन्छ।

यस खण्डकाव्यको विषयवस्तुको प्रेरणाका स्रोत बार् देवकोटा आफै भन्छन् - " ........यहाँ एक प्यारको काल्पनिक कहानी अमरत्त्वको सङ्केत दिलाएका वनचरी र झर्नाहरूको स्वरमा बोलेको सुनिएला..........।" यस भनाइले के स्पष्ट गर्दछ भने

यस खण्डकाव्यको विषय कपोकल्पित नै रहेको छ। तथापि काल्पनिक कथालाई पनि लोकप्रसिद्ध लय र लोककै जीवनशैली सँग तारतम्य मिलाइ लोकमै प्रसिद्ध सन्दर्भ दिएर काव्यलाई टुङ्ग्याउने देवकोटाको काव्यकारीता यस ' म्हेन्दु' खण्डकाव्यको यस अन्तिम हरफबाट स्पष्ट हुन्छ-

" लहर बोल्छन् तादीका

"म्हेन्दु- गुम्ब" कहानी ।

सुनिन्छ भन्छन् तीरमा

हेलम्बूकी वनरानी।। (म्हेन्दु, पृ. २६)

**संरचनागत अध्ययन;**

**शीर्षकविधान-**

यस खण्डकाव्यको शीर्षक तामाङ भाषामा राखिएको छ ' म्हेन्दु'। तामाङ भाषामा 'म्हेन्दु' ( म्हेन्दो) शब्दको अर्थ हो - ' फूल'। तामाङ जातिको साङ्गितिक लय सेलोको प्रयोग गरि लेखिएको यस खण्डकाव्यको पनि शीर्षक काव्यको नायिकाकै नाममा राखिएको छ। साथै उनै नायिका ' म्हेन्दु' कै प्रेमकहानीमा नै यसो विषयवस्तु क्रियाशील रहेको छ।

**कथावस्तु –**

प्रस्तुत खण्डकाव्यको कथावस्तुगत घटनाक्रमलाई साधारण र सरल रूपमा अध्ययन गर्दा पहिलो देखि पाँचौ खण्डमा राखेर हेर्न सकिन्छ-

पहिलो – कुनै युवक प्रतिको प्रेमाकर्षणले गर्दा विछट्टै सुन्दरी म्हेन्दु प्रेमविहल हुन्छन्।

दोस्रो – बाबु र आमाले छोरी म्हेन्दूलाई सहरिया केटो गुम्बुप्रति प्रेममा आसक्त नहुनु साथै गुम्बुलाई नसम्झिनु भनेपछि, गुम्बुलाई आत्मिक प्रेम गर्ने म्हेन्दु मनमनै रून्छ।

तेस्रो – म्हेन्दु – प्रकृति – तादात्म्य देखाइ देवकोटाले आफ्नो भाषा – भाव प्रेमसम्बन्धी दृष्टिकोणको कवितात्मक अभिव्यक्ति गरेका छन्

चौथो – व्यापक नेपाल राष्ट्रियता र जातीय एकताका परिवेशमा गुम्बुले म्हेन्दुप्रति स्वच्छ आत्मिक प्रेम प्रकट गरी जीवनभर साथ दिने प्रतिज्ञा गर्नु तथा म्हेन्दुले गुम्बुसँग हेलम्बूमै बस्ने विचार व्यक्त गरेपछि गुम्बुले पनि सो कुरामा सहमति जनाउँछ अनि म्हेन्दु प्रसन्न हुन्छे ।

पाँचौ – गुन्जे लामाले वीर सेर्पा जबान राङ्जालाई म्हेन्दु – गुम्बु तादी तीरमा सँगै रहेको सुनाए पछि राङ्जाले त्यहीँ गई गुम्बुलाई हाँक दिन्छ, म्हेन्दुले राङ्जालाई झगडा नगर्न विन्ती गर्छ तर राङ्जा भने झगडा गर्ने गर्ने भनेपछि म्हेन्दु र गुम्बुले पालैपालो तादी नदीमा हाम फाल्छन्। यसकारण "म्हेन्दु - गुम्बु" को यो प्रेमकहानी तादी तीरमा सुनिन्छ भन्ने लोकगाथाको सन्दर्भ दिई यस खण्डकाव्यलाई टुङ्ग्याएका छन्।

**पात्रविधान –**

यस खण्डकाव्यमा नायिका म्हेन्दु र नायक गुम्बु सँगसँगै अरू उल्लेखनीय भूमिकामा रहेका पात्रहरू हुन् – गम्बोजी, मिन्दी, राङजा र गुन्जे लामा। म्हेन्दु प्रस्तुत खण्डकाव्यकी प्रमुख नारी पात्र तथा नायिका हुन्। यस खण्डकाव्यको शीर्षक उनैको नाममा राखिएको छ। यसकारणले गर्दा पनि खण्डकाव्यमा म्हेन्दुको प्रमुखभूमि रहेको छ भन्ने स्पष्ट हुन्छ। सुन्दरी तामाङ्गनी म्हेन्दु – सुनकेसी, हँसमुख, कुसुमतनी आदि रूपमा चित्रित भएकी छन्। उनको रूप र यौवनको सङ्केत यहाँ गरिएको छ। म्हेन्दुकै प्रेम कहानी वरिपरि यस खण्डकाव्यको विषयवस्तु विचरण गरिरहन्छ। गुम्बु; यस खण्डकाव्यको नायक हो। गुम्बुको जातभात यहाँ  स्पष्ट नभएकाले उ मङ्गोल नभएर कुनै आर्यजातिकै नेपाली युवक हो भन्ने अड्कल काट्न सकिन्छ । गुम्बु एकजना सहरिया युवक हो । गोसाइँकुण्डको यात्रामा जाँदा उ ताङगनी केटी म्हेन्देलाई देखि प्रेम गर्नपुग्छ। उ सहरिया हुँदाहुँदै पनि सहरिया विकृति र विसङ्गतिदेखि टाडा नै रहेको छ। उ आदर्श चरित्र भएको व्यक्ति हो। उ म्हेन्दुलाई आदर्श र आत्मिक प्रेम गर्छ। यसर्थ उ म्हेन्दुलाई पाउन नसके जोगी हुन पनि तयार हुन्छ। उसका निम्ति संसार नै घर हो, सारा मानव जाति नै परिवार, प्रेम नै जिन्दगी हो र हेला नै चिहान पनि हो। उ समग्रमा भन्नु पर्दा व्यापक मानवतावादी विचार भएको व्यक्ति हो। माथिउल्लेख गरे अनुसार उनको पनि दुःखद अन्त्य हुन्छ तरै पनि देवकोटाले साचो प्रेममा बलिदान नै ठूलो हो भन्ने वैचारिकता प्रस्तुत गरेका छन्। गम्बोजी यस खण्डकाव्यको एकजना खलपात्र हो। उ यस खण्डकाव्यकी नायिका म्हेन्दुको

पिताको रूपमा विद्यमान छ। उ एकजना अधबैंसे तामाङ जातिको व्यक्तिका रूपमा देखिएको छ। उ आफ्नो जातभात प्रति कट्टर छ र आफ्नो छोरीलाई सहरिया केटासँग बिहे गर्न नदिने ग्रामीण सामन्ती विचारका प्रतिनिधि पात्रको रूपमा खडा भएको छ। मिन्दी यस खण्डकाव्यकी नायिका म्हेन्दुकी आमा हुन्। उ सामन्ती कुसंस्कारले प्रेरित छिन्। उसका निम्ति अपितु सारा सहरियाहरू वैमान् हुन्छन् भन्ने छ। त्यसैले उ गुम्बुलाई पनि सहरिया गुण्डो नै ठान्छन् र उसले सहरिया नक्कलझक्कल द्वारा आफ्नो सोझी छोरीलाई फुस्ल्याएको भन्ठान्छे।यसउसले उ पनि विकृत मानसिकता भएकी बहिर्मुखी स्त्रीपात्र हो। राङ्जा म्हेन्दु खण्डकाव्यको अन्त्यतिर देखिने खलपात्र हो। सेर्पा युवक राङ्जा हट्टाकट्टा र बलियो छ। उ एकजना स्वच्छ र आत्मिक प्रेमको मूल्य नबुझ्ने अनि बलको भरमा प्रेम पाउन चाहने मानसिकता भएको व्यक्तिको रूपमा देखा परेका छन्। गुम्बुबाट म्हेन्दुलाई छिन्न उ गुब्मुलाई चुनौती दिन्छिन् म्हेन्दुले साचो र आत्मिक प्रेमको महत्त्व बारे सम्झाउँदा पनि गुम्बु सँग नलडि नछाड्ने भए पछि उसैको कारण गुम्बु र म्हेन्दुले तादी नदिमा आत्मविसर्जन गर्छन्। खण्डकाव्यको कथावस्तुलाई दुःखान्तमा पुऱ्याउनु उनको ठूलो भूमिका छ। खण्डकाव्यमा उ खलपात्र हुदाहुदै पनि कारक र आवश्यक पात्र हो। जसको कारण खण्डकाव्यमा गति आएको छ। यि मुख्य पात्रहरूका अतिरिक्त खण्डकाव्यको कथावस्तुलाई गतिदिन तथा चरम उत्कर्षमा पुर्याइ अन्त्य गर्नका निम्ति अन्य विभिन्न पात्रहरू छन् – गुन्जे लामा खलपात्र पोलाहा चरित्र , म्हेन्दुका दाजु भाइ आदि। समग्रमा भन्नुपर्दा यस खण्डकाव्यका पात्रहरू प्रतिनिधिमूखि र स्थिर किसिमका देखिन्छ। यस खण्डकाव्यका पात्रहरू एउटै विचारमा अडिग र स्थिर छ तथा तिनीहरूमा कुनै गतिशीलता देखिएको छैन।

**परिवेशविधान**

प्रस्तुत खण्डकाव्य परिवेशविधानका दृष्टिले हेर्दा नेपालीको हेलम्बू र तादीतीरको स्थानिय परिवेशको चित्रण गरिएको छ। यसका साथै त्यहाँ सामन्तीकालीन तामाङ सेर्पाजातिका सामाजिक परिवेशको पनि सजिव चित्रण भएको छ। नेपालीका कतिपय स्थानहरूमा सहरिया परिवेशको विकासका भई सकेका भए पनि सहरिया लपन् छपनको भने विकास भएको थिएन। साथै ग्रामीण अन्धविश्वास तथा सामन्ती सोच पनि निर्मूल भएको थिएन। तथापि देवकोटाले म्हेन्दु र गुम्बुजस्ता जातिगत विभेद भएका युवक युवती माझ प्रेम गराइ परोक्ष

रूपमा विद्रोह चेतना पस्केका छन्। यसका अतिरिक्त देवकोटाका अन्य विविध विषयवस्तुलाई प्रस्तुत गरि लेखिएको थुप्रै खण्डकाव्यहरू छन्। जसको विषयवस्तुको प्रस्तुति, भाषाशैली, लयविधान आदि संरचना तथा शील्पगत महत्त्व रहेको छ।

## लक्ष्मीप्रसाद देवकोटाका फुटकार कविताहरूको अध्ययन

लक्ष्मीप्रसाद देवकोटाले अनेकौं फुट्कर कविताहरू लेखेका छन् । तथापि यहाँ उनका केही प्रतिनिधि कविताहरूको मात्र चर्चा गरिनेछ । जसबाट पनि देवकोटाको फुट्कर कविताहरूका मूल स्वर खुट्याउन सकिन्छ –

## देवकोटाको 'गरीब' कविताको अध्ययन

'गरीब' शीर्षक कविता देवकोटाको उच्चस्तरीय कविता हो। यस कविता प्रथमतः ' शारदा' पत्रिकामा वि.सं. १९९१को फागुन महिनामा प्रकाशित भएको थियो । सोह्रवटा श्लोक रहेको यस कवितामा कविले वंशस्थविल र इन्द्रवंशा वर्णमात्रिक छन्छ प्रयोग गरेका छन्। सहज तथा प्रवाहपूर्ण भाषाशैलीमा लेखिएको तथा उपमा र रूपकालङ्कारले सजिएको  प्रस्तुत कवितामा कविले गरीब भनेर दुःखी हुनभन्दा थोरै आवश्यकता पूरा भए पुग्ने र जीवन शुद्ध, पवित्र र शान्ति, परिश्रम पछिको मीठो खानपान अनि ईश्वरप्रदत्त प्राकृतिक सम्पादा र सौन्दर्यका वरदानले आफू धन्य भएको वर्णन गरिरहेका छन् र अन्तमा आफूलाई संसारमा ल्याउने ईश्वरप्रति अगाध आस्था र कृतज्ञता प्रकट गरेका छन्। मानिस धनले गरीब भए पनि कल्पनाले धनी छ र प्रकृतिको सौन्दर्यलाई आत्मसात् गर्दै शान्ति र सन्तोषका साथ परिश्रम गरि जीवन निर्वाह गर्ने मान्छे नै  विलासी मानिसहरूको तुलनामा धेरै खुसी रहन्छ भन्दै कवि लेख्छन् –

गरीब भन्छौ सुखको म झै धनी

मिल्दैन संसारभरी कतै पनि।

विलासको लालस दास छैन म

मीठो छ मेरो रसिलो परिश्रम।। (भिखारी, २०१०, पृ.२९।)

छ भोक मीठो रसिलो छ प्यास ,

छ अन्ततमा व्यञ्जनको सुवास।

छ थोर आवश्यकता पुगेपछि

म बस्छु संसार नयाँ नयाँ रची।। (पूर्ववत्, पृ. ३०)

**"तिनको घँसिया गीत " कविताको अध्ययन**

देवकोटाको यस कवितामा आगन्तुक, तत्सम, तद्भव तीनै किसिमको शब्दको सम्मिलित र कहीँ समस्त पदको प्रयोग भएको छ। तथापि प्रस्तुत कविताको भाषा सरल सुबोघ, भावोल्लास, भावप्रवाह एवं सङ्गीतमय वर्णनात्मक शैली साथै अलङ्कारहरूको पनि सज्जा विषेश ढङ्गले नै गरिएको छ। प्रस्तुत कवितामा अङ्ग्रेजी कवि वर्डस्वर्थको ' दी सोलिटरी रिपर' नामक कविता प्रभाव झल्किए तापनि यसमा कविको अन्तरनिहित भाव सँगै मौलिक कल्पनापुञ्जको पनि राम्रै प्रयोग भएको देखिन्छ। सुन्दरीजल झरना झरिरहेको पहाडको रमणीय स्थानमा साँझपख चराचुरुङ्गीको सुमधुर सङ्गीत सँगै एउटी सुन्दरी घँसिनीले घाँस काट्दै गाइरहेका सुमधुर गीतलाई विषयको केन्द्रमा राखिए रचिएको प्रस्तुत कवितामा कवि सो मनोरम दृष्य देखेर कविको भाव अभिव्यक्त उत्कृष्ट रहेको छ –

जलको छलछल, रविको ढलपल,

झिलमिल बादल चलमल पात।

घाँस खिरीला, लाल भरीला

उनका छरिता कलिला हात।

काटिरहेछन् लाल फुलेका

रसिला बादल हँसिला चाँद। ( भिखारी, पूर्ववत्, पृ. ७।)

**यात्री कविताको अध्ययन**

लक्ष्मीप्रसाद देवकोटाको यात्री कविता 'शारदा' पत्रिकामा वि.सं. १९९८ सालको जेठ महिनामा प्रकाशित भएको थियो । जसलाई पछि उनको 'भिखारी' कविता सङ्ग्रहमा सामेल गरिएको थियो । यस कवितामा जम्मा सात पङ्क्तिगुच्छा रहेको छ र दोस्रो र छैटौं पङ्क्तिगुच्छामा आठ आठ पङक्ति बाहेक अन्य सबैमा ६-६ पङ्क्ति रहेको छ। यस कविता दुई एक आगान्तु र तत्सम शब्दहरूको प्रयोग भएको भएतापनि यस कविता सरल – सुबोघ भाषा, साङ्गीतिक गुण तथा प्रवाहपूर्ण शैली साथै प्रतिक, बिम्ब उपमायोजनाको विशेष समायोजन भएको ।

मानिसले संसारमा धर्म गर्नका निम्ति कुनै मन्दिर तथा तीर्थ गइरहन नपर्ने, दीन दुःखीलाई सेवा गर्नु नै सबैभन्दा ठूलो धर्म हो, ईश्वर मानिस भित्र विराजमान् छन्। मानिसको शरीर नै देवपुरी धामझै हो भन्ने - यस कविताको सारवस्तु रहेको छ। प्रस्तुत कवितामा कविले मानवलाई सर्वोच्च तुल्याउँदै धार्मिक रुढीवादी प्रथाहरूलाई नकार्दै मानवतावादी जीवनदृष्टिलाई पस्किएका छन्। दृष्टान्तका निम्ति यस कविता पङ्क्तिलाई हेर्न सकिन्छ –

फर्क फर्क हे ! जाऊ समाऊ

मानिसहरूको पाउ,

मलम लगाऊ आर्तहरूको

चहराइरहेको घाउ

मानिसहरू भै ईश्वरको त्यो

दिव्य मुहार हँसाऊ। ( 'यात्री', भिखारी, २०१०, पृ. १७।)

**देवकोटाको पागल कविताको अध्ययन**

देवकोटाको प्रस्तुत ' पागल' कविता रचनाको पृष्ठभूमि केलाउँदा, कवि देवकोटाको माता – पिता स्वर्गवास भएपछि आर्थिक सङ्कट र पढाइको चाप विविध कारणले गर्दा देवकोटा मानसिक रूपले कमजोर भएका थिए। यसैका कारण पुस महिनामा वि.सं. १९९५ सालमा उनलाई राँची अस्पतालमा पुऱ्याएको थियो। त्यसै समय धेरैले उनलाई 'पागल' भनेर तिरस्कार गरेका थिए। साझा रूपमा कुनै काम गरेपनि फाइदा लिने समयमा उनलाई 'पागल' भनि पन्छाइन्थ्यो। यी कुराहरूका खासै कुनै तथ्य भने नहुदा यसैलाई यस कविता रचनाको पृष्ठभूमि कारण हो भनि ठोकुवा गरेर भन्न सकिदैन। यस कविता रचना गर्नुका कारण जेसुकै भएतापनि मूलतः अध्येतालाई चाहिने पाठ हो यसको पृष्ठभूमि होइन। पागलपनको आरोप सकारेजस्तो गरी पागल भन्ने लोकलाई नै व्यङ्ग्य गर्दै र पागल सिद्ध गर्दै आफूलाई अपागल प्रमाणित गर्ने उनको कवितात्मक प्रयासका रूपमा रहेको यस कविताले जीवनपरक स्पर्शलाई समेत प्राप्त गरेको छ।

यस कविता जम्मा ६ पङ्क्तिगुच्छा छ। पहिलो पङ्क्तिगुच्छामा दुई, दोस्रोमा पन्ध्र, तेस्रोमा उनाइस, चौथोमा सताइस, पाँचौंमा ६ र छैटौँमा वा अन्तिममा

पङ्क्तिगुच्छामा ४० गरी जम्मा १०९ पङ्क्ति छ। यसका साथै अनुप्रास योजना, भावको क्रमिक विकास र समुच्चयनमा अनुच्छेद – अनुच्छेद पछि दोहोरिने 'जरूर साथी ! म पागल ! यस्तै छ मेरो हाल !' जस्ता पङ्क्तिका प्रयोगले यसको मूल कथ्यलाई तीव्रता प्रदान गरिएको छ। साथीलाई सम्बोधनमा राखेर 'म' पात्र कवि स्वयम् हुन्। यहाँ सम्बोधनमा राखिएको 'साथी' एकवचन पात्र नभएर बहुवचन पात्र 'साथी = लोक' हो। यस कविले विभिन्न तर्कहरूद्वारा 'म' अर्थात 'कवि' पागल नभएर तिमी(साथी = लोक) लाई पागल भनेका छन्। प्रस्तुत कवितामा व्यङ्ग्य चेतना चरम रहेको छ। यि विषयलाई प्रस्ट पार्न कविताको पङ्क्तिलाई हेर्न सकिन्छ –

"जरूर साथी । म सुन्दर चकोर

असुन्दर- फोर – कोमल कूर –

चिडिया स्वर्गाग्नि – चोर –

तुफान – पुत्र, पागल ज्वालामुखीको उद्गार,

भयंकर व्यक्तित्व – पाल।

जरूर साथी ! सन्के मगज छु ! सन्के !

यस्तै छ मेरा हाल !" ( पागल, प्रगति, पृ.५।)

### देवकोटाको पद्यनाटक 'सावित्री - सत्यवान्' को अध्ययन

देवकोटाको प्रस्तुत नाटकको रचनाकाल र प्रकाशनकाल तोक्नमा विद्वानहरू एकमतमा आइसकेका छैनन् । तथापि विभिन्न स्रोत तथा तथ्यहरूका आधारमा यसको रचनाकाल वि.सं. १९९० अनि प्रकाशनकाल वि.सं. १९९७ लाई नै मानी लिएको छ। देवकोटाको प्रस्तुत नाटक नाटकीय गुणका दृष्टिकोणले हेर्दा मध्यमस्तरका छन्। तथापि काव्यिक गुणका दृष्टिले यस नाटक उच्चस्तरीय नै छ। यस नाटक जम्मा ५ अङ्कमा विभाजित छ। दोस्रो र पाँचौं अङ्कलाई छोडी अन्य सबै अङ्कमा लामा – छोटा ५-५ दृश्य र दोस्रो र पाँचौमा चाँहि ४ – ४ दृश्य छ। सरल भाषाशैली अनि प्रभावकारी कथावस्तुको प्रस्तुतीकरणले गर्दा प्रस्तुत नाटक पाठक प्रिय हुनपुगेको छ।

माथिउल्लेखित कृतिहरूका अतिरिक्त देवकोटाका अन्य निबन्ध र उपन्यास कृति पनि रहेको छ। उनको निबन्ध कृतिहरू दाढीमको रूखनेर, लक्ष्मी निबन्ध सङ्ग्रह , प्रसिद्ध प्रबन्ध सङ्ग्रह (अनुवाद ) हन्। उनको निबन्ध कृतिहरू विषयवस्तुका कारणले भन्दा भाषिक लालित्यका कारण पाठकप्रिय हुन पुग्यो । उनको उपन्यास 'चम्पा' पनि काव्य कृतिको तुलनामा गौणनै सिद्ध भएछ। समग्रमा भन्नु भर्दा देवकोटाले पाठक प्रिय सर्जक हुनपाए उनको काव्यकै हुनका कारण। -यसै दृष्टिकोणले पनि देवकोटा नेपाली साहित्यका सगरमाथा नै हुन्।–

## 4.5 उपसंहार

नेपाली साहित्य जगतमा लक्ष्मीप्रसाद देवकोटाका योगदान अतुलनीय छ। देवकोटाले नेपाली साहित्यमा महाकाव्यको अभाव पूर्ति गरे। भानुभक्तको नेपाली 'रामायण' बाहेक नेपाली साहित्यमा अरू महाकाव्य नै नभएको समय देवकोटाले ' शाकुन्तल' महाकाव्य रचनागरी अभाव पूर्ति गरे। यतिमात्र नभएर उनले नेपाली साहित्यका प्रतेक विधामा कलम चलाइ नेपाली साहित्यलाई नै धनी तुल्याएका छन्।

विषयवस्तुगत विशेषता त देवकोटाका कृतिहरूमा पाइन्छन् नै तथापि भाषाशैलीगत विशेषता नै उनको मूल काव्य प्रवृत्ति भएर स्थापित भएको छ। उनको चमत्कारी काव्य प्रवाहकै कारण कृतिहरू प्रभावकारी र पाठक प्रिय हुनपुगेको देखिन्छ। देवकोटाले महाकाव्य, खण्डकाव्य, नाटक, कविता, उपन्यास, कथा, निबन्ध आदउ विधामा उत्कृष्ट र प्रभावकारी ढंगमा कलम चलाएर नेपाली साहित्यको भण्डार भर्ने काम मात्र गरेनन् अपितू नेपाली साहित्यलाई गुणात्मक सगरमाथाको चुचुरोमा नै पुऱ्याएका छन्।

देवकोटाका महाकाव्यहरू विषयवस्तुगत, भाषाशैलीगत, महाकाव्यिक संरचनागत सबै गुणहरूमा उत्कृष्ट छन्। यसरी खण्डकाव्य र अन्य कृतिहरूका सन्दर्भमा पनि भन्न सकिन्छ। यसैले देवकोटा नेपाली साहित्याकाशका उज्ज्वल नक्षत्र हुन्।

## 4.6 सार

• लक्ष्मीप्रसाद देवकोटाका महाकाव्यहरू विषयवस्तु, भाषाशैली, महाकाव्यिक संरचनाका दृष्टिमा उत्कृष्ट छन्। यि मध्ये पनि 'शाकुन्तल', 'प्रमिथस', 'सुलोचना' सबै भन्दा प्रभावकारी र पाठकप्रिय रहेका छन्।

• देवकोटाका खण्डकाव्यहरू पनि विषयवस्तुगत, भाषाशैलीगत, संरचनागत गुणात्मकताका दृष्टिले उत्कृष्ट छन्। यि मध्ये पनि 'मुनामदन', 'लुनी' र 'म्हेन्दु' लोकलय( लोकछन्द) मा लेखिएका हुँदा जनप्रिय हुनपुगेका छन्।

• देवकोटाका फुटकर कविताहरू विविध विषयवस्तुमा आधारित छन्। तथापि प्रकृतिप्रेम, भावनात्मकता, विद्रोह चेतना, कल्पनाको उच्चउडान् आदि उनका मूल काव्य प्रवृत्ति हो।

• देवकोटाका रचनाशिल्पको सबै भन्दा तढ्कालो विषय उनको भाषा हो । उनको चमत्कारी भाषाप्रयोग कै कारण धेरै जस्तो पाठकले रूचाएका छन्।

## 4.7 अनुशीलन

क) लक्ष्मीप्रसाद देवकोटाका काव्य प्रवृत्तिको चर्चा गर्दै 'शाकुन्तल' महाकाव्यको विश्लेषण गर्नुहोस्।

ख) 'प्रमिथस' महाकाव्यमा अभिव्यक्त राष्ट्रिय चेतना र मानव प्रेमको अवलोकन गर्नुहोस।

ग) 'मुनामदन' खण्डकाव्यमा अन्तरनिहित सामाजिक र आर्थिक विशेषताहरू केलाउँदै यसको लोकप्रियता कारणबारे स्पष्टपार्नु होस्।

घ) 'लुनी' खण्डकाव्यको विषयगत अवधारणा स्पष्ट पार्नेहोस्।

ङ) देवकोटाका फुटकर कविताहरूका आधारमा उनको काव्य प्रवृति प्रस्तुत गर्नुहोस्।

## 4.8 अतिरिक्त अध्ययन

१. डा. ईश्वर बराल झ्यालबाट (सं.)।

२. डा. कुमारबहादुर जोशी देवकोटाका कविता –यात्राको विश्लेषण र मूल्याङ्कन।

३. डा. कुमारबहादुर जोशी देवकोटाका कविताकृतिको कालक्रमिक विवेचना।

४. डा. कुमारबहादुर जोशी महाकवि देवकोटा र उनका महाकाव्य।

५. डा. महादेव अवस्थी लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता।

## 4.9 मूल्यबृद्धिको निम्ति उत्तर

नोट – तल दिएका खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस्।

1. लक्ष्मीप्रसाद देवकोटाको शकुन्तल महाकाव्यको भाषाशैलीबारे टिप्पणी गर्नुहोस्।

---------------------------------------------------------------------------

---------------------------------------------------------------------------

---------------------------------------------------------------------------

(प्रश्न 1 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 4.4 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

2. लक्ष्मीप्रसाद देवकोटाको मुनामदन खण्डकाव्यको वस्तुपक्षबारे संक्षिप्तमा चर्चा गर्नुहोस्।

---------------------------------------------------------------------------

---------------------------------------------------------------------------

---------------------------------------------------------------------------

(प्रश्न 2 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 4.4 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

3. लक्ष्मीप्रसाद देवकोटाका कथाहरूमा पाइने मूल स्वरबारे विवेचना।

---------------------------------------------------------------------------

---------------------------------------------------------------------------

---------------------------------------------------------------------------

(प्रश्न 3 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 4.4 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

# एकाई 5. लेखनाथ पौड्यालको जीवन र दर्शन

**संरचना**

5.0.उदेश्य

5.1.परिचय

5.2.लेखनाथ पौड्यालको जीवनीबारे अध्ययन

5.2.1.जन्म र जन्मस्थान

5.2.2.शिक्षा

5.2.3.जीवन यात्रा एवम् संघर्ष

5.2.4.साहित्यिक यात्रा

5.2.5.पुरस्कार तथा सम्मान

5.2.6.मृत्यु

5.3.लेखनाथ पौड्यालका कृतिहरूमा रहेको दर्शनको अध्ययन

5.3.1..`दर्शन´ परिचय तथा सामान्य चर्चा

5.3.2.लेखनाथ पौड्यालका कृतिहरूमा निहित दर्शन पक्षबारे अध्ययन तथा विश्लेषण

5.4. उपसंहार

5.5 .सार

5.6.अनुशीलनी

5.7.अतिरिक्त अध्ययन

5.8.मूल्यवृद्धिको निम्ति उत्तर

# 5.0.उदेश्य

कविशिरोमणि लेखनाथ पौड्यालको जीवनीबारे तथा उनका कृतिहरूमा निहित दर्शनबारे अध्ययन विश्लेषण गर्नु यश एकाइको उद्देश्य रहेको छ। नेपाली साहित्य जगतमा एकजना अमर साहित्यकार कविशिरोमणि लेखनाथ पौड्यालको जीवन यात्रा,जीवन संघर्ष आदिबारे अध्ययन सँगै तिनका कृतिहरूमा पाइने जीवन दर्शनका कुराहरूलाई यश एकाईमा चर्चा गरिनेछ। कवि लेखनाथ पौड्यालको जीवन र कृतिहरूमा दार्शनिक पक्षको अध्ययन गर्नु नै यस एकाईको प्रमुख उद्देश **रहेको छ।**

# 5.1.परिचय

कविशिरोमणि लेखनाथ पौड्याल नेपाली साहित्यमा आधुनिककालका सुरुवातकर्ताका रूपमा रहेका छन्। नैतिक शिक्षा,जीवन दर्शन,अध्यात्मवाद आदिलाई समेटेर काव्यरचना गर्ने कविशिरोमणि लेखनाथ पौड्याल आधुनिक कालका महर्षि नै हुन् भन्दा अत्युक्ति हुनेछैन। संस्कृत का शास्त्रीय छन्द र शैलीत्लाई काव्य सृजनाको साधन बनाए तापनि युग सापेक्ष समसामयिक विषयादिलाई काव्यमा समावेश गर्नु कवि लेखनाथ पौड्यालको एउटा विशेषता हो। विश्वप्रेम र मानवता प्रेमको आध्यात्मिक नव वोध यिनका काव्य उद्देश्य बनेका छन्। साहित्य सेवाको सम्मानस्व को उपाधि प्राप्त गर्न सफल कवि लेखनाथ पौड्यालका रचनाहरूमा बुद्धिविनोद ,मेरो राम,ऋतुविचार,लालित्य(भाग१.२),सत्यस्मृति,मेरो राम,सत्यकलि संवाद,गंगा गौरी आदि प्रमुख कृतिहरू हुन्। उनको ऋतुविचार अनि तरुण तपसी यी दुई काव्य कृतिहरू नेपाली साहित्यको शिखरमा पुगेको मानिन्छ । नेपाली साहित्यको क्षेत्रमा खण्डकाव्य,नव्यकाव्य,नाटक,अनुवाद आदि सम्पूर्ण विधाहरूमा नै कलम चलउने कवि लेखनाथ पौड्याल नेपाली साहित्यका श्रीवृद्धिमा लागिपरेका एकजना साहित्य साधक हुन्।

## 5.2.लेखनाथ पौड्यालको जीवनीबारे अध्ययन

### 5.2.1.जन्म र जन्मस्थान

कवि लेखनाथ पौड्यालको जन्म वि० स० १९४१ मा नेपालको कास्की जिल्ला अन्तर्गत अर्घौ अर्चले गाउँमा भएको हो । पिता पण्डित दुर्गादत्त पौड्याल अनि माता वसुन्धरा देवीका जेठो सन्तानको रूपमा तिनको जन्म भएको हो

### 5.2.2.शिक्षा

ब्राह्मण परिवारमा जन्म लिएका लेखनाथ पौड्यालको शिक्षा पाँच वर्षको उमेरदेखि सुरु भएको थियो । घरको वातावरण अनुरुप कवि लेखनाथ पौड्यालले गङ्गा गणेश स्तोत्र,अमरकोश र सप्तशती(चण्डी )आदिको अध्ययन सानै उमेरमा अध्ययन गरेका थिए । चौदह वर्षको उमेरसम्म तिनले गाउँमा नै बसेर त्यहीँ हुनसक्ने पढाइ अौपचारिक रुपमा पूरा गरेपछि अगाडिको पढाईको निम्ति तिनलाई मातापिताले काठमाडौको रानीपोखरी संस्कृत छात्रवास मा भर्ना गराएका थिए। त्यहीँ बसेर तीन वर्ष अध्ययन गर्ने क्रममा व्याकरण मध्यमाको पाठ्यक्रम को खण्ड खण्ड अध्ययन गरेका थिए। यहीँ रानीपोखरी संस्कृत छात्रवासमा रहेर तीन वर्ष (वि०स० १९५६ देखि वि०स० १९५९ सम्म) अध्ययन गरिसकेपछि तिनी अध्ययनको क्रमलाई अघि बढाउने उदेश्यले वि० स०१९५९ मा बनारस गएका थिए। तर बनारसमा परीक्षा अनुत्तीर्ण भएपछि तिनले दोस्रोपटक परीक्षा दिएनन्। यसरी उनको विद्यार्थी जीवन वि०स० १९५९-६० को दशकतिरै समाप्त हुन्छ ।अौपचारिक शिक्षा यसरी समाप्त भएपछि तिनी स्वअध्ययनको बाटो समाएर काव्य सृजनातर्फ लागेको थाहा पाइन्छ ।

### 5.2.3.जीवन यात्रा एवम् संघर्ष

जीवन संघर्षको क्रममा तिनको औपचारिक शिक्षा समाप्त भएकै समयमा वि० स० १९६१ मा तिनको धर्मपत्नीको मृत्यु भएको तथा पत्नीको मृत्युशोक पनि तिनले खप्नुपरेको थियो। यतिखेर सृजनाको चस्को,स्वाध्यायनको प्रवृत्ति र जीवन संघर्षको दबाउको फलस्वरूप नयाँ यात्रा थाल्नुपर्दा लेखनाथ पौड्याल वितलित र दिशाहीन बनेका थिए। लगभग बीस वर्ष को उमेरमा नै लेखनाथको जीवन यसरी विशृङ्खल ,व्याकुल र विभ्रान्त रहेको पाइन्छ ।

सृजनमा रस भिजिसकेका तथा पत्नीशोकमा रहेका लेखनाथ पौड्याल आफ्नो मूलथलोतिर फर्केर जानूको कुनै अर्थ थिएन। घरको आर्थिक अवस्था ठीक

नभएको कारण साथै आफू घरको जेठा छोरा भएको कारणले पनि उनले कमाई गरेर परिवारको खाँचो टाड्नुपर्थ्यो। यसबाहेक आफूमा साहित्यप्रतिको झुकावकै कारण पनि गाउँमा पण्डित्याइँ गर्नु तिनको निम्ति सन्तोषको कार्य थिएन । त्यसैले आफ्ना बाजे राधाकृष्ण पौड्यालको मधेस आर्जनको सोधखोज र जीवनवृत्तिका खोजीमा पोख्रेलहरूको जमिन्दारी छप्की बिर्ता तिर लागे। तर आफ्नो बाजेले आर्जन गरेको चिनोस्वरुप जीविकोपार्जनको साधन तिनले पाउन सकेनन्। त्यसैले उक्त क्षेत्रका पोखरेलहरूका छोराहरूलाई छप्कीमै बसेर पढाएका थिए भन्ने अनुमान पनि विद्वानहरूले लगाएका छन्। छप्कीमा बस्दा नै पोखरेलहरूका पारिवारिक झडपमा आफू पनि मुछिएपछि तिनी नराम्ररी पिरोलिएका थिए। स्वाभिमानी लेखनाथ पौड्यालका मर्ममा आघात पर्ने घटना घटेपछि उनी उक्त ठाउँलाई छोडेर मूलथलो पहाड वा काठमाडौ नफर्की सोझै मुग्लानको बाटो लागे। भारत का पूर्वाञ्चल राज्य आसाम भेगतिर लागेका लागेका तिनले कहिले सेठ मालिककहाँ,कहिले राजा-रजौटाकहाँ अनि कहिले गोठ-गौपालनका भुमरीमा पर्दै दुख गरेका थिए। उनको मुग्लान बसाइ पीडादायक,कष्टकर अनि नैराश्यपूर्ण रहेको थियो । प्रवासमा यसरी दुखको हण्डर खाएपछि कष्टकर,पीडादायी प्रवास यात्रालाई तिलाञ्जलि दिँदै उनी कुनै प्रकारले फेरि काठमाडौ फर्किए।

काठमाडौ फर्किसकेपछि पनि तिनको स्थिति असहाय नै थियो । आफूभित्रको पीडा त छँदै थियो,त्यसका साथै आफ्ना काशीवासी पितामहका जीवन वृत्तिको निम्ति पनि उनले सन्ताप बोक्नु पर्यो। संकट अवस्थामा पिरोलिएका जीवनका कटु अनुभवबाट व्यथित लेखनाथ पौड्यालको काठमाडौ बसाइ पनि पीडामय नै थियो । यता उता दौडधुप गर्दा पनि कतैबाट सहायता एवम् समस्या समाधानको बाटो नपाएका लेखनाथ पौड्याल काठमाडौंको लैनचौरको चौतारामा भोक भोकै सुतेका थिए। यस्तै कष्टदायी समयमा तिनले तत्कालीन जनरल भीमशमसेर (तत्कालीन कमान्डर इन चीफवा चीफ साहेब) को स्तुति सहित आत्मनिवेदन मिसिएको कविता लेखी चढाए। उनको स्तुतिपरक कविताको तत्काल नै परिणाम नआए तापनि केही समयपछि जनरल भीमशमसेरका हजुरिया पण्डित (साहिला पण्डित) सदाशिव दीक्षितकहाँ उनलाई बोलाएर त्यहाँ नै बोलाएर तालिम दिई तालिम पुरा भएपछि लेखनाथलाई टङ्गाल दरबारमा दरबारमा ल्याउने आदेश भीमशमसेरले दिए । सोहीप्रकारले दीक्षित परिवारसँग उनको निकट सम्बन्ध बनिनुका साथै उनको काठमाडौ प्रवेशको प्रक्रिया पनि आरम्भ भएको थियो ।

लगभग पन्ध्र वर्षसम्म लेखनाथ पौड्यालले दीक्षित परिवारमा नै पढाए। त्यस पछि उनले भीमशमसेरका नातिहरूलाई पढाउने शिक्षकका रूपमा टङ्गाल दरबारमा आश्रय पाए।

तत्कालीन बनारसबाट प्रकाशित पत्रिका `माधवी´ को प्रकाशन स्थगित गरेर राममणि आ.दी. काठमाडौ फर्केपछि लेखनाथ पौड्याल अनि राममणि आ.दी बीचको निकटता बढ्दै गयो। राममणिको भाषा सुधार अभियानका कारण लेखनाथ पौड्याल पनि प्रभावित थिए। पछिबाट राममणि आ.दी.`गोर्खा भाषा प्रकाशिनी समिति ´ का संस्थापक अध्यक्ष भएपछि मूलत: राममणि आ.दी को संरक्षण ,सुझबुझ रचनात्मक आकांक्षा र कुशल आयोजनामा कवि लेखनाथ पौड्याल र गद्यकार  चक्रपाणि चालिसेले नेपाली बाल पाठ्य पुस्तक बनाउनुका साथै नयाँ नेपाली साहित्यको विकासको ठोस् प्रयत्न पनि गरेको पाईन्छ । राममणि आदिले कमजोर  आर्थिक अवस्था भएका लेखनाथलाई सहयोगका साथै त्यतिबेलासम्म अझ अप्रतिष्ठित लेखनाथ पौड्याललाई प्रतिष्ठित र काव्य लेखनमा रूचि राख्ने बनाईदियो। यतिकै लेखनाथले `भाषा प्रकाशिनी´ सम्बन्धि  लेखपढ ,कामकाज र दरबारतिरका साहित्यिक रुचिको पूर्ति गर्न- गराउनमा राममणि आ.दी लाई सघाएका थिए। यसबाहेक उनी राममणि आ.दी.सँगै हलन्त वहिष्कार आन्दोलनमा पनि सरिक बने। यसरी राममणि आ.दी.र लेखनाथ पौड्यालका बीचमा राम्रो सम्बन्ध एकदम नजीकको थियो।

यसोसले हेर्दा के देखिन्छ भने कवि लेखनाथ पौड्याल एकातिर  भीमशमसेर र साहिला पण्डित अर्थात्  सदाशिव दीक्षित कहाँ शिक्षकका रूपमा कार्य गरेको पाइन्छ भने अर्कोतिर राममणि आ.दी.सँग संलग्नमा रहेर कविता लेखनतर्फ अग्रसर रहे। जीवन जिउने अनि संघर्ष गर्ने क्रममा कहिले शिक्षक तथा कहिले कवि बने। शिक्षकका रूपमा प्राप्त हुने तनखाले अनि कविका रूपमा प्राप्त हुने धेरथोर आयबाट उनको आर्थिक स्थिति दह्रो नबने तापनि सुरूबुरू रूपमा चलेको थियो। उनलाई सृजनाको अवसर प्राप्त हुनुसँगै उनको कवित्वपन पनि उज्यालिँदै गयो। तिनले राममणि आ.दी कै संसर्गमा र नाममा वि०स० १९७० मा लेखनाथ पौड्यालले `शोक प्रवाह ´खण्डकाव्यको रचना गरेका थिए।

तर यतिकैमा तिनको जीवन संघर्ष टुङ्गिन्दैन। काठमाडौमा रहेर शिक्षक अनि कविका रुपमा उनको संघर्ष चलि नै रह्यो । शिक्षण पेशा तथा कविता लेखनतर्फ आफूले उठाएको कदमप्रति तत्कालीन काठमाडौको समाज र परिवेशले न्याय गर्न नसकेको अनुभूतिले पिरोलिएको लेखनाथ पौड्याल विरक्तिएर सन्यासको

मनसाय लिई स्वर्गद्वारी प्रभुकहाँ गएका थिए। तर पछिबाट यिनै प्रभुको आदेश पालन गर्दै वि०स० १९७२ सालको वैशाख महिनामा १२ वर्षकी सत्यदेवीसँग लेखनाथ पौड्यालले दोस्रो विवाह गरेका थिए।

आर्थिक अवस्थाको कारण तथा समस्यामा रहिरहने अवस्थामा लेखनाथले दरबारको शिक्षण पेसालाई पनि त्यागेका थिए। उनले दरबार सेवा त्याग्नुको कारणहरूमध्ये आर्थिक समस्या सँगै उनको शिक्षक पेशा अनि कविता लेखनको कदर नभएको अनुभूति थियो । आफूलाई आफ्नो प्रतिभाको कदर नभएको भन्ने भित्री लागेपछि उनले वि० स० १९७५ सालमा दरबारमा पढाउने काम छोडी घरमै बसेर `योगवाशिष्ठ´को अध्ययन गर्दै कविता लेख्न थालेका थिए। यस्तो विकट अवस्थामा पनि उनका हितचिन्तक राममणि आ.दी. ले लेखनाथ पौड्याललाई कर्मक्षेत्रबाट नटारिने आग्रह गरेका थिए भने दरबारबाट पनि उनलाई बोलावट भयो। यसरी उनको शिक्षण पेशाबाट टाडिने अवस्था केही समयसम्मको निम्ति मात्रै भयो। राममणि आ.दी.को आग्रह अनि जनरल भीमसमशेरबाट निरन्तर बोलावट भएपछि उनी पुन: पुरानै जागिर खान टङ्गाल दरबारतर्फ जान लागे। दरबारको जागर छोडेर बसे कै अवधिमा तिनले धेरै अघिदेखि लेख्न सुरु गरेको `सत्यकलि संवाद´ लेखी सिध्याए। सोही समयमा नै तिनले राममणि आ.दी.को प्रेरणामा `संक्षिप्तभारत´ भित्रको `संक्षिप्त श्रीमद्भागवतगीतासार´ को रचना गरेका थिए। यसरी विभिन्न परिस्थितिहरुसँग जुध्दै तिनले आफ्नो साहित्यिक यात्रालाई पनि निरन्तर अघि लगिरहेका थिए। तिनको कवि व्यक्तित्वले ठोस रूप लिनुका साथै कवि मण्डलीहरूमा तथा नेपाली पाठक जगत्मा तिनको स्थान विशेष बनिरहेको थियो।

तत्कालीन नेपालको राजनैतिक स्थिति स्थिर थिएन। मकैपर्व जस्ता घटनाहरूले लेखक तथा साधारण मानिसहरूका मनमा भयको स्थिति थियो। लेखनाथ पौड्याल हिन्दी पुस्तक,पत्रिका आदि पढ्ने हुनाले तत्कालीन भारतमा आइरहेको धार्मिक ,सामाजिक र साँस्कृतिक जागरणबारे आफू प्रभावित बनेका थिए। स्वअध्ययनबाट विशेषत: विश्व को भूगोल ,इतिहास अनि राजनीति सँगै सामान्य ज्ञानको प्राप्तिले तथा भारतमा स्वत्व-अभिमानको जागरण,जराजीर्ण भारतको काया-कल्प विज्ञान तथा प्रविधिले उनलाई प्रभाव पारेको थियो। यसै वातावरणमा उनले `फ्रान्सको राज्यक्रान्ति´र `महाराणा प्रताप´ सम्बन्धि काव्यहरू रचना गरेका थिए। तर यसैसमयमा `मकैपर्व´ घटना घटेपछि उनका उक्त कृतिहरूको पाण्डुलिपि नै च्यातिदिएका थिए। `मकैपर्व´ कै भयको कारण नछापी राखेको

Notes

तिनको `सत्यकलिसंवाद´बारे पनि दरबारमा पोलझोस भएको थियो। तर लेखनाथ पौड्यालले तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशमसेर को स्तुति सहितको कविता दरबारमा पेश गरेपछि उनी पोलझोसबाट बाँचेका थिए। यसबाहेक तिनले भक्तिरसमूलक केही कविताहरू अनि `दिगम्बर विवाह´ तथा `पार्वतीपरिणय´नाटक लेखी राममणि आ.दी. को माध्यमबाट चन्द्रशमसेरलाई चढाएपछि उनी पुरस्कृत बनेका थिए। यसरी नै शिक्षक तथा पण्डितका रूपमा तेजशमसेरका दरबारमा काम गर्न थालेपछि उनको जागिर तथा आय स्रोत पनि बढ्दै गयो। विस्तारै राजा श्री५ त्रिभुवनकहाँ पनि उनको कविता लेखनको कारण सम्पर्क स्थापित भयो।यसरी दरबारमा उनी पण्डित,शिक्षक,कवि अनि नाटक गुरुका रुपमा प्रतिष्ठित हँदै गए।

तर चन्द्रशमसेर र भीमशमसेरका बीच बढिरहेको राजनैतिक खिचातानी अनि माहिला गुरूज्यू हेमराज शर्मा अनि राममणि आ.दी.का बीचमा चल्दै आएको भाषा व्याकरण सम्बन्धि अन्तर्द्वन्द्वका कारण लेखनाथ पौड्याल पनि सङ्कटमा परेका थिए। उनको लेखनमा यी कारणहरूले प्रभाव पार्नसक्ने भएकै त्यस समयमा उनले उस्तो धेर काव्य रचना गरेका छैनन्। यश अवधि तिनले `स्तोत्रावली´(वि०स० १९७८)मा दुईवटा कविता र `गोरखाशिक्षा´चौथो भाग(वि०स० १९८०) मा केही कविताहरू बाहेक अन्य कृतिहरू प्रकाशित गरेका छैनन्। तर चन्द्रशसेरको मृत्यु पछि भीमशमसेरको हातमा राजकाज गएपछि उनी दरबारमा हजुरिया पण्डित बने। उनको जीवनकालमा दरबार जागिर अवधिको उच्चतम प्रहर यही नै थियो । वि०स० १९८६ सालमा भीमशमसेरका स्तुति हेतु तिनले `गीताञ्जली´ काव्य रची प्रकाशित गरे। तिनले यसअवधि भीमशमसेर कै प्रेरणा र आग्रहमा `लक्ष्मीपूजा´नामक नाटक लेखेका थिए। `पञ्चतन्त्र´को अनुवादको आरम्भ पनि तिनले यसैकालमा गरे। दरबारमा राजनैतिक कलह तथा अन्तद्वन्द्वको कारण भीमशमसेरको शासन थोरै समयको निम्ति मात्र रह्यो ।यसको प्रभाव कवि लेखनाथ पौड्याललाई पनि पर्यो। दरबारको कलह र भीमशमसेरको पतनको फलस्वरूप उनको दरबारको स्थान-मान र घरवासको राम्रो बन्दोबस्त हुन पाएन। जुद्धशमसेर राणाले सत्ता हातमा लिनसाथै मठ्याहा(सी क्लासका) राणाहरूलाई निष्कासन गरियो। यसैक्रममा कवि लेखनाथ पौड्यालको नियमित दरबार जागीर पनि छुटेको थियो। दरबारबाट निष्कासन गरिएका राणाहरूबाट तिनले केही सहयोग पाइरहे तापनि तिनको दरबार जागीरको क्रम लगभग यहाँ आइपुगेर समाप्त नै भयो।

दरबारमा यस्तै विभिन्न घटनाहरूको साक्षी बन्दै अनि संघर्ष गर्दै अघि बडिरहेको बेला कवि लेखनाथ पौड्यालको पारिवारिक जीवनमा पनि विभिन्न घटनाहरू घटे। दरबारमा घटेको घटना एवम् उतारचढावले तिनको परिवारमा अवश्य असर पर्ने नै थियो। सँगसँगै परिवारमा घटेका दुख सुखका घटनाहरूले पनि तिनको जीवन अझ सङ्घर्षमय बनाईदियो। वि०स० १९७६ सालमा उनका पिता पण्डित दुर्गादत्त पौड्यालको मृत्यु भयो। पिताको मृत्युशोक अघिबाटै भोगिसकेका लेखनाथ पौड्यालले दरबारको जागिर छुट्ने अवधिमा मातृशोक पनि भोग्नुपरेको थियो। यस्तै दुख संघर्ष अवधि उनका जीवनमा उल्लास एवम् हर्षको क्षण पनि आयो। तिनक दुई छोरीहरू र एक छोरा जन्मिनु उनको र परिवारको निम्ति उल्लासमय क्षण थियो । जीवनका धेरै संघर्ष गरेर गाँस ,बाँस र कपास सँगै आफूभित्रको साहित्यिक प्रतिभालाई प्रस्फुटित गराउने कवि लेखनाथ पौड्याल सँच्चै नेपाली साहित्यकाशमा एउटा उज्ज्वल नक्षत्र हुन्।

कवि लेखनाथ पौड्याल जीवनको उत्तरार्धमा अर्थात वि०स० १९९२ पछि भने अघिको जस्तो जटिल र संघर्षमय थिएन। आफ्ना बाबुबाट प्राप्त योग-संस्कार ,स्वर्गद्वारी प्रभुको विशेष प्रभाव एवम् आफू पचास बर्षको उमेर पुगेको अवस्था साथै यतिका वर्षसम्म संस्कृत दर्शन-ग्रन्थको अध्ययन एवम् साहित्य साधनाले तिनमा दह्रो प्रभाव पार्यो। आमा-बाबुको निधन,छोराछोरीको जन्म,तेजशमसेरबाट प्राप्त सम्पतिबाट घरद्वारको जोरजाम तथा आर्थिक रूपमा केही भएपनि सबल बनेको स्थिति तिनको थियो । तैपनि वि०स० २०२० सालसम्म तिनले `त्याग र उदयको युगल गीत´ स्तुतिकाव्यद्वारा जुद्धशमसेर राणा र पद्मशमसेर राणाको स्तुति गरे। नियमित आय स्रोत धेरै नभएपछि आफुले सञ्चय गरेर राखेको सम्पति सकिदै गएपछि तिनको जीवनमा फेरि आर्थिक सङ्कट परेको थियो । छोरा अनन्त पौड्यालको पढाइ भारतमा चलिरहेको कारण तथा आय स्रोतको माध्यम कम हुनका कारणले ऋणको भार पनि तिनले खपे। यसप्रकारको स्थितिमा पुगेपछि तिनको लेखन कार्यमा तथा व्यवहारिक चेतनामा प्रभाव परेको थियो।

तत्कालीन श्री५ त्रिभुवनको दिल्ली प्रवासको राजनैतिक घटनापछि तिनमा राजनैतिक चेतना उत्तेजित भएको थियो। तिनको व्यवहारिक विवेकले राणाशासनको पतन भएको देख्न थाले। वि०स० २००७ सालको नेपालमा भएको राणाविरुद्धको जन आन्दोलनमा उनी पनि लागेका थिए। २००७ सालको क्रान्ति सफल भएपछि राणातन्त्रको अवसान सँगै नेपालमा नयाँ युग सुरु हुन्छ । यसपछि

कवि लेखनाथ पौड्यालको लेखन तथा साहित्य क योगदानको मूल्यांकन भयो। विभिन्न पत्रपत्रिकाहरूमा रचनाहरू प्रकाशन सँगै तिनले यश अवधि धेरैवटा उत्कृष्ट काव्यहरू लेखी प्रकाशित गरे। तिनको जीवनको उत्तरार्ध भाग यसरी बितेको थियो।

## ५.२.४.साहित्यिक यात्रा

कवि लेखनाथ पौड्यालको साहित्यिक यात्राबारे चर्चा गर्नुपर्दा उनको साहित्यिक यात्राको बीजारोपण आफ्नो घरबाट नै भएको मान्न सकिन्छ ।प्रारम्भिक शिक्षा घरबाट नै लिएका लेखनाथले संस्कृतका श्लोकहरू कण्ठ गर्दा गर्दै कविता लेख्नु तथा काव्य रचनामा रूचि राख्ने गर्थे। परिस्थितिवश सानै उमेरमा गोठालो भएर काम गर्नुपरेको कारण तथा कतिपय परिस्तवश तिनले आफ्नो अौपचारिक अध्ययनलाई बीचमा नै त्यागेर स्वअध्ययनको माध्यमले शिक्षा लिएका थिए।यसरी स्वध्ययनकै क्रममा तिनलेअमर कोष,लघु कौमुदी,संस्कृत कोष व्याकरणहरूका अध्ययन गरे। यसरी स्वअध्ययन् सँगै तिनी काव्य सृजनाका क्षेत्रमा पनि लागिपरे।

कवि लेखनाथ पौड्यालको साहित्यिक यात्रालाई तीन चरणमा विभाजन गरेर हेर्न सकिन्छ –

क) पहिलो चरण (वि०स० १९६१ देखि १९९० सम्म)
ख) दोस्रो चरण (वि०स० १९९१ देखि २००७ सम्म )
ग) तेस्रो चरण (वि०स० २००८ देखि २०२२ सम्म )

क) पहिलो चरण (वि०स० १९६१ देखि १९९० सम्म)

कवि लेखनाथ पौड्यालको साहित्यिक यात्राको पहिलो चरणमा उनको साहित्य सृजना गर्ने प्रेरणा तथा प्रारम्भिक रचनाहरूका विषयमा थाहा पाउन सकिन्छ । कवि लेखनाथ पौड्यालको लेखन यात्रा किशोर अवस्थादेखि नै सुरु भएको थाहा लाग्छ । सानो उमेरदेखि नै कविता रचना गर्नुमा रूचि भए तापनि कवि लेखनाथ पौड्याल किशोर अवस्थामा पुगेपछि नै काव्य सृजनामा लागेका थिए। तिनको साहित्य सृजनाको प्रसङ्गमा महत्त्वपूर्ण घटनाका रूपमा `पितृप्रसाद घटना ´ लाई मानिन्छ । पितृप्रसाद भन्ने उनका काका पर्ने एकजन व्यक्ति पनि धेरथोर कविताहरू लेख्थे।उनले कविता लेखिरहेको अवधि लेखनाथले उनको लेखन ध्यान भङ्ग गरिदिएकाले पितृप्रसाद रिसाउँदै लेखनाथलाई हप्काएका थिए। त्यही हप्काइबाट इखिएर लेखनाथ पौडेलले काव्य सृजनाको संकल्प गरेका थिए।

यसरी नै उनको काव्य सृजनाको अर्को महत्त्वपूर्ण मोड तिनको काठमाडौको बसाइ हो। अध्ययनका क्रममा काठमाडौको रानीपोखरी संस्कृत छात्रवासमा वि०स० १९५६ देखि १९५९  सम्म तीन वर्ष  रहँदा तिनका समकालीन अग्निधर शर्माले गरेको तिरस्कारले पनि कवि लेखनाथ पौड्याललाई कवित लेख्नु तथा काव्य सृजना गर्नुमा बल पुगेको थियो। यसरी नै छात्रवासकै क्रममा पण्डित शिवकुमार शर्माले कविता लेवन तथा साहित्य सृजनामा प्रोत्साहन गरेको कारण उनलाई समस्यापूर्तिका रूपमा कविता गर्न झकझकायो। छात्रवासमा रहेर अध्ययन गरिरहँदा तिनी कविता लेख्न थालेका थिए।तर कुनैपनि कविता वा रचनाहरू प्रकाशित भने भएको थिएन। छात्रवास अवधिको समय (वि०स० १९९६ देखि १९५९ सम्म) मा नै लेखनाथको कविता लेखनको बीजारोपण भएको थियो। यसरी नै काठमाडौको रानीपोखरी संस्कृत छात्रवासमा तीन वर्ष अध्ययन सिध्याएपछि वि०स० १९५९ मा उच्च अध्ययनको निम्ति भारतको बनारसतर्फ गए। उनको यो बनारसको यात्रा तथा बनारस बसाई साहित्य सृजनाको निम्ति विशेष रह्यो । उच्च शिक्षाको अध्ययन कतिपय कारणवश छुटेपनि उनको साहित्य लेखनतर्फको  विशेष यात्रा भने यहीँ बाट नै सुरु भएको थियो । काठमाडौमा रहेर अध्ययन गर्दा साहित्य सृजना तर्फ अग्रसर भए तापनि  उनका कुनै रचनाहरू प्रकाशित भएको थिएन ।तर जब उनी बनारसमा आएर रचनाहरू सृजना गर्न थालेपछि उनका रचनाहरू विभिन्न पत्र पत्रिकामा छापिन थाले। बनारसबाट निस्कने पत्रिका `सुक्तिसुधा´ मा उनको कविता`पाठशाला विशाला´ छापिए। यसरी नै बनारसबाट पण्डित दुर्गाप्रसाद  शर्माद्वारा सम्पादित कविता संग्रह `कविता कल्पमुद्रम´मा लेखनाथका दुईवटा नेपाली  कविताहरू `शृङ्गारपच्चीसी´ अनि `मानसाकर्षिणी´ छापिए। वि०स० १९६१ मा छापिएका यी कविताहरूका लेखनाथको छात्रवास रहँदाको उपज र लेखनको प्रतिफल हुन् भन्न सकिन्छ । यसरी नै तिनी रोजगार र जीवन सङ्घर्षका क्रममा नेपाल फर्किए तापनि उनको सृजना नमरीकन यथावत् नै रह्यो । तिनी अझ जोशिएर साहित्य सृजनतर्फ लागिरहे। नेपाल फर्केपछि छप्कीमा बसेर काम गर्न थालेका लेखनाथले त्यहाँ  नै बसी कविताहरू लेखे। छप्की मै बसेर  उनले लेखेका `गोपिका चित्त  लिने´ समस्यापूर्ति बनारसबाट सोमनाथ शर्माद्वारा सम्पादित नेपाली पत्रिका `सुन्दरी ´ मा छापिएको थियो । यसरी नै छप्कीवास कै अवधि तिनको `नमानहारी ´ अनि ` नीला भया चन्द्रमा´ समस्यापूर्ति प्रकाशित हुनुका साथै `सुन्दरी ´ पत्रिकामा `वियोगिनी विलाप´ अनि` वैराग्यवल्ली´ नामक

Notes

कविताहरू छापिएका थिए। यसरी नै राममणि आ.दी. द्वारा सम्पादित पत्रिका `माधवी´ मा लेखनाथको कविता `माधवी कुसुमाञ्जलि ´ छापिएको थियो । `माधवी´ पत्रिकामा नै वि०स० १९६६ मा उनको `वर्षाविचार´ लघुकाव्य प्रकाशित भएको थियो । पत्रिकामा रचनाहरू पठाउने क्रममा नै लेखनाथ अनि राममणि आ.दी.माझ घनिष्ठता बढेको थियो,जुन घनिष्ठता पछिसम्म नै कायम रह्यो। लेखनाथको कविता लेखन अथवा साहित्य सृजनाको पहिलो चरणमा को प्रारम्भिक स्तरमा राममणि आ.दी. ले धेरै सहयोग पुर्याएका थिए । राममणि आ.दी ले लेखनाथलाई साहित्य सृजनाका साथै दरबारमा जागीर लगाउनु,कविताहरू प्रकाशित गर्नु,दरबारमा तिनलई कविका रूपमा चिनाउनु आदिमा पनि सहयोग पुर्याएका थिए।

लेखनाथ पौड्यालका रचनाहरू विभिन्न पत्र पत्रिकाहरूमा छापिन थालेको अवधिमा वि०स० १९६९ मा कविता संग्रह `लालित्य´ प्रकाशित भयो। यसमा कवि लेखनाथ पौड्यालका पाँचवटा कविताहरू संग्रहित छन्। वि०स० १९७० मा `शोकप्रवाह´ नामक खण्डकाव्य प्रकाशित भयो। लेखनाथले यसअवधि बाल पाठ्यपुस्तक `शिशुवोधिनी´ तयार गर्नुमा पनि महत्त्वपूर्ण योगदान दिएका छन्। वि०स० १९७३ मा `बुद्धिविनोद´ अनि ` ऋतुविचार´ खण्डकाव्य प्रकाशित भएपछि लेखनाथको काव्य यात्रा अझ द्रुत गतिमा अघि बढ्यो। वि०स० १९७४ मा नाटक `भातृहरिनिर्वेद´ अनि `सुक्तिसिन्धु´ अन्तर्गत विभिन्न कविताहरू प्रकाशित भएका छन्। आधुनिक नेपाली कविताको प्रचेष्टा कवि लेखनाथ पौड्यालले वि०स० १९७० को दशकमा नै गरेको उनको `सत्यकलि संवाद´ (वि०स० १९७६ ) बाट थाहा लाग्छ । तिनले वि०स० चन्द्रशमसेरका सेवमा केही भक्तिरसमूलक कविताहरू साथै`दिगम्बर विवाह´ अनि `पार्वतीपरिणय´ नाटकहरू लेखेका थिए तर छापिएको भने थिएन। वि०स० १९८६ मा भीमशसेरका स्तुतिमा `गीताञ्जली ´ काव्य लेखेका छन्। यसरी नै `लक्ष्मीपूजा´ नाटक,`पञ्चतन्त्र´को अनुवाद ,तथा `स्तोत्रावली´ अनि `गोरखाशिक्षा´ का विभिन्न भागहरूमा कविताहरू प्रकाशित भएपछि उनको लेखनकार्य उत्तिकै खारिदै अघि बडेको पाइन्छ । तत्कालीन नेपालमा घटेको `मकैपर्व´ घटना अवधि उनले लेखेका `फ्रान्सको राज्यक्रान्ति´ तथा `महाराणा प्रताप´ का पाण्डुलिपिहरू च्यातिदिएको कारण उनका उक्त कृतिहरू प्रकाशित रूपमा पाइदैन।

पहिलो चरणमा कवि लेखनाथ पौड्यालद्वारा लिखित काव्य कृतिहरू एवम् प्रकाशित  रचनाहरू निम्न छन्-

१) `कविताकल्पमुद्रम´(वि०स०१९६१),`सुन्दरी´(वि०स०  १९६३),`माधवी´,(वि०स० १९६५-६६),`लालित्य´ (वि०स० १९६९) पत्रिका तथा कविता संग्रह अन्तर्गत विभिन्न कविताहरू प्रकाशित ।

२) `शोकप्रवाह´ खण्डकाव्य(वि०स० १९७०)

३) `गोरखा शिक्षा´ का विविध भाग अन्तर्गत कविताहरू प्रकाशि(वि०स० १९७२-८१)

४) `बुद्धिविनोद´ खण्डकाव्य (वि०स० १९७३)

५) `ऋतुविचार´ खण्डकाव्य (वि०स० १९७३)

६) `सुक्तिसिन्धु´ (वि०स० १९७४) अन्तर्गत विभिन्न कविताहरू प्रकाशित

७) `भातृहरिनिर्वेद´ नाटक (वि०स० १९७४)

८) संक्षिप्त भारत अन्तर्गत `संक्षिप्त श्रीमद्भगवद्गीतासार´ (वि०स० १९७५)

९) `सत्यकलिसंवाद´कविताकृति (वि०स० १९७६)

१०) `स्तोत्रवली´ अन्तर्गतका कविता (वि० स० १९७८)

११) `गीताञ्जलि´ स्तुति काव्य (वि०स० १९८६)

१२) `गोर्खाली´, `चन्द्रिका´,`गोरखापत्र ´, आदि विभिन्न पत्र -पत्रिकामा प्रकाशित फुटकर कविताहरू। (उनले चन्द्रशमसेरका निम्ति लेखेका `दिगम्बरविवाह´ अनि `पार्वतीपरिणय´ साथै `भवितव्य´ र `राधाकृष्णकेलि´ नामक हिन्दी नाटकहरू रचना गरिएको भनिए तापनि प्रकाशित भने पाइदैन)

ख) दोस्रो चरण (वि०स० १९९१ देखि २००७ सम्म)

कवि लेखनाथ पौड्यालको दोस्रो चरणको साहित्य लेखन यात्रा अझ निखारिएको पाइन्छ । उमेरकै हिसाबले पनि ५० वसन्त पार गरिसकेका कवि लेखनाथका तत्कालीन रचनाहरूमा प्रौढता,परिपक्वता स्पष्ट देख्न सकिन्छ ।यसै अवधि काठमाडौबाट `शारदा´ पत्रिका प्रकाशित हुन थाल्छ ।यसै पत्रिका मा लेखनाथको कविता `अरुणोदय´ प्रकाशित भएको थियो। यसै समयदेखि उनले श्रृङ्गारिक धारालाई त्यागे। लेखनाथ का दोस्रो चरणका कविताहरू `शारदा´ बाहेक `उद्योग ´,`गोर्खा´,आदि पत्रिकाहरूमा प्रकाशित भए। उनका`त्याग र उदयको युगल प्रकाश´,`लक्ष्मीपूजा´ आदि काव्य कृतिहरूसँगै `पाटीमा ढाक्रेको पसारो´,`गौथलीको चिरीबिरी´,आदि उल्लेखनीय कविताहरू हुन्। दोस्रो चरणमा

आइपुगेपछि उनका कृतिहरूमा मानवतावादी स्वर,दर्शन तथा अध्यात्म चिन्तनको बढी प्रभाव पाइन्छ । यसै समयमा नेपलको राजनैतिक गतिविधिहरूकम उतार -चढावबीच कवि लेखनाथ पौड्याल प्रजातान्त्रिक आन्दोलनको पक्षमा अघि आएर काम गर्छन् ।नेपाल का राजा श्री५ त्रिभुवनको दिल्ली -प्रवासको घटनापछि लेखनाथको व्यवहारिक चेत अत्यन्त उत्तेजित हुन्छ र उनको व्यवहारिक विवेकले विवेकले पनि राणातन्त्रको पतन देख्दछ। राणाहरूको जहानिया शासनको विरुद्ध लेखनाथ देखा पर्छन्। जीवनको यश क्षणमा आइपुगेपछि उनी राजनैतिक क्षेत्रमा पनि पाइला राख्छन् ।

साहित्यिक यात्राको दोस्रो चरणमा कविशिरोमणि लेखनाथ पौड्यालद्वारा लिखित काव्य कृतिहरू एवम् विभिन्न पत्रिका हरूमा प्रकाशित रचनाहरू निम्न छन्-

१) `ऋतुविचार´विकसित तथा परिष्कृत(वि०स० १९९१)

२) `शारदा ´`गोरखापत्र ´`उद्योग ´ आदि पत्रिकाहरूमा प्रकाशित कविताहरू (वि०स० १९९१-१९९४)

३) सप्त प्रश्नात्मक`बुद्धिविनोद´ को प्रथम विनोद (वि०स० १९९४ )

४) `लक्ष्मीपूजा´ नाटक (वि०स० १९९४ )

५) वि०स० १९९५-२००२ सालका स्फुट कविता

६) `पञ्चतन्त्र´ को नेपाली अनुवाद (वि०स० २००४)

ग) तेस्रो चरण (वि०स० २००८ देखि २०२२ सम्म)

तेस्रो चरणमा आइपुग्दा कवि लेखनाथ पौड्यालको काव्य रचना क्षमता अक्ष विकसित र परिपक्क रूपमा देखिन्छ ।उनी वि०स० २००८ देखि २०११ सम्म साहित्य सृजनामा सक्रिय देखिन्छ । वि०स० २००७ सालको क्रान्ति सफल बनेर देशमा जहानिया शासन अन्त्य सँगै प्रजातान्त्रिक माहौल बनिरहेको समयमा तिनले आफ्नो कलमलाई सक्रिय रूपमा चलाएका छन्। `तरुण तपसी´`लालित्य´ प्रथम भाग आदिको प्रकाशनसँगै तिनका अन्य नाटक तथा फुटकर रचनाहरू छन्। सोहोसमयमा भारतमा महात्मा गान्धी को निर्ममतापूर्वक हत्या हुन्छ।यश घटनाबाट दुखी बन्दै तिनले महात्मा गान्धी को निधनमा शोक काव्य `अमर ज्योतिको सत्यस्मृति´लृखे। तिनको कलम मृत्युपर्यन्त चलि नै रह्यो ।

कवि शिरोमणि लेखनाथ पौड्यालको तेस्रो चरणमा प्रकाशित कृतिहरू एवम् विभिन्न पत्र पत्रिकामा प्रकाशित रचननाहरू निम्न हुन्-

१) `अमर ज्योतिको सत्यस्मृति´शोककाव्य (वि०स० २००८)

२) `गौरी_गौरव´ नाटक(वि०स० २००९, यो नाटक अभिनीत मात्र )

३) वि०स० २०१० सम्मका कविता(लालित्य प्रथम भाग समेत)

४) `तरुण तपसी´ नव्यकाव्य (वि०स० २०१०)

५) `मेरो राम´ काव्य (वि०स० २०११)

६) `अभिज्ञान शाकुन्तल´ नाटक (अनुवाद)

७) नयाँ `भार्तृहरिनिर्वेद´ (वि०स० २०२०)

८) `पार्वती परिणय´ (अपूर्ण,अप्रकाशित नाटक)

९) `गंगा गौरी´ (अपूर्ण महाकाव्य वि०स० २०२२-२३)

१०) `लालित्य´( दोस्रो भाग)

११) विभिन्न समसामयिक पत्रिकाहरूमा प्रकाशित फुटकर कविता एवम् रचनाहरू (वि०स० २०१२-२०३०)

## 5.2.5. पुरस्कार तथा सम्मान

आफ्नो सम्पूर्ण जीवन नै साहित्य साधनामा होमेका साहित्य साधक कवि लेखनाथ पौड्यालले साहित्य क्षेत्रमा पुर्याएको योगदानलाई कदर उनलाई विभिन्न पुरस्कार एवम् सम्मानले सम्मानित गरिएको छ। लेखनकालको उत्तरार्धमा अर्थात वि०स० २००० साल पछि नै उनले साहित्यप्रति पुर्याएको योगदानको कदर हुन्छ साथै उनले सम्मान तथा पुरस्कारहरू प्राप्त गर्छन्। यसैक्रमा वि०स० २००८ मा नेपालका राजा श्री५ त्रिभुवनको जन्मोत्सवको दिन राजाबाट पुरस्कार तथा सम्मास्वरुप तक्मा ,भत्ता र दर्जा वितरण अन्तर्गत लेखनाथलाई मासिक रू० २००/- भत्ता सहित `कविशिरोमणि´ को उपाधि प्रदान गरिन्छ ।` कविशिरोमणि´ का रूपमा लेखनाथ पौड्याल यसरी स्थापित हुन्छन् । यसरी नै वि०स० २०११ पौष २० गते लेखनाथको जन्मदिनको छेक पारेर काठमाडौका साहित्यकार तथा उच्च व्यक्तिहरुले लेखनाथको सम्मानमा रथयात्रा निकालेका थिए। यही दिन लेखनाथको नागरिक अभिनन्दन हुनका साथै उनलाई रुपैया पाँच हजार भेट गरिएको थियो भने `लेखनाथ अभिनन्दन ग्रन्थ ´ तयार पार्नेबारे पनि निर्णय लिइएको थियो। वि०स० २०१४ मा नेपाल एकेडेमी स्थापना भएपछि उनी पनि एकेडेमीको सदस्य रहे। यसरी नै।नेपाल सरकारले उनको नाम एवम् सम्मानमा वि०स० २०१९ मा १५ पैसे हुलाक टिकट प्रकाशित गरेको पाइन्छ । वि०स० २०२२ मा उनको देहावसान भएपछि पनि उनको संस्मरण एवम् उनलाई सम्मान दिने

कार्य चलेको पाइन्छ ।यसैक्रममा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले वि०स० २०२६ मा मरणोपरान्त त्रिभुवन पुरस्कारले सम्मान जनाएको छ। उनको संस्मरणमा काठमाडौको ठमेल-लैनचौर मार्गको नाउँ ल`लेखनाथ मार्ग´ राखिएको छ। `भानु´ पत्रिकाले वि०स० २०२३ मा भव्य `लेखनाथ विशेषाङ्क´ निकालेर उनको सम्मान तथा साहित्यप्रतिको योगदानको कदर गरेको छ।

### 5.2.6.मृत्यु

कविशिरोमणि लेखनाथ पौड्यालको मृत्यु ८० वर्षको उमेरमा  वि०स० २०२० फागुन ७ गते चितवनको भरतपुरस्थित  देवघाटमा भएको थियो।

## 5.3.लेखनाथ पौड्यालका कृतिहरूमा निहित दर्शनको अध्ययन

### 5.3.1.`दर्शन ´ बारे सामान्य चर्चा

`दर्शन´ शब्दको उत्पति संस्कृत भाषाको ` दृश´ धातुरूपबाट भएको थाहा पाउँछौँ। `दृश´ शब्दको अर्थ `हेर्नू वा देख्नु ´ हुन्छ ।यसैकारण भाषागत् रूपमा `दर्शन´को अर्थ पनि `हेर्न´वा `देख्नु´ हुन्छ । यसरी नै नेपाली बृहत् शब्दकोश अनुसार `दर्शन ´ शब्द संस्कृत भाषाको नामरूप रहेको तथा यसको अर्थ हुन्छ `कुनै पनि वस्तुलाई हेर्ने काम;नजर गराइ; हेराइ´,`प्रकृति,इश्वर,ज्ञान विज्ञान ,वस्तु,जीवन र चेतनाबारेको विवेचन र विश्लेषण गरिने विद्या;`तत्सम्बन्धी विषयमा व्यापक रूपले यथार्थ परिचय दिने शास्त्र ; आध्यात्मिक तथा भौतिक वस्तुको चिन्तन तथा विश्लेषण ।´ यसरी नै `दर्शन´ को अङ्ग्रेजी पर्यायका रूपमा `Philosophy´ शब्द प्रयोग गरिन्छ ।अङ्ग्रेजी `Philosophy´ शब्दको उत्पत्ति र अर्थबारे हेर्दा यो शब्द ग्रीक भाषाबाट उद्भव भएको थाहा लाग्छ ।ग्रीक शब्द `Philo´ को अर्थ हो प्रेम वा अनुराग ( loving) अनि `sophia´ को अर्थ हो ज्ञान( knowledge ), यी दुई शब्दहरू मिलेर `philosophy ´ शब्द उत्पन्न भएको छ। यसकारण `philosophy ´ वा `दर्शन ´ शब्दको अर्थ `ज्ञानप्रती अनुराग ´ हुनजान्छ साथै `philosopher ´वा `दार्शनिक ´भन्नाले तिनै व्यक्तिलाई सूचित गर्छ जसको ज्ञानप्रति अनुराग छ,जसको  सत्यप्रति अनुराग छ।

पश्चिमी राष्ट्रमा  जुन विषयलाई  philosophy भनिन्छ त्यसैलाई पूर्वमा दर्शन वा दर्शनशास्त्र भन्ने गरिन्छ । दार्शनिक दृष्टिकोणमा हेर्न कार्य तीन प्रकारको हुन्छ ।

पहिलो प्रकारको हेराइमा कुनै बाहिरी वस्तुलाई चर्मचक्षुले हेर्नु हो भने दोस्रो प्रकारको हेराइमा धारणाको माध्यमद्वारा कुनै वस्लाई हेर्नू ,चिन्तन अनि मनन यस प्रकारका हेराइ हुन्। तेस्रो प्रकारको हेराइ हो अन्तर्दृष्टिद्वारा कुनै वस्तुको सरासर ज्ञान प्राप्त गर्नु,जसलाई स्वज्ञा भनिन्छ ।यश प्रकारको हेराइलाई अङ्ग्रेजी भाषामा इन्टुइशन ( intuition) भनिन्छ । पूर्वीय अथवा भारतीय दर्शन भन्नाले यी तिनै प्रकारको हेराइ बुझिन्छ ।यसको अतिरिक्त `भारतीय दर्शन ´भन्नाले भारतवर्षको सबै दार्शनिक सम्प्रदायहरूको तत्व चिन्तन बुझ्नु पर्छ।

` दर्शन´के हो भन्नेबारे विभिन्न विद्वान तथा दर्शनशास्त्रीहरूका आ-आफ्नै मत रहेको हामी पाउँछौँ। कसैले `दर्शन´ भनेको `विश्वजगत´कसैले `धार्मिक,नैतिक जस्ता सबै प्रकारका मानवीय अभिज्ञताहरु´,कसैले `इश्वर,आत्मा आदि अतीन्द्रिय विषयहरू´,कसैले `वैज्ञानिक ज्ञानको युक्तिसंगत विचार -विश्लेषण दर्शनको आलोचना विषय ´,कसैको मत अनुसार `ज्ञानको शर्त,सीमा र वैधता दर्शनको आलोचनाको विषय हो´ भनी विद्वान् तथा दार्शनिकहरूले आ-आफ्नै विचार पोखेका छन्। यसलाई समग्रमा राखेर एकमुष्ठमा यस्तो निर्णयमा पुग्न सकिन्छ - `जसले समग्रमा अखण्ड जीवन जगतको स्वरुपको व्याख्या गरेर त्यसको मूल्यांकन गर्छ त्यही शास्त्रलाई दर्शनशास्त्र भन्न सकिन्छ । वैचारिक मनन एवम् तार्किक चिन्तन द्वार दर्शनशास्त्रले आफ्नो अभीष्ट सिद्ध गर्छ। कुनैपनि विषयलाई व्यापकरूपमा चिन्तन गर्नु नै दर्शन हो। पाश्चात्य दार्शनिक **मार्भिन** ले दर्शनको परिभाषा यसप्रकार दिएका छन्-` सत्यप्रति अनुराग नै दर्शन हो। जुन सत्य एक महान अखण्डता अन्तर्गत हुन्छ ,त्यही ज्ञान नै दर्शन हो।´यसरी नै दार्शनिक **पेरी** को मत अनुसार -`दर्शनमा कुनै आकस्मिकता छैन। अति -भौतिक केही छैन।दर्शन एउटा स्वभाविक औ अनिवार्य विषय हो।´

`दर्शन´ बारे स्पष्ट चर्चा गर्न पर्दा जुन शास्त्रले अखण्डित अनि व्यापक रूपमा जीवन अनि जगतको व्याख्या साथै मूल्यांकन गर्छ त्यस शास्त्रलाई दर्शन भनिन्छ । दर्शनले यो सन्सार अनि जीवन सम्बन्धमा हाम्रा धारणा अनि विश्वासहरू कत्तिको युक्तिसंगत छ भन्ने कुराको विश्लेषण गर्छ। यो जगत अनि जीवन सम्बन्धमा युक्तिपूर्ण धारणा प्रस्तुत गरेर जीवनको अर्थ अनि मूल्य निरुपण गर्दै जगतसँग जीवनको सम्बन्ध निर्धारण गर्नु दर्शनको लक्ष्य हो। यो बाहेक जगत अनि इश्वर सम्बन्धमा तत्वज्ञान प्रदान गर्नु पनि दर्शनको ध्येय हो। दर्शनको एउटा विशेष शाखा जसलाई तत्वविद्धा (metaphysics) भनिन्छ ,त्यसले यी

विषयहरूमा अध्ययन गर्छ।दर्शनको अर्को शाखा जसलाई रूप विज्ञान (phenomenology) भनिन्छ,त्यसले बाहिरी जगत,दृश्यमान जगतका बारेमा अध्ययन गर्छ। दर्शनको अर्को शाखा जसलाई ज्ञान-मीमांसा (epistemology) भनिन्छ ,त्यसले ज्ञानको शर्त र सीमा विषयमा आलोचना गर्छ। आदर्शविद्धा वा मूल्यविद्धा (axilogy) दर्शनको अर्को एउटा मुख्य शाखा हो । यसले मानव जीवनका उचचतम मूल्यहरू जस्तै` सत्य ´ `शिव´ `सुन्दर ´ विषयमा आलोचना गर्छ। यसरी दर्शनको परिधि खबै व्यापक भएको देखिन्छ। दर्शन र विज्ञान माझ कतिपय विषयहरूमा सादृश्य देखिन्छ भने कतिपयमा देखिदैन।

भारतीय दर्शनशास्त्रको परिप्रेक्ष्यमा हेर्दा  परम सत्य उपलब्धि गर्नु नै भारतीय दर्शनशास्त्रको उदेश्य हो।जसले परम सत्यको उपलब्धि गरेका छन्,जीवन अनि जगतको प्रकृत  स्वरूप चिन्न सकेका छन् अनि सत्यको  परिचय पाएका छन्,तिनै व्यक्तिहरूलाई यहाँ दार्शनिक भन्ने गरिन्छ । भारतीय दर्शनशास्त्र स्वभावगत दृष्टिमा आध्यात्मिक रहेको छ। यसको केन्द्रमा अध्यात्म रहेको छ।यसको उदेश्य दुई प्रकारको छ,प्रथम उदेश्य `सत्यको उपलब्धि गर्नु ´ अनि दोस्रो उदेश्य `सत्य उपलब्धि गर्नुको निम्ति उपायहरूको अनुसन्धान गर्नु´ हो । भारतीय दार्शनिकहरूको ध्येय परम सत्यको उपलब्धि गर्नु मात्र नभएर यसको निमित्त उपायहरूको खोजी गर्नु पनि हो। भारतीय दर्शनशास्त्रका सम्पूर्ण शाखाहरू (सांख्या,योग,न्याय ,वैशेषिक,मीमांसा,वेदान्त,चार्वाक,बौद्ध अनि जैन) ले परम सत्य उपलब्धिको निमित्त आ-आफ्नो उपाय तथा पद्धतिहरू उल्लेख गरेका छन्।

भारतीय दर्शनको विभिन्न सम्प्रदायहरूलाई मूलत: दुई भागमा बाँडिएको छ।ती हुन्-वैदिक अनि अवैदिक।वैदिक अन्तर्गत सांख्य,योग,न्याय,वैशेषिक,मीमांसा,अनि वेदान्त दर्शन सम्प्रदाय  पर्दछन् ,जसलाई भारतीय षढ -दर्शन पनि भनिन्छ ।यसरी नै अवैदिक अन्तर्गत चार्वाक,जैन अनि बौद्ध दर्शन सम्प्रदाय पर्दछन्।

## 5.3.2 . लेखनाथ पौड्यालका कृतिहरूमा निहित दर्शनबारे अध्ययन तथा विश्लेषण

कवि लेखनाथ पौड्याल हिन्दु -धर्माश्रित आदर्शवादका अनुयायी छन्। पूर्वीय आध्यात्मिक दर्शनलाई आत्मसात गरेर लेखनाथ पौड्यालले अन्धविश्वास ,धार्मिक आडम्बर,आर्थिक तथा जातीय विषमता,हिंसा,क्रुरता,स्वार्थसिद्धिका लागि गरिने धनसञ्चय आदिको विपक्षमा वकालत गरेका छन्।     संसारमा हुने

युद्ध,अन्याय,अत्यचार,व्यभिचार र भ्रष्टाचार  आदि मानवको अस्तित्वलाई सङ्कट पार्ने कारक तत्व हुन्।      समृद्ध मानवसमाजका निर्माण निमित्त यी सम्पूर्ण कुराहरू बाधक ठान्दै तिनले आर्थिक ,राजनैतिक र  सामाजिक दर्शनको उपेक्षा गरेका छन्। तिनले आफ्ना वैचारिक तथा काव्य लेखनमा आध्यात्मिक दर्शनको आड लिएर पौराणिक आदर्शवादको पक्ष अघि सारेका छन्।  तिनी पूर्वीय दर्शनसँग आकृष्ट छन् तथा पूर्वीय आध्यात्मिक दर्शनलाइ नै आधार बनाएर तिनले आफ्ना भावहरू व्यक्त गरेका छन्। आस्तिक बनेर आध्यात्म ज्ञान नै जीवनको अनि सृष्टिको सार्थकता ठान्ने कवि लेखनाथ पौड्याल नव विज्ञान तथा वैज्ञानिक उन्नतिलाई महत्त्व दिँदैनन् ।तिनको नजरमा अध्यात्म नै सर्वश्रेष्ठ कुरा हो ।यहीँ धारणामा तिनी मृत्युपर्यन्त अडिरहे अनि काव्य सृजना गरिरहे। वास्तवमा लेखनाथको अध्यात्मप्रतिको झुकावलाई यसरी पनि हेर्न सकिन्छ कि विश्वमा जति ज्ञान विज्ञान तथा भौतिक उन्नति हुँदै गयो।उति नै मानिसहरूमा संवेदना हराउँदै गयो। आत्मीयता,,भातृत्व  ,मानवतावाद,शान्ति,एकता आदि सबै मानिसलाई एकजुट बनाउने र मानवता बचाइराख्ने कुराहरू  मानिसहरूको मस्तिष्कबाट हराउँदे गयो। डर हराएर गयो अनि त्योसँगै मानिसहरूको  अनुशासन पनि हराएर गयो। अनुशासन हराउनु भनेको कुनै पनि मानिसले सही गलत केहीको डर नराखी काम गर्नु वा आफ्नो आचरण देखाउनु हो। यस्तो प्रकारको अनुशासनहीन प्रवृत्ति मानिसहरूमा बड्दै गएपछि यी सम्पूर्ण कुराहरूलाई सुधार्न सक्ने माध्यम आध्यात्मिक ज्ञान तथा अध्यात्मले दिने नैतिक शिक्षा हो। कवि लेखनाथले यसैलाई आधार गरेर मानिसहरूलाई भौतिक वैज्ञानिक यान्त्रिकी अवस्था देखि अध्यात्म ज्ञान तथा दर्शनतर्फ फर्किने आग्रह गरेका हुन् भन्न सकिन्छ । लेखनाथले पूर्वीय आध्यात्मिक दर्शनलाई आधार मान्नुको एउटा कारण यो पनि हो भन्न सकिन्छ । ज्ञान विज्ञानले जतिसुकै उन्नति गरे तापनि अध्यात्म ज्ञान नै प्रमुख तथा मानवहितकारी ठान्ने कवि लेखनाथ पौड्यालले आफ्ना काव्य कृतिहरू `ऋतुविचार´`तरुण तपसी´,`बुद्धिविनोद ´`सत्यकलि संवाद ´ आदि लगायत फुटकर कविताहरू `गौथलीको चिरिबिरि´ `काल महिमा´ आदिमा पूर्वीय अध्यात्म दर्शनको छाप स्पष्ट रूपमा पाइन्छ ।

कवि लेखनाथ पौड्याल सुरुदेखि नै अध्यात्म दर्शनसँग रहिरहे। विज्ञान र भौतिकीले विश्वमा ल्याएको परस्पर विरोधी अवस्थाको सङ्कटकालमा तिनले मानिसहरूलाई अध्यात्मतिर फर्किने आह्वान गर्दै `तरुण तपसी´ लेखे। यहाँ

तिनका कृतिहरूमा निहित दर्शनबारे अध्ययन गर्ने क्रममा सर्वप्रथम `तरुण तपसी´ लाई नै लिइन्छ ।

`तरुण तपसी´ को वैचारिक अध्ययन गर्दा त्यसमा वैज्ञानिक इतिहासले दिएको सृष्टिको कथा विपरीत पौराणिक कथालाई नै कविले प्रश्रय दिएका छन्। यसैकारण यसको वैचारिक अध्ययन वैज्ञानिक विचारप्रभावित पाठकहरूमा निमित्त चर्चाकै विषय हुनसक्छ । उनले यसमा सृष्टिको कथा रच्दा सम्पूर्ण वैज्ञानिक तथ्य तथा विचारहरूलाई पर सारेर पौराणिक कथा लाई दोहोरर्याएका छन्। उनको अध्यात्म झुकमव अनुसार सृष्टि `मधुकैट दानवको हाडखोड र बोसो आदिबाट पृथ्वीको सृष्टि भएको हो।´नव्य काव्य ` तरुण तपसी ´ अध्यात्म र मानवतावादको समीकरण हो।प्राचीन चिन्तन र नयाँ युगका बीचको सन्तुलनरेखा हो। पूर्वीय अध्यात्म दर्शन यसको आधारशिला हो।साङ्ख्य,योग र वेदान्त दर्शनको प्रतिपादन यश नव्यकाव्यमा पाइन्छ ।

तरुण तपसी अर्थको चिन्ता गर्छ तापनि तपसीको चरित्रका अनुरोधमा धर्म र मोक्ष चिन्ता नै यसको मुख्य लक्ष्य रहेको छ। लोकको भन्दा परलोकको चिन्ता नै बढी प्रियप्रसङ्ग भएको छ यश काव्यमा । यसकारण यसमा प्रतिपादित विचारका दुई स्तर छन्- लौकिक र पारलौकिक। एउटाको सिद्धिका लागि कर्मयोगको प्रस्तावना गरिएको छ भने अर्काको सिद्धिका निम्ति ज्ञानयोगको।शुभकर्म गरेर धर्म बटुल र स्वर्ग जाउ,अनासक्त भएर योगसाधना गरि मुक्ति हासिल गर।फलको आशा गरेर धर्म गरे स्वर्गप्राप्ति हुन्छ ।तर पुनर्जन्म को चक्र छुट्दैन।जन्ममरणको चक्रबाट सदाको लागि मोक्ष चाहिन्छ भने ज्ञानयोगी हुनुपर्छ र आत्मज्ञान प्राप्त गरि ब्रह्मानन्दमा डुब्नुपर्छ। `तरुण तपसी´ ले यस्तै विचार दिन चाहेका छन्।

कवि लेखनाथ पौड्यालले स्वार्थका कारणले नै संसारमा आर्थिक विषमता देखापरेको ठानेका छन्। यसलाई हटाउनका निमित्त समाजले कुनै नयाँ आर्थिक व्यवस्था कायम गर्नु जरुरी नरहेको तथा यथास्थिति कायम राख्दै गरीबलाई धनीले दयापूर्वक दान दिए अथवा सहयोग गरे कोही पनि दुखी नहुने विचार तिनी यश काव्यमा यसरी राख्छन्-

`गरीब खाना जम्बा अरुचिवश त्यो खान नशकी

शुकेका जो जो छन् मनुज तिनले त्यो सब झिकी ।

इनै भोका शोकाकुल गरीबमा दीनमुखमाथ

चढाए बढ्थ्यो । कि अभिरुचि कठै!! खाद्य सुखमा ।।

अथवा

दया भन्ने एकै मधुरतम पीयूषरसको

पिई प्याला मीठो अनुभव लिँदै भित्र उसको ।

यता विश्वप्रेमी बन मतलबी भाव न घर

उतालाई सोझै अमर -पदवी हासिल गर।।

यहाँ प्रस्तुत मानवतावादी भावना चिन्तन र मननयोग्य छ। विभिन्न धर्मग्रन्थ तथा धर्मगुरुहरूले यस्तै किसिमको मानवतावादी उपदेशहरू दिँदै आएका हुन्। उनको यो धारणा पूज्य छ पवित्र छ।

शोषण र उत्पीडन गरेर ,खटिखाने अनि पसिना बगाएर श्रम गर्नेहरूलाई ठगेर अर्जेको धनमा तानातान तथा त्यसबाट उत्पन्न अशान्तिको वातावरण देखेर खिन्न बनेका कवि भन्छन्-

`झुटा-साँचा लाखौँ विधिसित सबै माथि सबको

खिचातानी चल्दा फगत पसिनाका विभवको,

अशान्ति ज्वालाको घर-घर थियो नचरी।।´

श्रमिकवर्गको कष्टसाध्य जीवनलाई रूपक शैलीमा बाँधेर अत्यन्त सजीव र प्रभावकारी रुपले कविले प्रस्तुत गरेका छन्-

`डँडाल्नको बाङ्गो धनु फिर ताँतो खकनको

घना सुस्केरा नै अनवरत टङ्कार  धनुको

बडो भुत्ते बोधो श्रम शर गरि दीन भरिया

शिकारी भै मार्थे जिनतिन कठै! भोक चिडिया।।´

समाजमा श्रमको कदर हुनुपर्छ भन्ने कवि चहान्छन्।सबैले समानरूपमा श्रम गरेर आर्जन समानरूपमा नै बाड्नुपर्छ भन्ने उनको विचार यस्तो छ-

`धरित्रीमा भक्ति,प्रणय अथवा जाँगर घरी

खनी,खोस्रो,जोती करचरण माटोमय गरि।

निकाली खाए त्यो अमृतमय खाना मिलीजुली

जगत् सारा बन्थ्यो अमर नगरझैँ झिलीमिली।।´

तर समाज यस्तो छैन।सबैलाई लोभी छ,निर्दयी छन्।अरूको श्रम नै खोस्ने रहर छ। यो देख्दा कवि दिक्क छन्। `मानवतावाद ´ मा उनको विश्वास नै हराएको जस्तो गरेर कवि यस्तो लेख्छन्–

`सबै लोभी लाल्ची,हृदय सबको शुष्क बगर

सबैको अर्काको गरम पसिनामाथि रहर।

कुनै त्यो सन्तोषी पुरुष कहिल्यै भेट्न सकिन

नचाहोस् जो तातो मधुर पसिना चप्प पिउन।।´

कविले संसारमा मच्चिने समस्त दुष्कर्म  र दुर्घटनाहरूका निम्ति सञ्चयवृत्तिलाई उत्तरदायी ठानेका छन्-

`        `ठगी,चोरी ,डाँका,हर किसिमको झेल बगडा

कुटामारी,गाली,कप,कतुता,बैर झगडा।

घृणा,ईष्या,हत्या प्रभृति जति छन् दुर्गुण कडा

सबैको मूलैमा अधम सरुवा सञ्चय खडा´

सञ्यचयवृतिबाट मुद्राको उत्पत्ति भएको र विनिमयप्रणालीले नै मानवताको ह्रास भएको भन्ने तिनको विचार यस्तो छ-

`विकम्बा पैसामा श्रम र गुणको गौरव भरी

अहो!!त्यस्तो कालो विनिमय-कला सिर्जन गरि।

खिचातानी गर्दै फगत पसिनाको पलप

हरे!अन्धो लोभी मनुज घसिँदै गो तल-तल!!´

यसरी नै  धेरभन्दा धेर मुद्रा मुद्रा बटुल्ने होडबाजीकै कारण विश्वमा संहारकारी शस्त्रहरूको आविष्कार भएको तथा विश्वयुद्ध चलेकोबारे तिनी यसरी लेख्छन्-

`इनै पैसा उम्ली तमकसित शस्त्रास्त्रहरूको

झिकी तीखो जिभ्रो जुग-जुग कुठै जीवहरूको।

गला काटी तातो रगत कन चाटी लपलपी

अकालैमा कालानल विकट फुक्छन् धपधपी।।´

अन्धविश्वास तथा पशुबलि प्रथा कविले मान्दैनन्। उनी धर्मको नाममा शोषण गर्नेहरूको चरित्र उदाङ्गो पार्दै यस्तो लेख्छन्-

`निचोरी निर्धाको रगत पसिना घूस बटुली

ठूलो पूजा सामा सहित लिइ बोकाहरू बलि।

कुनै पूजा गर्थे जननि खुसि होऊ भनीकन

म रून्थेँ देखी त्यो मनुज मतिको उग्रपतन।।´

उनी भौतिक सम्पतिलाइ प्राथमिकता दिँदैनन्।`गौँथलीको चिरिबिरि´ कवितामा यसरी लेख्छन् –

`भौतिक सम्पत्ति अरब कमाउ

जल थल् नभ सब टम्म जमाऊ,त्यसमा तिम्रो उन्नति छैन

त्यो सब सपनाको हो चैन।।´

`तरूण तपसी´ मा लौकिक तथा सामाजिक विचारधाराको संक्षिप्त चर्चा गरेपछि उनको वैचारिक वा आध्यात्मिक विचारधारा वा दर्शनबारे यसरी अध्ययन गरिन्छ।

यश पक्षमा कवि कर्मयोगलाई त्यागी ज्ञानयोगको साधनातर्फ उन्मुख भएको पाइन्छ । विज्ञानको आड पाएको जडवाद देखेर तपसी दु:खी छन्। तिनको नजरमा विज्ञान तुच्छ देखा पर्छ। हिजो धर्मको चकचकी थियो,आज विज्ञानको रजाइँ छ। दुवैको युद्धको चर्चा यसरी गरिएको छ-

`दुवै लड्दा लड्दै नियतिवश विज्ञान बलियो

विजेता भै निस्क्यो स्थविर बिचरो धर्म थलियो।

थिए मैले देख्ता तिनि उभय नि:सार नकली,

विजेताले पायो तर पनि ठूलो नाम सकली।।´

आजको युग विज्ञानको हो,धर्मको होइन।यो सत्य कविलाई थाहा छतर धर्मको पराजय हुँदैमा आध्यात्मिक जीवनमूल्यको पुनस्थापना गर्न चहाने कवि आत्मपराजय स्वीकार गर्नुपर्ने देख्दैनन्।उनी दर्शनको आश्रय लिएर समाधि लगाइ जीवनको चरम लक्ष्यनिर्माण प्राप्त गर्न सकिने कुरामा विश्वस्त छन्।

यसरी नै काव्यमा वेदान्त दर्शन तथा वेदान्त _महावाक्य`तत् त्वम् असि ´ को अनुभूति यसरी प्रकट हुन्छ –

`सुधाको त्यो झर्ना,कवि हुन गए सीकर।सरी

थियो त्यो शोभाको जलधि,कविजी मञ्जु लहरी

थियो त्यो मिश्रीको रस,मुधर मिश्री कवि थिए

अहा!! कस्तो कस्तो अगम छविमा तन्मय भए´

`श्रीमद्भागवतगीता´ को दोस्रो अध्यायको निष्काम कर्मयोग वा अनासक्त कर्मको दर्शन तरुण तपसीको जीवन मन्त्र बनेको छ। जब `तरुण तपसी´ गीताकै द ोस्रो र बाह्रौं अध्यायमा प्रतिपादित स्थितप्रज्ञ हुन पुग्छन्,`तरुण तपसी´गीताप्रति आभार

-विनत देखा पर्छ। जस्तैः

`सब शिथिल भो बाह्य विषय

भयो साह्रै हल्का सुखमय अनासक्त हृदय ´

अर्को ,

` छुती विद्वान होस् वा मलिन कुल्को मूर्ख अछुती

कुनै त्यागी होस् वा विषय -रस-रागी लखपति

समानै ठान्थ्येँ ती विधि-विहित चैतन्य पुतली ।´

अर्को श्लोकमा,

`हवामा हल्लेको शिमल फुल झैँ कर्मगतिमा

रह्यो यद्वा लड्क्यो तन,नयन भो मुग्ध चितिमा´

वास्तवमा `तरुण तपसी´ का दार्शनिक संश्लेषणमा वेद उपनिषद् र उक्त तीन दर्शनका साथै गीता र पुराणको प्रभाव दिग्दर्शन गरेर पनि नभ्याइने किसिमको

व्यापक रहेको छ। पूर्वीय दर्शनका विभिन्न हाँगाहरूमा झ्यालिएर लेखनाथको `तरुण तपसी´ ले अध्यात्म,नैतिक शिक्षा तथा मानवतावादको सन्देश दिँदै भौतिकवाद,विज्ञानको उन्नतिसँगै मानिसहरूमा आएको हिंसाको भावना, द्वन्द्व आदिलाई प्रहार गरेका छन्।

यसरी नै लेखनाथ पौड्यालको खण्डकाव्य`ऋतुविचार लगायत अन्यमा निहित दर्शन पक्षबारे संक्षिप्त रुपमा चर्चा गर्ने क्रममा उनको ऋतुविचार खण्डकाव्यमम रहेको प्रकृति वर्णन सौन्दर्यवोधमा सीमित नरहेर अध्यात्मवोधसम्म पुग्छ। वसन्त ऋतुको वर्णन गर्ने क्रममा वसन्त जस्तो रतिराग जगाउने परिवेशमा पनि ब्रह्मवादको स्थापना गर्छन्-

`गौँथलीहरू सानन्द योग्य जोडी मिलीकन।

माया चेतनझैँ थाले गुणकृत्य जमाउन।।´

यसरी नै –

`संसार यो हिलो सारा पद्म ईश्वरभक्ति हो।

जीव छन् भ्यागुता तुल्य पद्मको रस मुक्ति हो।।´

यहाँ हिलै हिलो,कमल र भ्यागुतालाई आध्यात्मिक दृष्टिले हेरेर कविले हिलोलाई संसारको प्रतीक,कमल ईश्वरभक्तिको प्रतीक अनि भ्यागुता प्राणीका रुपमा हेर्दै कमलको रस मुक्तिको प्रतीक ठान्छन्।यहाँ संसारमा मानिसको परम कर्तव्य इश्वरभक्ति अनि चरम लक्ष्य मुक्ति हो भन्ने सन्देश दिन्छन् । यसरी नै वर्षा ऋतुको चर्चा गर्ने क्रममा बिजुलीलाई क्षणिक मानव जीवनको प्रतीक मान्दै यसो भनेका छन्-

`यस्तै छ जीवनज्योति अँध्यारमा भनीकन

देखायो विधिले यद् वा बिजुलीको निदर्शन´

हेमन्त ऋतुको चर्चा गर्ने क्रममा हेमन्तविचार मा कवि लेखनाथ `ब्रह्म सत्यं जगन्मिथ्या´को भाव यसरी प्रकट गर्छन्-

`विचार गर्दा उसको न रेखा छ न रंग छ।

ब्रह्ममा विश्वझैँ खाली भ्रान्तिको त्यो तरंग छ।´

आपसी दुश्मनीले एकतामा फाटो ल्याउँछ।जातीय एकताबारे सन्देश दिन कवि यस्तो भाव पोख्छन्–

`निकाली अग्निको ज्वाला आपसैमा भिडीकन

कुरुवंशी सरी थाल्यो वंशश्रेणी विनाशिन।´

यसरी नै कलियुगमा सनातन धर्म लोप हुँदै गएको देखि दुःखी बनेका छन्।उनले आफ्नो पीडा यसरी व्यक्त गर्छन् –

`कलिले श्रोतयागादि कर्मझैं बटुवाकन।

झरीले बाटबाटैमा रोकेको छ प्रतिक्षण।।´

अथवा

`छिन्नभिन्न गर्यो मैला भलले मार्ग बेसरी ।

पाखण्डी मतले हाम्रो राम्रो वेदपथै सरी।।´

यसरी नै भारतमा मुसलमानहरूले राज गर्न थालेपछि हिन्दु धर्म सङ्कटमा परेको कारण तिनी क्षुब्ध छन्। उनले नवाबले भारतमा राज गरेपछि हिन्दु धर्मको सङ्कट स्थितिलाई ग्रीष्म ऋतुको समयमा वनमा लागेको आगोसँग तुलना गरेका छन् –

`डढेलाले डढाएको वन देखिन्छ यो घरी।

नवाबको प्रतापाग्नि सल्केको भारतै सरी।।´

यसरी नै उनका अन्य काव्य तथा कविताहरूमा पूर्वीय दर्शनको झलक पाइन्छ । अध्यात्मवादलाई प्राथमिकता दिने कवि लेखनाथ पौड्याल आस्तिक तथा मानवतावादी जीवन दर्शनका समर्थक हुन्।

## 5.4.उपसंहार

कवि लेखनाथ पौड्याल नेपाली साहित्यकाशका एउटा उज्ज्वल नक्षत्र हुन्।पूर्वीय दर्शनअन्तर्गत अध्यात्मवादलाई आत्मसात् गरेर काव्य सृजना गर्ने कवि लेखनाथ पौड्यालका कृतिहरूमा मानवतावादी चेत,भातृत्व,अध्यात्म ज्ञान तथा नैतिक शिक्षा आदि।उनी विज्ञान तथा भौतिक विकासको विरोधमा अध्यात्मलाई अघि सार्छन् अनि पूर्वीय सिद्धान्त तथा सनातन धर्मको पक्षमा वकालत गर्छन्। वि०स०

१९६० को दशकदेखि  नै काव्य सृजनामा लागिपरेका कवि लेखनाथ पौड्याल `तरुण तपसी´ मा आइपुग्दा प्रौढ तथा परिपक्क देखिन्छन्। उनी धर्माश्रित आदर्शवादका अनुयायी हुन्।  जीवनको अन्तिम क्षणसम्म आफ्नो सिद्धान्त मा अडिग रहेर काव्य सृजना गर्ने कवि लेखनाथ पौड्यालले आध्यात्मिक दर्शनको आड लिएर पौराणिक आदर्शवादलाई अघि सारेका छन्।   `ऋतुविचार´,`बुद्ध विनोद´ `तरुण तपसी´ आदि जस्ता ज्ञान र दर्शनले परिपूर्ण काव्य कृतिहरू नेपाली साहित्यले पाउनु अहोभाग्यको कुरा हो।

## 5.5.सार

- कवि लेखनाथ पौड्याल हिन्दु धर्म तथा पूर्वीय अध्यात्म दर्शनका पक्षधर हुन्।
- आध्यात्मिक दर्शनको आड लिएर कवि लेखनाथ पौड्यालले पौराणिक आदर्शवादको पक्ष अघि सारेका छन्।
- लेखनाथ पौड्याल विज्ञान तथा भौतिक विकासको विरोधमा तथा अध्यात्मको पक्षमा अडिग रहन्छन् ।
- समाजमा रहेको विसङ्गति,श्रमशोषण,अनेकता,संवेदनहीनता जस्ता विषय लेखनाथको रचनाहरूमा पाइन्छ ।
- भौतिक-वैज्ञानिक सुखभन्दा पर रहेर लेखनाथ आध्यात्मिक मानवतावादी परिवेशमा रमाउदै सबैलाई अध्यात्मतिर फर्किने आह्वान गर्छन् ।

## 5.6.अनुशीलनी

(क) कवि लेखनाथ पौड्यालको साहित्यिक यात्राबारे चरणगत रूपमा विश्लेषण गर्नुहोस्।

(ख)` दर्शन´लाई प्रष्ट पार्दै लेखनाथ पौड्यालका कृतिहरूमा पाइने पूर्वीय दार्शनका विविध पक्षहरूबारे चर्चा गर्नुहोस् ।

(ग)`तरुण तपसी´ नव्यकाव्यमा निहित अध्यात्म दर्शनबारे चर्चा गर्नुहोस्।

(घ)`ऋतुविचार´ खण्डकाव्यमा निहित अध्यात्म दर्शनबारे चर्चा गर्नुहोस।

## 5.7.अतिरिक्त अध्ययन

१. डा० वासुदेव त्रिपाठी - लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्यांकन

२ .डा० केशवप्रसाद उपाध्याय - विचार र व्याख्या

३ डा० केशवप्रसाद उपाध्याय - तरुण तपसीको पुनर्मूल्याङ्कन

४ शारदा छेत्री - दर्शनशास्त्र

५ नेपाल प्राज्ञ प्रतिष्ठान - नेपाली वृहत् शब्दकोश

## 5.8. मूल्यवृद्धिको निम्ति उत्तर

**नोट:तल दिइएका खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस।**

1.`दर्शन´ बारे सामान्य चर्चा ।

---------------------------------------------------------------------------

---------------------------------------------------------------------------

---------------------------------------------------------------------------

( प्रश्न 1 को निम्ति विद्यार्थीले 5.3.1 खण्डमा उत्तर खोज्न सक्नेछन् ।)

2.लेखनाथ पौड्यालले आत्मसात् गरेको दर्शन ।

---------------------------------------------------------------------------

---------------------------------------------------------------------------

---------------------------------------------------------------------------

(प्रश्न 2 को निम्ति विद्यार्थीले 5.3 खण्डमा उत्तर खोज्न सक्नेछन् ।)

3.लेखनाथ पौड्यालका कृतिहरूमा अध्यात्म दर्शन ।

---------------------------------------------------------------------------

---------------------------------------------------------------------------

---------------------------------------------------------------------------

(प्रश्न 3 को निम्ति विद्यार्थीले 5.3.2 खण्डमा उत्तर खोज्न सक्नेछन्।)

4.विज्ञान तथा भौतिक विकासको विरुद्ध लेखनाथले आत्मसात् गरेको अध्यात्मवाद ।

-----------------------------------------------------------------------

-----------------------------------------------------------------------

-----------------------------------------------------------------------

(प्रश्न 4 को निम्ति विद्यार्थीले 5.3.2 खण्डमा उत्तर खोज्न सक्नेछन्)

# एकाइ 6. लक्ष्मीप्रसाद देवकोटाको जीवन र दर्शन

**संरचना**

6.0 उद्देश्य

6.1 परिचय

6.2 लक्ष्मीप्रसाद देवकोटाको सामान्य परिचय

6.3 कृतिहरू

6.4 नेपाली साहित्यमा दार्शनिक चिन्तन

6.5 लक्ष्मीप्रसाद देवकोटाका कृतिहरूमा दार्शनिक चिन्तन

6.6 उपसंहार

6.7 सार

6.8 अनुशीलन

6.9 अतिरिक्त अध्ययन

6.10 मूल्यबृद्धिको निम्ति उत्तर

## 6.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- साहित्यकार लक्ष्मीप्रसाद देवकोटाको साहित्यिक परिचय
- दर्शनको अर्थ तथा पूर्वीय र पाश्चात्य दर्शनको सामान्य परिचय
- लक्ष्मीप्रसाद देवकोटाका दार्शनिक चिन्तन

## 6.1 परिचय

सामान्यतः दर्शन भनेको विचार हो। पाश्चात्य साहित्यमा प्रचलित फिलोसफी पूर्वीय साहित्यमा दर्शनको रुपमा चिनिएको छ। नेपाली साहित्यमा यसलाई दर्शन भनिएको छ। पश्चिमको प्रज्ञा अथवा बुद्धि फिलोसफी हो। फिलोसफीको

वास्तविक अर्थ बुद्धि प्रेम हो। पाश्चात्य दार्शनिकहरू बुद्धिमान अथवा प्रज्ञावान व्यक्ति बन्न चाहन्छन्। परम सत्ताको साक्षात्कारसँग पूर्वीय दर्शन सम्बद्ध रहेको छ। परम सत्ता प्राप्त गर्नुको लक्ष्य ज्ञान प्राप्त गर्नु हो। ज्ञानको साक्षात्कारका लागि पूर्वमा भोक भक्ति र ज्ञान तीन मार्ग उल्लिखित छन्। भौतिक वस्तुलाई फिलोसफीले महत्व दिन्छ। पूर्वीय दर्शनअनुसार दार्शनिक ज्ञान जीवन साधन हो। पूर्वीय दर्शन आस्तिकतामा र पाश्चात्य फिलोसफी नास्तिकतामा केन्द्रित रहेको छ। जुन दर्शनले वेदको प्रामाणिकतालाई स्वीकार छ, त्यो आस्तिक दर्शन हो। जुन दर्शनले वेदको प्रामाणिकतालाई स्विकार्दैन, त्यो नास्तिक दर्शन हो। पूर्वीय दर्शनले वेदको प्रमाणिकतालाई स्वीकार्छ। पाश्चात्य फिलोसफीले वेदको प्रामाणिकतालाई स्वीकार्दैन।

पूर्वीय दर्शनले अन्तर्दृष्टि, दिव्यज्ञान, विश्व चेतना र ईश्वर दर्शनलाई बढी जोड दिन्छ। उच्च चेतनाको प्राप्ति पूर्वीय दर्शनको मुख्य उद्देश्य हो। मानव सृष्टि प्रवाह अनादि छ। यो मनको कल्पना मात्र होइन, वास्तविक सत्य पनि हो। सृष्टि प्रवाहलाई अनादि प्रकृति, माया अथवा परमाणु पनि भनिन्छ। पूर्वीय दर्शनले भौतिक वस्तु नित्य रहँदैन र त्यसले आफ्नो अस्तित्वलाई सधैं स्थिर राख्न सक्दैन भन्छ। यो दर्शनले देशकालको सीमामा बाँधिएको यो जीवन जगतलाई सत्य नठानेर परमाणु र जीवात्मा, अथवा पुरुष र प्रकृति अथवा ब्राह्मणलाई मात्र सत्य र सास्वत ठान्छ। पूर्वीय दर्शनको लक्ष्य मोक्ष प्राप्ति अथवा जीवात्मा पाप अथवा भुलबाट मुक्त भई आफ्नो शुद्धस्वरुप प्राप्त गर्नु हो। पूर्वीय दर्शनको उद्देश्य पूर्ण मानसिक सन्तुलनको प्राप्ति, जीवनको विषमता र अनिश्चितबाट मुक्त, दुख र कष्टबाट छुटकारा पाउनु पनि हो। जन्म मृत्युको मुक्त अवस्थालाई पूर्वीय दर्शनले जोड दिएको छ। यसले पुनर्जन्म र पूर्वजन्ममा विश्वास राख्छ। पुनर्जन्म र पूर्वजन्मबाट मुक्त हुन जीवजीवात्माले अन्तर्दृष्टि अथवा आत्मज्ञान प्राप्त गर्नुपर्छ। यो भौतिकवादी संसारमा कसैलाई पनि आफ्नो रुपको ज्ञान छैन। जीवजीवात्मको अज्ञान बन्धनको कारण हो। जीवजीवात्मामा सत्यको ज्ञान प्राप्त भएपछि मात्र जीवजीवात्मा अज्ञानको बन्धनबाट मुक्त हुन्छन्। जीवजीवात्माले निस्वार्थ प्रेम र निष्काम कर्मद्वारा जन्म र मृत्युको बन्धनबाट मुक्ति पाउँछन्।

नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटामा पनि पूर्वीय र पाश्चात्य दुवै दर्शनको प्रभाव पाइन्छ। विशेषत: देवकोटाको दार्शनिक चिन्तन आत्स केन्द्रित रहेको छ। उनी 'बेलामा' निबन्धमा लेख्छन्- "जीवन न खानुमा छ, न पिउनुमा -

छ खाली लयदार सङ्गीतमा।" नेपाली साहित्य नै मूलत: पूर्वीय दर्शनबाट प्रभावित रहेको देखिन्छ। अत: देवकोटा पनि पूर्वीय दर्शनबाट टाढा जाँदैनन्।

## 6.2 लक्ष्मीप्रसाद देवोटोको सामान्य परिचय

महाकवि **लक्ष्मीप्रसाद देवकोटा**को जन्म वि.सं. १९६६ कातिक २७ गते 'लक्ष्मीपुजा'को दिनमा काठमाडौंको डिल्लीबजारमा भएको थियो। उनी नेपाली साहित्यका महाकविका रूपमा सुप्रसिद्ध छन्। देवकोटा नेपाली साहित्यका कविता, आख्यान, नाटक. निबन्धजस्ता विधामा कलम चलाउने बहुमुखी प्रतिभाका धनी थिए। उनले कविता र निबन्ध विधामा गरेका योगदानहरू उच्च कोटिको मानिन्छ। उनले मुनामदन, सुलोचना, शाकुन्तलजस्ता अद्वितीय कृतिहरू लेखेका छन्। विशेष गरी झ्याउरे छन्दमा लेखिएको मुना मदन कृतिका लागि उनी सबैभन्दा प्रख्यात छन्।

### 6.2.1 प्रारम्भिक जीवन

पण्डित तीलमाधव र अमर राज्यलक्ष्मी देवीका तेश्रा छोराको रूपमा देवकोटाको जन्म भएको थियो। विक्रम सम्वत् १९६६ साल कार्तिक २७ गते गाई तिहारको औंशी लक्ष्मीपूजाका दिन जन्मेका हुनाले यिनको नाम लक्ष्मीप्रसाद राखिएको हो, तर उनको न्वारानको नाउँ तीर्थमाधव देवकोटा हो।

बाल्यकालदेखि नै देवकोटाले घरमा अनेक कष्टहरू झेल्नु पर्‍यो। उनको घरको आर्थिक अवस्था पनि अत्यन्तै दयनीय थियो। उनको घरले गरिबीको रेखालाई नाघ्न सकेको थिएन। त्यसैले उनी सानैमा भन्थे, 'म अङ्ग्रेजी पढ्छु र धेरै पढेपछि ट्युसन गरेर पैसा कमाउँछु। तर उनी चाहिँ जन्मेदेखि नै रोगी थिए। देवकोटाले बाल्यकालमा नै अमरकोश घोकेका थिए र स्तोत्रमाला पढेका थिए। उनी सानैदेखि आफ्ना बुबाको कविता साफी गर्थे। आफ्ना बुबाको कविता सार्दासार्दै उनीभित्र पनि साहित्यको रस बस्न थाल्यो। उनलाई उनका बुबाले पण्डित बनाउन खोजेका थिए।

### 6.2.2 शिक्षा

देवकोटा जन्मिँदा देशमा राणा शासन थियो। राणाहरू चाहन्थे; जनताहरूले शिक्षा नपाऊन् तर धेरै चोटिको प्रयलपछि देवकोटाको परिवारले उनलाई काठमाडौं उपत्यकाको एकमात्र विद्यालयमा भर्ना गरिदिए। देवकोटा दरबार हाई

स्कुलमा नै आफ्ना साथीहरूलाई कविता सुनाउने गर्थे । उनका प्रायः साथीहरूले ती कविता देवकोटाले नै लेखेका हुन् भनेर स्वीकार्दैनथे । यसै क्रममा एक दिन सबै विद्यार्थी मिलेर यिनको बेइज्जत गर्ने हिसाबले कविता लेख्ने परीक्षा लिए । यिनले पनि सबै विद्यार्थीमाझ कविता लेखे अनि त्यसै घडी शिक्षकहरूले उनलाई 'कोपिलाउँदो कवि'को दर्जा दिए। सन् १९२५ मा देवकोटा त्रिचन्द्र कलेज-मा विज्ञान विषयमा भर्ना भए। विज्ञानमा प्रमाणपत्र तहको अध्ययन पूरा गरेपछि उनी मानविकी सङ्कायमा सरे। सन् १९२९ मा आफ्नो स्नातक तहको अध्ययन पूरा गरेपछि सन् १९३१ मा छात्रवृत्ति लिएर अङ्ग्रेजीमा स्नातकोत्तर पढ्ने आशामा उनी भारतको पटना गए। अङ्ग्रेजी विषयमा स्थान नपाएपछि उनले कानून पढे।

## 6.2.3साहित्यिक यात्रा

देवकोटा बहुमुखी प्रतिभका धनी एवम् असाधारण लेखक थिए; जसले दश वर्षको उमेरदेखि कविता लेख्न थालेका थिए।उनले आफ्नो छोटो जीवनमा नछोएको साहित्यको कुनै विधा छैन। उनले महाकाव्य, खण्डकाव्य, लामा वर्णनात्मक कविताहरू, निबन्धहरू, कथाहरू, नाटकहरू, गीतहरू र समालोचनाहरू लेखेका छन्। कविता पढेजस्तै अनुभव हुने देवकोटाका निबन्धहरू शैली र विषयवस्तुका लागि एकदमै प्रशंसायोग्य छन्। यिनीद्वारा लिखित वियोगान्त खण्डकाव्य ´मुनामदन` यिनी मरेको पाँच दशक पछिसम्म पनि साझा प्रकाशनद्वारा अत्यधिक बिक्री हुने कृतिमा पर्दछ। ´मुनामदन` नेपाली जनजीवनमा भिजेको पहिलो नेपाली कृति हो। देवकोटाले केही समय त्रिचन्द्र क्याम्पसमा प्राध्यापन पनि गरे। यिनी एक पटक वि. सं. २०१३ मा नेपालको शिक्षा मन्त्रीसम्म भएका थिए। यिनैका पालामा नेपालको ठूलो अनि पहिलो त्रिभुवन विश्वविद्यालयको स्थापना भएको थियो।

देवकोटासँग कविताहरू एकदमै चाँडो लेख्ने अद्वितीय प्रतिभा थियो। उनले शाकुन्तल महाकाब्य तीन महिनामा, सुलोचना महाकाव्य दश दिनमा र कुञ्जिनी एकै रातमा लेखे। उनले नेपाली साहित्यलाई नयाँ उचाइमा पुर्‍याए। प्रचलित लोक भाका अर्थात झ्याउरे छन्दमा लेखिएको कृति मुनामदनले नेपाली साहित्यमा संस्कृतको प्रभावको अन्त्य गर्‍यो। "पागल" कविता उनको अर्को महान सिर्जना हो; जुन कवितामा उनले आफूलाई पागल भन्नेहरूलाई नै कवितात्मक शैलीमा जवाफ दिएका छन्। नेपाली साहित्यमा देवकोटाले नै स्वच्छन्दवादी धाराको

प्रवर्तन गरे साथै नेपाली भाषासाहित्यलाई अङ्ग्रेजी भाषासाहित्यमा अनुवाद गरेर सर्वप्रथम पश्चिमी मुलुकमा पुऱ्याउने काम पनि देवकोटाबाट नै भएको थियो।

लक्ष्मी प्रसाद देवकोटा नेपालमा जन्मनु भौगोलिक त्रुटि थियो भन्ने मत राख्नेहरू धेरै छन्। अंग्रेजी रोमान्टिक साहित्य र भारतीय पन्त, प्रसाद र निरालाका योगदान बराबरको साहित्यिक योगदान गरेका लक्ष्मी प्रसाद देवकोटाले विश्व साहित्यमा देखिने विविध वादहरूमध्ये कुनैपनि वाद छुटाएर सिर्जना गरेको देखिँदैन। मानवतावाद, स्वच्छन्दतावाद, प्रकृतिवाद, रोमान्टिक, प्रगतिवाद, नास्तिक, ईश्वरवाद, यथार्थवाद, शुन्यवाद, माक्र्सवाद, प्रजातन्त्रवाद, राष्ट्रवाद, उत्तरआधुनिकतावाद आदि सबै वादको चुरो उनका कृतिमा पाइन्छ। मानिस ठूलो दिलले हुन्छ जातले हुदैन मुनामदनमा उनले जातीय भेदभावलाई चिर्दै मानवमानवबीचको समानता ल्याउने आधार भनेकै मानिसका भावना र ब्यवहारले हो भनेका छन्। यात्री कवितामा ईश्वरभक्ति भनेको दुःखीहरूको सेवा गर्नु हो र त्यस्ता निर्धाहरूको सेवाकालागि आव्हान गर्दछन्। पागल कवितामा समाजले कविलाई हेर्ने दृष्टिकोणप्रति गरेको ब्यंग्यवाण कुनैपनि ब्यंग्यकारिता र विनिर्माणवादीताको अभिब्यक्तिले माथ गर्न सक्दैन। मुनामदनको झ्याउरे शैली लोकसाहित्यको गुरू कृति हो। यो एउटै कृतिमा गरीवीको पीडाको गहिराइ कुनै माक्र्सवादीले मापन गर्न सक्दैन भने मुना र मदन बीचको प्रेम अंग्रेजी साहित्यका शेक्सपियरका रोमियो र जुलियटकोभन्दा कम छैन। नेपाली साहित्यको सदाबहार बेस्टसेलर मुनामदन जुनसुकै साक्षर नेपालीले पढेकै हुन्छ। शाकुन्तल महाकाब्यमा दुष्यान्तले शकुन्तलालाई चिन्न नसकेको र शकुन्तलाको पुनः वन प्रस्थानका समय सबै पाठकलाई राजा दुष्यान्तले शकुन्तलालाई चिनुन् र श्रीमतिका रूपमा स्वीकार गरून् भन्ने कामना गर्दछन्। काब्यमा राजा दुष्यान्त र शकुन्तलाको पुनःमिलन र सुखान्त अनुभूति एकप्रकारको आत्मिक सन्तुष्टि प्राप्त हुने आधार बन्दछ। संस्कृत भाषा र शैलीको बलीयो संगम भएको शाकुन्तल महाकाब्य देवकोटाको एउटा मुख्य कृति हो। दश दिनमै लेखिएको सुलोचना महाकाब्य देवकोटाको औपन्यासिक महाकाब्य हो। यो कृति जीवन दर्शन र सौन्दर्यको पर्याय बनेको छ। उनले कुञ्जिनी काब्य एकैदिनमा लेखेका थिए। वन, किसान, बादल जस्ता कविताका माध्यमबाट उनले मानव र प्रकृतिको सम्बन्ध र महŒवलाई देखाएका छन्। विश्व एक घर भनी विश्वब्यापीकरणको दूरदृष्टि प्रस्तुत गरेका छन्। उनी अंग्रेजी रोमान्टिक कवि शेलीका रचना मन पराउँथे।

उनले शेलीको प्रमिथल अन्बाउण्डको अनुवाद गरेका छन्। उनको निबन्ध के नेपाल सानो छ? मा राष्ट्रवादको उत्कृष्ट परिचय छ। वास्तवमा रचनामा विधागत, स्वरूपगत र सारगत विविधताका धनी देवकोटालाई कुनै साहित्यिक वा दार्शनिक धारमा सिमित गर्नु उनको अवमूल्यन गरेको ठहर्छ। देवकोटा महाकाब्यका रचयीताका नाताले भन्दा पनि नेपाली साहित्यमा पु¥याएको योगदानका आधारमा महाकवि हुन्। महाकविको पदवी सार्थक छ।घनघोर दुःख सागर संसार जान भाइ, नगरे घमण्ड कहिलै मर्नु छ हामीलाई। यहि थियो देवकोटाको पहिलो कविता। कवि शिरोमणि लेखनाथ पौड्यालले फलेको बृक्षको हाँगो ननुगेको कहाँ छ र? भनेका छन्। देवकोटामा यो चेत थियो। उनले खेप्नुपरेको अभाव, अपमान, समाजमा ब्याप्त अमानवीय चरित्रहरूलाई आफ्ना शब्द सिल्पले प्रहार गरे तर घमण्ड कहिल्यै गरेनन्। मृत्यु शैयामा पुग्दा पनि उनमा यो उदार विचार ब्याप्त थियो। मानव जीवनको समीक्षा गर्दै भनेका छन् रहेछ सारा निशा समान, आएन ज्यूँदै नि ज्ञान, आखिर श्रीकृष्ण रहेछ एक, न भक्ति भो ज्ञान न भो विवेक। उनले यो श्लोकमार्फत ज्ञान र विवेक आर्जन गर्नमा नै जीवन समर्पण गर्नु नै भगवान भक्ति हो भन्ने भावसहित सबैलाई आग्रह गरेका छन्।

भारतीय महापण्डित डा.राहुल साङ्कृत्यायनले भनेका थिए, 'मैले देवकोटालाई बुद्धपछिको सबैभन्दा ठूलो मानवअवतारका रूपमा लिएको छु।' साङ्कृत्यायनले देवकोटालाई भारतका जल्दाबल्दा तीन कवि जयशङ्कर प्रसाद, सुमित्रानन्दन पन्त र सूर्यकान्त त्रिपाठी निराला बराबर एक जना देवकोटा हुन् भनेका थिए। देवकोटा चौध भाषा बुझ्थे भन्ने सुनिन्छ। उनीद्वारा नौ भाषामा लेखिएका कविताहरू ´शारदा` मासिक पत्रिका मार्फत प्रकाशमा आएको छ।

देवकोटालाई काव्यसागरका जलदेवता भने पनि हुन्थ्यो। उनी उठ्ता, बस्ता, हिँड्दा, सुत्दा, खाँदा वा आफ्ना चेतन र अचेतनका कुनै पनि पलमा काव्यभन्दा बाहिर हुँदैन थिए। बिहान आँखा उघारेदेखि राति आँखा चिम्लेपछिको स्वप्नसंसारमा पनि उनी काव्यसंसारमा नै विचरण गर्थे। उनको बाँचुन्जेलको साथी एउटा ´कविता` थियो र अर्को ´चुरोट` थियो। लेखेका बेला उनी आफ्नै पाण्डुलिपि बालेर चुरोट सल्काएको र त्यसैले सिँगान पुछेको पनि चाल पाउँदैन थिए।

### 6.2.4 व्यक्तिगत जीवन

लक्ष्मी प्रसाद देवकोटाको विवाह १५ वर्षको उमेरमा मनदेवी चालिसेसँग भएको थियो। वि. सं. १९८५ मा उनको पहिलो सन्तान छोरी सावित्री र वि.सं. १९८९ मा जेठो छोरा प्रकाश जन्मिए । माहिला छोरा कृष्णप्रसाद देवकोटाको जन्म वि.सं. १९९३ मा भएको थियो । कानुनमा स्नातकोपाधि हासिल गरेपछि उनी आफ्नो घर फर्के; जहाँ उनले विभिन्न व्यक्तिगत सङ्कटहरू भोग्नु पऱ्यो। दुई वर्ष भित्रै उनका बुवा, आमा र दुई वर्षे छोरीको मृत्यु भयो । ती वियोगान्त घटनाहरूले उनलाई मर्माहत तुल्यायो र सायद यसैले उनलाई चुरोटको आदत बसायो । पछिल्ला वर्षहरूमा उनका कलिला छोराहरू प्रकाश र कृष्णको असामयिक मृत्युले उनलाई अझ दुःखी बनायो र यसले उनको मस्तिष्कलाई समेत चोट पुऱ्यायो । उनले केही समय मानसिक संस्थामा पनि बिताए ।

दुःखमा दुःख थपिएझैँ, देवकोटालाई १९५८ (वि. सं. २०१५)मा क्यान्सर लागेको थाहा भयो। भारत लगेर ठूलो आन्द्राको ३ इन्च निकालिएपछि उनलाई आफ्नो मृत्यु आएको पक्का भयो। उनी रातभर जाग्राम बसी आफ्ना रचना लेख्न थाले । एक वर्षपछि वि.सं.२०१६ साल भाद्र २९ गतेका दिन उनको दुःखद निधन भयो ।

शान्त भवन अस्पतालमा रहँदा उनले आफ्ना साथी हरि श्रेष्ठलाई चिठीमा लेखेका थिए- "मृत्यु मेरो अगाडि छ । म आकाशमा नक्षत्रहरू खोज्छु तर भेट्दिनँ। म आफूलाई शान्ति दिन सक्दिनँ । म उठ्न सक्ने भएँ, म आफू र आफ्ना बच्चाहरूलाई मार्ने थिएँ ।" जीवनभर, उनले भगवान् मानेनन् । उनले जीवनको शाश्वत आध्यात्मिक कुरा कवितामार्फत यसरी व्यक्त गरे -

संसार रूपी सुख स्वर्गभित्र,
रमें, रमाएँ लिई भित्र चित्र ।
सारा भयो त्यो मरूभूमि तुल्य,
रातै परेझैँ अब बुझ्छु बल्ल ॥१॥
रहेछ संसार निशा समान,
आएन ज्यूँदै रहँदा नि ज्ञान ।
आखिर श्रीकृष्ण रहेछ एक,
न भक्ति भो, ज्ञान, न भो विवेक ॥२॥
महामरूमा कणझैँ म तातो,
जलेर मर्दो बिनु आश लाटो ।

सुकी रहेको तरूझैँ छु खाली,
चिताग्नि तापी जल डाम्र फाली ॥३॥
संस्कार आफ्नो सब नै गुमाएँ,
म शून्यमा शून्य सरी बिलाएँ ।
जन्मे म यो स्वर्ग विषे पलाएँ,
आखिर मै खाक त्यसै बिलाएँ ॥४॥

## 6.3 कृतिहरू

कवितासङ्ग्रह

- आकाश बोल्छ
- चिल्ला पातहरू
- छहरा
- छाँगासँग कुरा
- जन्मोत्सव मुटुको थोपा
- भावनागाङ्गेय
- भिखारी
- मनोरञ्जन
- मृत्युशैय्याबाट
- लक्ष्मी कवितासङ्ग्रह

महाकाव्य

- पृथ्वीराज चौहान
- प्रमिथस
- महाराणा प्रताप
- वनकुसुम
- शाकुन्तल
- सुलोचना

खण्डकाव्य

- कुञ्जिनीa
- जिप्सी
- मायाविनी

- मुना मदन
- राजकुमार प्रभाकर
- रावणजटायु युद्ध
- सीताहरण
- ह्मेन्दु

काव्य

- कटक
- तुषारवर्णन
- मैना

गीतिकाव्य

- दुष्यन्तशकुन्तला भेट
- पहाडी पुकार
- मैना
- लुनी
- वसन्ती
- सुन्दरीजलमा

गीतसङ्ग्रह

- गाइने गीत
- लक्ष्मी गीत सङ्ग्रह

कथासङ्ग्रह

- लक्ष्मी कथासङ्ग्रह

नाटक

- रजपूत रमणी
- सावित्री-सत्यवान

गीतिनाटक

- कृषिवाला

उपन्यास

- चम्पा

निबन्धसङ्ग्रह

- दाडिमको रूखनेर

- लक्ष्मीनिबन्धसङ्ग्रह

बालसाहित्य

- पुतली

सुनको बिहान

अङ्ग्रेजीमा अनूदित

- द ब्यालेड अफ लुनी
- शाकुन्तल महाकाव्य

अनुवाद

- प्रसिद्ध प्रबन्धसङ्ग्रह
- बिग गेम सूटिङ इन नेपाल
- म्याकबेथ

कविताहरू

लक्ष्मी कवितासङ्ग्रहमा सङ्ग्रहित

- इन्द्रेनी
- नीलकाँटाको आवाज
- माघको खुलेको बिहान
- झञ्झाप्रति
- फूलकी कोपीप्रति
- भूतलाई झटारो
- प्रार्थनाको निशि
- वैशाख चतुर्दशीको चाँदनीसँग
- वसन्तपूर्णिमाप्रति
- श्रीपेच
- हामी नेपाली
- हुरीको गीत
- गधा बोल्छ
- वसन्त
- राजा केवल एक कलम देऊ
- बिहानको आकाशलाई

- एक सुन्दरी च्यामिनीप्रति
- ग्रहण नुहाउँदी प्रति
- रानीवनमा
- कमजोरी
- भूत सवार
- चुकूल
- सालपाते फट्याङ्ग्रोलाई
- पानी
- अतिथिहरू
- चराको भजन
- दाल भात डुकु
- रातकी आत्माप्रति
- एक असारको बिहान
- सावन
- मानिस विराट्
- मेरो धर्म्म
- फागुन फुल्छ संसार सारा
- उद्बोधन्
- वर्षा
- शुक्रबार एधार बजे राती
- एक बिहान
- जुरेलीको गान
- माल किन्दी
- पापको गुनासो
- शाहजहाँको इच्छा
- गौँथली र देवकोटा
- दोर्जिलिङको बाघचूलीमा
- अहिलेको क्षण
- दशैँताक
- किन मुसकान?
- सघन तमिस्राप्रति

- एक सुन्दरी वेश्याप्रति
- पागल
- गोली हो
- एक तिमी
- जित्नु छ साथी! जिताउनु छ साथी!
- गैँडोपासना अथवा यस अर्थसङ्कट
- धोबिनीले पगली बोली
- रजनीसँग
- पोखरा
- ज्वरशमना
- हुरीपछि गृहागमन
- उघ्रेर बिग्रेको बिहान
- एक तरङ्ग
- प्रेमपत्र
- अहो ! मलाई ताजूब लाग्छ
- सन्ध्या
- मातृभूमिको माटो रुन्छ
- आरोहीप्रति
- आर्यघाटतिर (विषादिका)
- पितृविलाप
- तारा तारा
- ज्यापू
- क्षितिजतिर
- दुई प्रवृत्ति
- मोहोडामा
- साँढे
- शण्डेश्वर पर्व
- म लहरा भए
- सङ्गीत-सङ्गीत
- म
- बादलको स्वागत

- निद्रित भरिया
- युग बालक
- सार्की
- स्वतन्त्र हो मानवता रे !
- एशिया
- कुखुरो
- सिस्नोको गुनासो
- प्रलयवेदना
- संकल्प हाम्रो फलोस्
- शून्यमा शून्य सरी

'भिखारी'मा सङ्ग्रहित

- 
- भिखारी
- बादल
- तिनको घँसिया गीत
- माली
- सन्ध्या
- सम्झना
- यात्री
- वन
- प्रश्नोत्तर
- आफ्नो घर
- जीवन वन
- बालककाल
- वृक्ष
- गरीब
- किसान
- चारू
- वसन्त
- जीवन
- अन्त्यमा

- जिन्दगीको मौसम
- झरना
- घाँसी

बालसाहिरत्य

'सुनको बिहान'मा सङ्ग्रहित

- 
    - सुनको बिहान
    - पैसा
    - सिँह र मुसा
    - वर्षा
    - मास्टरजी
    - पल्टन
    - सौन्दर्य-उपासना
    - फूल-परी
    - किताब-चरो

## 6.4 नेपाली साहित्यमा दार्शनिक चिन्तन

सामान्यतः कुनै वस्तुलाई हेर्ने काम दर्शन हो । 'दृश्' धातुमा 'अन' प्रत्यय लागेर 'दर्शन' शब्द बन्दछ । कोशीय अर्थमा दर्शन भनेको प्रकृति, ईश्वर, ज्ञान, विज्ञान, वस्तु, चेतनाबारेको विवेचन र विश्लेषण गरिने विद्या हो।

दर्शन र साहित्य परस्परमा फरक भए पनि सम्बन्धित छन् । दर्शन ज्ञानसँग सम्बन्धित हुन्छ भने साहित्य हृदयसँग सम्बन्धित हुन्छ । विवेक दर्शनको क्रीडाभूमि हो भने आवेग साहित्यको क्रीडाभूमि मानिन्छ । दर्शनको काव्यात्मक, कलात्मक रूपान्तरण भएको साहित्य उत्कृष्ट हुन्छ।

नेपाली साहित्यमा पनि विभिन्न विधामा दर्शनको कलात्मक रूपान्तरण भएको रचना पाउन सकिन्छ। मूलत: नेपाली साहित्य पूर्वीय दर्शनवाट प्रभावित रहेको पाइन्छ।

पूर्वीय दर्शनको बीज वैदिक साहित्यमा पाइन्छ । वैदिक साहित्य मन्त्र, ब्राह्मण ग्रन्थ र उपनिषद्हरूमा विभाजित छ । वेदको कर्मवादी धारा ब्राह्मण ग्रन्थहरूको प्रतिपाद्य विषय हो भने ज्ञानवादी धारा उपनिषद्हरूको प्रतिपाद्य विषय मानिन्छ।

Notes

नेपाली साहित्यमा प्राचीन कालदेखि नै पूर्वीय दर्शनको प्रभाव पाइन्छ । प्राथमिककालीन नेपाली कविताहरूमा भक्तिधारा प्रमुख मानिन्छ । यी कवितामा ईश्वरको भक्ति र गुणगान पाइन्छ । प्राथमिक कालका कविहरूले पुराण, धर्मशास्त्र र दर्शनशास्त्रलाई नै आफ्नो साहित्य सिर्जनाको विषयवस्तु बनाएको पाइन्छ । भानुभक्तको 'रामायण' महाकाव्य यस समयको महत्वपूर्ण कृति मानिन्छ । माध्यमिक कालमा शृङ्गारिक धाराको बाहुल्य भए तापनि भक्तिधारा र नैतिक औपदेशिक धाराका साहित्यिक कृतिहरूमा पूर्वीय दर्शनको प्रभाव देखिन्छ।

यसबेलाका कवितामा संसारलाई माया, तृष्णा र दुःखको मुहान मानिएको छ । लोभ, मोह, मद, विनाशका कारक हुन् । संसार मायाजाल भएकाले यसबाट मुक्त हुन परमार्थ तत्वको खोज गर्नु मानवीय कर्तव्य हो भन्ने भाव पाइन्छ । राम, कृष्ण साथै सगुण र निर्गुण ईश्वरको वा देवीदेवताको गुणगान गरी कविता रचना गरेको देखिन्छ ।

भागवत, देवीभागवत, कृष्ण चरित्रजस्ता अनुदित बृहत् काव्यहरू यसका उदाहरण हुन् ।सुब्बा होमनाथ केदारनाथको 'महाभारत विराट पर्व', कृष्णप्रसाद रेग्मीको 'देवी भागवत', मोतीराम भट्टको 'गजेन्द्रमोक्ष' र 'प्रह्लाद भक्ति कथा' शम्भुप्रसाद ढुंगेलको 'महाभारत केही पर्वको अनुवाद', शिखरनाथको 'बृहत् कृष्ण चरित्र', चिरञ्जीवी पौडेलको 'श्रीमद्भागवत अनुवाद' कृष्णभक्ति धाराका उल्लेखनीय कृति हुन्।

रमाकान्त बरालको 'अनुदित रामायण', भोजराज भट्टराईको 'आनन्द रामायण' हेम वल्लभको 'आग्नेधुर रामायण' होमनाथ, केदारनाथ र शिखरनाथको 'रामाश्वमेध रामायण' पनि राम भक्तिधाराका महत्वपूर्ण कृति मानिन्छन्। यस अवधिमा लेखिएका गजलहरू पनि पूर्वीय दर्शनका दृष्टिले निकै उत्कृष्ट ठहर्छन् ।मूलतः नेपाली साहित्यको अध्ययन गर्दा लोक साहित्यलाई भुल्न सकिँदैन । लोक साहित्यका विविध विधामा पनि पूर्वीय दर्शनको प्रभाव स्पष्टै देखिन्छ । तलको गीति अंशलाई उदाहरण दिएर व्याख्या गर्न सकिन्छ :

"सानो सानो गाईको बाच्छो काली गंगा तर्‍यो
मै दुःखी त वारितिरै पर्नु पीर पर्‍यो"

यहाँ काली गंगा तर्नु भनेको मोक्ष प्राप्त गर्‍यो वा मुक्ति पायो भन्ने बुझिन्छ । सूक्ष्म शरीर मोक्ष प्राप्त गर्नु र स्थूल शरीर वारि नै रहनु अर्थात् भष्म हुनु भन्ने दार्शनिक

चिन्तन यस गीतमा रहेको छ । त्यस्तै, पूर्वीय दर्शनअन्तर्गत कर्मवादी चिन्तन भएको गीति अंशलाई यसरी व्याख्या गर्न सकिन्छ :

"जन्म दिने महतारी कर्म लेख्ने भावी
दोष कस्लाई दिनु मैले आफैँ नै अभागी"

यस गीतमा कर्मका आधारमा अर्को जन्म निर्धारण हुने भएकाले ऐहिक जीवनमा के गरियो, त्यही फल प्राप्त हुने विचार प्रकट भएको छ । जीवन नै पूर्वजन्मको कमाइको फल भएकाले जस्तो कर्म गर्‍यो, त्यस्तै फल प्राप्त हुने कर्मवादी पूर्वीय दार्शनिक दृष्टि यसमा आएको पाइन्छ। आधुनिक नेपाली उपन्यासको पहिलो कृति रुद्रराज पाण्डेको 'रूपमती' उपन्यासमा भाग्यवादी चिन्तन, ईश्वरीय लीला, पूर्वजन्मको फलजस्ता पूर्वीय दार्शनिक मान्यताहरू यसरी आएका छन् -

"वरपरका साथीभाइ इष्टमित्र सबै शर्माजीको भाग्यलाई देखेर रिस, डाहले भुतुक्क हुन्थे । यस्ती लक्ष्मी पाउनलाई पूर्वजन्मको तपस्या नभईकन केही गरे पनि हुन्न । राम्रा स्वास्नी मानिस पनि नहुने होइनन्, हुन्छन् । तर यसरी दुवै कुराको मिलान त कमै आइमाईमा देखिएला भनेर सह्नी नगर्ने कोही होवोइन । धन्य परमेश्वर त्यही घरमा दुवै गुणले सम्पन्न भएकी महिलारत्न पनि हुनु दुवै गुणले शून्य भएकी अधम नारीले वास पाउनु– यो पनि हजुरकै लीला हो। "यस्तै, प्रथम आधुनिक नेपाली कथाकार गुरुप्रसाद मैनालीको 'नासो' कथासंग्रहका कथाहरूमा पनि पूर्वीय दर्शनको प्रशस्त प्रभाव पाइन्छ ।

पूर्वीय आस्तिक दर्शनहरू मूलतः सांख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शनले ईश्वर, आत्मा, जगत्, मन, जीवन, इहलोक, परलोक, कर्म, सृष्टि, स्थिति, लयजस्ता अनेक विषयमा सूक्ष्म चिन्तन गरेका छन् । यी दर्शनले चिन्तन गरेका विषयलाई नेपाली साहित्यका प्राथमिककालीन स्रष्टादेखि हालसम्मका धेरै सर्जकले कुनै न कुनै रूपमा आफ्ना रचनामा समेटेको पाइन्छ।

नेपाली साहित्यका कविता, कथा, उपन्यास, निबन्धजस्ता सबैजसो विधामा पूर्वीय दर्शनको प्रभाव र छाप परेको देखिन्छ । आदिकवि भानुभक्त आचार्य, युवाकवि मोतीराम भट्ट, कविशिरोमणि, लेखनाथ पौड्याल, नाटककार बालकृष्ण सम, महाकवि लक्ष्मीप्रसाद देवकोटा, राष्ट्रकवि माधवप्रसाद घिमिरेलगायत अनेक स्रष्टाका कृतिहरूमा पूर्वीय दार्शनिक चिन्तन पाइन्छ।

# 6.5 लक्ष्मीप्रसाद देवकोटाका कृतिहरूमा दार्शनिक चिन्तन

नेपाली साहित्यमा अतुलनीय योगदान दिएका निबन्धकार लक्ष्मीप्रसाद देवकोटाका रचनामा पूर्वीय दर्शनको प्रशस्त प्रभाव परेको पाइन्छ । देवकोटा मूलतः कवि र निबन्धकारका रूपमा बढी प्रसिद्ध छन् । उनले आफ्नो 'लक्ष्मी निबन्ध संग्रह'मा पूर्वीय दार्शनिक मान्यतालाई आत्मसात् गरेका छन् । संसारको क्षणिकता, दृश्यमान जगत्को अनित्यता र त्यसमा भुल्ने मनुष्य जीवनको निकृष्टतालाई 'वैराग्य' निबन्धमा यसरी व्यक्त गरेका छन् -

"जबसम्म हामी संसारमा ठूला हुन चाहन्छौँ या यताउति गरौँला र आफ्नो गौरव देखाउँला भन्ने भाव राख्तछौँ, त्यस बेलासम्म हामीलाई वैराग्य भन्ने चीज असम्भव छ । आसक्तिहरू जति बढ्दै गए, उति हामीहरू संसारमा महमा टाँसिएका माखाहरू जस्ता बनेर तिनका स्वरूपतिर नजर लगाउन सक्तैनौँ।"

"हामीहरू व्यर्थका पुजारी छौँ, मिथ्याका भक्त छौँ, बोक्राका अनुचर छौँ, अन्धा छौँ । हामीहरूलाईझिलिमिलीले अत्याचार गर्छन् र के के न पाउँला खाउँलामा हाम्रो अधिकांश जीवन आशाउपर आशा थप्दै चलिरहेको हुन्छ । क्षणिक विषयले हामीलाई त्यसै दौडाउँछ र अनन्तताले हामीलाई त्यसै तर्साउँछ । हामी जीवनलाई माटोमा मिलाउने काम गरिरहेछौँ।"

२००९ सालमा काठमाडौंमा दार्शनिक सङ्घबाट एउटा पत्रिकामा देवकोटाको "दर्शन" शीर्षक नामको एउटा लेख प्रकाशित भएको थियो । त्यो लेखमा देवकोटाले दर्शनबारे आफ्ना विचारहरू प्रकट गरेका छन्। त्यो लेखमा देवकोटाले दर्शनबारे प्रकट गरेका विचारहरूबाट दुईवटा कुराहरू प्रष्ट हुन्छन् : प्रथम, त्यो विषयमा उनको (देवकोटाको) जानकारी खालि बाह्य प्रकारको थिएन र त्यसबारे उनले गम्भीर अध्ययन गरेका थिए। दोस्रो, "तरूण–तपस्वीको प्रदक्षीणा" लेखमा उनले लेखनाथमा द्वन्द्वात्मक भौतिकवादको "नाम निशान पनि देखिन्न" भनेर जुन विचार प्रकट गरेका थिए, त्यो खालि आकस्मिक र संयोगको कुरा थिएन र त्यो प्रश्नबारे उनीभित्र बन्दै गइरहेको प्रगतिशील दृष्टिकोणको नै अभिव्यक्ति थियो ।

यस लेखमा उनले दर्शनबारे प्रकट गरेका विचारहरूको अध्ययनबाट उनको मुख्य आस्था अध्यात्मवाद वा ईश्वरवादमाथि नै भएको पाइन्छ। तर त्यसका साथै

उनका विचारहरूले द्वन्द्वात्मक भौतिकवादी दिशा लिदै गएको कुरा पनि प्रष्ट हुन्छ । ईश्वर वा अध्यत्मवाद सम्बन्धी उनका विचारहरू थुप्रै रचनाहरूमा प्रकट भएका छन्। तथापि उनले आफ्नो जीवनभर भगवान् मानेनन् भन्ने पनि सुनिन्छ।

"सुजामाता" काव्यमा "उपदेश दर्शन" शीर्षक दिएर देवकोटा भौतिकवादी दर्शनबारे प्रकाश पार्दै लेख्दछन्-

"भौतिक दर्शन आत्माको चेतनाको दर्शन भनेमा समस्त सारा देश छन् भौतिक आत्माको स्थानमा"

अन्यत्र पनि उनले लेख्दछन् : "भौतिकवादीहरू चैतन्यको उत्पत्ति जडबाटै भएको ठान्दछन्।" त्यो भनाईले भौतिक दर्शनको राम्रो व्याख्या गर्दछ । त्यो लेखमा देवकोटाले यो पनि लेखेका छन् : "स्थानीय सामयिक सङ्कुचिततापूर्ण भावनाहरूबाट विश्वको चौडा समझ रखाउनु जीवनको पूर्ण स्वरूप सम्झाउनु दार्शनिकको सच्चा कर्तव्य देखिन्छ ।" देवकोटाको यो भनाईले अत्यन्त ठूलो महत्त्व राख्दछ । जनसाधारण मात्र होइन, राजनैतिक दलका ठूला नेता माथिल्लो स्तरका बुद्धिजीविहरूले पनि बढी "स्थानीय" वा "सामयिक" दृष्टिले सोच्ने गर्दछन् । देवकोटाको विचारमा त्यो "सङ्कुचिततापूर्ण" दृष्टिकोण हो र त्यसलाई "चौडा" बनाइनुपर्ने आवश्यकता छ । वास्तवमा हामीले आफ्नो स्थानीय वा सामयिक चिन्तनबाट माथि उठेर "चौडा", अर्थात् विषयहरू माथि व्यापक वा विश्वव्यापी दृष्टिले हेर्नुपर्दछ । हामीले कुनै चीजमाथि सामयिक रूपले मात्र नहेरेर त्यससित जोडिएका अतीत र भविष्यमाथि समेत विचार गर्नुपर्दछ । त्यही नै कुनै चीजलाई हेर्ने सही दार्शनिक दृष्टिकोण हो । देवकोटाको त्यो सोचाईले कुनै चीजलाई सङ्कीर्णतापूर्ण प्रकारले होइन त्यससित सम्बन्धित सबै चीजहरूका परिप्रेक्ष्यमा हेर्नुपर्ने द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणसित मेल खान्छ।

देवकोटाले दर्शनबारे माथि प्रकट गरेका विचारहरूलाई खालि आकस्मिक रूपले प्रकट भएका विचारहरू मात्र भन्न सकिन्न । प्रकृति र जीवनबारे मात्र होइन, कला वा साहित्यबारे पनि उनले भौतिकवादी विचार प्रकट गरेको पाइन्छ । त्यसबारे उनको यो मात्र भनाई उद्धृत गर्नु पर्याप्त हुनेछ : "जीवन र प्रकृतिको दर्पण नै कला हो।" तर जीवन र प्रकृतिको चित्रण मात्र कला होइन र त्यो फोटोग्राफी मात्र हो। देवकोटा लेख्दछन्- "सच्चा आँखादार", (अर्थात् जे देखिन्छ, त्यसैलाई कला मान्ने) "ठूला कलाकार हुँदैन," त्यो अवस्थामा उनले यो कुरामा जोड दिन्छन् - "मेरो विचारमा मनुष्यले कलामा अविदितसँगको आफ्नो परिचय झल्काउन चाहन्छ र विदितको दुनियाँमा अपरिचितको राज्य देखाउन खोज्दछ ।

कतिजनाले यस दुनियाँलाई देखे तर यसमा मिहीन सौन्दर्य र गूढ रहस्यहरू उनका आँखामा अन्धकारै बनेका थिए । प्रतिभाले त्यहाँ नवप्राप्ति गर्दछ, जहाँ अन्धसंसार चतुर आँखालाई कुनै खँदिलो सत्य हुँदैन ।" देवकोटाको कला सम्बन्धी उक्त विचारहरूमा पनि साहित्य र कला सम्बन्धी माक्र्सवादी–लेनिनवादी दृष्टिकोणको राम्रो झलक मिल्दछ । त्यो लेखमा कला जीवनको दर्पण हो भन्ने विचार प्रकट गर्नुका साथै देवकोटाले यो पनि लेखेका छन् : "कला र जीवन छुट्टिन सक्दैनन्" कलालाई जीवनसित जोडेर हेर्ने त्यो दृष्टिकोण निश्चित रूपले भौतिकवादी सोंचाई हो । त्यसका साथसाथै विदितबाट अविदिततिर जाने सोंचाईले पनि ज्ञातबाट अज्ञाततिर जाने ज्ञानको प्रक्रिया सम्बन्धी माक्र्सवादी–लेनिनवादी दृष्टिकोणसित मेल खान्छ । साहित्य र कला वा प्रकृति, जीवन, सौन्दर्यको अन्त्रतसम्बन्ध पनि दर्शनको क्षेत्रभित्र आउने विषयहरू हुन् । त्यस सम्बन्धी देवकोटाका विचारहरूको पनि विस्तारपूर्वक अध्ययनको आवश्यकता छ ।

देवकोटाका द्वन्द्वात्मक भौतिकवादी दर्शन सम्बन्धी विचारहरू उनका बेग्ला–बेग्लै कृतिहरूमा विभिन्न प्रकारले वा छरिएर देखापरेका छन् । द्वन्द्वात्मक भौतिकवादको एउटा आधारभूत सिद्धान्त हो - परस्परविरोधी तत्त्वहरूका बीचको सङ्घर्ष र एकता । प्रकृति, जीवन वा चेतनाको विकासमा त्यसले निर्णयात्मक महत्त्व राख्दछ । उनले आफ्ना विभिन्न कृतिहरूमा त्यसबारे बेग्ला–बेग्लै प्रकारले प्रकाश पारेका छन् । "सुलोचना" महाकाव्यमा देवकोटा लेख्दछन् –

"विरोध नै जीवन हो मिसौट सब छ्याससिमसे।"

विरोधका बीचबाट नै जीवनको उत्पत्ति र विकास हुन्छ । तर निश्चय नै द्वन्द्ववादले विरोधलाई मात्र होइन, परस्परविरोधी तत्त्वहरूका बीचको एकतामा पनि जोड दिन्छ र ती दुवैको एकताका बीचबाट नै प्रकृति वा जीवन गतिशील हुन्छ भन्ने कुरा मान्दछ । देवकोटाले पनि विरोधमाथि मात्र होइन, दुबैका बीचको एकतामा पनि जोड दिन्छन् । उनले "पाप" कवितामा लेखेका छन् – "विरोध द्वन्द्वले बन्द विश्व।"

देवकोटाको उक्त भनाईलाई प्रकाश पार्दै जगदीश घिमिरे लेख्दछन् - "देवकोटाको यो हरफ हेर्दा लेनिनद्वारा Law of unity and struggle of opposites (परस्पर विरोधी तत्वहरूका बीचको एकता र सङ्घर्षको नियम)को

सिलसिलामा लेखिएको एक हरफ सम्झना हुन्छ - Development is the struggle of opposites (विकास परस्पर विरोधी तत्त्वहरूको सङ्घर्ष हो)।"

देवकोटाले "नर–नारी" निबन्धमा लेखेका छन् - "दुई विरोधले एक जगत खडा हुन्छ ।" त्यो कुरालाई अझ स्पष्ट पार्दै उनी लेख्छन् - "नर–नारी यी दुई शब्दमा एक विश्व छ। दुई विरोधले एक जगत् खडा हुन्छ । प्रकाश र अप्रकाश भनेपछि संसारमा अर्को वस्तु छैन। तर नर र नारी त्यति मात्रामा विपरीत छन् भन्न हामी सक्दैनौं । उही रगत छ, उही मासु छ, उनी अनुहार छ, उस्तै आत्मा छ । तर स्त्री र पुरूषमा एक जातीय भैकन पनि एक किसिमको जातिविरोध यस्तो अनन्ततया उच्चरित नै छ कि यी दुई शब्दमा हामी विपरीत द्वयको एक सम्पूर्ण संसार बसानउ सक्छौं ।" देवकोटाको यो भनाईमा सर्वप्रथम त "दुई विरोधले जगत खडा हुन्छ"भन्ने विचार महत्त्वपूर्ण छ । यो भनाईले परस्पर विरोधी तत्वहरूका बीचको सङ्घर्ष र एकताले नै "जगत खडा हुन्छ" भन्ने मान्यतालाई अगाडि ल्याउँछ । त्यो भनाईको अर्को महत्त्वपूर्ण पक्ष यो हो कि त्यसले स्त्री र पुरूष "एक जातीय भैकन" पनि "जातीय विरोध" उनीहरूका बीचमा "अनन्ततया उच्चरित" छ भन्ने कुरामा जोड दिन्छ । त्यो भनाईले कुनै पनि चीज बाहिरबाट हेर्दा एउटै जस्तो देखिए तापनि त्यसभित्र गम्भीर प्रकारको अन्तरविरोध विद्यमान हुन्छ र चलिरहन्छ भन्ने कुरा माथि प्रकाश पार्दछ, जुन द्वन्द्वात्मक भौतिकवादको एउटा आधारभूत विशेषता हो । देवकोटाको त्यो  निबन्धमा यो पनि लेखिएको छ - "हामी भन्न सक्तैनौं किन ? तर संसार दुईटा विरोधले बनेको छ ।" यहाँ प्रकट गरिएका विचार, अर्थात् "संसार दुईटा विरोधले बनेको छ" भन्ने सोचाईले हेगेलको द्वन्द्ववादसित मेल खाएको कुरा एकदम स्पष्ट छ । त्यस सिलसिलामा देवकोटाको यो भनाई पनि अत्यन्त महत्त्वपूर्ण छ -  "म विरोधमा स्पन्दन पाएर तेस्रो तत्वमा साम्य लिन्छु" यो भनाईले हेगेलको दुई विपरीत तत्वहरूका बीचमा द्वन्द्व भएर एउटा तेस्रो तत्वको जन्महुन्छ भन्ने द्वन्द्ववादी सोचाईसित मेल खान्छ । त्यो भनाईलाई उनले (हेगेलले बाघ–प्रतिवाद–सम्पादको)सूत्रको रूपमा प्रस्तुत गरेका छन् । यहाँ देवकोटाले "तेस्रो तत्वमा साम्य" को विचारले हेगेलको दुई तत्वको बीचको सङ्घर्षपछि पैदा हुने तेस्रो तत्व सम्वादसित मेल खान्छ ।

विश्वको उत्पत्ति र विकासबारे पनि उनले भौतिकवादी प्रकारका विचारहरू प्रकट गरेको देखिन्छ । उनले आफ्ना निबन्धहरूमा डार्विनको विकासवादी सिद्धान्तको चर्चा गर्दै लेखेका छन् - विकासवादी सिद्धान्त अनुसार "कुनै जाति ओर्‍हालो लागिरहेछ कोही उकालो लागिरहेछ", उनीहरूले (विकासवादीहरूले) "मान्छे

बाँदरबाट विकास भएको मान्दछन् ।" निश्चय नै यहाँ प्रकट गरिएका विचारहरू देवकोटाका होइनन् र उनले विकासवादीहरूका विचारहरू नै प्रकट गरेका छन् । तर ती प्रश्नहरूमा उनले अन्यत्र प्रकट गरेका विचारहरूबाट त्यस प्रकारका विकासवादी विचारहरूप्रति सकारात्मक दृष्टिकोण अपनाएको देखिन्छ ।

देवकोटाको निम्न विचारले पनि उनको द्वन्द्ववादी दृष्टिकोणको परिचय दिन्छ - "नयाँ विचार र पुराना आदर्शहरू दुई लहरी भएर दुईतिरबाट जुधिरहेछन्"

पुराना र नयाँका बीचमा सङ्घर्षको नियम ऐतिहासिक भौतिकवादको एउटा आधारभूत नियम हो । पुराना र नयाँका बीचको सङ्घर्षमा वर्ग–सङ्घर्षले महत्त्वपूर्ण भूमिका खेल्दछ र त्यसले समाजको विकासलाई अगाडि बढाउन योगदान दिन्छ । त्यो सङ्घर्षको क्रममा पुरानाको हार र नयाँको विजय हुँदै जान्छ । त्यस सिलसिलामा देवकोटाले सुलोचनामा लेखेको यो विचार पनि उल्लेनीय छ : "उमेर साथ हकले ओह्रालो लिन्छ, बैंसले उकालो लिन्छ।" उक्त भनाइद्वारा देवकोटा द्वन्द्ववादी चिन्तनको धेरै नै नजिक पुगेको अनुभव हुन्छ। ज्ञानको प्रश्नमा पनि देवकोटाले काफी हदसम्म माक्र्सवादी दृष्टिकोण अपनाएको देखिन्छ। "साहित्यमा शिवत्व" निबन्धमा उनले लेखेका छन् - "अप्रमाणितको त्याज्यताको आधारमा भौतिकवादी प्रगति चलेको देखिन्छ" त्यो सोचाईबाट देवकोटाले जुन कुरा अप्रमाणित छ, त्यसलाई त्यागेर नै भौतिकवादी प्रगति हुने कुरामा जोड दिएको देखिन्छ । भौतिकवादले यो कुरामा जोड दिन्छ कि प्रयोग र तथ्यहरूद्वारा प्रमाणित भएको कुरा नै सत्य हुन्छ, जब कि अध्यात्मवादले सत्यको आधार चेतनालाई मान्दछ र प्रयोगद्वारा त्यो प्रमाणित हुनु आवश्यक ठान्दैन । ज्ञानको प्रश्नमा जब उनले यो विचार प्रकट गर्दछन्, उनी सच्चा भौतिकवादीरूपमा देखापर्नथालेको देखिन्छ - "जीवनसित नगासिएका कुराहरू ज्ञानका सामग्री हुन सक्दैनन्" यो भनाई ज्ञानको स्रोत भौतिक जगत जीवनभन्दा बाहिर आत्मा, चेतना वा ईश्वरलाई ठान्ने अध्यात्मवादी सोचाईका विरूद्ध भएको कुरा प्रष्ट छ ।

मार्क्सवादले यो कुरा मान्दछ कि नियमितता र आकस्मिकता दुवैका बीचमा द्वन्द्वात्मक सम्बन्ध हुन्छ । प्रकृति वा जीवनमा नियमितता हुन्छ, तर नियमितता भित्र आकस्मिकता पनि हुन्छ । त्यो कुरा स्पष्ट गर्दै देवकोटाले "निद्रा" निबन्धमा लेखेका छन् - "विश्वमा नियमको शासन देखिन्छ । हामीहरूलाई अनियत लागेका धेरै विषयमा पनि हाम्रो नजरले नियम नभेटेको हुन सक्दछ । जति मानिसले नियमको पत्तो लगाउँदै जान्छ, उति सच्चा विज्ञानको उन्नति हुँदै जाँदो छ ।" त्यो भनाईले प्रकृति वा जीवनका नियमहरूको जति ज्ञान हुँदै जान्छ, त्यति नै

रहस्यको उद्घाटन हुँदै र सत्यको ज्ञान हुँदै जाने कुरालाई बताउँछ । त्यो विचार पनि चेतन तत्वलाई नै ज्ञानको स्रोत मान्ने आध्यात्मवादी विचारका विरूद्ध भएको कुरा प्रष्ट छ। प्रकृति र जीवनमा जुन चीजहरू आकस्मिकरूपमा घटेका देखिन्छन्, तिनीहरूपनि वास्तविक अर्थमा आकस्मिक हुन्नन्। त्यो कुरा स्पष्ट गर्दै देवकोटा लेख्छन् - "हामी जति अचानक भन्छौं, त्यसमा पनि अशेष नियमहरूको सूक्ष्मता भएजस्तो विदित हुन्छ ।" त्यो भनाईले यो बताउँछ, जुन कुराहरू "अचानक" मा जस्तो देखिन्छन्, तिनीहरू पनि वास्तवमा नियमित रूपले नै घटिरहेका हुन्छन् र आकस्मिक रूपले होइन । त्यस सिलसिलामा देवकोटा अझ लेख्छन् : "हामीलाई अनियत लागेका धेरै विषयमा पनि हाम्रो नजरले नियम नभेटेको हुनसक्छ ।" (निद्रा) त्यसको अर्थ यो हुन्छ, हामीलाई अनियत लागेका कुराहरू पनि वास्तवमा त्यस्ता हुँदैनन्, तर हाम्रो नजरले नियम नभेटेको मात्र हुन्छ । त्यो भनाईले विश्वको सञ्चालन त्यसभन्दा बाहिरको कुनै अलौकिक वा ईश्वरीय शक्तिले होइन, त्यसभित्रका आफ्नै नियमहरूद्वारा नै हुन्छ भन्ने सिद्धान्तलाई पुष्टि गर्दछन् । देवकोटाको त्यो सोचाईले विश्वको सञ्चालन सम्बन्धी सोंचाईले द्वन्द्वात्मक भौतिकवादको नियमितता र आकस्मिकताको नियमसित मेल खान्छ ।

जीवन वा त्यसका विभिन पक्षहरूबारे पनि देवकोटाले काफी हदसम्म द्वन्द्वात्मक भौतिकवादी प्रकारका विचारहरू प्रकट गरेका छन् । देवकोटाले लेख्दछन् "जीवन विश्वको समष्टि रूपको केन्द्रीभूत चैतन्य हो ।" (एउटी चरीको चिरिबिरी) यो भनाईलाई ठीकसित बुझ्नुपर्ने आवश्यकता छ । अध्यात्मवादले जीवनलाई यो संसारभन्दा बाहिर अलौकिक शक्ति, चेतना, आत्मा वा ईश्वरबाट पैदा भएको मान्दछ । तर यहाँ देवकोटाले जीवनलाई यही विश्वको परिणाम ठान्दछन् – विश्वको चैतन्य रूप । भौतिकवादले पनि त्यही प्रकारको विचार राख्दछ । मानव जीवन वा चेतना भौतिक संसारको नै उपज हुन्छ । अर्का शब्दमा, चेतना भौतिक जगतको सबैभन्दा उच्च विकसित वा परिमार्जित रूप हो । देवकोटाको माथिको भनाईले पनि त्यही कुरातिर सङ्केत गर्दछ । त्यही सिलसिलामा उनले यो पनि देख्दछन् - "जीवन भन्नु सर्व साधारण चेतको सांसारिक बोक्रेपन होइन ।" (कला र जीवन) अध्यात्मवादीहरूले यो बताउँछन् कि जीवन आत्माको वाह्य वा भौतिक रूप, अर्थात् सांसारिक बोक्रो मात्र हो । देवकोटाको माथिको भनाईले त्यो अध्यात्मवादी सोचाईलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपले खण्डन गर्दछ । उनले यो कुरामा पनि जोड दिएका छन् - "नियमलाई नाघ्नेपना नै जीवन हो ।" (जुवा)

नियमहरू भौतिक अवस्था, सामाजिक परम्परा आदिसित जोडिएका हुन्छन् । तर मानिसहरूको चेतन पक्षले तिनीहरू माथि विजय प्राप्त गर्ने वा तिनीहरूबाट स्वतन्त्र भएर अगाडि बढने प्रयत्न गर्दछ । त्यसरी द्वान्द्वात्मक भौतिकवादको नियम अनुसार, हाम्रा अगाडि भएको प्राकृतिक नियमअनुसार जुन आवश्यकता हुन्छ, तिनीहरूबाट स्वतन्त्र हुने हाम्रो प्रयत्न हुन्छ र हुनुपर्दछ । हामीले जति त्यस प्रकारको स्वतन्त्रता प्राप्त गर्न सफल हुन्छौं त्यति नै हाम्रो उच्चस्तरमा विकास हुँदै जान्छ ।

देवकोटा जीवनलाई अत्यन्त महत्त्वपूर्ण अर्थमा लिन्छन् । उनका निम्नलिखित दुई भनाईहरू उनको जीवन दर्शन बुझ्न पर्याप्त छ भने पनि हुन्छ -

१. "जीवन पनि एउटा लेख हो ।" (जुवा)

२. "खतरा नभएको जीवनमा हामी ज्यून सक्दैनौं ।" (जुवा)

देवकोटाको पहिलो भनाई माथि प्रकाश पार्दै डा. दुर्गाप्रसाद अर्यालले लेखेका छन् - "जीवन रहस्यमय, कौतुकमय, आश्चर्यमय छ र यसमा अनन्त अज्ञेयता तथा असीमित सम्भावना पनि छन्।" देवकोटाको दोस्रो भनाईले उनले जीवनप्रति जुझारू दृष्टिकोण अपनाएको देखिन्छ । त्यो भनाईले "ज्वार भाटाका विरूद्ध जानु नै माक्र्सवादी–लेनिनवादी सिद्धान्त हो" भन्ने माओको प्रसिद्ध भनाईसित मेल खान्छ । वास्तवमा देवकोटाले आफ्ना निबन्धहरूमा जुन प्रकारका विचारहरू प्रकट गरेका छन्, तिनीहरूले उनको जीवन दर्शनमाथि राम्ररी प्रकाश पार्दछ।

लक्ष्मीप्रसाद देवकोटाको समय अन्तर्राष्ट्रिय स्तरमा र नेपालमा पनि महान उथल–पुथल वा क्रान्तिकारी परिवर्तनको काल थियो । मोदनाथ प्रश्रितले २०३५ मा प्रकाशित आफ्नो लेख "वैचारिक विकासको सन्दर्भमा लक्ष्मीप्रसाद देवकोटा"मा देवकोटाको कालको राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति माथि राम्ररी प्रकाश पारेका छन् । उनी लेख्छन् -

"देवकोटा जहिले जन्मे त्यो समय मानव–समाजको इतिहासमा ठुल्ठुला भुइँचाला र ज्वालामुखीको समय थियो । विश्व–पुँजीवाद साम्राज्यवादको चरम शिखरमा पुग्दैथियो । पुँजीवादको गर्भबाट जन्मेको सर्वहारा शक्तिले झन्नै आधा शताब्दी अगाडि नै 'पेरिस कम्यून' (वि.सं. १९२८) को शक्ति देखाइसकेको थियो । उनी जन्मेको पाँचै वर्षपछि प्रथम विश्वयुद्ध सुरू भयो र उनको आठ वर्षको उमेरमा विश्वको इतिहासमा पहिलो पटक रूसमा समाजवादी युग सुरू भयो । त्यसपछि विश्वमा राष्ट्रिय मुक्तियुद्धको तूफान झन् वेगवान् भयो र त्यसले हाम्रा छिमेकी देश

चीन र भारतलाई पनि लपेट्दै लग्यो । देवकोटाको बत्तीसदेखि पैंतीसको उमेरमा संसार दोस्रो महायुद्धको लपेटामा पर्‍यो । त्यस युद्धले पूर्वी यूरोप र पूर्वी एशियामा माक्र्सवाद–लेनिनवादको विजयलाई माथिल्लो खुड्किलोमा पुर्‍याइदियो । चीन र भारतमा क्रान्तिकारी द्वन्द्व झन् अघि बढ्यो ।

यता नेपालमै पनि देवकोटा ११–१२ वर्षको उमेर हुँदा 'गेहेन्द्र पर्व' र 'मकै पर्व' घटिसकेको थियो। आर्यसमाजी विचारका प्रचारक माधवराज जोशी आदि अपमानित, लाञ्छित र दण्डित भइसकेका थिए । ती दिनहरूमा विश्वयुद्धको वीभत्स चरित्र देखेर फर्केका गोर्खाभर्तीका सैनिकहरू साम्राज्यवादी क्रुरताका जीवित कथत सुनाउँदै थिए । उनको २२ वर्षको उमेर अर्थात् वि. १९८८ मा 'प्रचण्ड गोर्खा काण्ड' घटेको थियो। उनी २७ वर्षका हुँदा प्रजापरिषद्को स्थापना भएको थियो र ३१ को उमेरमा वि. १९९७ को विख्यान् राजनीतिक हत्याकाण्ड भएको थियो।"

विश्व र नेपालमा पनि भएका त्यस प्रकारका परिवर्तनहरूबाट देवकोटाको चिन्तनमा प्रशस्त असर परेको पाइन्छ। १९९७ मा प्रजापरिषद्का नेताहरूलाई मृत्युदण्ड दिएपछि उनमा राणाशासनप्रति आक्रोश देखापर्दछ, यद्यपि त्यो आक्रोश प्रच्छन्न र प्रतीकात्मक रूपमा नै बाहिर आउन सकेको थियो। १९९८ मा लेखिएको उनको कविता "कुन मन्दिरमा पुँजा गर्छौं, आउ"को जवाफमा "वीरहरूको बलिदान भएको ठाउँ" वा "अन्तकरणको स्वतन्त्रता यो ता छ अनमोल यहाँ" जस्ता अभिव्यक्तिहरूद्वारा राणाशासन प्रतिको उनको आक्रोश उच्च रूपमा प्रकट हुन्छ। देशमा जब राणा शासनका विरूद्ध जागरण र आन्दोलन सुरू हुन्छ उनी त्यो आन्दोलनमा सामेल हुनेका लागि वाराणसी पुग्दछन् र "पहाडी पुकार" जस्ता खण्डकाव्यहरू लिएर मैदानमा आउँछन्। विश्वमा र नेपालमा पनि समाजवादी आन्दोलनको लहर बढ्न थालेपछि उनको विस्फोट "पागल" कविताकारूपमा हुन्छ । "प्रमिथस"द्वारा उनी क्रान्तिमयरूपमा देखा पर्दछन् । "कृषिवाला" द्वारा उनी वर्ग–सङ्घर्ष र किसान आन्दोलनको आह्वान गर्न पुग्दछन्। "तरूण–तपस्वीको प्रदक्षिणा"द्वारा उनी खुलेर द्वन्द्वात्मक भौतिकवादको पक्षमा उभिन्छन्।

देवकोटाले विभिन्न समयमा तात्कालिक राणा प्राइमिनिष्टर र राजाको प्रशंसा गरेर लेखेका कविता वा लेखहरूको पनि प्रायश: चर्चा गर्ने वा तिनीहरूबारे टिकाटिप्पणी गर्ने गरिन्छ। १९९८ सालमा उनी जुद्ध समशेरको शिकार वर्णनको डायरी लेख्न खटिएका थिए। २००१ सालमा नेपाल उद्योग प्रदर्शनीको उद्घाटनको

Notes

अवसरमा लेखेको एउटा कवितामा उनले लेखेका थिए - "स्वागत हाम्रो भाग्य विधाता, स्वागत उन्नती मंगल दाता" २००२ सालमा जुद्ध शमशेर सन्यासी भएर रिडीतिर हिंड्दा उनले (देवकोटाले) उनलाई "विशाल त्याग" गरेको बताउँदै उनको प्रशंसामा कविता रचेका थिए। त्यही बेला "शारदा" मा प्रकाशित एउटा लेखमा जुद्ध शमसेरबारे उनले लेखका थिए - "यत्रो महापुरूष जन्मेको थिएन। शुरूदेखि नै श्री ३ जुद्ध प्रुभूमा एक विचित्र प्रतिभाको आभास पाइन्थ्यो... रिडीका छालमा धर्म छचल्किन्थ्यो। हामीले हाम्रा सबभन्दा उत्तम पुरूष त्यसतर्फ प्रस्थान गरेको देख्यौं।" राणाशाही शासनका विरूद्धको सङ्घर्षमा वाराणसी गएका देवकोटा "पारिवारीक सङ्कटले वाध्य भई... राणाशाहीसँग माफि" मागेर देशमा फर्के। राजा त्रिभूवन दिल्लीबाट फर्कदा उनको प्रशंसा गर्दै देवकोटाले उनलाई (त्रिभुवन) प्रमिथससित तुलना गर्दै लेखेका थिए - "प्रजातन्त्रको अग्निका बीजदाता, भए एक राजा स्वदेश प्रजामा" त्रिभुवनबारे यो पनि लेखेका थिए - "विश्वजेता पिताका सुपुत्र, नयाँ देश नेपाल रच्ने विचित्र" राजा महेन्द्रको राज्याभिशेषकको उपलक्ष्यमा उनले लेखेका थिए - "प्रकृतिको पर्वत मन्दिर सुनको गजुर जडाइ, हामी दिन्छौं महेन्द्रलाई हृदयले चढाइ"

अहिलेको राजनीतिक परिस्थितिमा देवकोटाले तात्कालिक राणा शासकहरू वा त्यसको अन्त पछि राजाहरूबारे प्रकट गरेका विचार वा कविताहरूलाई हेर्दा उनको सम्पूर्ण व्यक्तित्वसित मेल नखाने कुराजस्तो देखिन्छ । तर देवकोटालाई हामीले अहिलेको देशको राजनीतिक परिस्थिति वा चेतनाको आधारमा नै मूल्याङ्कन गर्नुपर्दछ । कुनै व्यक्तिको मूल्याङ्कन गर्दा कुन प्रकारको पद्धति अपनाउने त्यसबारे मोदनाथ प्रश्रितले लेखेका छन् - "कुनै पनि विषयवस्तुलाई सुरूदेखि अन्त्यसम्म र भित्रदेखि बाहिरसम्म सबै पक्षबाट राम्ररी जाँची, पूर्वाग्रह र एकल्काँटे प्रवृत्ति छाडेर उसैको ऐतिहासिक सन्दर्भमा राखेर मूल्याङ्कन गर्नु नै यथार्थवादी–जनवादी समालोचना पद्धति हो ।"त्यो भनाईमा एउटा अर्को कुरा पनि जोड्नु पर्दछ - कसैको मूल्याङ्कन गर्न उसको वैचारिक वा चेतनाकोस्तर माथि पनि विचार गर्नुपर्दछ । उनी कुनै दर्शन, सिद्धान्त, राजनीतिक लाइन वा राजनीतिक दलसित आवद्ध भएका थिएनन् । उनको विचारको विकासलाई कुनै खास सिद्धान्त वा दर्शनभन्दा पनि बेग्ला–बेग्लै समय, काल र परिस्थितिमा हुने परिवर्तनहरूले नै प्रभावित वा निर्धारण गर्ने गरेका छन् । त्यो अवस्थामा उनका त्यस प्रकारका सीमा र कमजोरीहरूका बाबजुद जति अगाडि बढ्दै वा उच्चस्तरका विचारहरूलाई अपनाउँदै गए त्यसले नै बढी महत्त्व राख्दछ । त्यो

कुरालाई प्रश्रितले यसरी व्यक्त गरेका छन् - “आफ्नो जीवनमा यसरी कहीं, मत्थरिंदै, कहीं भूमरी पर्दै, कहीं छाँटिदै, कहीं छचक्किंदै सागरतिर बढिरहेको नदी झै देवकोटा पनि जनवादी र समाजवादी चेतनाको क्षेत्रतिर बढ्दै गएका थिए।”

## 6.6 उपसंहार

निष्कर्षमा भन्नुपर्दा लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका अमूल्य रत्न हुन्। दर्शन र साहित्य परस्परमा फरक भएपनि सम्बन्धित छन्। दर्शन ज्ञानसँग सम्बन्धित छ भने साहित्य हृदयसँग सम्बन्धित छ। वास्तवा दर्शनको काव्यात्मक, कलात्मक रुपान्तरण भएको साहित्य उत्कृष्ट हुन्छ।
देवकोटामा पूर्व र पश्चिम दुई दर्शनको प्रभाव पाइन्छ तथापि उनी पूर्वीय दर्शनतिर बढी उन्मुख भएको अनुभव हुन्छ। उनमा दार्शनिक स्थिरता भने रहेन र उनी एउटा विचार दृष्टिकोणमा कहिले हिडेनन्, तापनि सामाजिक असमानता ठूलाठालुको सानामाथि रजाइँ र अच्चाकाली ठुलाबडा भनाउदाको अन्याय अत्याचारका विषयमा सामान्य जनताप्रति सहानुभूतिशील भएर देवकोटाले आफ्नो साहित्य सिर्जनाको प्रायः सबैजसो विधामा निर्भिकतापूर्वक लेखनी चलाए।

लक्ष्मीप्रसाद देवकोटाको काव्यकृति जति प्रभावकारी छन् त्यति नै उनको कविता सम्बन्धीको धारणा पनि माझिएको देखिन्छ। उनी लेख्छन्- "प्रकृतिलाई प्रकृति नै देख्नु, गुलाफलाई गुलाफ नै देख्नु, बादल देख्नु- यो हाम्रो बोक्रे यथार्थ हो।" प्रचण्ड कल्पनाशील देवकोटाको यस भनाइबाट उनको कविता बारेको धारणा स्पष्ट बुझिन्छ। उनी अझ लेख्छन् - "हृदयको रङ राम्ररी नदेखिने कवितालाई हामी ठूलो दर्जा दिन सक्दैनन्।" उनी मानव कलाले प्रकृतिलाई जित्नुपर्छ भन्ने धारणा व्यक्त गर्छन। देवकोटाका निबन्धहरु अध्ययन गरेपछि उनी सच्चा साहित्यकार मात्र नभएर एकजना महान विचारक पनि हुन् भन्ने कुरा पाठकको हृदयमा अवश्यै उप्जिन्छ।

## 6.7 सार

यस प्रखण्डमा लक्ष्मीप्रसाद देवकोटाको जीवनी र उनका कृतिमा दर्शन गरे संविधान गरी प्राप्त भयो। उक्त जानकारीलाई निम्न बुँदाहरूमा यसरी रख्न सकिन्छ-

- लक्ष्मीप्रसाद देवकोटा नेपाली सहित्यको इतिसमा माइल खुट्टी नै हुन्।
- देवकोटाले नेपालीसहित्यका प्राय: सबै विधामा उत्तिकै प्रखरताका साथ कलम चलाएका छन्।
- निबन्ध र महाकाव्यको क्षेत्रमा देवकोटाले पुऱ्याएको योगदान अविस्मरणीय रहेको छ।
- पाशेचात्य दर्शन वस्तु केन्द्रित रहेको पाइन्छ भने पूर्वीय दर्शन आत्म केन्द्रितरहेको पाइन्छ।
- नेपाली साहित्य मूलत: पूर्वीय दर्शनले ओतप्रोत रहेको देखिन्छ तथापि पाश्चात्य दर्शणबाट पनि नेपाली साहित्य पूर्णतः अछुत रहन भने सकेको छैन।
- बालकृष्ण सममा झैँ देवकोटामा पनि पूर्वीय र पाश्चात्य दर्शनको प्रभाव पाइन्छ तथापि देवकोटा पूर्वीय दर्शनबाट बढी प्रभावित रहेको देखिन्छ।
- विशेषतः निबन्ध र काव्यमा देवकोटाको दार्शनिक चिन्तन टड्कारो रुपमा पाइन्छ।

## 6.8 अनुशीलन

क) लक्ष्मीप्रसाद देवकोटाको परिचय दिँदै नेपाली साहित्यको इतिहासमा उनको स्थान निर्धारण गर्नुहोस्।

ख) नेपाली साहित्यको विविध बिधामा लक्ष्मीप्रसाद देवकोटाले पुऱ्याएको योगदानको चर्चा गर्नुहोस्।

ग) दर्शनको अर्थ स्पष्ट पार्दै पूर्वीय र पाश्चात्य दर्शणको साम्य-भेद केलाउनु होस्।

घ) लक्ष्मीप्रसाद देवकोटाको कृतिमा पाइने दार्शनिक चिन्तनको चर्चा गर्नुहोस्।

## 6.9 अतिरिक्त अध्ययन

१. नित्यराज पाण्डे - महाकवि देवकोटा।

२. स्रष्टा देवकोटा : द्रष्टा परिवेशमा –राजेन्द्र सुवेदी स्रष्टा देवकोटा : द्रष्टा परिवेशमा (सम्पा.)।

३. डा. ईश्वर बराल - झ्यालबाट (सम्पा.)।

४. शारदा छेत्री - दर्शनशास्त्र।

## 6.10 मूल्यबृद्धिको निम्ति उत्तर

तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस्।

1. लक्ष्मीप्रसाद देवकोटाको जीवनी।

_______________________________________________

_______________________________________________

_______________________________________________

(प्रश्न 1 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 6.2 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

2. दर्शनको अर्थ प्रष्ट पार्दै पूर्वीय दर्शनको मूलभूत मान्यताहरूको चर्चा।

_______________________________________________

_______________________________________________

_______________________________________________

(प्रश्न 2 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 6.4 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

3. लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा दार्शनिक चिन्तन।

-----------------------------------------------------------------------

-----------------------------------------------------------------------

-----------------------------------------------------------------------

(प्रश्न 3 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 6.5 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

4. लक्ष्मीप्रसाद देवकोटाका कवितासम्बन्धी धाराणा ।

-----------------------------------------------------------------------

-----------------------------------------------------------------------

-----------------------------------------------------------------------

(प्रश्न 4 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 6.5 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

5.पूर्वीय र पाश्चात्य दर्शनको साम्य-भेदहरू।

________________________________________________

________________________________________________

___________________________________________

(प्रश्न 5 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 6.5 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

# एकाइ 7. बालकृष्ण समको जीवन र दर्शन

**संरचना**

**7.0** उदेश्य

7.1 परिचय

7.2 बालकृष्ण समको जीवन

7.3 बालकृष्ण समको कृतिहरू र व्यक्तित्व

7.4 दर्शनको अर्थ

7.5 दर्शनको परिभाषा

7.6 समका कृतिहरूमा अन्तरनिहित दार्शनिक चिन्तन

7.7 उपसंहार

7.8 सार

7.9 अनुशीलन

7.10 अतिरिक्त अध्ययन

7.11 मूल्यबृद्धिको निम्ति उत्तर

## 7.0 उदेश्य

प्रस्तुत एकाइको अध्ययन गरेपछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुन्छ –

• समको जीवका विविध मोड

• समकन कृतिहरूमा अन्तरनिहित दार्शनिक चिन्तन

• समका दार्शनिक पक्षको बिजभाव

• दर्शनका विविध पाटा र पक्ष

## 7.1 परिचय-

दर्शन भनेको विचार हो। दर्शन शब्द अङ्ग्रेजीको फिलोसफी ( philosophy ) शब्दको नेपाली रूपान्तर शब्द हो। नेपाली शब्दकोश अनुसार दर्शन शब्दोको अर्थ प्रकृती, ईश्वर , ज्ञान, विज्ञान, वस्तु, जीवन र चेतनाबारेको विवेचना र विश्लेषण गरिने विधा हो। प्रस्तुत एकाइमा बालकृष्ण समको जीवन र तिनका कुतिहरूमा अन्तरनिहित दर्शनको अध्ययन गरिएको छ। यसर्थ एउटा साहित्यिक कृतिमा दर्शनको अन्तरनिहित भावको अध्ययन गर्नुपर्दा दर्शनको अर्थ र परिभाषाको जानकारी हुन आवश्यक छ। एउटा कृतिभित्र दर्शन भन्नले, कृति भित्र लेखकले आत्मसात गरेको भाव चिन्तन सँग सम्बन्धित विषय हो। दर्शनको स्थुल रूपमा दुईवटा पाटा छन् – पूर्वीय र पाश्चात्य ।

पूर्वीय दर्शनको आधारभूमि तथा धरातल वेद हो अथवा पूर्वीय दर्शन आध्यात्मिक भाव धारामा आधारित छन्। यसरी नै पाश्चात्य दर्शनको भावभूमि विज्ञान तथा भौतिक यथार्थमा आधारित रहेको छ।

## 7.2 बालकृष्ण सामको जीवन

**(क) जन्म र बाल्यकाल –**

बालकृष्ण समको जन्म विक्रमसंवत् १९५९ को माघ २४ गतेका दिन काठमाडौंको ज्ञानेश्वर भन्ने ठाउँमा भएको थियो । पिता जनरल समरशमशेर जङ्गबहादुर राणा र माता कीर्तिराज्यलक्ष्मीका सुसम्पन्न राणा परिवारमा जन्मिएका समको बाल्यकाल भौतिक सुखसाधनले सम्पन्न थियो । देशकै माथिल्ला थहका परिवारमा जन्म लिएका हुनाले समले बाल्यकाल देखि नै शिक्षा ग्रहण गर्ने अवसर पाएका थिए। यति हुँदाहुँदै पनि सम आफूलाई विवश बालक ठान्थे। सबै सुख सुविधा सम्पन्न हुँदाहुँदै पनि सम आफै भित्र पीडित थिए।

सामन्ती राणा परिवारमा हुर्के बडे पनि सम नम्र, भद्र र शिष्ट थिए। यसै कारण उनी एकान्तप्रेमी, चिन्तनशील र भावुक कवि भए र मानवतावादी भए। समलाई बाल्यकालमा सबैले उनलाई भन्दा धेरै उनको दाजुलाई बढी माया गरे जस्तो

लाग्थ्यो र आफूलाई वास्ता नगरे जस्तो लाग्थ्यो। जसको सलस्वरूप समको बालक मनोविज्ञान प्रभाव पर्न गयो। उनी भन्दा एक वर्ष तीन महिना ठूला दाजु पुष्करशमशेर जङ्गबहादुर राणा सानैदेखि शारीरिक अक्षम थिए। त्यसै कारण परिवारका सदस्यहरूले उनीमा बढी सहानुभूति देखाउँथे। समलाई यसै कारण आफ्नो स्वास्थ शरीरको सबैले ढाहा गरेझैं लाग्थ्यो । यसैले कहिलेकाही समलाई आफू पनि बिमारी भएदेखि घरका सबैले माया गर्ने थियो भन्ने लाग्थ्यो । यसै कारण सम एकान्त प्रेमी, मानसिक चिन्तामा घोरी रहने, रून्ने र कल्पनाको संसारमा रमाउने प्रवृत्तिका भए। यसै प्रवृतिले उनलाई संवेदनशील र बौद्धिक कवि बनायो ।

**(ख) शिक्षा र सेनामा कार्य –**

समको प्राथमिक शिक्षा काठमाडौंको दरबार हाई स्कुलबाट सुरु भयो। समले म्याट्रिक परीक्षा कलकत्ताबाट दिए। त्यसपछि उनले त्रिचन्द्र कलेजमा विज्ञान विषयमा पढ्न भर्ना भएका थिए। जहाँबाट उनलाई पढाइ पूरा नभई सेनामा काम गर्न जबरजस्ती  लगियो । जहाँपछि उनी सेनाका कप्तानसम्म भए। पढाइलाई यसरी जबरजस्ती छाड्नपर्दा समलाई हुनसम्म कै दुःख लागेको थियो। सेनामा समको बढुवा लेफ्टनेन्ट् कर्णेलसम्म भएका थिए।

**(ग) विवाह र अन्य-**

वि.सं १९७५ वैशाख २१ गतेका दिन समको बिहे मन्दाकिनी सम सँग भयो। वि.सं १९७० सालमा खुलेको 'गोरखा भाषा प्रकाशिनी समिति' को नामबाट 'गोरखा' शब्द हटाइ ' नेपाली' तथा ' नेपाली भाषा प्रकाशिनी समिति' बनाइनुमा समको ठूलो देन छ। ' गोरखा' शब्दले नेपालका सम्पूर्ण जनताको प्रतिनिधित्व गर्दैन 'गोरखा' को ठाउँमा 'नेपाली' हुनुपर्छ भनेर समले नै त्यसबेलाको राणा प्रधानमन्त्री 'जुद्धशमशेर राणा' सँग अनुरोध गरेका थिए।

' गोरखा भाषा प्रकाशिनी समिति', 'नेपाली भाषा प्रकाशिनी समिति' बनेपछि सम निकै वर्षसम्म त्यस समितिका अध्यक्ष पदमा रहेका थिए।

यसपछि सम त्रिचन्द्र कलेजमा नेपाली भाषा र साहित्यको प्राध्यापक भई कार्य गर्न थालेका थिए। त्यति नै बेलादेखि एउटा अप्रिय घटना उनीसँग गाँसिनु आइपुगेको देखिन्छ । राणाहरूका अन्याय र अत्याचारले सिमा नागेकोले सबै नेपाली जनता क्रोधित भई सकेका थिए। विशेषगरि त्यसको प्रत्यक्ष प्रभाव

कलेजका शिक्षित युवाहरूमा परेको थियो र भित्रभित्रै अग्नीजुल्ला सल्किसकेको थियो। दशरथ चन्दहरूलाई वि.सं १९९७ राणा विरोधी काण्डमा सामेल रहेको भनेर प्राणदण्ड दिइसकेको थियो। भित्रभित्रै सल्केको विद्रोहीको  अग्नी ज्वालाको एउटा झिल्का स्नातकका छात्र लक्ष्मीनन्दन चालिसेको उत्तरपत्रमा भेटियो। जहाँ लेखिएको थियो ' पृथ्वीनारायण शाहको उदय नभएको भए यी नपुंसक राणाहरूले कही गर्न सक्तैनथे' भन्ने वाक्य। त्यहीँ उत्तरपत्र बालकृष्ण समले जाँच्नु पर्ने थियो। यस्तो देख्दा सम अतालिए - स्वभाविक पनि थियो। यस्तो विषयलाई दबाउँदा आफूलाई उत्तरपत्र जाँच्न लाउने ' गोकुल चन्दले हेरिसकेका थिए र आफैमा राणाशासन विरोधीको आरोप लाग्ने डर थियो। नदबाऊँदा पनि एकजना प्रतिभाशाली युवकको जीवन अप्ठ्यारोमा पर्न जस्ता दोधारमा परे सम। उनलाई उदारवादी देखेर राणाहरू शङ्का गर्थे गर्थे भने जनताचाहिँ उनलाई अन्य सामन्ती राणाहरूझै ठान्दथे। त्यसताका समको जीवन अचानोकै धारमा थियो।

लक्ष्मीनन्दन चालिसेका प्रशस्तै गद्य र पद्यहरू उसबेलाका ' उद्योग' भन्ने पत्रिकामा छापिन्थ्यो। उपर्युक्त उत्तरपत्र समकोमा आइपुग्न अघि नै लक्ष्मीनन्दनको लेख ' उद्योग' मा छापिँदा शिक्षानिर्देशक जङ्गबहादुर राणाले लेखकका पिता चक्रमणि चालिसेलाई पन्ध्र रुपियाँ र रेखदेख नगरेकोमा समलाई बीस रुपियाँ जरिमाना तिराइसकेकाले र ' नेपाली भाषा प्रकाशिनी समिति' बाट कुस्लेको किताब पास गरेकोमा पनि समलाई जरिमाना तिराइसकेकाले सम बढी सचेत भएका थिए। यसैकारण चालिसेको उपर्युक्त वाक्यबारे मृगेन्द्रशमशेरलाई सुनाए। यसहुँदा मृगेन्द्रशमशेर राणाले ' डाक्नु, म सम्झाउँछु' भन्दछ। फेरि लगत्तै कुन्नि के भएर हो मृगेन्द्रशमशेरको धारणा बदलिन्छ र चीफ बुबाकहाँ  जान लाग्या छु, एकपल्ट त्यस केटाले बाबुलाई पनि डाँडा कटाउनु लागिसक्यो भनेर बिन्ती गर्छु' भने। मृगेन्द्रशमशेर राणा पदमशमशेर राणाकोमा गएपछि सो कुरो राख्दछ । सोकुरा पछि पदमशमशेरले टेलिफोनबाट प्रधानमन्त्री जुद्धशमशेर राणालाई बताउँछन् । जुद्धशमशेर आगो थियो भर्खर दशरथ चन्दहरूलाई गोली ठोकिराखेका थिए। जुद्धशमशेरले फोनैबाट ' बुझ्यो, बाह्र वर्ष कैद ठेसिदिनु त्यस काठालाई' भने। पदमशमशेरले 'बाह्र वर्ष त बढता भो कि?' भन्दा ' त्यसो भए छ वर्ष त' भनेर जुद्धशमशेरले फोन राखे रे । पदमशमशेरलाई निकै पश्चात्ताप भयो रे ।

समले गर्दा भएको यो घटना वि.सं १९९८ तिरको हो। झ्यालखानामा परेपछि क्षयरोग र जरोको कारण २००२ मा मर्ने बेलामा छुटी घरमै मृत्यु भयो। चालिसे थुनुवा भएकोमा समको पनि हात देखिन्छ तर उनको मृत्यु समको कारण नभएर निरङ्कुश राणातन्त्रको नै देखिन्छ।

राणाहरूको शासनकालमा तीन थरी राणाहरूको बीचमा सम्बोधनका शब्दहरू सामन्ती हुँदा केही अप्ठ्यारो हुन गएको थियो । दोस्रो र तेस्रो श्रेणीका जर्नेललाई पहिलो कर्णेलले ' हजुर' भन्न गाह्रो मानेकाले अङ्ग्रेजी भाषाको 'यु' शब्द प्रयोग गर्न थालेका थिए। मातृभाषा प्रति राणाहरूले यसरी घृणा गरेको देख्दा बालकृष्ण समलाई दुःख लागिरहेको थियो। यश समय हृदयचन्दसिंह प्रधानले 'कही नेपाली नाटक' भन्ने पुस्तकको लेखोट देखाए ।त्यस समयको चलन अनुसार त्यहाँ समलाई 'हजुर', ' मौसूफ', ' लेखिबस्केको' जस्ता शब्दहरू प्रयोग गरेका थिए। समले प्रधानलाई साहित्यको आलोचनामा यस्ता सामन्ती शब्दहरूको प्रयोग नगर्ने सल्लाह दिएका थिए। वि.सं २००२ सालतिरको कुरो हो यो।

यश समय नेपाली जनतामा विस्तारै राजनैतिक चेतना बढ्दै गएको थियो । वि.सं २००२ सालदेखि नेपालीमा सशस्त्र जनक्रान्ति थालिएको थियो। अङ्ग्रजहरू पनि भारतबाट गई सकेको थियो र भारत स्वतन्त्र भई सकेको थियो। राणाहरूलाई कुटनैतिक ज्ञानदिने अङ्ग्रेजहरू नै भारतबाट गइसकेकाले राणाहरू नाडी हड्डी खुस्कि सकेको थियो । यसैबीच सम र अन्य तीनजना सँग मिलेर राजीनामा दिए तर पछि प्रधानमन्त्री र अरूहरूले फकाए पछि सम बाहेक अरूले राजीनामा फिर्ता लिए। समले चाहिँ तीनवटा सर्त राखे जसमा एक दिल्लीबाट श्री ५ त्रिभुवनको स्वदेश फिर्ता हुनुपर्छ, दुई नेपाली काङ्ग्रेसले मान्यता पाउनुपर्छ र तीन नागरिक अधिकार दिइनुपर्छ।

समको त्यस्तो सर्त राणालाई स्विकार्य भएन। यसैले समले राणा बिरोधी जनआन्दोलनलाई सम्बोधन गर्दै रानीपोखरीतिर खुला रूपमा हिडन थाले। समले आफू रगतले राणा भएको कारण राणाहरूले गरेको पापबाट मुक्त हुने एउटै मात्र उपाय देखे जनताको आन्दोलनमा आफू पनि सरिक भएर जनताको अधिकार दिलाउने । यसैकारण उनी जनक्रान्तिमा सहर्ष भाग लिनथाले। सरकार विरोधी भाषण दिरहेकै ठाउँबाट उनी आफ्नो छोरो जनार्दन समसितै पक्राउ परे। उनीहरूसँगै पक्राउ परेका अरूले गोदाइ खाए तापनि उनीहरूले राणा भएका

कारणले यस्तो शारीरिक यातना सहन परेन। यसरी गोदाइ खानेहरूमा एकजना व्यक्ति मृत्यु पनि भयो।

यसरी थुनुवा परेको समय समले तीनवटा प्रण गरे । पहिलो उनले सामन्ती पाराको स्वस्ति, कुर्णेस र खुट्टमा ढोग्ने प्रथाको सट्टा सबैले समानता रहेको 'नमस्ते' अभिवादनलाई स्विकार गर्ने। दोस्रो समानता, सहृदयी र आदरबोधक ' तपाई' भन्ने सम्बोधन प्रयोग गर्ने। तेस्रो भादगाउँले टोपीलाई राष्ट्रियता दिने। सातसाले क्रान्तिपछि सम थुनाबाट छोडिएपछि उनी सोझै आफूसँग थुनुवा पर्दा राणाहरूको गोदाइ खाएर मृत्यु घर गएका थिए। त्यहीँबाट अत्याचारी राणाहरूको शमशेर उपादी त्याग्दै शमशेरबाट सम भए।

बालकृष्ण समले त्यसपछि नेपाल रेडियोमा निर्देशकको पदभार सम्हाले र २०१२ देखि केही दिन 'गोर्खापत्र' का प्रधान सम्पादक भएर कार्य गरेको थियो । वि.सं २०१४ सालमा 'शाही नेपाल एकेडेमी' ( अहिलेको ' नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।') को स्थापना भएपछि पहिला त्यसको सदस्य र पछि त्यसका उपकुलपति भई कार्य गरेका थिए। जहाँबाट वि.सं २०२८ साल साउन २४ गतेदेखि अवकाश प्राप्त गरि जीवन बिताए। वि.सं २०२९ सालमा त्रिभुवन विश्वविद्यालयबाट 'विशेष उपाधि' पनि पाएका थिए। यसका साथै प्रज्ञाप्रतिष्ठानको सर्वश्रेष्ठ 'पृथ्वी प्रज्ञा पुरस्कार' वि.सं २०३५ मा पाएका थिए। वि.सं २०३८ मा उनको मृत्यु भयो।

## 7.3 बालकृष्ण समको कृतिहरू र व्यक्तित्व –

बालकृष्ण समले नेपाली साहित्यका विविध विधामा कलम चलाएका छन्। समले साहित्यका कविता, कथा र निबन्ध विधामा पनि कलम चलाए तापनि प्रमुख रूपले नाटक विधामा प्रभाव रहेको देखिन्छ। तथापि उनको अन्य साहित्यिक कृतिहरू पनि कमसल रहेको छ भन्न सकिदैन। साहित्यिक गुणले समको सबै कृतिहरू नै उत्कृष्ट रहेको छ। समले साहित्यिक कला द्वारा मात्र आफ्ना भाव अभिव्यक्ति गरेनन् चित्रकलामा पनि उनको उतिकै पारङ्गत रहेका थिए। समले आफ्ना नाटकहरूका प्रमुख पात्रहरूको अभिनय गरेर पनि कहिलेकाही दर्शकहरूलाई मुग्ध पारेका छन्। प्रारम्भिक अवस्थामा सम ईश्वरवादी थिए।

उनीपछि नास्तिक भए। ' नियमित आकस्मिकता' (२००५) यश समय लेखिएको उनको दार्शनिक ग्रन्थ हो।

दार्शनिक विचारधाराको विकासले उनलाई 'आगो र पानी' मा विज्ञानको सहायता लिएर पृथ्वी सिँगार्न चाहने मानवतावादी भाव देखिन्छ। ' प्रह्लाद'( १९९५) मा नै ज्ञान र विज्ञानले मित्रता गर्नुपर्छ भनी उनले उदार मानवतावादी दर्शनलाई अँगालिसकेको देखिन्छ। अन्त्यतिर उनी ' ओं खंब्रह्म' का पक्षपाती भएका थिए। वेदको अध्ययनबाट उनी यसरी ब्रह्मवादी हुन पुगेका थिए।कुनै पनि लेखकमा विचारको स्थिरताले मूढाग्रही एकोहोरोपन ल्याउन सक्छ। विचार त सधैँ गतिमय हुनप्छ खोलाझै, छाताछुल्ल, हुँदै उर्लनुपर्छ, त्यो समयसमयमा सामुन्द्रिक छालझैँ र परिवर्तनशील र विकासशील हुनुपर्छ,  त्यो रूखका मुनाहरूझैँ प्राणीहरूको वृद्धिझैँ र मानवहरूको सभ्यताझैँ। समका दार्शनिक विचारहरूको यहीँ गतिमयताले, यहीँ तर्कपूर्ण विकासशीलताले र यही समयसमयको उर्लाइले उनका साहित्यिक रचनाहरूमा जीवन दिएका छन्। यही वैचारिक गतिमयता नै समको व्यक्तित्व हो र यसै व्यक्तित्वबाट उनका रचनाहरू निर्मित भएकाले ती पठनीय र प्रशंसनीय छन्।

उनको मुख्य क्षेत्र नाटक हो र उनका नाटकहरूले नेपाली साहित्यलाई धनी तुल्याएका छन् तापनि उनले नेपाली कविता, कथा र निबन्धका फाँटमा गरेका योगदनाहरू कम्ती महत्त्वका छैनन्। सातसाले क्रान्तिअघिका वर्षहरूमा नेपाली साहित्यका तीन महान् व्यक्तिहरू लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा र बालकृष्ण समलाई नै मानिन्छ। यहाँनीर दाँज्ने हो भने लेखनाथ पौड्याललाई संस्कृत छन्दमा लेख्ने वेदवादी दर्शनका अनुयायी र परम्परावादी तथा लक्ष्मीप्रसाद देवकोटालाई प्रतिभाका किरणहरू निस्फिक्री बग्रेल्ती छरिहिडने कल्पनावादी र स्वच्छन्दतावादीका रूपमा देखिन्छ भने बालकृष्ण समलाई अनुशासित पाराले योजनाबद्ध रचनाहरूको निर्माण गर्ने कुशल कलाकार र बौद्धिक सर्जकका रूपमा खडा भएको देखिन्छ ।

पशुपतिका पुजारीलाई एक रुपियाँ दिएपछि पाइने फूलमाला लेखनाथ पौडेलको रचना हो भने अलपत्रशीत ढकमक्क फुलिरहेको गुलाफको काँडैसहितको झ्याङ लक्ष्मीप्रसाद देवकोटाको रचना हो अनि विभिन्न प्रकारका सुगन्धमय फूलहरूलाई छाँटले टिपेर सुन्दर बैठकको टकटकाउँदो लुगाले छोपेको टेबलमाथि कलात्मक फूलदानमा सजाएको दृश्य समको रचना हो। यसरी समको कृति कृत्रिम हुन्छ,

सुकसुकाउँदो हुन्छ, कलात्मक हुन्छ र हेरिरहूँ जस्तो हुन्छ। यसैले त्यो मोहनीमय र नाटकीय हुन्छ।

**(अ) बालकृष्ण समको कृतिहरू-**

(क) कविता र खण्डकाव्य -

१. आगो र पानी ( वि.सं २०११)

२. चिसो चूह्लो ( वि.सं २०१५)

३. फुटेको फूलदान ( वि.सं १९९२ 'शारदा' पत्रिकामा प्रकाशित )

४. कवि र कविता ( वि.सं १९९२ 'शारदा' पत्रिकामा प्रकाशित )

५. कागसित (वि.सं १९९२ 'शारदा' पत्रिकामा प्रकाशित )

६. बहुलाहाले ( वि.सं १९९३ ' शारदा' पत्रिकामा प्रकाशित )

७. स्वर्ग र देवता ( वि.सं २००४ 'साहित्य स्रोत' पत्रिकामा प्रकाशित )

८. नेपाल आमासित झगडा ( वि.सं २००६ 'शारदा' पत्रिकामा प्रकाशित )

९. म कहिल्यै पनि मर्दिनँ

१०. म नयाँ चहान्छु ( वि.सं २०१७ 'झङ्कार' मा प्रकाशित)

११. म नाङ्गै बोल्छु ( वि.सं २०१७ सालमा 'नेपाली' मा प्रकाशित )

१२. मेरा नुहाउने कोठा (वि.सं २०२३ सालमा 'कविता' मा प्रकाशित )

१३. मृत्युपछिको अभिव्यञ्जन ( वि.सं २०२३ सालमा ' युय प्रेरणा' मा प्रकाशित )

(ख) कथा

१. पराई घर (शारदा, १९९२)

२. देवराली (शारदा, १९९३)

३. तलतल ( शारदा , १९९३)

४. खुकुरी ( शारदा, १९९४)

५. हरिसिद्धि ( शारदा, १९९७)

६. शरण ( कथाकुसुम, १९९५)

७. कैकेयी ( कथाकुशुम, १९९५)

८. फुकेको बन्धन ( कथाकुसुम, १९९५)

९. टाँगन घोडा ( झ्यालबाट, २००६)

१०. रूपको मूल्य ( नेपाली पाठसङ्ग्रह, २०१२)

११. यौवन र सुन्दरता ( शारदा, १९९८)

१२. नौली ( रूपरेखा, २०१९)

(ग) निबन्ध, प्रबन्ध र जीवनी-

१. नियमित आकस्मिकता ( दार्शनिक ग्रन्थ, २००५)

२. मेरो कविताको आराधन ( उपासना १, चम्पु, २०२३)

३. मेरो कविताको आराधन ( उपासना २)

४. बर्दहामा सिकार ( निबन्ध, ' शारदा' मा प्रकाशित , १९९१)

५. नेपाली ललित कला ( मूर्तिकला, चित्रकला, ईतिहास, साहित्यहरूका चित्र तथा रूपरेखा, २०२२, प्रकाशित )

६. त्यो ( निबन्ध, ' शारदा' मा प्रकाशित, १९९२)

७. पानी ( निबन्ध, 'शारदा' मा प्रकाशित, १९९३)

८. हाम्रा राष्ट्रिय विभूतिहरू ( संक्षिप्त जीवनी, २०४४)

(घ) एकाङ्की नाटक-

१.बोक्सी (१९९९)

२. भतेर ( २००९)

३. तपोभूमि (२०१४)

४. विद्याधनं सर्वधनप्रधानम् ( २०२०)

५. नालापानी ( २०२०)

६. रणदुल्लभ ( २०२०)

७. बुहार्तन ( २०२०)

८. अत्याधुनिकता (२०२०)

९. माटोको ममता ( २०२६)

१०. बिरामी र करुवा ( २०२७)

(ङ) पूर्णाङ्क नाटक-

१. मुटुको व्यथा (१९८६)

२. ध्रुव ( १९८६)

३. मुकुन्द इन्दिरा (१९९४)

४. प्रह्लाद ( १९९५)

५. अन्धवेग ( १९९६)

६. भक्त भानुभक्त (२०००)

७. म (२००२)

८. प्रेमपिण्ड ( २००९)

९. अमरसिंह ( २०१०)

१०. भीमसेनको अन्त्य ( २०१२)

११. तलमाथि (२०२३)

१२. तानसेनको झरी ( २०२७)

१३. अमित वासना ( २०२७)

१४. स्वास्नीमान्छे ( २०३३)

१५. मोतीराम ( २०३३)

१६. उ मरेकी छैन ( २०३५)

यसका अतिरिक्त समका अन्य थुप्रै अप्रकाशित एकाङ्की र पूर्णाङकि नाटकहरू छन्। समको साहित्यिक व्यक्तित्वबारे जान्न उनका नाटकहरूमा प्रयोग गरिएका नौला प्रयोग, दार्शनिक र काव्यात्मक अभिव्यक्तिहरू तथा कविता र कथामाहरूमा मनोवैज्ञानिक विश्लेषण र बौद्धिक कोमलतालाई हेर्नुपर्छ। उनको आत्मकथा र निबन्ध पनि कम रोचक, स्पष्ट र अध्ययनशील छैन। तथापि हामी उनका निबन्ध र कथाहरूलाई भन्दा बढी कविताहरूलाई र ती सबैभन्दा उनका नाटकहरूलाई बढी महत्त्व दिन्छौँ। उनका पद्यात्मक नाटकहरू नेपाली

साहित्यका अद्वितीय उपलब्धि हुन्। मानवव्यथा र मार्मिकतालाई तथा हार्दिक उल्लासलाई उनले जुन गाम्भीर्य साथ प्रकट गरेका छन् त्यस्तो नेपाली साहित्यमा बिरलै पाइन्छ।

## 7.4 दर्शनको अर्थ –

दर्शन – शब्द अङ्ग्रेजी भाषाको फिलोसफि ( philosophy) को नेपाली रूपान्तर शब्द हो । युनानी भाषाका दुईवटा शब्द मिलेर फिलोसफि शब्द बनिएको छ। ' philos ' र ' sophia' - philos को अर्थ हो प्रेम र sophia को अर्थ हो ज्ञान । यसरी दर्शनको अर्थ हुन्छ – ज्ञानबाट प्रेम। यस प्रकार मानिस आफ्नो जीवन अनि चारैतिर फैलिएको जगतबारे जान्ने इच्छा राख्दछन्। आफू वरिपरिका सबै प्रकारका ज्ञान प्रप्त गर्न चहान्छ – यसैका यसलाई दार्शनिकता भनिन्छ ।

दर्शन शब्दको व्यापक अर्थ पनि छ। जसले आत्म परमात्माको स्वरूप तथा ब्रह्माण्डको व्याख्या गर्दछन्,। अथवा यसबारे ज्ञानदिन्छन् साथै मानव जातिको विभिन्न समस्या अनि ज्ञान – विज्ञान आदिको तर्कपूर्ण ढंगमा विवेचना गर्दछ। यसका साथै कुनै पनि वस्तु तथा कार्यको तर्कपूर्ण ढंगमा विवेचना गर्ने कलालाई नै दर्शनशास्त्र भनिन्छ ।

नेपाली वृहत् शब्दकोश अनुसार – दर्शन शब्दको अर्थ प्रकृति , ईश्वर , ज्ञान, विज्ञान, वस्तु, जीवन र चेतनाबारेको विवेचन र विश्लेषण गरिने विधा भनिएको छ।

अङ्ग्रेजी अक्सफोर्ड डिक्सनेरीमा दर्शन शब्दको अर्थ यसरी दिएका छन् – The study of the fundamental nature of knowledge , reality and existence , especially when considered as an academic discipline .

दर्शन शब्द संस्कृति व्याकरण अनुसार दृश् दश्ने धातुमा अन प्रत्यय लागेर दर्शन शब्दको निर्माण भएको छ। यसर्थ देख्नु भन्नेले स्थूल ( चर्म) चक्षुले बाहिरी संसारलाई र सुक्ष्म ( ज्ञान- प्रज्ञा) चक्षुले आन्तरिक संसारलाई देख्नु भन्ने अर्थ लाग्दछ। जसद्वारा देखिन्छ र जसको तत्वबोध या साक्षत्कार हुन्छ। दर्शन शब्द विभिन्न अर्थ र तात्पर्यमा प्रयोग हुन्छ।

## 7.5 दर्शनको परिभाषा –

दर्शनलाई विभिन्न विद्वानहरूले आआफ्नै ढंग र आआफ्नै विषय क्षेत्रको परिप्रेक्षक आधारमा परिभाषित गरेका छन्। ति मध्ये प्रमुख प्रमुख परिभाषा तल प्रस्तुत गरिएको छ-

वाधवार्चाय अनुसार – दर्शान त्यस ज्ञानको नाम हो, जसका चक्षु अर्थात् रूपमा प्रकट हुने र आँखाले देखिने विषयहरू , चाहे ती अति नै सूक्ष्म वा अन्य कुनै वस्तु भित्र थातिएर रहेका वा धेरै टाढा रहेका किन नहोस् , ती सबको ज्ञान हुन्छ।

डा. राधाकृष्ण अनुसार " दर्शन वास्तविक स्वरूपको तर्कसङ्गत खोज हो। ( philosophy is a logical enquiry into the nature of reality.)

फिचरको भनाइमा " दर्शन ज्ञानको विज्ञान हो" (philosophy is the science of knowledge)

कांट अनुसार "दर्शन ज्ञानहरूको विज्ञान तथा आलोचना हो"(philosophy is the science and criticism of cognition)

पाश्चात्य दर्शनशास्त्री हियिन्नल अनुसार – दर्शनशास्त्र चिन्तन मात्र नभएर जीवन पद्धति पनि हो।

मोसि कर्नफोर्थ अनुसार – प्रत्येक दर्शनले एक मात्र नभई विश्व दृष्टिकोणका अभिव्यक्ति गर्दछ।

कार्ल माक्र्स अनुसार – हरेक सच्चा दर्शनशास्त्र आफ्नो युगको उच्चतम बौद्धिक सारतत्व हो।

यस भनाइबाट के स्पष्ट हुन्छ भने दर्शनशास्त्र भन्नाले मानव मनव चेतनाको सर्वत्र रूप हो । पूर्वीय विद्वानहरू अनुसार दर्शन भन्नाले आलोचनात्मक, व्याख्यात्मक, तार्किक, पर्यवेक्षण जस्तै – न्याय, वैशेषिक, साङ्ख्य, वेदान्त, योग, मीमांसा आदिद्वारा जीवन र जगतबारेको सम्यक् हेराइ गर्नु भन्ने अर्थ प्रस्तुत हुन्छ।

पाश्चात्य विद्वान हप्स भन्छन् मानिसले जहिले पनि राम्रो दर्शन र नराम्रो दर्शनबीच छनौट गर्दछन् – यश दृष्टिकोण मानव एकजना दार्शनिक प्राणीको रूपमा स्थापित हुन्छ।

दर्शनलाई अर्थ्याउने क्रममा पूर्वीय र पाश्चात्य विद्वानहरूका मतमा भावपक्ष एकै भए तापनि वैचारिकपक्ष अलगअलग रहेको छ। पूर्वीय विद्वानहरू आन्तरिक भाव दृष्टिलाई प्रमुखता दिदैँ आध्यात्मिक पक्षलाई आत्मसात् गर्दछन् भने पाश्चात्य विद्वानहरू यथार्थिक बौद्धिकतालाई जोडदिदैँ भौतिकपक्ष तिर लम्किन्छन्।

पूर्वीय दार्शनिक चिन्तकहरू अनुसार चर्चा गर्नु पर्दा लौकिक भन्दा परालौकिक शक्तिमा विश्वास गर्ने र ईश्वरवादी चिन्तन प्रबल रूपमा रहेका वेद, ब्राह्मण, आरण्यक, उपनिषद् , ब्ह्मसूत्र, भगवद्गीता, रामायण, महाभारत आदि आस्तिक दर्शनका विचारहरू नै दर्शन सम्बन्धी अवधारणाहरूको बिजभूमि हो भनउ भन्न सकिन्छ ।

पूर्वीय र पाश्चात्य दर्शनमध्ये पूर्वीय दर्शन परम्परामा आस्तिक र नास्तिक , वैदिक र अवैदिक, आत्मवादी र अआत्मवादी , ईश्वरवादी र अनईश्वरवादी भनेर दर्शनलाई कन्द्रीकरण गरिएको छ। वेद, ईश्वर र आत्मलाई स्विकार गर्ने दर्शनलाई आस्तिक अनि यसरी ती सबै माथि विश्वास नगर्नेखतथा स्विकार नगर्ने दर्शनलाई नास्तिक दर्शन भनिएको छ।

आस्तिक दर्शन अनुसार वेदान्त, वैशेषिक, न्याय, योग, मीमांसा पर्दछन् भने नास्तिक अन्तर्गत चार्वक, जैन र बौद्धिक दर्शन परेदछन्। तथापि कहिँ न कहिँ नास्तिक दरेशनको केन्द्रीय भाव पनि अदृष्य ईश्वरको सत्तामा नै केन्द्रित रहेको पाइन्छ।

जीवन र जगतका यावत् विषयवस्तुलाई हेरि, बुझि, वैचारिक, बौद्धिक र तार्किक व्याख्या गर्ने दृष्टिकोण नै दर्शनशास्त्र भन्न सकिन्छ। मानिसले आफू वरिपरिका पर्यावरण आफू बाँचेका परिवेश बारेमा चिन्तन गर्ने आधारशिला नै दर्शन हो भनी भन्न् सकिन्छ अथवा मानिसको विश्व दृष्टि नै दर्शन हो।

## 7.6 समका कृतिहरूमा अन्तरनिहित दार्शनिक चन्तन-

बालकृष्ण सम दार्शनिक लेखक हुन् । सम कल्पना, भावना र हृदयस्पर्शीताका लेखक नभई मूलतः दार्शनिक लेखक हुन्। उनी नेपाली साहित्य जगतमा लेखकहरूका लहरमा एकजना दार्शनिक लेखकका लहरमा अग्रिम तङ्क्तीमा रहेका छन् । यसका साथै उनले आफ्ना कृतिहरूमा दर्शनलाई आत्मसात् गरेका छन्। दर्शनद्वारा निर्देशित उनका कृतिहरूमा सूक्ष्मता र कठिनताले प्रवेश गरे तापनि प्रवद्ध पाठकका दृष्टिमा अप्रिय बन्न जाँदैनन् । विचारको श्रृङ्गार नै कविता हो भन्ने समले दर्शनको स्वागत गरेका नै छन्। सम साँचो अर्थमा नै एकजना दार्शनिक लेखक हुन् भन्ने कुरा उनका कृतिहरूमा प्रयुक्त विचारहरूले नै पुष्टि गर्दछ।

समको ' शारदा' पत्रिकामा वि.सं १९९१ असार महिनामा प्रकाशित 'स्वागत' कवितामा जन्म र मृत्यु माझमा केही विविधता छैन। यी देवै ईश्वरद्वारा रचिएका प्रपञ्च नियन्त्रित र निर्देशित छ भन्ने आस्तिक तथा ईश्वर केन्द्रित दर्शन प्रस्तुत भएको छ।

साहित्य यात्राको प्रारम्भतिर सम आस्तिक तथा ईश्वरवादी रहेका थिए। यसका साथै राष्ट्र प्रेम पनि उनका प्रारम्भिक साहित्य यात्राको केन्द्रीय स्वर थियो । यसकालमा देशभक्ति र शिवभक्तिको आस्था लिएर सम कृति रचना तर्फ उनमुख भएका छन्। जसलाई पुष्टि गर्न निम्नलिखित कवितांशलाई हेर्न सकिन्छ-

"इच्छा यो छ महेश, अन्तिम जसै त्यो मृत्युशय्याजली

मेरो एक्त सुकाउला म मरूँला बेहोस झै छटपटी

त्यो बेला मुखमा वुटीहरू परून् नेपालकै केवल

जे मा हिमशैलको छ मधुरो मीठो चिसो चम्बना।"

मरेपछि नेपालीहरू बसेकै ठाउँमा जन्मनु पाउँ भनी मसानपछिको आशा र साक्षी शिवलाई प्रार्थना गर्ने बालकृष्ण सम पछि गएर ब्रह्मवादी भएका छन्। समकको ईश्वरप्रतिको आस्था कहिले स्थिर नभए तापनि प्रारम्भिक समयका काव्यहरूका पंक्ति पंक्तिमा ईश्वरवादी चिन्तन पाइन्छ।

यसकालका कविताहरूमा समले परम्परागत ईश्वरीय मान्यताहरूलाई नै अंगालेको देखिन्छ। मानिस जीवनमा आइपर्ने जस्तोसुकै कष्टहरू, वाधाहरू , व्यवधानहरू असफलताहरूबाट छटपटिएको अवस्थामा सहानुभूतिका हात

फैलाई सधैँ रक्षा प्रेरणादायी प्रेमूर्तिका रूपमा समले ईश्वरलाई नै देखाएका छन्। समको विभिन्न कविताहरूमा जीवनदर्शनका गहिरो अभिव्यक्ति भएको पाइन्छ।

समको एउटा सफल गद्यकविता ' स्वर्ग र देवता' शीर्षक कविता हो। यसै कविता मार्फत गद्यकविताको क्षेत्रमा सम हात लम्किएको देखिन्छ। वि.सं २००५ सालमा ' नियमित आकस्मिकता' शीर्षक भएको दार्शनिक ग्रन्थ प्रकाशित भयो। यहीबाट समको जीवनमा आस्तिकवादी देखि नास्तिकवादी भावधारातिर ढल्किएको पाइन्छ। सम आस्तिकवादी देखि नास्तिकवादी भए तापनि पूर्णतः उनको नास्तिकवादी भाव ईश्वर विमुख नभएर मानवतावादी भावधारातिर ढल्केको देखिन्छ। यसरी नै समले अध्यात्मवाद तथा भौतिकवादलाई एकैमुष्ठमा फिर्के लाएर प्रस्तुत गर्ने नौलो कार्ग पनि गरेका छन्। वास्तविक रूपमा यहाँ कुनै पनि घटना, कुनै पनि कार्य आकस्मिक हुदैन त्यसकापछि कुनै न कुनै नियमित संसारचक्र चलिरहेकै  हुन्छ भन्ने रहेको छ। समको 'आगो र पानी ' खण्डकाव्यमा पाठकहरू कविताभन्दा वैचारिक एवम् दार्शनिक मान्यताहरूको अभिव्यक्ति पढन पाइन्छ भन्ने नेपाली साहित्यका पाठकहरू आज पनि उतिकै सङ्ख्यामा वृद्धि भई रहेको छ।

समको वि.सं १९९५ मा प्रकाशित ' प्रह्लाद ' नाटक पौराणिक विषयवस्तुमा आधारित नाटक हुनका साथै उत्कृष्ट दार्शनिक चिन्तनको प्रस्फुटन भएको कृति पनि। हिरण्यकशिपु र प्रह्लाद , दुई बाबुछोरा माझको संघर्षको कथा यस नाटकमा प्रस्तुत रहेको छ। प्रह्लाद नाटकमा समले आस्तिक र नास्तिक दर्शनलाई चिनाउन लेखेका नाटक हो भन्दा अतियुक्त नहोला। वि.सं १९९५ सम्ममा समको मानसिक मैदानमा  विकसित आस्था नै प्रह्लाद नाटकको दर्शन हो। यसको प्रतिनिधि तथा प्रतीकात्मक चरित्रहरू हुन्- प्रह्लाद र हिरण्यकसिपु। प्रह्लाद आस्तिक दर्शनको प्रतिनिधि चरित्र हो घने हिरण्यकसिपु नास्तिक दरेशनको प्रतिनिधि चरित्र । यथार्थमा यश नाटकको आन्तरिक संघर्ष भनेको आस्तिक र नास्तिक दर्शनमाझको संघर्षको हो। नाटकको आदिदेखि अन्त्यसम्म प्रह्लाद आस्तिक दर्शनमा र हिरण्यकसिपु नास्तिक दर्शनमा अडिग रहेको छ। यसैले प्रह्लाद बाबू हिरण्यकसिपुको संसारलाई पिँजरा ठान्दछन् – र भन्छन्-

ज्ञान मर्दछ हाँसेर, रोइ विज्ञान मर्दछ।

Notes

नाटकको आदिदेखि अन्त्यसम्म ज्ञानवादी र विज्ञानवादी पात्र आआफ्नै आस्थामा दृढ छन् – र संघर्ष छ। यश नाटकमा सम - वर्तमान समयमा मानव सभ्यतामा विज्ञानले जतिसुकै प्रगति गरे तापनि विज्ञानले आफै प्रगतिबाट आफै नाशिदै गई रहेको छ – भन्ने पक्षमा छ।

यश नाटकका पात्र 'हला' ले हलाहल नामक बीस लामो समयको साधनारत अध्ययनबाट आविष्कार गरेको भए पनि अन्त्यमा त्यहीँ विषको कारण हलाको मृत्यु हुन्छ। यहाँ समले यस घटनाबाट वर्तमान समयमा विज्ञानद्वारा आविष्क्रित हातहतियारहरूको कारण मानव समाजलाई खतरा रहेको साथै यसैको कारण मानव सभ्यता विनाशको सम्मुखिन् हुनपर्ने स्थिति रहेको बताउन चाहेका छन्।

श्रीमद्भागवत गीताको मुख्य प्रतिपाद्य विषय ज्ञान योग हो। यश संसारमा ज्ञान जस्तो पवित्र वस्तु निःसन्देह अर्को केही छैन्। आफ्नो आात्मा शुद्ध गर्न मानिसलाई ज्ञानको आवस्यकता पर्दछ । मानिस काम नगरी बस्न नस्क्ने प्राणी हो। मानिसले प्रतेक क्षण केही न केही कर्म गरेकै हुन्छ र मानिसले चाहेर नचाहेर भए पनि केही नकेही कार्य गर्नु नै पर्छ। कर्म नगरीकन मानिसको जीवन निर्वाह सम्भव पनि छैन। खानु, बस्नु, सत्नु, चिन्तन गर्नु आदि पनि सबै कर्म हुन्। समले प्रह्लाद नाटकमा मानिसले कर्म गर्नुपर्छ, भन्दैमा कहिल्यै पनि अहङ्कारपूर्ण कर्म गर्नु हुदैँन भन्छन्। अहङ्कारपूर्ण कर्म गर्दा मानिस त्यही अहङ्कारपूर्ण घमण्डमा अन्त्य हुन्छ, यसैले जीवन मोक्षका लागि मानिसले नास्तिक, ललेच्छा, ममता र अहङेकार त्याग गरी कर्म गर्नुपर्छ। सम ज्ञानलाई मात्र होइन, जीवनयापनका क्रममा विज्ञानलाई पनि आवश्यक ठान्छन्। विज्ञानको वैज्ञानिक उन्नतिमा वा आविष्कारमा संसारलाई सृष्टि र प्रलय रहन्छ भन्ने विचारलाई सम स्वीकार्दैनन् र विज्ञान एक प्रकारको कर्म हो भन्छन्। मानिसले कर्म गर्छन्, कर्म गरिन्छ। विज्ञानवादीहरू कर्म मात्र नगरेर त्यसको फल पनि भोग्न चहान्छन्। विज्ञान कर्म हो, कर्म गर्नुपर्छ, तर फलमा आशा राख्नु हुँदैन भन्ने धारणा सम व्यक्त गर्दछन् –

विज्ञान कर्म हो, कर्म गर्नुपर्छ, गरिन्छ त्यो; परन्तु

बुद्धिमानी हो ज्ञानी निष्काम पाउनु त्यो कर्ममा छ विज्ञान आफू

बाहिर ज्ञान छ : आफूभित्र ऊ टाढा छ, खोजीमा हिंड्नु पर्दछ।

स्वस्थ समाजको उन्नतिका लागि मानिसले आत्मालाई चिन्न सक्नुपर्छ। निष्काम कर्म गरि अगाडी बढ्नु पर्छ। भौतिक दर्शन बाह्य ज्ञान र आध्यात्मिक दर्शन

आन्तरिक ज्ञान हो भन्ने पक्षमा सम छन्। विज्ञानको आविस्कारले शारीरिक उन्नति गर्छ आत्मिक उन्नति गर्न सक्तैन भन्ने तथ्य नाटकमा व्यक्त भएको छ। वैज्ञानिकहरू आफ्नो आविस्कार मानवसमाजलाई स्वास्थ र विकसित गराउन लालायित रही चारैतिर वैज्ञानिक प्रभाव जमाउन चहान्छन्। कृत्रिम विज्ञानवादका सामुन्ने ज्ञानवाद अन्धो जस्तो देखिन्छ। यो शाश्वत सत्य होइन। विज्ञानवादले लक्ष्य प्राप्त नगर्दै उसलाई दुःखपूर्ण पतन हुन्छ र ज्ञानवादले सानदार विजय प्राप्त गर्छ भन्ने धारणा सम व्यक्त गर्छन्-

अन्धो घस्रन्छ बाटोमा बत्ती अड्दछ मार्गमा

बत्ती जङ्गलमै निभ्छ अन्धो पुग्छ बासमा।

प्रस्तुत नाटकमा सम आध्यात्मवादी पूर्वीय दर्शनबाट प्रभावित छन्। समले ईश्वर जगतमा व्याप्त छन्, ईश्वर नभएको ठाउँ कतै छैन; मानिसले सबैलाई ठग्न सक्छ; विभिन्न कुराले मानिसलाई छल्न सकेछ बनावटी कुरा गरेर मानिसलाई ढाँट्न सक्छ, तर उसले ईश्वरलाई ठग्न, छल्न र ढाँट्न सक्तैन भन्छन्। ईश्वरको कीर्तन गाइने घर घर नभएर त्यो मन्दिरमा हो र ईश्वरको ध्यान गर्ने व्यक्ति व्यक्ति नभएर पुण्यात्मा र उसको आत्मा आत्मा नभएर परआत्मा हो भन्ने धारणा सम नाटकमा व्यक्त गर्छन्-

जुन घरभित्र विष्णुको पुजा हुन्छ, त्यो घर घर होइन मन्दिर हो, जुन आत्माभित्र विष्णुको ध्यान हुन्छ, त्यो आत्मा होइन परमात्मा हो।

आत्माज्ञान कहिल्यै पनि प्रत्यक्ष रहदैन ।आत्माज्ञान प्रत्यक्ष भयो भने यो क्षणभङ्गुर ,परिवर्तनशील र प्रत्यक्ष अन्य वस्तु समान हुन्छ ।जग्तमा कार्य-कारक सम्बन्ध वस्तुगत हुदैन ।ईश्वरले प्रत्यक्ष वस्तुको बीचमा स्थायी तथा समरुपको व्यवस्था गरेका छन् ।जीवनजगतको प्राकृतिक नियम ईश्वरको स्वतन्त्रता निर्भर रहन्छ ।आध्यात्मवादले आत्मालाई परमसत्ता मान्छ ।नाटकमा सम यही परमसत्ताका पक्षमा छन् ।आध्यात्मवादमा जीवनजगत् अनिशश्चित क्षणिक र स्थायी,व्वविस्थित र नियमानुकूल रह्नछ।भौतिकवादमा जीवनजगत् अनिश्चित क्षणिक र स्थायी, व्यवस्थित र नियमानुसार असम्बद्ध रहन्छ। अध्यात्मवाद मानवमनको कुरा हो भने भौतिकवाद मानवभन्दा बाहिरको कुरा हो। अध्यात्मवादमा नै सिङ्गो ब्रह्माण्डको आदिरूप निहित रहन्छ। ईश्वरको शरणमा

परेको जीवजीवात्माले सफलता पाउँछ भन्ने तथ्यलाई समे नाटकमा प्रह्लादले ईश्वरको शरणमा परी हरिनाम जपेर सफल भएको तथ्यद्वारा पुष्टि गरेका छन्।

ज्ञानै नै संसारमा सबै भन्दा ठूलो कुरा हो। ज्ञानको उत्पन्न ज्ञेय र ज्ञाताको परस्पर संयोगद्वारा हुन्छ। भौतिकवादको जड पदार्थमा निर्भर रहेको छुन्छ। जसको उत्पन्न विज्ञानको प्रभावबाट भएको छुन्छ। समले आफ्नो नाटकमा विज्ञानको आविष्कारलाई आलोचना गरेका छैनन् । आजको आधुनिक युगमा विज्ञानको नयाँनयाँ आविष्कार महत्त्वपूर्ण छ। विज्ञानवादीहरूले विभिन्न वैज्ञानिक आविष्कार गर्नुपर्छ तर विज्ञानको आडमा घमण्डपूर्ण कार्यहरू गर्नु हुदैन। अपितु सारा मानव संसारको भलाइ कुभलाइ नहेरी, नबुझी, नजाँची वैज्ञानिक आविष्कार गर्ने क्रममा संसारलाई नै दुःखपूर्ण पतनतिर लगिरहेको हुन्छ।

समले आफ्नो नाटकमा ऐतिहासिक विषयवस्तुको जीर्णोद्वार र प्राचीन भव्य सांस्कृतिक गौरवलाई पनुरूत्थान गर्ने प्रयास गरेका छन्। अतीतको चित्रणद्वारा सम्पूर्ण नेपालीमा राष्ट्रिय एकताको सन्देश दिन चहाने समले नाटकमा इतिहास र सांस्कृतिक गौरवको पुनरूत्थानको भाव प्रकट गरेका छन्। भीमसेनको अन्त्य, अमरसिंह, मुकुन्द इन्दिरा, म, अन्धवेग, प्रेमपिण्ड, मुटुको व्यथामा, नेपाली सांस्कृतिक विशेषताको चित्रण भएको छ। मुटुको व्यथा, मुकुन्द इन्दिरा, ध्रुव, प्रह्लाद, अन्धवेग, म , भीमसेनको अन्त्य, अमरसिंह , प्रेमपिण्ड, रणदुल्लभ, राष्ट्रिय र सांस्कृतिक चेतना तथा जागरणको स्वर प्रमुख रहेको छ।

नाटकमा नेपाली संस्कृतिको शाश्वत तथा सार्वकालिक आदर्श, मूल्य एवम् मान्यताको विशद चित्र प्राप्त भएको छ। समको लक्ष्य विलासी र स्वार्थमा डुवेको राष्ट्रवासीहरूलाई व्यक्तिगत स्वार्थगत स्वर्थबाट मुक्त गराइ उनीहरूमा देशप्रेमको पवित्र आस्था जगाउनु रहेको छ। अमरसिंह र भीमसेनको अन्त्यमा तत्कालीन संस्कार मूल्य- मान्यता , आचार – व्यवहार, शासन, सामाजिक पद्धति, नियमकानुन, देशप्रेम र नेपाली मानसिकताको विश्लेषण भएको छ। प्रह्लाद , ध्रुव, मुकुन्द इन्दिरा सत्यको विजय र असत्यको पराजय भन्ने दार्शनिक चिन्तन प्रस्तुत गरेका छन्।

यसरी समले नेपाली साहित्याकाशमा दर्शनको विचारधारालाई प्रवेश गराइएका छन्। साहित्य यात्राको प्रारम्भतिर सम ईश्वरवादी तथा आस्तिक दर्शनको पक्षपाती थिए भने पछि गएर सम अनईश्वरवादी तथा नास्तिक दर्शनको पक्षपाती हुन

पुगेका छन्। सम नास्तिक हुदाहुदै पनि ईश्वरवादी हुन पुगेका छन्। समले नास्तिक हुँदा पनि ब्रह्मको परमसत्तालाई स्विकारेका छन्।

## 7.7 उपसंहार –

बालकृष्ण सम नेपाली साहित्यका एकजना कोसे ढुङ्गो हुन्। समले साहित्यका विविध विधनहरूमा चलाएका अथक कलमहरू नेपाली साहित्यलाई विश्वसाहित्यका फालिङमा अग्रिम पंक्तिमा पुऱ्याएको छ। समका कृतिहरूमा कल्पना र भावनाका उच्च उडान मात्र नभएर ज्ञान, विज्ञान र दर्शनको गहिरो भावभूमि रहेको छ। समको कविता, कथा, एकाङ्की नाटक, पूर्णाङ्की नाटक सबै नै साहित्यिक गुण मात्र नभएर यावत् ज्ञान, विज्ञान र दर्शनको पक्षहरूलाई टम्म मिलाएर प्रस्तुत गरिएको पाइन्छ। प्रारम्भमा सम ईश्वरवादी तथा आस्तिक दर्शनको सत्तालाई स्विकार गर्छन् भने पछि अनईश्वरवादी तथा नास्तिक दर्शनको सत्तालाई स्विकार गर्दै परमब्रह्मवादी हुन पुगेका छन्। समको कृतिको पढदा सरसर्ति वाह्यभाव बुझिए तापनि उनको कृतिमा अन्तरनिहित केन्द्रीय भाव जो दर्शन सँग सम्बन्धित छ – त्यसपक्षले भने पाठकलाई घोराही रहन्छ। समका कृतिहरूमा भाषाशैली पनि प्रभावकारी नै रहेको पाइन्छ साथै सरल पनि तर तिनै भाषाभेत्र लुकेको दार्शनिक चिन्तन भने पाठकको माथिङ्गल हल्लाउने प्रकारको हुन्छ।

बालकृष्ण समले आफ्ना कृतिभित्र दर्शन मात्र छिराएनन् अपितु समग्र नेपाली साहित्यका जडमा दर्शनलाई घोलेका छन्। उनको ' अनियमित आकस्मिकता' नामक ग्रन्थ मूलतः नेपाली साहित्य जगतै पहिलो नितान्त दार्शनिक ग्रन्थ हो। जुन कृति भित्र समाहित दार्शनिक चिन्तनले दर्शनशास्त्रकै ठूलाठूला पण्डितहरूको माथिङ्गल खलबलाई दिएका छन्। यस्तै उनको ' प्रह्लाद ' नाटकमा प्रस्तुत दार्शनिक भाव साधारण पाठकले खुट्याउन नसके पनि प्रवृद्ध पाठकको निम्ति भने दोब्बर चौब्बर पठन् पुनः पठन् गर्ने विषय भएको छ। यसर्थ सम नेपाली साहित्य सर्जक मात्र नभएर एकजना दार्शनिक व्यक्तित्व पनि हुन्।

## 7.8 सार-

• बालकृष्ण समका जीवनमा आइपरेका विविध संघर्षका मोडहरू।

• सामन्ती सत्ता शासनको लगाम समातेका राणा परिवारमा जन्म लिएरै पनि त्यहीँ सामन्ती राणाहरूलाई सत्ताच्युत गर्न कारयकरण- समको व्यक्तित्व।

• समले साहित्यका विविध विधामा रचना गरेका कृतिहरूका मूल्य र मान्यता ।

• समको साहित्यिक कृतिहरूमा अन्तरनिहित दार्शनिक चिन्तन।

• दार्शनको अर्थ, परिभाषा र आधारभूत विषय।

## 7.9 अनुशीलन –

क) बालकृष्ण समको जीवनबारे प्रकाश पार्दै उनका कृतिमा अन्तरनिहित जीवन संघर्षको प्रभावबारे स्पष्ट पारनुहोस्।

ख) बालकृष्ण समको कविताहरूमा निहित दार्शनिक पक्ष – खुलाउनु होस्।

ग) बालकृष्ण समको प्रह्लाद नाटकमा ज्ञान र विज्ञान जस्ता दर्शनको दुईपाटाको अन्तरद्वन्द्वको विश्लेषण गर्नु होस्।

घ) दर्शनको अर्थ र परिभाषा दिदैँ आस्तिक र नास्तिक दर्शनको केन्द्रभाव प्रकाश पार्नुहोस्।

## 7.10 अतिरिक्त अध्ययन-

१. ताना सर्मा - सम र समका कृति।

२. डा. केशवप्रसाद उपध्याय - समको दुःखान्त नाट्यचेतना।

३. रामचन्द्र पोखरेल - नेपाली नाटक सिद्धान्त र समीक्षा ।

## 7.11 मूल्यबृद्धिको निम्ति उत्तर-

तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस्।

१. बालकृष्ण समको जीवन संघर्षका विभिन्न मोडहरूबारे संक्षिप्त टिप्पणी प्रस्तुत गर्नुहोस्

________________________________________

___________________________________________________

_______________________________________________

(प्रश्न 1 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 7.2 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

२. बालकष्ण समका कृतिमानिहित दार्शनिक चिन्तनको विशेषताहरू प्रस्तुत गर्नुहोस्।

_______________________________________________________

_______________________________________________________

__________________________________________________

(प्रश्न 2 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 7.6 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

३. दर्शनको अर्थ र परिभाषा दिदै आस्तिक र नास्तिक दर्शनको आस्थाको भावभूमिबारे छोटो चर्चा गर्नुहोस्।

_______________________________________________________

_______________________________________________________

_________________________________________________

(प्रश्न 3 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 7.4 अनि 7.5 को खण्डमा उत्तर खोज्न सक्नेछन्)